

# दोस्रो आवधिक योजना

# (आ.व. २०८१/०८२-२०८५/०८६)

**घरपझोङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जोमसोम, मुस्ताङ**

**गण्डकी प्रदेश**

# घरपझोङ गाउँपालिकाको आवधिक योजना

## (२०८१/८२-२०८५/८६)

## Periodic Plan of Gharapjhong Rural Municipality, Mustang

आर्थिक तथा प्राविधिक सहयोग:

**घरपझोङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जोमसोम, मुस्ताङ**

**गण्डकी प्रदेश**

प्राविधिक सहजीकरण

## सिनर्जी सस्टेनेबल जेभी

## काठमाडौं

## मन्तव्य



हिमाल पारिको जिल्ला मुस्ताङमा प्रकृतिको मनोहर दृश्य निलगिरी र धवलागिरिको काखमा रहेको यस घरपझोङ गाउँपालिकाको योजनाबद्ध विकासको लागि यो आवधिक योजनाले मार्ग दर्शको रूपमा काम गर्ने छ समय परिवर्तनशील छ सोही अनुसारका आवश्यकताहरूलाई मध्य नजर राख्दै स्थानीय तह, प्रदेश र सङ्घीय सरकारका मात्र नभई संयुक्त राष्ट्र सङ्घले सन २०१५ देखी सन २०३० सम्म राखेका दिगो विकासका लक्ष्यहरूसँग तालमेल हुनेगरी यो आवधिक योजना तयार गरिएको छ। देशले अवलम्बन गर्ने योजनाबद्ध विकास प्रयासले जनताले खोजेको परिवर्तित परिवेशलाई आत्मसाथ गर्नुपर्छ। सीमित स्रोतले अनन्त आवश्यकताहरूलाई सम्बोधन गर्न योजना र कार्यक्रमहरूका साथै संस्थागत संयन्त्रहरू बीच समन्वय, सहकार्य र सामूहिक प्रयास जरुरी हुन्छ। विकास निरन्तर चली रहने एक गतिशील प्रक्रिया हो। विकास सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक संरचनाहरूको निर्माण र पुनः निर्माणसँग मात्र सम्बद्ध हुने होइन की समकालीन समाजको मनोवैज्ञानिक र सामाजिक चेतनायुक्त परिवर्तनसँग पनि यो आबद्ध हुनुपर्छ । समाज र जनता प्रति केन्द्रित भई विकासले सामाजिक परिवर्तनमा नयाँ दिशा र गतिशीलता थप्नु पर्छ ।

नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरिएको हो । वर्तमान स्थानीय सरकारले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"घरपझोङको समृद्धि; कृषि पर्यटन र संस्कृति"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ। वार्षिक तथा गौरवका आयोजनाहरू समावेश गरी तर्जुमा गरिएको आवधिक योजनामा योजना बैंकको पनि व्यवस्था गरिएको छ। सम्पूर्ण घरपझोङबासीहरूसँग अन्तरक्रियात्मक छलफल र गहन अध्ययन सहित **Bottom up Approach** का आधारमा व्यापक जनसहभागितामा आवधिक योजना तयार गरी प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

दोस्रो आवधिक योजना तयारी गर्ने कार्यमा यस गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, कर्मचारी वर्ग, विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलहरू र सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरू सबै प्रति कृतज्ञता प्रकट गर्दछु । साथै यस कार्यमा प्राविधिक सहायता प्रदान गर्ने सिनर्जी सस्टेनेबल जेभि र विज्ञ टोली प्रति विशेष आधार व्यक्त गर्दछु ।

धन्यवाद !

**मोहन सिंह लालचन**

अध्यक्ष

**मन्तव्य**



स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार तयार गरिएको यो घरपझोङ गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) ले यस अवधि भित्र वार्षिक योजना छनौट गर्ने र ती योजनाहरू लागू गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । कुनै पनि योजनाले आफै केही परिणाममूखी कार्य गर्दैन तसर्थ यो आवधिक योजना तयारी पश्चात् यसले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै पाँच वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा यस गाउँपालिकामा रहेको छ ।

सिमित साधन र स्रोतमात्र रहेको यस गाउँपालिकामा धरै विकासका कामहरू सम्पन्न गर्नुपर्ने जिम्मेवारी यस आवधिक योजनाले सुम्पिएको छ। सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य निजी क्षेत्रको समन्वयमा क्रमागत रूपमा पारदर्शीता, सुशासन, सामाजिक न्याय र समुन्नतिको गन्तव्य तयार गर्न मार्ग दर्शन हुनेछ। वर्तमान स्थानीय सरकारले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"घरपझोङको समृद्धि; कृषि पर्यटन र संस्कृति"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ। यस दोस्रो आवधिक तयार गर्न सहयोग गर्नुहुने सबैमा धन्यवाद ।

**जमुना थापा मगर**
उपाध्यक्ष

## मन्तव्य



राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र सङ्घले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै खाकामा योजना आउने गरी व्यवस्था गरिएको हो । गाउँपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू र निजी क्षेत्र लगायत गाउँपालिकाको समग्र सरोकारवालाहरूको सहभागितामा यो घरपझोङ गाउँपालिकाको दोस्रो आवधिक योजना तयार पारिएको हो । स्थानीय सरकारको हैसियतले घरपझोङ गाउँपालिकाले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"घरपझोङको समृद्धि; कृषि पर्यटन र संस्कृति"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ । योजनाको हुबहु कार्यान्वयन भए मात्र योजनाका परिकल्पना र अठोटहरू वास्तविकतामा रूपान्तरण हुन्छन् ।

सबै विकासका कार्यक्रमहरूलाई समृद्धिको मार्गमा डोर्याउने रूपरेखा सहित आवधिक योजनाको दस्तावेज तयार गरिएकोले यो योजना कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु । योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गने गाउँपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो गाउँपालिकाको दोस्रो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको माग हो ।

**वेदहरी अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

## संक्षेपीकरणको सूची (Abbreviation)

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| ब.कि.म. | : | वर्ग किलो मिटर |
| दि.व.ल. | : | दिगो विकासका लक्ष्य |
| कोविड-१९ | : | नोबेल कोरोना भाइरस २०१९ (माहामारी) |
| गा.पा. | : | गाउँपालिका |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| प्र.अ. | : | प्रधानाध्यापक |
| मि. | : | मिटर |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैया |
| लि. | : | लिटर |
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| व.कि.मि. | : | वर्ग किलोमिटर |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| हे. | : | हेक्टर |
| MTMP | : | Municipality Transportation Master Plan |
| SRN | : | Strategic Road Network of Nepal |
| RoW | : | Right of Ways |
| PRN | : | Province Road Network |
| NURS | : | Nepal Rural Road Strategic |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |

# विषयसूची


परिच्छेद एक : परिचय....1
१.१ पृष्ठभूमि....1
१.२ आवधिक योजना तर्जुमाको उद्देश्य....3
१.३ योजना तयारीको कानुनी आधार....3
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया....4
१.४.१ सन्दर्भ सामग्रीहरूको अध्ययन....4
१.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी....5
१.४.३ शाखागत तथ्याङ्क सङ्कलन तथा जि.आई.एस. नक्सा....5
१.४.४ वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन....5
१.४.५ तथ्याङ्क प्रमाणीकरण....6
१.४.६ अवसर, समस्या तथा चुनौतीहरूको पहिचान....6
१.४.७ क्षेत्रगत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण....6
१.४.८ दीर्घकालीन सोचको निर्क्योल....6
१.४.९ मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण....6
१.५ आवधिक योजनाका विशेषताहरू....6
१.५ अध्ययनका सीमाहरू....7

परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा....9
२.१ गाउँपालिकाको परिचय....9
२.१.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना....10
२.१.२ प्राकृतिक र सांस्कृतिक सम्पदा....11
२.१.३ जनसांख्यिक स्थिति....12
२.२ आर्थिक विकासको अवस्था....17
२.२.१ कृषि तथा खाद्य सुरक्षा....17
२.२.२ पर्यटन तथा संस्कृति....18
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति....19
२.२.४ श्रम तथा रोजगारी....20
२.२.५ बैक, वित्तीय क्षेत्र तथा सहकारी....21
२.३ सामाजिक विकासको स्थिति....21
२.३.१ स्वास्थ्य तथा पोषण....21
२.३.२ शैक्षिक विकास....22
२.३.३ खानेपानी तथा सरसफाइ....23
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण....24
२.३.५ युवा, खेलकुद तथा कला....25
२.४ पुर्वाधार विकासको अवस्था....26
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण....26
२.४.२ सडक पुल तथा यातायात....26
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा....27
२.४.४ सूचना, सञ्चार तथा प्रविधि....28
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था....29

२.५.१ वन तथा जैविक विविधता ..... 29
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... 30
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ..... 31
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ..... 33
२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... 34
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ..... 34
२.६.२ सङ्गठनात्मक विकास ..... 36
२.६.३ स्रोत परिचालन ..... 36
२.६.४ योजना व्यवस्थापन ..... 37

**परिच्छेद तीनः सोच तथा विकासको अवधारणा ..... 38**
३.१ पृष्ठभूमि ..... 38
३.२ प्रमुख समस्या तथा चुनौती ..... 38
३.३ प्रमुख सम्भावना तथा अवसर ..... 39
३.४ निर्देशक सिद्धान्त ..... 40
३.५ सोच, लक्ष्य तथा उद्देश्य ..... 41
३.६ परिमाणात्मक लक्ष्य ..... 43
३.७ रणनीति तथा प्राथमिकता ..... 43
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ..... 51
३.९ गाउँ गौरवका आयोजनाहरू ..... 53

**परिच्छेद ४ : आर्थिक विकास ..... 54**
४.१ कृषि तथा पशुपन्छी ..... 55
४.१.१ पृष्ठभूमि ..... 55
४.१.२ समस्या तथा चुनौती ..... 57
४.१.३ सम्भावना तथा अवसर ..... 58
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... 59
४.१.५ कार्यक्रम तथा आयोजना ..... 61
४.१.६ कृषि तथा पशुपालन विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 63
४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 65
४.१.८ अनुमान तथा जोखिम पक्ष ..... 68
४.२ सिँचाइ ..... 69
४.२.१ पृष्ठभूमि ..... 69
४.२.२ समस्या तथा चुनौती ..... 69
४.२.३ सम्भावना तथा अवसर ..... 70
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... 70
४.२.५ कार्यक्रम तथा आयोजना ..... 72
४.२.६ सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 72
४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 73
४.२.८ अनुमान तथा जोखिम पक्ष ..... 74

४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ 75
४.३.१ पृष्ठभूमि ........ 75
४.३.२ समस्या तथा चुनौती ........ 75
४.३.३ सम्भावना तथा अवसर ........ 76
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 77
४.३.५ कार्यक्रम तथा आयोजना ........ 81
४.३.६ पर्यटनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 82
४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 83
४.३.८ अनुमान तथा जोखिम पक्ष ........ 85
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ 86
४.४.१ पृष्ठभूमि ........ 86
४.४.२ समस्या तथा चुनौती ........ 86
४.४.३ सम्भावना तथा अवसर ........ 87
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 87
४.४.५ कार्यक्रम तथा आयोजना ........ 89
४.४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 89
४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 90
४.४.८ अनुमान तथा जोखिम पक्ष ........ 92
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ 93
४.५.१ पृष्ठभूमि ........ 93
४.५.२ समस्या तथा चुनौती ........ 94
४.५.३ सम्भावना तथा अवसर ........ 94
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 94
४.५.५ कार्यक्रम तथा आयोजना ........ 96
४.५.६ श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 96
४.५.७ अनुमान तथा जोखिम पक्ष ........ 97

**परिच्छेद ५: सामाजिक विकास ........ 98**
५.१ स्वास्थ्य तथा पोषण ........ 98
५.१.१ पृष्ठभूमि ........ 98
५.१.२ समस्या तथा चुनौती ........ 99
५.१.३ सम्भावना तथा अवसर ........ 100
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ 100
५.१.५ कार्यक्रम तथा आयोजना ........ 103
५.१.६ स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 103
५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 105
५.१.८ अनुमान तथा जोखिम पक्ष ........ 107
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ........ 108
५.२.१ पृष्ठभूमि ........ 108
५.२.२ समस्या तथा चुनौती ........ 108
५.२.३ सम्भावना तथा अवसर ........ 109

५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 110
५.२.५ कार्यक्रम तथा आयोजना ........ 114
५.२.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 114
५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 116
५.२.८ अनुमान तथा जोखिम पक्ष ........ 118
५.३ खानेपानी तथा सरसफाइ ........ 119
५.३.१ पृष्ठभूमि ........ 119
५.३.२ समस्या तथा चुनौती ........ 119
५.३.३ सम्भावना तथा अवसर ........ 120
५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 120
५.३.५ कार्यक्रम तथा आयोजना ........ 122
५.३.६ खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 122
५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 123
५.३.८ अनुमान तथा जोखिम पक्ष ........ 124
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ 125
५.४.१ पृष्ठभूमि ........ 125
५.४.२ समस्या तथा चुनौती ........ 125
५.४.३ सम्भावना तथा अवसर ........ 126
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 127
५.४.५ कार्यक्रम तथा आयोजना ........ 129
५.४.६ महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 130
५.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 131
५.४.८ अनुमान तथा जोखिम पक्ष ........ 133
५.५ युवा तथा खेलकुद ........ 134
५.५.१ पृष्ठभूमि ........ 134
५.५.२ समस्या तथा चुनौती ........ 134
५.५.३ सम्भावना तथा अवसर ........ 135
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ 135
५.५.५ कार्यक्रम तथा आयोजना ........ 138
५.५.६ युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 138
५.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 139
५.५.८ अनुमान तथा जोखिम पक्ष ........ 140

**परिच्छेद ६: पूर्वाधार क्षेत्र ........ 141**
६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण ........ 141
६.१.१ पृष्ठभूमि ........ 141
६.१.२ समस्या तथा चुनौती ........ 142
६.१.३ सम्भावना तथा अवसर ........ 142
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ 143
६.१.५ कार्यक्रम तथा आयोजना ........ 145
६.१.६ आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ 145

६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 146
६.१.८ अनुमान तथा जोखिम पक्ष ..... 147
६.२ सडक, पुल तथा यातायात व्यवस्था ..... 148
६.२.१ पृष्ठभूमि ..... 148
६.२.२ समस्या तथा चुनौती ..... 150
६.२.३ सम्भावना तथा अवसर ..... 150
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..... 150
६.२.५ कार्यक्रम तथा आयोजना ..... 154
६.२.६ सडक तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 155
६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 156
६.२.८ अनुमान तथा जोखिम पक्ष ..... 157
६.३ विद्युत तथा वैकल्पिक ऊर्जा ..... 158
६.३.१ पृष्ठभूमि ..... 158
६.३.२ समस्या तथा चुनौती ..... 158
६.३.३ सम्भावना तथा अवसरहरू ..... 158
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..... 158
६.३.५ कार्यक्रम तथा आयोजना ..... 160
६.३.६ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 160
६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 161
६.३.८ अनुमान तथा जोखिम पक्ष ..... 161
६.४ सूचना तथा सञ्चार प्रविधि ..... 162
६.४.१ पृष्ठभूमि ..... 162
६.४.२ समस्या तथा चुनौती ..... 162
६.४.३ सम्भावना तथा अवसरहरू ..... 162
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..... 162
६.४.६ सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 165
६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 166
६.४.८ अनुमान तथा जोखिम पक्ष ..... 167

**परिच्छेद - सातः वन, वातावरण तथा विपद व्यवस्थापन विकास ..... 168**
७.१ वन तथा जैविक विविधता ..... 168
७.१.१ पृष्ठभूमि ..... 168
७.१.२ समस्या तथा चुनौती ..... 169
७.१.३ सम्भावना तथा अवसर ..... 170
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... 170
७.१.५ कार्यक्रम तथा आयोजना ..... 172
७.१.६ वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 172
७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 173
७.१.८ अनुमान तथा जोखिम पक्ष ..... 174
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... 175
७.२.१ पृष्ठभूमि ..... 175

७.२.२ समस्या तथा चुनौती ..... 175
७.२.३ सम्भावना तथा अवसर ..... 176
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... 176
७.२.५ कार्यक्रम तथा आयोजना ..... 178
७.२.६ भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 178
७.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 179
७.२.८ अनुमान तथा जोखिम पक्ष ..... 180
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ..... 181
७.३.१ पृष्ठभूमि ..... 181
७.३.२ समस्या तथा चुनौती ..... 181
७.३.३ सम्भावना तथा अवसर ..... 182
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... 182
७.३.५ कार्यक्रम तथा आयोजना ..... 184
७.३.६ वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 184
७.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 185
७.३.८ अनुमान तथा जोखिम पक्ष ..... 186
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ..... 187
७.४.१ पृष्ठभूमि ..... 187
७.४.२ समस्या तथा चुनौती ..... 188
७.४.३ सम्भावना तथा अवसर ..... 189
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ..... 189
७.४.५ कार्यक्रम तथा आयोजना ..... 191
७.४.६ विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... 191
७.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 193
७.४.८ अनुमान तथा जोखिम पक्ष ..... 194

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ..... 195**
८.१ संस्थागत विकास तथा सुशासन ..... 195
८.१.१ पृष्ठभूमि ..... 195
८.१.२ समस्या तथा चुनौती ..... 196
८.१.३ संभावना तथा अवसर ..... 196
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ..... 197
८.१.५ प्रमुख आयोजना तथा कार्यक्रम ..... 200
८.१.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण तथा साङ्केतिकरण ..... 203
८.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 207
८.१.८ अनुमान तथा जोखिम पक्ष ..... 210

**परिच्छेद ९: कार्यान्वयन व्यवस्था ..... 212**
९.१ पृष्ठभूमि ..... 212

९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ... 212
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ... 213
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ... 214
९.४.१ राजस्व परिचालनको अवस्था ... 215
९.४.२ खर्च अवस्थाको विश्लेषण ... 215
९.४.३ अपुग स्रोत व्यवस्थापन ... 215
९.५ स्रोत परिचालन रणनीति ... 216
९.६ आवधिक योजना कार्यान्वयन ... 217
९.६.१ योजना कार्यान्वयन ... 217
९.६.२ कार्यान्वयन प्रक्रिया ... 218
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ... 219
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ... 219
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ... 220
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ... 220
अनुसुचि १: माईनुट ... 222
अनुसुचि २: कार्यक्रमको तस्विरहरू ... 224
अनुसुचि ३: गाउँपालिकाका केहि GIS तस्विरहरू ... 227
अनुसूची -४ : वडागत योजना बैंक ... 243

## परिच्छेद एक : परिचय

### १.१ पृष्ठभूमि

योजनाबद्ध तरिकाले गरिएको प्रयासबाट मात्र कुनैपनि ठाउँको विकास सम्भव हुन्छ र आशातीत नतिजा हासिल हुन्छ । यसले नेतृत्व तहलाई बढी पारदर्शी र जबाफदेही बनाउनका साथै नतिजामा आधारित भएर विकासको उपलब्धिहरूको समीक्षा गर्न सजिलो हुन्छ । योजनाको सम्बन्धमा धेरै परिभाषाहरू पाउन सकिन्छ तर सजिलो तरिकाले योजना कुनै खास लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि प्रणालीबद्ध रूपमा सञ्चालन गरिने क्रियाकलापहरूको एउटा समूह हो । जसले के गर्ने, कति गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने जस्ता प्रश्नहरूको उत्तर दिन्छ । विकास योजना भनेको कुन खास समय भित्र खास उद्देश्य हासिल गर्नको लागि प्राप्त स्रोतहरूको उचित व्यवस्थापन हो । योजनाबद्ध विकासको अवधारणा सबैभन्दा पहिले १ अक्टोबर १९२८ मा पूर्व सोभियत सङ्घमा सुरु भएको थियो । तत्कालीन सोभियत सङ्घले पहिलो विकास योजना सुरु गरेको १ र २ वर्ष पश्चात् देखा परेको विश्वव्यापी आर्थिक मन्दीले अमेरिका तथा युरोपका अधिकांश राष्ट्रहरूको अर्थतन्त्रलाई ऐतिहासिक क्षति पुऱ्यायो । सन् १९३० को विश्वव्यापी आर्थिक मन्दी (Great Depression) पछि विश्वका शक्तिसम्पन्न राष्ट्रहरू अमेरिका तथा बेलायतले पनि नियमित योजनाहरूको सुरुवात गरेको पाइन्छ ।

नेपालमा योजनाबद्ध विकासको थालनी वि. स. १९९० पश्चात् जुद्ध शमशेरले गरेका थिए । उनले अघि सारेको सोचले त्यति बेला मात्रै पूर्णता पायो, जब २०१३ साल असोज १ गते देखि लागू हुने गरी नेपालका तत्कालीन प्रधानमन्त्री टंक प्रसाद आचार्यले नेपालमा पाँच वर्षे आवधिक योजनाको एकीकृत दस्तावेज अगाडी सारे । नेपालमा हालसम्म १६ वटा आवधिक विकास योजनाहरू बनेका छन् । कहिले पञ्चवर्षीय त कहिले त्रिवर्षीय आवधिक विकास योजनाहरू नेपालमा कार्यान्वयनमा आएका छन् र हाल १५ औ पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१) को कार्यान्वयन अवधि २०८१ असार मसान्तमा समाप्त हुने हुँदा सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयन हुने चरणमा रहेको छ । नेपालको संविधानले आत्मसाथ गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्ने तथा नेपाल सरकारले १६औ योजना पञ्चवर्षीय योजनाले लिइएको **"सुशासन सामाजिक न्याय र समृद्धि"** को सोच तथा गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक योजनामा निर्धारण गरिएको **"आत्मनिर्भर र समुन्नत प्रदेश: सम्मानित प्रदेशवासी"** सोचलाई साकार पार्ने जिम्मेवारी तीनै तहका सरकारहरूमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू पुरा गर्न, १६ औ योजनाले लिएको लक्ष्य प्राप्त गर्न, सङ्घीय सरकारद्वारा जारी दिगो विकासका लक्ष्यहरू र ती लक्ष्यका परिमाणात्मक लक्ष्यहरू सहित सूचकहरू पुरा गर्ने दायित्व पनि संविधानत: तीनै तहका सरकारहरूमा निहित छ ।

नेपाल सन् १९५० को दशकमा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिए पश्चात् मात्र योजनाबद्ध विकासका क्षेत्रमा अन्तरराष्ट्रिय प्रभावहरू पर्न थालेका पाइन्छ । सन २००० देखि २०१५ सम्मको लागि सहस्राब्दी विकासका आठ वटा लक्ष्यहरू कार्यान्वयनमा आएका र यसमा नेपालले राम्रो प्रगति पनि गरेको थियो । हाल कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यको दस्तावेजले सन २०३० सम्ममा नेपाललाई न्याय पूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना गरेको छ । सन २०३० सम्मको लागि तय गरिएका लक्ष्यमा पुग्नका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने र जिम्मेवार बनाउने भूमिका तीनै तहको सरकारको रहेको छ । दिगो विकास लक्ष्यहरू अन्तर्गत १७ वटा लक्ष्यहरू र १६९ वटा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् ।

राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको लागि तर्जुमा गरिने योजना दीर्घकालीन (२० देखि २५ वर्ष) को सोच, लक्ष्यमा आधारित हुनु पर्दछ । त्यसको लागि मध्यकालीन (सामान्यतया ५ देखि ७ वर्षको) योजना निर्माण गर्नु आवश्यक हुन्छ भने त्यसको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ । आवधिक योजना कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने प्रावधान पनि नेपालको प्रचलित योजना तर्जुमा पद्धतिमा व्यवस्था गरिएका छ । नेपालका संविधानले स्थानीय तहका अधिकार तथा जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसूची ८ (एकल अधिकार) र अनुसूची ९ (साझा अधिकार) मा गरेको छ । स्थानीय तहका जिम्मेवारीहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विस्तृत रूपमा व्याख्या गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो दफाको उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाहरूले आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन, दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र सङ्घले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै खाकामा योजना आउने गरी व्यवस्था गरिएको हो । यस दिग्दर्शनमा स्थानीय तहले योजना तयार गर्दा आबद्ध गर्नुपर्ने विषयवस्तुलाई स्पष्ट रूपमा समावेश गरिएको छ । नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) र गण्डकी प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयन भइसकेको सन्दर्भमा स्थानीय सरकारहरूले नेपाल सरकारको १६ औ पञ्चवर्षीय आवधिक योजना र गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजनालाई समेत ध्यान दिँदै आ-आफ्ना आवधिक योजना निर्माणको प्रक्रियालाई अघि बढाएको अवस्था छ । यही कानुनी प्रावधानका परिपालना गर्न तथा जनताको विकासको आकांक्षा पुरा गर्न घरपझोङ गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको समग्र विकासका दिशा निर्दिष्ट गर्ने उद्देश्यले पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/०८१) को कार्यान्वयन अवधि २०८१ असार मसान्तमा समाप्त हुने हुँदा यस दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरिएको छ ।

यस आवधिक योजनाले समग्रमा घरपझोङ गाउँपालिकाको आगामी पाँच वर्षको विकासको मार्ग चित्र कोर्ने काम गरेको छ । यसले विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरेको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवं विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहजीकरण गर्दछ । कुनै पनि ठाउँको आवधिक योजनाले उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरेको हुन्छ । योजना आफैंमा केही महत्त्वकांक्षी हुने भएता पनि आवधिक योजना निर्माण गर्दा SMART अर्थात् (Specific, Measurable, Attainable, Realistic and Time bound) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममूखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

यस योजना घरपझोङ गाउँपालिकाको समग्र विकासको रणनीति योजना सहितको मार्ग चित्र (Strategic and Indicative Planning Framework) हो । जसले गाउँपालिकालाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा

बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम बस्ती, वडा हुँदै गाउँसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवं परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि स्थानीय सरकारले तय गरेका लक्ष्य प्राप्ति तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना आ.व. २०८१/०८२-२०८५/०८६) तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

- स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्य नीतिका आधारमा अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनाहरू सहभागिता मूलक पद्धतिका आधारमा छनोट गर्नु,
- योजनाबद्ध, नतिजा मूलक, समावेशी र उत्थान शील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्नु,
- विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले गाउँपालिकाको नेतृत्वमा एक द्वार प्रणाली अनुसार सञ्चालन गर्नु,
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु।

## १.३ योजना तयारीको कानुनी आधार

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने अठोट सहित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिलाई मार्गदर्शन गर्दछ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ (१) मा भनिएको छ -"स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ" । स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा सङ्घीय सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बाल मैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरूका अतिरिक्त स्थानीय स्रोत साधन र जन अपेक्षालाई आधार बनाउने गरिन्छ । गाउँपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको थियो ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१)
- नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६)
- गण्डकी प्रदेशको प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१)
- गण्डकी प्रदेशको दोस्रो आवधिक विकास योजना (२०८१/०८२-२०८५/०८६)
- दिगो विकासका लक्ष्यहरू
- स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
- घरपझोङ गाउँपालिकाले तयार पारिएको पहिलो आवधिक योजना, ऐन कानुन तथा अन्य दस्तावेजहरू, वार्षिक नीति तथा कार्यक्रमहरू तथा प्रतिवेदनहरू
- स्थानीय स्तरमा क्रियाशिल राजनैतिक दलका घोषणापत्र, नीति तथा कार्यक्रमहरू
- स्थानीय तहको आन्तरिक राजस्वको अवस्था
- सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने बजेट सिलिङ
- नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता र प्रतिबद्धताहरू

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासका प्रतिफलमा **"कसैलाई पनि पछि पारिने छैन"** भन्ने सिद्धान्तमा आधारित र विकासका परिणाम समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू आवधिक योजनामा समेटिने गरेर योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाइएको थियो । यसर्थ, दिगो विकास लक्ष्यहरू निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरूले नतिजामा आधारित आवधिक तथा वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले घरपझोङ गाउँपालिकाको यो आवधिक विकास योजना तर्जुमा गरिएको हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी कार्यक्षेत्र गत सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडी बढाइएको हो । योजनालाई बढी सहभागिता मूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्रीहरूको अध्ययन

घरपझोङ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका लागि प्रमुख दस्तावेजहरूमा सोह्रौं योजना, दीगो विकास लक्षहरू, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, नेपालको संविधान, स्थानीय तहको योजना दिग्दर्शन २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, घरपझोङ गाउँपालिकाको पार्श्वचित्र तथा प्रथम आवधिक विकास योजना,

विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२ गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट सम्बन्धी जानकारी तथ्याङ्क तथा नक्साहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त घरपझोङ गाउँपालिकामा हाल आवद्ध साविक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा घरपझोङ गाउँपालिकाबाट प्राप्ततथ्याङ्कहरू तथा प्रतिवेदनहरू सङ्कलन गरी ती तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्तसूचनाहरूलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

### १.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी

घरपझोङ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा कार्य तयारी चरणमा जनप्रतिनिधिहरू, विभिन्न शाखामा कार्यरत कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न सङ्घसंस्था तथा समूहका प्रतिनिधि, शिक्षक, बुद्धिजीवीहरू, उद्योगी व्यावसायिक लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी लगायतका छलफलहरू २०८१ साल वैशाख २३ आइतवारका दिन सञ्चालन गरिएको थियो । गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ (आवधिक योजना तर्जुमा निर्देशक समिति) मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न गाउँपालिकाको अध्यक्ष श्री मोहन सिंह लालचन ज्यूको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक संयोजन तथा सहजीकरण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरण (तयारी चरण, विश्लेषण चरण, योजना तर्जुमा चरण र स्वीकृति चरण) मा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यशाला गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो । उक्त गोष्ठीमा विकासका ५ वटा क्षेत्र तथा १९ वटा उपक्षेत्रमा पाँच वर्षे आवधिक योजनामा बजेटको आकार निर्धारण गर्ने कार्य समेत गरिएको थियो ।

### १.४.३ शाखागत तथ्याङ्क सङ्कलन तथा जि.आई.एस. नक्सा

आवधिक योजना तर्जुमा लागि गाउँपालिकाको आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलनका लागि गाउँपालिकाका विषयगत शाखाहरूबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क सङ्कलन गरिएको छ । विषयविज्ञद्वारा गाउँपालिकाको स्रोत नक्शा तयारी, भू-व्यवस्थापन तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्याङ्क सङ्कलन तथा GIS Mapping को उद्देश्य गाउँपालिकाको भौतिक, आर्थिक, सामाजिक, वातावरण लगायत सम्पूर्ण भू-सङ्केत तथा सूचना सङ्कलन गर्ने रहेको छ । यसले गाउँपालिकाले आवधिक योजनामा क्षेत्रगत रूपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ ।

### १.४.४ वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापक लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा सहजीकरण टोली मार्फत २०८१ वैशाख २१ गते देखि २६ गते सम्म १/१ दिने योजना तर्जुमा गोष्ठी ५ वटै वडामा विज्ञ समाजशास्त्री मार्फत सञ्चालन गरिएको

थियो । वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, स्थानीय बासीको व्यापक उपस्थितिमा बस्ती तथा वडाका योजनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो । प्रत्येक गोष्ठीमा २०-२५ जना स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

### १.४.५ तथ्याङ्क प्रमाणीकरण

आवधिक योजना तर्जुमा गर्न गाउँपालिकामा सञ्चालन गरिएको गोष्ठीमा गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो ।

### १.४.६ अवसर, समस्या तथा चुनौतीहरूको पहिचान

गाउँपालिकाको आवधिक योजना तर्जुमा पूर्व घरपझोङ गाउँपालिकाका विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन क्षेत्रमा छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको थियो।

### १.४.७ क्षेत्रगत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास सुशासनका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्य नीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको थियो। यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको थियो ।

### १.४.८ दीर्घकालीन सोचको निर्क्योल

गाउँपालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्न मिति २०८१ साल आषाढ ४ र ५ गते आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरू सँग अन्तरक्रियाको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो । उक्त गोष्ठीमा सर्वसम्मत रूपमा दीर्घकालीन सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको थियो । उक्त गोष्ठीमा सर्वसम्मत रूपमा गाउँपालिकाका गौरवका आयोजनाहरूको समेत छनौट गरिएको थियो ।

### १.४.९ मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण

आवधिक योजना तर्जुमाका सम्पूर्ण चरणहरू पुरा गरी विज्ञ समूहले गाउँपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको थियो । गाउँपालिकाका सरोकालाहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई संलग्न गरी तोकिएको समयावधिभित्र अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा प्रेषण गरिएको छ ।

## १.५ आवधिक योजनाका विशेषताहरू

यस आवधिक योजना बढी भन्दा बढी यथार्थपरक र सबैको अपनत्व अभिवृद्धि हुनेगरी तयार पारिएको छ । यस आवधिक योजनाका प्रमुख विशेषताहरू यसप्रकार रहेका छन् ।

- यस योजना सहभागितामूलक पद्धति (Participatory Approach) अवलम्बन गरी तयार पारिएको छ । विभिन्न वडाका विभिन्न लक्षित समुदायसँग समेत छलफल गरी योजना तर्जुमा प्रक्रियामा समुदाय स्तरसम्मका सहभागिता सुनिश्चित गरिएका छ । कार्यपालिकाका सम्पूण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूका सहभागितामा पटक पटक छलफल, अन्तरक्रिया गरी सर्वसम्मत ढंगले सहमति गर्दै योजना दस्तावेज तयारी गरिएका हो ।

- आगामी पाँच वर्ष पछिको गाउँपालिकाको अपेक्षित चित्र/अवस्था हासिल गर्नेतर्फ दिशानिर्देश गर्ने प्रयास गरिएका छ ।
- नेपाल सरकारका १६ औं योजना तथा गण्डकी प्रदेशको आवधिक विकास विकास योजनाले परिकल्पना गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ ।
- उपलब्ध तथ्याङ्कहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equity and social Inclusion-GESI) को अवधारणालाइ आत्मसात गरिएका छ ।
- पर्यटन, कृषि, उद्योग व्यवसाय लगायतका यस गाउँपालिकाका सम्भाव्य क्षेत्रहरूमा व्यावसायिक र दीगो विकासका लागि विपद प्रतिरोधी पूर्वाधार आवश्यक छ भन्ने मान्यतामा आधारित रही स्थानीय स्तरका प्रमुख विपदहरू प्रतिरोध गर्न सक्ने क्षमतामा प्रस्ताव गरिएको छ। जोमसोम नेपालकै प्रमुख पर्यटक गन्तव्य भएकोले गाउँपालिकाले वार्षिक १० लाख पर्यटक पुऱ्याउने रणनीति समेत तयार पारेकोले यो एक किसिमले अद्वितीय योजना भएको गाउँपालिकाले अनुभव गरेको छ ।
- स्थानीय तह सञ्चालन सम्बन्धी सङ्घीय कानुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेका छ । यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरू समेतलाई ध्यान दिइएको छ।
- यस आवधिक विकास योजनाको तर्जुमा नतिजामूलक योजना तर्जुमा पद्धतिमा आधारित भएर गरिएको छ। हरेक क्षेत्रको प्रभाव, असर, प्रतिफल, हालका अवस्था तथा आगामी पाँच वर्ष पछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिएको छ । योजनाका अनुगमन, मूल्याङ्कनका क्रममा यी सूचकहरूलाइ आधार मानिएको छ । आयोजना तथा कार्यक्रमको तेस्रो पक्षद्वारा गरिने अनुगमन तथा मूल्याङ्कनमा समेत यी सूचकहरू प्रयोग गर्न उपयुक्त हुनेछ ।
- नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएका दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने जिम्मेवारी स्थानीय सरकारको पनि भएकाले यसको कार्यान्वयनमा सहयोग पुग्ने गरी यस आवधिक विकास योजना निर्माण गरिएको छ ।
- घरपझोङ गाउँपालिकाको सन्तुलित विकासलाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्रतिफलहरू, सूचकहरू, तदनुसारका मुख्य मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू पहिचान गर्ने तथा सोको लागि आवश्यक बजेटका अनुमान गरिएको छ ।

### १.५ अध्ययनका सीमाहरू


यय आवधिक विकास योजना विशेष गरी गाउँपालिकाको मौजुदा पार्श्वचित्र, सम्बन्धित शाखाले उपलब्ध गराएको तथ्याङ्क, विभिन्न कार्यशालाहरूबाट प्राप्तजानकारी तथा सुझावहरूलाई आधार मानेर तयार गरिएको छ । यसका अतिरिक्त केन्द्रीय तथा प्रादेशिक तहका सरकारका प्रकाशनहरूलाई पनि यस योजना निमाण प्रक्रियामा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ । गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि राष्ट्रिय योजना आयोगबाट उपलब्ध स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भए बमोजिमका तथ्याङ्कहरू र सहभागिता मूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरूको आधारमा विश्लेषण गरिएको छ । योजना तर्जुमाका क्रममा राष्ट्रिय जनगणना २०७८, गाउँपालिकाका विभिन्न शाखाबाट प्राप्त तथ्याङ्क तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्कलाई प्रयोग गरिएको छ । वडा स्तरीय कार्यशालामा सहभागीहरूको धारणालाई प्रतिनिधि मूलक

रूपमा आवधिक योजनामा समावेश गरिएको छ । गाउँपालिकाको समग्र विकासमा स्थानीय तह, सङ्घ तथा प्रदेश सरकारको साथै गैर सरकारी सङ्घ-संस्था, सहकारी एवं स्थानीय समुदायमा संस्था र विकास साझेदारको सहयोगमा संभावित कार्यक्रमलाई पनि समावेश गरिएको छ । गाउँपालिकाको आन्तरिक स्रोत, गाउँपालिकामा सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण र अन्य स्रोतबाट गरिने कार्यक्रमहरू आवधिक योजनासँग तादाम्यता गराइएको छ । आवधिक योजना तर्जुमा गर्दा अन्तर निकाय योजनाको बीचमा अन्तर सम्बन्ध कायम गर्ने प्रयास गरिएको छ ।

## परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

### २.१ गाउँपालिकाको परिचय

नेपालको संविधानले सङ्घीयतालाई स्वीकार गरी तीन तहको सरकारको परिकल्पना गरेको छ। सोही बमोजिम सङ्घ, प्रदेश र स्थानीय सरकारहरू गठन भएर सञ्चालनमा रहेका छन्। जनतासँग प्रत्यक्ष जोडिने, उनीहरूको आवश्यकता तत्काल सम्बोधन गर्न सक्ने र नीति निर्माण देखि कार्यान्वयन प्रक्रियासम्म जनताको प्रत्यक्ष संलग्नतालाई सुनिश्चित गर्ने दायित्वका साथ नेपालमा स्थानीय तहको व्यवस्था गरिएको छ । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेस गरेको प्रतिवेदन अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेस गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा संविधानले परिकल्पना गरे बमोजिम साबिकका गाविसहरू तथा नगरपालिकाहरूलाई पुर्न संरचना गर्दै देश भर ७५३ वटा स्थानीय निकाय (महा नगरपालिका, उप-महा नगरपालिका, नगरपालिका र गाउँपालिकाहरू) को स्थापना गरेको छ ।




*नक्सा नं. १ घरपझोङ गाउँपालिकाको नक्सा*


घरपझोङ गाउँपालिका नेपालको प्रशासनिक विभाजन अनुसार गण्डकी प्रदेश अन्तर्गत मुस्ताङ जिल्लामा अवस्थित रहेको र मुस्ताङ जिल्लाको साबिकका जोमसोम र मार्फा गाविसलाई समेटेर ५ वटा वडाहरू कायम गरी निर्माण गरिएको हो । यस गाउँपालिकाको प्रशासनिक केन्द्र साबिकको जोमसोममा रहेको छ ।

वर्तमान घरपझोङ इतिहासमा लो (ग्लो वा ब्लो) नामको एक स्वतन्त्र र बलियो अधिराज्य थियो ।जसलाई लोबो ग्याल्खाब भनिन्थ्यो । चाखलाग्दो इतिहास भएको यस भूमि केही समय अघि गरिएका पुरातात्विक अध्ययन र उत्खननले यो इलाका लगभग सातौं शताब्दी ईसा पूर्वदेखि नै मानव सभ्यताको उल्लेखनीय स्थलको रूपमा विकसित भइसकेको कुरा पाइन्छ । त्यस समय देखी लगभग हजार वर्षसम्म अर्थात् ईसाको

छिटौं- सातौं शताब्दीसम्म यहाँका मानिसहरू खेतीपाती, पशुपालन तथा व्यवसाय गरे पनि प्रायः बसोबास भने सुरक्षाको दृष्टिले मानव निर्मित गुफामै गर्थे भन्ने पुरातात्विक तथा ऐतिहासिक अध्ययनका आधारमा स्पष्ट भएको छ । मुस्ताङ भेगमा आठौं शताब्दीको मध्यताका या-लुङ् सैन्यको साथमा बौद्ध परम्पराको प्रवेश हुँदा शे-रिव नामको स्थानीय राज्यको अस्तित्व त्यस भेगमा थियो । उक्त राज्यको केन्द्र अहिलेको भग्नावशेषका रूपमा रहेको ठिनी नजिकैको गारावजोङ (घरपझोङ) भन्ने स्थानमा थियो ।

### २.१.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना

घरपझोङ गाउँपालिका नेपालको पूर्ववत् प्रशासनिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरी अञ्चलमा रहेको मुस्ताङ जिल्लामा अवस्थित रहेको छ । नेपालको हिमाली जिल्ला अन्तर्गत रहेको मुस्ताङ जिल्लाका ५ वटा गाउँपालिका मध्ये घरपझोङ गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत एउटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको प्रदेश सभा क्षेत्र नं. "क" मा पर्दछ । नेपाल सरकारले मिति २०७३ फाल्गुन २७ मा साबिकका गाविसहरू मार्फा र जोमसोम तथा टुकुचे को ८ र ९ नं. वडा मिलाएर निर्माण गरिएको हालको घरपझोङ गाउँपालिकामा ५ वटा वडाहरू रहेका छन् । हाल यस गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक संरचना यस प्रकार रहेको छ ।




*नक्सा नं. २ घरपझोङ गाउँपालिकाको प्रशासनिक विभाजन*

| *तालिका नं. १ घरपझोङ गाउँपालिकाको वडा विभाजन* | | | | |
|---|---|---|---|---|
| **वडा नं.** | **समावेश भएका गाविस** | **साबिकका वडा नं.** | **क्षेत्रफल** | **प्रतिशत** |
| १ | मार्फा र टुकुचे ८ र ९ | ९ | ४९.४० | १५.५९ |
| २ | मार्फा | १, २, ३ र ४ | १६.७२ | ५.२८ |
| ३ | मार्फा | ५, ६, ७ र ८ | ७२.०४ | २२.७३ |
| ४ | जोमसोम | ५, ६, ७ र ८ | ६४.४१ | २०.३२ |

| | | | | |
|---|---|---|---|---|
| ५ | जोमसोम | १, २, ३, ४ र ९ | ११४.३० | ३६.०८ |
| जम्मा | | | ३१६.८७ | १०० |
| *स्रोतः घरपझोङ गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५* | | | | |

जैविक विविधताले भरिपूर्ण यस गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर देखि ५००० मिटर उचाइ सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाइ तथा समय अनुरूप फरक-फरक रहेको छ। गाउँपालिका क्षेत्रको जोमसोम देखि दक्षिण तल्लो भेगमा समशीतोष्ण र उत्तरी भेगमा चिसो हिमाली हावापानी पाइन्छन् । ३१६.८७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका र दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लासम्म फैलिएर रहेको छ । यसको दक्षिणी भेगमा पर्ने धौलागिरी तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यहाँका प्रमुख तीर्थ स्थलहरू मुक्तिनाथ, तिलिचो ताल र लोमान्थाङ जाने द्वार रहेका छन् । उच्च हिमाली भेग भएको हुनाले दिउसोको समयमा उच्च बेगले हावा बहने गर्दछ । औसत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि र माथिल्लो भागमा हिमपात हुन्छ । समुन्द्र सतहबाट निकै उचाइमा रहेको यो गाउँपालिकामा गृष्म महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्री सेल्सियस सम्म र चिसो महिनामा तापक्रम माइनस ९ डिग्री सेल्सियस भन्दा तल झर्छ । जोमसोम देखि दक्षिण तल्लो भेगमा प्रायजसो समशीतोष्ण चिसो हावापानी पाइन्छ भने उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ ।

### २.१.२ प्राकृतिक र सांस्कृतिक सम्पदा

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदिनाला, खोला र उत्तरका हिमालहरूले प्रशस्त जल भण्डार गर्नका साथै विभिन्न किसिमका जलचरहरू र पक्षीहरूलाई सुरक्षित वासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेला बखत आंशिक रूपमा सिँचाइको सिँचाई लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव वस्तिको विकासका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी, खोला तथा पोखरीमा भूक्षय भई पुरिने क्रम जारी छ । यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रूपमा ढुम्बा ताल र छेमा ताल रहेमा छन् । यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जाने प्रवेश विन्दु रहेको छ । चिमाङ खोला, मार्फा खोला, ठिनी खोला र स्याङ खोला यस गाउँपालिका भएर बग्ने गर्दछ । यहाँबाट काली गण्डकी नदीको तीरै तीर हुँदै सडकले दक्षिणमा बेनी हुँदै प्रदेश राजधानी पोखरा सम्म जोडेको छ । हाल बेनी बाट जोमसोमलाई जोड्न वेनी जोमसोम सडक तीव्र गतिमा स्तरोन्नति कार्य भइरहेको छ । गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँ क्षेत्र भित्रकै स्रोतबाट ल्याइएको छ ।

गाउँपालिकाका अधिक जनसङ्ख्या बौद्ध धर्मावलम्वी रहेका छन् । यसै कारण उल्लेख्य रूपमा यहाँ बौद्ध सम्प्रदायको संस्कृति तथा संस्कार झल्काउने खालका गुम्बाहरू रहेका छन् । बौद्ध बाहेक हिन्दूहरूको मन्दिर पनि भेटिएका छन् भने अरू धर्मावलम्वी भएता पनि सोही बमोजिमका संस्कृति झल्काउने स्थलहरू नभएको अवस्था छ । अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहु जातीय, बहुभाषिक, बहु धार्मिक र सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लीन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैँमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको

विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्न अत्यावश्यक भएको छ भने अर्कोतर्फ भरपर्दो हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । यहाँका ऐतिहासिक स्थलहरूमा ऐतिहासिक चिनारी भएको मार्फा गाउँ, ह्यारुझो भ्यू टावर, लियोपार्ड केभ, पुराना गुम्बाहरू, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने म्युजियमहरू र हिमालहरूको मनोरम दृश्य आदी देख्न पाइन्छन्।

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरू हुन् । घरपझोङ गाउँपालिका जातीय, भाषिक, धार्मिक रूपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरूमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने जात जाति अनुसार फरक-फरक चाडपर्व तथा जात्राहरू यहाँ मनाइने गर्दछन् । आम नेपालीको लागि नै साझा चाडपर्वको रूपमा मनाइने जनैपूर्णिमा, फागु पूर्णिमा, दशै तिहार बाहेकका यहाँ क्षेत्री ब्राह्मणका तीज, गुरुपूर्णिमा, रक्षाबन्धन, गुरुङ र मगरका रोदी घर, घाटु नाच, मगर तामाङको ल्होसार, तोरन्ला लगायतका चाडपर्वहरू यस क्षेत्रमा मनाइने महत्त्वपूर्ण चाडपर्व रूपमा रहेका छन् । विभिन्न समुदाय, जात जातिका मानिस बसोबास रहेको यस क्षेत्रमा आ-आफ्ना सांस्कृतिक परम्परा अनुसार गुम्बा, मठ मन्दिरहरू रहेका छन् । यो गाउँपालिका बहु धार्मिक, बहुभाषिक र बहु जाती बसोबास गर्ने क्षेत्र हो । गाउँपालिकाका अधिक जनसङ्ख्या बौद्ध धर्मावलम्वी रहेका छन् । यसै कारण उल्लेख्य रूपमा यहाँ बौद्ध सम्प्रदायको संस्कृति तथा संस्कार झल्काउने खालका गुम्बाहरू रहेका छन् । बौद्ध बाहेक सानो सङ्ख्यामा हिन्दूहरूको मन्दिर पनि भेटिएका छन् भने अरू धर्मावलम्वी भएता पनि सोही बमोजिमका संस्कृति झल्काउने स्थलहरू रहेका छन् । छेरवाङ, हकि, छहरा, सम्ते छ्योलिङ, प्राटसि ल्हारवाङ, धछिलिङ आनी, उर्किन छोको लङस्याङने फोपे, थुटुङ, क्षेचेन कुङग टयोखोरलिङ, कुछप तेरङ्गा थुङटुङ, फखिम कर्पो यस ठाउँका प्रमुख गुम्बाहरू हुन ।

### २.१.३ जनसांख्यिक स्थिति

जनसङ्ख्या राज्यको अनिवार्य शर्त हो । जनसङ्ख्या र विकासको बीच (बीच) अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

*तालिका नं. २ जनसाङ्ख्किकीय विवरण*

| विवरण | परिमाण |
|---|---|
| जम्मा घर धुरी | ११२७ |
| जम्मा जनसङ्ख्या | ३,७१२ |
| पुरुष | १९४३ (५२.३ प्रतिशत) |
| महिला | १७६९ (४७.७ प्रतिशत) |
| सरदर घर धुरी आकार | ३.२९ प्रति घर परिवार |
| लैङ्गिक अनुपात | १०९.८४ |
| जनघनत्व | १२ व्यक्ति प्रति वर्ग कि.मि |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकाको हरेक विकास जनताको लागि हो भने यसको विकासको स्रोत पनि जनता नै हुन । सार्वजनिक प्रशासनको मूल आधार पनि जनता नै हुन् । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसङ्ख्या विवरणले राज्यका क्रियाकलापलाई दिशा निर्देशको आधार उपलब्ध गराउँछ । राष्ट्रिय जनगणना २०७८ का अनुसार, यस गाउँपालिकामा कुल ११२७ घरपरिवारहरू रहेका छन् ।

जनसङ्ख्याको हिसाबले पुरुषको सङ्ख्या महिलाको भन्दा कम देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकाको कूल जनसङ्ख्या ३७१२ रहेको छ, जसमा पुरुष र महिलाको सङ्ख्या क्रमशः १९४३ (५२.३०%) र १७६९ (४७.७%) रहेका छन् । त्यसैगरी, यस गाउँपालिकाको लैङ्गिक अनुपात १०९.८४ पुरुष प्रति १०० महिला रहेको छ । जनसङ्ख्याको वडागत विवरण हेर्दा सबैभन्दा बढी वडा नं. ४ मा १२१४ (३२.७० प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं. १ मा २१७ (५.८४ प्रतिशत) रहेको देखिन्छ । यस गाउँपालिकाको सरदर घर धुरी औसत आकार ३.२९ व्यक्तिहरू र लैङ्गिक अनुपात १०९.८४ रहेको छ । वडागत विवरण अनुसार सबैभन्दा बढी वडा नं. ३ मा ३.६७ व्यक्तिहरू रहेको घर धुरी र सबैभन्दा कम वडा नं. ४ मा २.९३ व्यक्तिहरू रहेको घर धुरी रहेको छ । त्यसैगरी सबैभन्दा बढी लैङ्गिक अनुपात वडा नं. १ र ३ मा समान ११७.०० तथा सबैभन्दा कम वडा नं. ५ मा ९६.५५ रहेको छ ।

*तालिका नं. ३ घरपझोङ गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण*

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मि.) | घर धुरी सङ्ख्या | जनसङ्ख्या पुरुष | महिला | जम्मा | औसत घर परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | ४९.४० | ६५ | ११७ | १०० | २१७ | ३.३४ | ११७.०० |
| २ | १६.७२ | १९३ | ३५२ | ३३१ | ६८३ | ३.५४ | १०६.३४ |
| ३ | ७२.०४ | २९६ | ५८५ | ५०० | १०८५ | ३.६७ | ११७.०० |
| ४ | ६४.४१ | ४१५ | ६३७ | ५७७ | १२१४ | २.९३ | ११०.४० |
| ५ | ११४.३० | १५८ | २५२ | २६१ | ५१३ | ३.२५ | ९६.५५ |
| **जम्मा** | **३१६.८७** | ११२७ | १९४३ | १७६९ | ३७१२ | ३.२९ | १०९.८४ |

स्रोत राष्ट्रिय जनगणना, २०७८

प्रत्येक १० वर्षमा हुने जनगनणनामा राष्ट्रको हरेक पक्ष र क्षेत्रको महत्त्वपूर्ण आर्थिक सामाजिक तथा सम्पूर्ण घर परिवारको सूचना प्रष्टसँग प्रस्तुत गरेको हुन्छ । यस कार्यले हरेक मुलकलाई विकासका योजना बनाउनका साथै राष्ट्रको भावी संरचना तथा लगानी लगायतका महत्त्वपूर्ण विषयमा अत्यन्त टेवा दिन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार घरपझोङ गाउँपालिकामा एक दशकको अन्तरालमा जनसङ्ख्या वृद्धिदर २०७८ मा १.२२ प्रतिशतले बढेको छ ।

*तालिका नं. ४ घरपझोङ गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर*

| घरपझोङ गाउँपालिका | जनसङ्ख्या २०६८ | जनसङ्ख्या २०७८ |
|---|---|---|
| जनसङ्ख्या | ३०२९ | ३७१२ |
| जनसङ्ख्या वृद्धिदर | | २.२५ प्रतिशत |

स्रोत राष्ट्रिय जनगणना, २०६८, २०७८

उमेरगत संरचनाले कुनैपनि क्षेत्रको जनसङ्ख्याको अवस्थालाई विभिन्न तहबाट बुझाउँछ । सबै खाले उमेरगत संरचना कुनैपनि योजना कार्यन्वयनको लागि अत्यन्त जरुरी छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको उमेरगत संरचनालाई ५ वर्ष उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा कुलको जनसङ्ख्या सबै भन्दा बढी २५-२९ वर्षको समूह (१०.५६%) रहेका छन् भने ९५ वर्ष माथि उमेर समूहका जनसङ्ख्या रहेको छन् । यस गाउँपालिकामा सक्रिय अनुपात समग्र देशको भन्दा उच्च रहेको छ । जनसङ्ख्याको सक्रिय उमेर समूह (१५-५९) लाई हेर्दा ६६.११ प्रतिशत जनसङ्ख्या रहेको छ । आश्रित जनसङ्ख्या (०


देखि १४ वर्ष सम्म) २२.११ प्रतिशत र ६० वर्ष माथि ११.७७ प्रतिशत रहेका छन् । गाउँपालिकाको विभिन्न उमेर समूह अनुसारको जनसङ्ख्याको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. ५ घरपझोङ गाउँपालिकाको उमेर समूह अनुसार जनसङ्ख्याको बनावट*

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ | १३७ | १३६ | २७३ | ७.३५ |
| ०५-०९ | १४६ | १४१ | २८७ | ७.७३ |
| १०-१४ | १३६ | १२५ | २६१ | ७.०३ |
| १५-१९ | १३५ | १३१ | २६६ | ७.१७ |
| २०-२४ | १६६ | १५० | ३१६ | ८.५१ |
| २५-२९ | २१५ | १७७ | ३९२ | १०.५६ |
| ३०-३४ | १९६ | १६५ | ३६१ | ९.७३ |
| ३५-३९ | १६४ | १२६ | २९० | ७.८१ |
| ४०-४४ | १४३ | १३५ | २७८ | ७.४९ |
| ४५-४९ | ११६ | ११२ | २२८ | ६.१४ |
| ५०-५४ | १११ | ८२ | १९३ | ५.२ |
| ५५-५९ | ६९ | ६१ | १३० | ३.५ |
| ६०-६४ | ६७ | ७० | १३७ | ३.६९ |
| ६५-६९ | ५१ | ५१ | १०२ | २.७५ |
| ७०-७४ | ३३ | ४२ | ७५ | २.०२ |
| ७५-७९ | २९ | ३५ | ६४ | १.७२ |
| ८०-८४ | २२ | २१ | ४३ | १.१६ |
| ८५-८९ | ४ | ९ | १३ | ०.३५ |
| ९०-९४ | ३ | ० | ३ | ०.०८ |
| ९५ माथि | ० | ० | ० | ० |
| **जम्मा** | **१९४३** | **१७६९** | **३७१२** | **१००** |

स्रोत राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाका घर धुरीहरूको घरको स्वामित्वको अवस्थालाई हेर्दा ११२७ घर परिवारहरू मध्ये ४४.७२ प्रतिशत घर परिवारहरू आफ्नै स्वामित्वमा रहेको घरमा र ४१.७० प्रतिशत घर परिवारहरू भाडाका घरमा बस्छन् । त्यसरी नै १०.८० प्रतिशत घर परिवारहरू संस्थागत घरमा, १.६९ प्रतिशत घर परिवारहरू अन्य प्रकारका घरमा बस्छन् । यस गाउँपालिकाको अपाङ्गता भएका मानिसहरूको अवस्थालाई हेर्दा कुल जनसङ्ख्या मध्ये ३.० प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरू मध्ये पुरुष र महिलाको हिस्सा क्रमशः २.५ प्रतिशत र ३.६ प्रतिशत रहेका छन् ।




*घरपझोङ गाउँपालिकाको उमेर समूह र लिङ्ग अनुसार जनसङ्ख्याको वितरण (प्रतिशत)*

## जात जाति र मातृभाषा

भौगोलिक रूपमा विविधता भएको घरपझोङ गाउँपालिकामा जातीगत विविधता रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी थकाली जाति १०१२ जना (२७.२७ प्रतिशत), दोस्रोमा विश्वकर्मा ६०९ जना (१६.४० प्रतिशत), र तेस्रोमा गुरुङ ४१६ (११.२० प्रतिशत), चौथोमा मगर ३८२ जना (१०.३० प्रतिशत), परियार ३८० जना (१०.२३ प्रतिशत) को बसोबास रहेको छ । जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६ जातजातिको आधारमा जन**सङ्ख्या**को विवरण

| क्र.सं. | जात जातिहरू | पुरुष | महिला | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ८४ | ४५ | १२९ | ३.४८ |
| २ | ब्राह्मण | ११४ | ३७ | १५१ | ४.०७ |
| ३ | मगर | १९१ | १९१ | ३८२ | १०.३० |
| ४ | थारू | २० | १४ | ३४ | ०.९१ |
| ५ | तामाङ | ८३ | ६८ | १५१ | ४.०७ |
| ६ | नेवार | २२ | ७ | २९ | ०.७८ |
| ७ | विश्वकर्मा | ३१५ | २९४ | ६०९ | १६.४० |
| ८ | मुसलमान | १३ | ४ | १७ | ०.४५ |
| ९ | राई | २१ | १८ | ३९ | १.०५ |
| १० | गुरुङ | १९० | २२६ | ४१६ | ११.२० |
| ११ | परियार | १८८ | १९२ | ३८० | १०.२३ |

| क्र.सं. | जात जातिहरू | पुरुष | महिला | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १२ | ठकुरी | १५ | १२ | २७ | ०.७२ |
| १३ | मिजार | १९ | २२ | ४१ | १.१० |
| १४ | हजाम | ४ | ६ | १० | ०.२७ |
| १५ | शेर्पा | ६५ | ३८ | १०३ | २.७८ |
| १६ | माझी | १२ | ६ | १८ | ०.४९ |
| १७ | मारवाडी | ८ | १० | १८ | ०.४९ |
| १८ | घले | ६ | ५ | ११ | ०.२९ |
| १९ | भोटे | २७ | ३६ | ६३ | १.७० |
| २० | थकाली | ५०५ | ५०७ | १०१२ | २७.२७ |
| २१ | डोल्पो | ६ | १० | १६ | ०.४३ |
| २२ | अन्य | ३५ | २१ | ५६ | १.५२ |
| **जम्मा** | | **१९४३** | **१७६९** | **३७१२** | **१००** |
| स्रोतः राष्ट्रिय जनगणना, २०७८ | | | | | |

**मातृभाषा**

संविधानको धारा ३२ मा (ले) भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। घरपझोङ गाउँपालिकामा पनि भाषिक विविधता रहेको देखिन्छ । मातृभाषा अनुसार जनसङ्ख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा नेपाली भाषा बोल्नेहरूको सङ्ख्या सबैभन्दा बढी ६२.६० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी थकाली भाषा बोल्नेहरूको सङ्ख्या १८.१६ प्रतिशत रहेको छ । गाउँपालिकामा नेपाली, मैथली, भोजपुरी, तामाङ नेवारी, मगर, गुरूङ, शेर्पा लगायतका भाषा बोल्नेहरूको सङ्ख्या रहेको देखिन्छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रूपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७ मातृभाषाको आधारमा जन**सङ्ख्या**को विवरण

| क्र.सं. | मातृभाषा | पुरुष | महिला | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | १२३३ | १०८७ | २३२० | ६२.६० |
| २ | मैथली | १२ | ९ | २१ | ०.६० |
| ३ | भोजपूरी | १६ | ८ | २४ | ०.७० |
| ४ | तामाङ | ६० | ३७ | ९७ | २.६१ |
| ५ | मगर धूत | ३४ | ३९ | ७३ | १.९९ |
| ६ | गुरुङ | ५९ | ६५ | १२४ | ३.३४ |
| ७ | शेर्पा | ३१ | २३ | ५४ | १.१४ |
| ८ | मगर खाम | ३५ | ४१ | ७६ | २.०४ |
| ९ | वाम्बुले | ७ | ८ | १५ | ०.४० |
| १० | घले | ६ | ६ | १२ | ०.३२ |
| ११ | थकाली | ३३८ | ३३६ | ६७४ | १८.१६ |
| १२ | तिबेतन | ७ | ९ | १६ | ०.४३ |
| १३ | डोल्पाली | ४ | ७ | ११ | ०.३० |
| १४ | भोटे | २५ | ३५ | ६० | १.७० |

| क्र.सं. | मातृभाषा | पुरुष | महिला | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १५ | लोवा | १५ | १७ | ३२ | ०.९० |
| १६ | बारागुङ्वा | १२ | १३ | २५ | ०.७० |
| १७ | अन्य | ४९ | २९ | ७८ | २.१० |
| **जम्मा** | | **१९४३** | **१७६९** | **३७१२** | **१००.००** |
| स्रोतः राष्ट्रिय जनगणना, २०७८ | | | | | |

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

नेपालमा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६० प्रतिशत जनसङ्ख्या कृषिमा आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो । उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुर्‍याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ । नेपालको वर्तमान संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस गाउँपालिकामा ५८३ कृषक परिवारहरू रहेका छन् भने कृषक परिवारले भोगचलन गरेको जग्गाको कुल क्षेत्रफल १४२.४ हेक्टर रहेको छ । भोगचलन गर्दै आएको कुल क्षेत्रफल मध्ये १२८.५ हेक्टरमा सिँचाई सुविधा उपलब्ध रहेको छ । ५८३ कृषक परिवारहरूले भोगचलन गर्दै आएको जग्गा १९८९ कित्तामा विभाजित रहेको देखिन्छ । प्रति कृषक परिवारको औसत कित्ता सङ्ख्या ३ रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८) । आफ्नो हकको जग्गामात्र कमाउने परिवार सङ्ख्या ३६७ रहेको छ भने सो जग्गाको क्षेत्रफल ९४.४ हेक्टर रहेको छ । त्यसरी नै अरूको हकको जग्गामात्र कमाउने परिवारको सङ्ख्या १०१ छ भने त्यस प्रकारको जग्गाको क्षेत्रफल २१.४ हेक्टर रहेको देखिन्छ । अन्य प्रकारको उपभोग अन्तर्गत जग्गा कमाउने परिवार सङ्ख्या नरहेको अवस्था छ । एकभन्दा बढी प्रकारको स्वामित्व भएको परिवार सङ्ख्या ११५ रहेको छ भने तिनको क्षेत्रफल २६.२ हेक्टर रहेको छ ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस गाउँपालिकामा कृषक परिवारको सङ्ख्या ५८३ रहेकोमा पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सङ्ख्या भने ३३७ रहेका छन् । त्यसमा पनि गाई गोरु पाल्ने परिवारको सङ्ख्या २४७ र गाई गोरुको सङ्ख्या ५९६ रहेका छन् । त्यसैगरी, बाख्रा च्याङ्ग्रा पाल्ने कृषक परिवारको सङ्ख्या १२४ र बाख्रा च्याङ्ग्राका सङ्ख्या २३५८ रहेका छन् । भेडा पाल्ने कृषक परिवारको सङ्ख्या ३४ रहेको छ भने भेडाका सङ्ख्या १८८ रहेका छन् । बंगुर पाल्ने कृषक परिवारका सङ्ख्या १० रहेका छ भने बँदेल, बंगुरको कुल सङ्ख्या ५० रहेको छ । त्यसरी नै अन्य पशु पाल्ने कृषक परिवार सङ्ख्या ४५ रहेको छ भने तिनको सङ्ख्या १६७ रहेको छ । गाउँपालिका भरी कुखुरा पाल्ने परिवारको सङ्ख्या २०४ रहेको र कुखुराका सङ्ख्या २१६९ रहेका छन् । साथै अन्य पन्छी पाल्ने कृषक परिवार सङ्ख्या ५ र तिनका सङ्ख्या ३२ रहेका छन् (राष्ट्रिय कृषि गणना, २०७८) ।

यस गाउँपालिकामा मझौला तथा साना किसानहरूको बढि संलग्न रहेको देखिन्छ । गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन् । समग्रता खाद्यान्न उपलब्धताको हिसाबले यस गाउँपालिकाको अवस्था राम्रो देखिएता पनि अझै केही जनसङ्ख्या मौसमी खाद्य असुरक्षामा रहेको देखिन्छ । यहाँको कृषि पेशाले व्यावसायिकता हासिल गर्न सकिरहेको छैन । यहाँका प्रमुख उत्पादनहरूमा जौ, ऊवा, फापर, तथा तीते फापर जस्ता रैथाने वाली लगायत आलु, ओखर, रहेका छन् । यस गाउँपालिकामा

३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार ५० प्रतिशत रहेका छन् ।

खाद्य सुरक्षा, ग्रामीण विकास र गरिबी निवारण सुनिश्चित गर्न सिँचाइको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सिँचाइ प्रणालीले हाल नेपालको करिब ४० प्रतिशत कृषि जमिनलाई सपोर्ट गरेको भए पनि १९ प्रतिशतले मात्रै वर्षभरि सिँचाइको सुविधा पाएका छन् । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नु र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको
रूपमा रहेको छ ।

| क्र.सं. | सिँचाइको स्रोतको नाम | वडा नं. |
|---|---|---|
| १ | छहरा खोला | १ |
| २ | पमक्यु खोला | २ |
| ३ | तेमक्यु खोला | २ |
| ४ | स्याङ खोला | ३ |
| ५ | घ्योमूङ | ४ र ५ |
| ६ | ठिनी खोला | ५ |

यस गाउँपालिकामा खेती गरिएको १२८.५ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ वा खेती योग्य जमिन मध्ये सिँचित जमिन ९० प्रतिशत रहेको छ । सुचारु सिँचाइ आयोजनाको सङ्ख्या ८ रहेका छन् । संभावित सिँचाई योग्य जमिनमा सिँचाई गर्न सकिरहेको अवस्था छैन । विभिन्न वडाहरूमा संभावनाको आधारमा नयाँ सिँचाई आयोजनाहरू निर्माण गर्न र मौजुदा सिँचाई आयोजनहरूको नियमित रूपमा मर्मत सम्भार गर्न आवश्यक देखिन्छ । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नु र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ ।

## २.२.२ पर्यटन तथा संस्कृति

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । नेपालको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ । देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ । पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ । पर्यटकीय दृष्टिले हिमाल, नदीनाला तथा ताल पोखरी, ऐतिहासिक स्थलहरू र स्थानीय चाडपर्व, रीतिरिवाज, जात्रा र मेलाहरू महत्त्वपूर्ण मानिन्छन् । घरपझोङ गाउँपालिका धार्मिक, सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी

र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । सेतो मनोरम हिमालको दृश्य, डाँडाकाँडाबाट देखिने सूर्योदय र सूर्यास्तको आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभुषा, कलाकौशल र शान्त एवं स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ ।

गाउँपालिकामा पर्यटन व्यवसायबाट रोजगारी पाउनेको सङ्ख्या १५० जना रहेका छन् । आन्तरिक पर्यटक सङ्ख्यामा वृद्धि दर १५ प्रतिशत रहेको छ । त्यसैगरी बाह्य पर्यटक सङ्ख्यामा वृद्धि दर समेत १० प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा पर्यटन र सेवा मूलक व्यवसायमा संलग्न व्यक्तिहरूको सङ्ख्या ९० रहेको छ । पर्यटन प्रवर्द्धनको लागि यहाँ पर्यटन सूचना केन्द्र रहेको छ । यस गाउँपालिकामा आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थलको सङ्ख्या ४ वटा रहेको देखिन्छ । यस गाउँपालिकामा पर्यटकीय स्तरका होटेल तथा बेडहरूका सङ्ख्या क्रमशः ९० र १५०० देखिन्छ । त्यस्तै साधारण होटेल तथा बेडको सङ्ख्या क्रमशः ५ र २५ देखिन्छ । गाउँपालिकाभित्र होमस्टे तथा बेडको सङ्ख्या क्रमशः २० र ८० रहेका छन् । गाउँपालिकामा २ कि.मि. पदमार्ग निर्माण तथा स्तरोन्नति भएको छ ।

पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा माथि उल्लिखित विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्न आवश्यकता देखिन्छ । यसबाहेक होमस्टे, प्राचीन संस्कृतिको अध्ययन, सङ्ग्रहालय, पिकनिक स्पोटको निर्माण गर्न, उपयुक्त स्थानहरूमा पार्कहरूको निर्माण गर्न, उपयुक्त पर्यटकीय स्थानको पहिचान गरी भ्यू टावर निर्माण गर्न र भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालनमा जोड दिन आवश्यक देखिन्छ । यसै सन्दर्भमा मौजुदा र नयाँ पर्यटकीय गन्तव्यको पहिचान, प्रमुख पर्यटकीय स्थलहरूसम्म पर्यटक पथ लगायत आवश्यक पूर्वाधारहरू निर्माण, पर्यटन प्रवर्द्धन सम्बन्धी गुरुयोजनाको तयारी तथा कार्यान्वयन, पर्यटन सूचना केन्द्रको स्थापना तथा सञ्चालन, वैकल्पिक पर्यटन पदमार्गको खोजी तथा निर्माण र विद्यमान पथहरूका स्तरोन्नती, होमस्टे प्रवर्द्धन, पर्यटकीय स्थलहरूको वेबसाइट मार्फत प्रचार प्रसार, गाउँपालिकामा आगमन हुने पर्यटकको अभिलेखीकरण तथा अद्यावधिक, स्थानीय कृषि उपजको प्रवर्द्धन गर्न कोसेली घरको निर्माण तथा सञ्चालन, स्थानीय पर्यटन सम्बन्धी ब्रोसर तथा अन्य प्रचारात्मक सामाग्रीको निर्माण तथा वितरण, पर्यटकहरूका आगमनलाई बढवा दिन भ्यू टावरहरूका निर्माण, लोपोन्मुख कला संस्कृति तथा रीतिरिवाजका संरक्षण र होटेल तथा पर्यटन व्यवसायीलाई तालिमको व्यवस्थालाई प्राथमिकतामा राखेर योजना तथा कार्यक्रमहरू बनाउन आवश्यक देखिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

उद्योगलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भको रूपमा लिने गरिन्छ । तीव्र औद्योगीकरणले आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँदैछ । त्यसरी नै उद्यमशीलतालाई उत्पादनको महत्त्वपूर्ण कडी र साधनको रूपमा लिइन्छ । उद्यमशील संस्कृतिको विकासले नागरिकहरूलाई पेसा व्यवसाय प्रति आकर्षित गराई जोखिम वहन गर्न र सिर्जनशील कार्यलाई आर्थिक क्रियाकलापमा आबद्ध गर्न मद्दत गर्दछ । स्थानीय स्तरदेखि नै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमशीलतालाई विकासले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । यस गाउँपालिकामा पनि उद्योगको बर्तमन अवस्थालाई हेर्दा यस क्षेत्रको हालसम्म किटान गरेर उद्योगको सूचीमा राख्न सकिने उद्योगको विवरण प्राप्त गर्न सकिँदैन । यस गाउँपालिकामा प्रारम्भिक रूपमा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न तत्काल सम्भव नभए पनि

उचित नीतिहरूका निर्माण गरी घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन र निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने प्रसस्त आधारहरू रहेका छन् ।

तथापि यस गाउँपालिकामा दुग्घ व्यवसाय, टेलर्स, होटेल व्यवसाय, फेन्सी व्यवसाय, क्लिनिक तथा औषधी व्यवसाय, तरकारी तथा फलफूल व्यवसाय, इलेक्ट्रोनिक व्यवसाय, माछा मासु व्यवसाय, जुत्ता पसल, फोटो स्टुडियो, फर्निचर व्यवसाय, किनारा पसल तथा व्यवसाय, अटो वर्कशप, खाजा घर तथा चिया पसल, मनि ट्रान्सफर, पुस्तक तथा फोटोकपी व्यवसाय, होटेल तथा रेस्टुरेण्ट व्यवसाय तथा साना उद्योगहरू दर्ता गरी सञ्चालनमा रहेका छन्, भने केही व्यापार व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका छन् । त्यसरी नै व्यापार विकासको महत्त्वपूर्ण आधार हो । आजको समयमा व्यापार कुनै पनि गाउँलाई समृद्ध बनाउने तथा आर्थिक क्रियाकलापलाई द्रुत गतिमा अगाडी बढाउने क्षेत्रको रूपमा परिचित छ । कुनै पनि ठाउँको व्यापारिक विकासले त्यस स्थानलाई सहरीकरण गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस गाउँपालिकाले पनि व्यापारिक क्षेत्रमा विस्तारै विकासको बाटो पछ्याइरहेको छ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा उद्योग व्यवसायमा संलग्न उद्यमी, व्यवसायीहरू ५ प्रतिशत रहेका छन् । पालिकामा दर्ता भएका कूल उद्योग व्यवसाय १४७ रहेका छन् । सीप मूलक तालिम प्राप्त जनशक्ति १४७ रहेका छन् ।

यस गाउँपालिकामा उद्योग क्षेत्रको विकासका लागि लगानी मैत्री वातावरणसँग सम्बन्धित नीति, कानुन तथा कार्यविधिको निर्माण, उद्यमीहरूको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण, सम्भावित उद्यम र उद्यमशीलतालाई पहिचान, उद्यमीहरूलाई तालिम र प्रविधि हस्तान्तरण, औद्योगिक विकासका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार, महिलाहरूका उद्यमशीलता विकास, वैदेशिक रोजगारबाट फर्केका युवा उद्यमीहरूलाई सहयोग, उद्यमशीलता क्षेत्रमा संलग्न व्यक्ति, समूह तथा सहकारीलाई सहयोग र गरिबी निवारणका लागि लघु उद्यम विकास गर्न जरुरी छ । त्यसैगरी उद्यमशीलता विकासको क्षेत्रमा उद्यमशीलता विकास तालिम, उद्यमशीलता तथा लघु उद्यमको विस्तार, बैक तथा वित्तीय संस्थालाई उद्यम क्षेत्रमा लगानी बढाउन सहजीकरण, उद्यम क्षेत्रलाई चाहिने प्रविधि सहयोग, उद्यमीहरूको उद्यम बीमा कार्यक्रमको विस्तार, र उत्पादन वृद्धि गर्न चाहने उद्यमीलाई प्रोत्साहन गर्न जरुरी छ । गाउँपालिकाको विकासलाई द्रुत गतिमा अगाडि बढाई रोजगारी सिर्जना गर्न तथा सकारात्मक विकासको लागि पर्याप्त रूपमा उद्योग र उद्यमशीलता विकासका उपरोक्त कार्यक्रमहरू ल्याइनुपर्ने आवश्यकता देखिएको परिप्रेक्ष्यमा तिनमा आधारित रही यस आवधिक योजनाको तर्जुमा गरिएको छ ।

### २.२.४ श्रम तथा रोजगारी

गाउँपालिका बासीका आम्दानीका प्रमुख स्रोतहरू कृषि तथा पशुपालन, व्यापार, नोकरी तथा पेन्सन, वैदेशिक रोजगारी र ज्याला-मजदुरी रहेका छन् । गाउँपालिका भित्र अन्नबाली, फलफुल, जडीबुटी तथा व्यापार व्यवसायबाट आम्दानी भएको देखिदैन । तसर्थ कृषिजन्य उत्पादन, जडीबुटी प्रसोधन तथा श्रमजन्य कार्यलाई प्रवर्द्धन गर्न सकेमा आम्दानीको क्षेत्र बढने देखिन्छ । गाउँपालिकाभित्र आर्थिक वर्ष २०७९/८० मा सूचीकृत बेरोजगारको सङ्ख्या २१६, रोजगारीमा महिला १६ जना र पुरुष ३२ जना गरी ४८ संलग्न रहेका छन् । गाउँपालिकामा १२ वटा आयोजनामा यी रोजगरी ४७ दिन गरेका छन् । आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) का सङ्ख्या ४६५ रहेका छन् । एउटा सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण भएको छ । गाउँपालिकामा सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन भएको देखिँदैन । हालको बेरोजगारीको सङ्ख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न गाउँपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ ।

### २.२.५ बैंक, वित्तीय क्षेत्र तथा सहकारी

एकको लागि हरेक र हरेकको लागि एक भन्ने मान्यतामार्फत सदस्यहरूको सामूहिक हितमा कार्य गर्नको लागि स्थापित सहकारी हालका दिनमा विश्वभरि लोकप्रिय बन्दै गइरहेका छ । सहकारीमा आबद्ध सदस्यहरूको हितका लागि कार्य गर्ने र सानो सानो पुँजीलाई एकतित्र गरि कार्य गर्ने हुँदा निम्नवर्गको नजिकको संस्थाको रूपमा पनि यसले लोकप्रियता पाएको छ । घरपझोङ गाउँपालिकामा पनि हालसम्म ६ वटा विविध प्रकारका सहकारी दर्ता तथा सञ्चालनमा आएका छन् । यस क्षेत्रका धेरैजसो सहकारी कृषि, महिला, बचत तथा ऋण, सामूहिक विकास जस्ता क्रियाकलापमा संलग्न रहेका छन् । सहकारीमा आबद्धता बढ्दो रहेको छ । सानो-सानो पुँजीको प्रभावकारी व्यवस्थापनबाट सदस्यहरू पनि आर्थिक रूपमा आत्मनिर्भर हुँदै गइरहेका छन् ।

## २.३ सामाजिक विकासको स्थिति

### २.३.१ स्वास्थ्य तथा पोषण

वर्तमान अवस्थामा यस गाउँपालिकामा जन स्वास्थ्य क्षेत्रमा हुँदै आएको लगानी र प्रयासहरूको फलस्वरूप गाउँबासीको लागि स्वास्थ्य स्थिति विगतको भन्दा राम्रो हुँदै गएको भएता पनि जनताहरूको स्वास्थ्य स्तरमा सन्तोषजनक सुधार ल्याई गुणस्तरीय, दीर्घायु जीवन यापन गर्ने अवस्थामा पुर्‍याउन बाँकी नै रहेको देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवारहरू ७० प्रतिशत रहेका छन् । यहाँ २ वटा हेल्थ पोष्ट (मार्फा स्वास्थ्य चौकी र जोमसोम स्वास्थ्य चौकी) र २ वटा आधारभूत स्वास्थ्य केन्द्र चिमाङ् र स्याङ रहेका छन् । यी स्वास्थ्य संस्थाहरूबाट मासिक रूपमा तोकिएका स्थानहरूमा खोप सेवा सञ्चालन भइरहेको छ । हाल गाउँपालिकाले सबै स्वास्थ्य संस्थाको भवन निर्माण कार्यलाई निरन्तरता दिएको छ । सबै स्वास्थ्य संस्थामा बार्है महिना औषधिको अभाव हुन नदिने गरी व्यवस्था मिलाएको छ । गुणस्तरीय सेवाका लागि औजार उपकरणको व्यवस्था गाउँपालिकाले गरेको छ । हाल गाउँबासी स्वास्थ्य सेवाको पहुँचमा रहेका छन् । स्वस्थप्रद आनीबानी र चेतनामा क्रमशः सुधार हुँदै गएको देखिन्छ । वर्षेनी महामारीको रूपमा फैलने रोगको अन्त्य भएको देखिन्छ । विश्वलाई समेत सताएको कोभिड-१९ को महामारीमा आवश्यक तयारी र योजनाबद्ध कार्य गरेकाले गाउँपालिका भरी ठूलो क्षति व्यहोर्नु परेन ।

यस गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ चिकित्सकहरूको अभाव देखिन्छ । विशेषज्ञ चिकित्सकको सङ्ख्या ३ रहेको छ । मध्यम स्तरको स्वास्थ्य कार्यकर्ताहरूको सङ्ख्या १४ रहेको छ । दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिलाहरू ४६ प्रतिशत रहेका छन् । गाउँपालिका भरिमा २ वटा बर्थिंङ सेन्टरहरू रहेका छन् । गर्भावस्थाको महिलाहरूको परीक्षण दर ५१ प्रतिशत रहेको छ । पूर्ण खोप कभरेज १०७.३ प्रतिशत रहेको छ भने भिटामिन ए खाने बालबालिकाहरू पनि १०० प्रतिशत नै रहेका छन् । झाडा पखालाको संक्रमण दर १.३७ प्रतिशत रहेका छन् । महिला स्वास्थ्य स्वयं सेविकाको सङ्ख्या २० रहेको छ भने सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवनको सङ्ख्या ४ रहेको छ । आधुनिक उपकरण सहितका स्वास्थ्य भवनहरू ४ रहेका छन् भने आधारभूत सुविधा सहितका स्वास्थ्य संस्थाको सङ्ख्या ४ रहेका छन्, शिशु मृतुदर शुन्य रहेको छ । गाउँपालिकामा एउटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको छ । पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधीका प्रकार ९२ रहेका छन् । गाउँपालिकाले हालसम्म ५ वटा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ । यस गाउँपालिकाभित्र रहेका मौजुदा स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, वर्थिङ सेन्टर र अस्पतालहरूमा सरकारी मापदण्ड अनुरूप औषधी उपलब्ध गराउन, तिनको आवश्यक पूर्वाधार विकास गर्न, ती स्वास्थ्य संस्थाहरूमा स्वस्थ र सुरक्षित खानेपानीको व्यवस्था गर्न, स्वास्थ्य चौकीहरूमा कम्प्यूटर सुविधा उपलब्ध गराउन, आधुनिक मेशिन तथा उपकरणहरू प्रदान गर्न, प्रत्येक वडाहरूमा सुत्केरी

केन्दहरू वा वर्थिङ सेन्टरहरू स्थापना र सञ्चालन गर्न, प्रत्येक वडामा कम्तीमा पनि १/१ वटा एम्बुलेन्सको व्यवस्था गर्न, हरेक वर्ष घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन गर्न, स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू तथा सामुदायिक सरसफाइ अभियान निरन्तर रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### २.३.२ शैक्षिक विकास

शिक्षा विकासको आधार हो, साथै यो मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ । यस्तो नागरिक हक सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण माध्यम मानिन्छ । शिक्षा मानव जीवनको अभिन्न पाटो हो । जसले मानवलाई जीवनको उचाइसम्म पुग्नलाई मद्दत पुऱ्याउँछ । शिक्षाको महत्त्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस गाउँपालिकाको कूल साक्षरता दर ८१.५४ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ८७.८२ प्रतिशत र महिला साक्षरता दर ७४.५९ प्रतिशत रहेको छ । ५ वर्ष भन्दा माथिका उमेर समूहका मध्ये ८१.५४ प्रतिशतले पढ्न र लेख्न दुवै सक्छन् भने २.२१ ले पढ्न मात्र सक्छन् । उक्त उमेर समूहका १८.२३ प्रतिशतले लेखपढ दुवै गर्न सक्दैनन् भने ०.०६ प्रतिशतले कुनै उल्लेख गरेको पाइँदैन (राष्ट्रिय जनगणना, २०७८) ।

यस गाउँपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसङ्ख्या मध्ये प्राथमिक शिक्षा हासिल गर्ने जनसङ्ख्या (८.७०%) छ भने निम्न माध्यमिक तहका शिक्षा हासिल गर्ने जनसङ्ख्या ८.२१% रहेको छ । त्यसरी नै उच्च माध्यमिक तह उत्तीर्ण गर्ने जनसङ्ख्या ५.८०% छ । प्रविणता तह वा सो सरह उत्तीर्ण गर्ने जनसङ्ख्या ४३.४८% रहेको देखिन्छ । एस.एल.सी. वा एस.ई.ई.वा सो सरहको तह उत्तीर्ण गर्ने जनसङ्ख्या ९.६६% रहेको छ भने शैक्षिक स्तर निर्धारण नभएको जनसङ्ख्या ०.९७% छ । त्यस्तै प्रारम्भिक बाल शिक्षाको योग्यता हासिल गर्ने जनसङ्ख्या ०.९७% रहेको छ । स्नातक तह वा सो सरह उत्तीर्ण जनसङ्ख्या १२.५६% रहेको छ । स्नाकोत्तर वा सो सरह र सो भन्दा माथिका तह उत्तीर्ण गर्ने जनसङ्ख्या ३.८६% देखिन्छ भने अन्य शैक्षिक योग्यता हासिल गर्ने जनसङ्ख्या ०.४८% रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

**शैक्षिक स्थिति**

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०८०/८१ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा गाउँपालिकामा पठन पाठनका लागि बाल-विकास केन्द्र ८, आधारभूत विद्यालयको सङ्ख्या ७, माध्यमिक विद्यालय सङ्ख्या ३, १ सामुदायिक सिकाई केन्द्र र १ बहुमुखी क्याम्पस गरी जम्मा १६ वटा शिक्षण संस्थाहरू रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा माध्यमिक तह (९-१२) मा खुद भर्नादर ५६.६ प्रतिशत रहेको छ भने माध्यमिक तह (९-१२) मा कुल भर्नादर ७६ प्रतिशत रहेको छ । त्यसरी नै आधारभूत तह (१-८) मा कुल भर्नादर १२०.९ प्रतिशत र खुद भर्नादर ९५.१ प्रतिशत रहेको छ । त्यसरी नै आधारभूत तह (१-८) मा कुल भर्नादर ११९ प्रतिशत र खुद भर्नादर ९१.१ प्रतिशत रहेको छ । विद्यालय शिक्षा (१-८) शिक्षक-विद्यार्थी अनुपात १:१४ रहेको छ भने विद्यालय शिक्षा (१-१२) शिक्षक विद्यार्थी अनुपात १:३१ रहेको छ । प्राविधिक धारका विद्यालय सञ्चालन सङ्ख्या १ रहेको छ भने प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या ४२ रहेका छन् । त्यसरी नै प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयको सङ्ख्या १ रहेको छ । बाल क्लब गठन भएका विद्यालयको सङ्ख्या

१० रहेको छन् । कम्प्युटर प्रयोगशाला भएका विद्यालयको सङ्ख्या ४ छ । त्यसरी नै विज्ञान प्रयोगशाला भएका विद्यालयको सङ्ख्या ३ छ । इन्टरनेट तथा ई-शिक्षा सुविधा भएका विद्यालय सङ्ख्या १० रहेका छन् । छात्रामैत्री विद्यालयको सङ्ख्या १० रहेका छन् भने अपाङ्गतामैत्री विद्यालयको सङ्ख्या शून्य रहेको देखिन्छ । आवासीय विद्यालयको सङ्ख्या १ रहेको छ । माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय १ रहेको । सामुदायिक विद्यालयहरू ८ वटा रहेका छन् भने संस्थागत विद्यालयहरू ३ वटा रहेका छन् ।

गाउँपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुऱ्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैङ्गिकमैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, बालमैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण, विद्यालय भर्ना दरमा वृद्धि, प्रौढ तथा विद्यालय जान नपाएकाहरूका लागि अनौपचारिक शिक्षा मार्फत साक्षरता वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यमिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन, मनोपरामर्श र किशोर किशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, पिछडिएको क्षेत्र एवं समुदाय केन्द्रितगरी नयाँ पूर्वप्राथमिक विद्यालय विस्तार, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयारी, विद्यालयमा छात्रवृत्ति, माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैङ्गिकमैत्री शौचालय निर्माण, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित सीप विकास र जीवनपर्यन्त तथा आय आर्जनमूलक सिकाइ कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य देखिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

नेपालमा पनि विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धता गराउनमा राज्य लागि परेको छ । घरपझोङ गाउँपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयनमा ल्याउँदै सहज रूपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नुका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि राज्य र यसका सञ्चालक निकायसँग पनि समन्वय गर्दै आएको देखिन्छ । पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक विकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवं छरिएर रहेको बस्ती भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाइको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा यस गाउँपालिकाले यसलाई मध्यनजर गरि व्यवस्थापन गर्दै आइरहेको अवस्था छ । यस गाउँपालिकामा पिउने पानीका स्रोतहरूमा कुवा, मुलधारा, नदी खोला र पाइपबाट वितरण गरिएको पानी नै हो । राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार यस गाउँपालिकामा ११२७ कुल परिवार सङ्ख्या मध्ये अधिकांस घर परिवार (९८.५८%) ले धारा वा पाइपको पानी पिउने गरेको देखिन्छ । ढाकिएको इनार वा कुवाको पानी प्रयोग गर्ने परिवारहरू ०.३५% रहेका छन् । त्यसरी नै मूलको धारा प्रयोग गर्ने परिवारहरू ०.७१ प्रतिशत रहेका छन् । खोला वा झरनाको पानी पिउने परिवारको सङ्ख्या ०.२७ प्रतिशत छन् ।


यस गाउँपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वा सचेतनामूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत संभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यस गाउँपालिकामा प्रयोग गरिने शौचालयहरूमा फ्लस भएको (सार्वजनिक ढल) प्रयोग गर्ने घर परिवारहरू ३.९% रहेका छन् भने फ्लस भएको (सेप्टिक टयांक) प्रयोग

गर्ने घर परिवारहरू ९५.५० प्रतिशत छन् । त्यसरी नै २.८ प्रतिशत घर परिवारहरूले साधारण प्रकारका शौचालय प्रयोग गर्ने गरेको देखिन्छ भने १.३ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्दछन् । कुल घर परिवारहरू मध्ये ०.४ प्रतिशतमा शौचालय नभएको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

यस गाउँपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वा सचेतनामूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत संभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नेपाल सरकार र यसका विकास साझेदारहरूले न्यायपूर्ण विकासका लागि जरुरी ठहर्याएका छन् । २०६२/६३ को दोस्रो जनआन्दोनपछि विकास साझेदारको सहयोगमा सरकारका प्रयासहरू विद्यमान शक्ति सन्तुलनको पुनर्संरचना गरी सबै जातजाती, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूति गर्दै नेपाललाई समावेशी र न्यायपूर्ण राज्यमा रूपान्तरण गर्न लक्षित रहेको देखिन्छ । विभिन्न हिसाबले गाउँपालिका सम्पन्न रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग, सामाजिक तथा आर्थिक रूपले पछाडि रहेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ । गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । गाउँपालिकामा कुल घर परिवारहरू मध्ये सम्पत्ति माथि महिलाको स्वामित्व रहेको घरपरिवारहरू २७.३३ प्रतिशत रहेको छ । सम्पत्ति माथि महिलाको स्वामित्व नभएको घरपरिवारहरू ६९.१२ प्रतिशत देखिन्छ भने यसबारे उल्लेख नभएका घरपरिवारहरू ३.५५ प्रतिशत रहेको छ । कुल घरपरिवारहरू मध्ये महिलाको घरको मात्र स्वामित्व रहेको घरपरिवारहरू ३.०१ प्रतिशत रहेको देखिन्छ भने महिलाको जमिनको मात्र स्वामित्व भएको घरपरिवारहरू १४.५ प्रतिशत रहेको छ । कुल घरपरिवारहरू मध्ये महिलाको घर र जमिन दुवैमा स्वामित्व रहेको घरपरिवारहरू ५.७७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।




राज्य नागरिकको अन्तिम अभिभावक हो। अतः राज्यले आफ्ना नागरिकलाई विशेष अवस्थामा रक्षा गर्ने वचन दिएको हुन्छ। राज्यमा भैपरी आउने समस्या तथा नागरिकको जीवनका आम अवस्था भन्दा विशेष फरक

अवस्था आएको खण्डमा राज्यले नागरिकको रक्षाको लागि विभिन्न नीतिगत व्यवस्था गरेको हुन्छ । यस्ता व्यवस्था मध्ये सामाजिक सुरक्षा पनि एक हो । सामाजिक सुरक्षाका कार्यक्रम भित्र पर्ने एक समुदाय अपाङ्ग नागरिक पनि हुन । अपाङ्ग नागरिकलाई राज्यले विशेष कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा उपलब्ध गराउने गर्दछ । यसबाहेक पनि राज्यमा विविध प्रयोजनका लागि अपाङ्ग जनसङ्ख्याको विवरण आवश्यक पर्दछ । अपाङ्गता मध्ये सबैभन्दा धेरै मानसिक (सुस्त), बोलाइमा समस्या, सुन्न गाह्रो भएको र बहु अपाङ्गता रहेका छन् । अपाङ्ग तथा असहाय व्यक्तिलाई विभिन्न हित तथा कल्याणकारी कार्यक्रमको सञ्चालन गरि उनीहरूको अवस्था अनुकूल हुने कार्यक्रमको माध्यममार्फत राज्यको विशेष लगानीमा क्षमता अभिवृद्धिका लागि ठोस कदम चाल्नु पर्दछ । यसै मान्यता अनुसार घरपझोङ गाउँपालिका पनि अपाङ्ग तथा अशक्त नागरिकको लागि विशेष सामाजिक सुरक्षाका कार्य योजना निर्माण तथा सञ्चालनको लागि प्रयासरत रहेको छ ।

महिला तथा बञ्चितिकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय विभेद अन्त्य गर्नु, लैङ्गिक तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, तथा अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैङ्गिक संवेदनशीलता र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु, गाउँपालिकाको संयत्रहरूमा लैङ्गिक परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, गाउँपालिकामा लैङ्गिक बजेट प्रणालीको अवलम्बन गर्नु, समाजमा विद्यमान विकृति र विसंगतिको न्यूनीकरण गर्नु, लैङ्गिक समानता र समावेशीकरणका कार्यक्रमहरू प्रत्येक बस्ती स्तरसम्म पुऱ्याउनु, अन्धविश्वास, कुरीति र जातीगत संकुचितताहरूलाई निर्मूल पार्नु आदि आवश्यक छ । उपरोक्त कुराहरूलाई दृष्टिगोचर गर्दै यो आवधिक योजनाको तर्जुमा गरिएको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी स्वास्थ्यका लागि खेलकुद अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको ४३.७८ प्रतिशत जनसङ्ख्या १५-३९ वर्ष उमेर समूहका युवाहरूको रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । युवाहरूको जनसङ्ख्या तुलनात्मक रूपमा अन्य उमेर समूहको भन्दा बढी भएको कारण ती ऊर्जाशील युवाहरूलाई गाउँपालिकाको विकासमा लगाउन आवश्यक देखिन्छ । साथै युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न उनीहरूमा सीप विकास गराउँदै स्थानीय स्तरमै रोजगारी तथा स्व–रोजगारीको अवसर सिर्जना गर्न समेत आवश्यक देखिन्छ ।

| खेल मैदानको र अनुमानित क्षेत्रफल | वडा नं. | उपयोगको अवस्था |
|---|---|---|
| चिखेल मैदान (१००० वर्ग कि.मि) | २ | |
| विद्यालय खेल मैदान (१५० वर्ग कि.मि) | ३ | समुदाय |
| खेल मैदान (२०० वर्ग कि. मि.) | ४ | समुदाय |
| छापा (१.५ रोपनी) | ५ | |
| हिले (१.५ रोपनी) | ५ | |

भौतिक पूर्वाधारभित्र एक राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेल मैदानलाई पनि समावेश गर्ने गरिन्छ । आजका दिनमा खेलको माध्यमबाट राज्यहरू एकआपसमा नजिकिनुका साथै आफ्नो वर्चश्व प्रदर्शन गर्ने समेत

गरेको पाइन्छ । हाम्रो देशमा पनि हरेका गाउँपालिकामा कम्तीमा एउटा राष्ट्रिय स्तरको खेल मैदान निर्माण गर्ने लक्ष्य राखेको पाइन्छ । घरपझोङ गाउँपालिकाको पाँच स्थानमा खेल मैदान रहेका छन् । यी खेल मैदानहरूको अवस्था सामान्य रहेको छ । यस क्षेत्रमा राष्ट्रिय स्तरको खेल मैदान बनाउने लक्ष्य राखिएको भए तापनि हालसम्म सो कार्यले गति लिन सकेको छैन, भएका खेल मैदानको पनि स्तरोन्नती गर्नुपर्ने भएका छन् ।

## २.४ पुर्वाधार विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परम्परागत रूपमा, न्यूनतम योजनाको आधारमा वस्ति एवं मानव गतिविधि विकास र बिस्तार भएको र पहाडी भिरालो भूभागमा पर्ने हुँदा गाउँपालिकाको विकास पद्धति पनि परम्परागत छ । कतिपय वडाको हकमा मुख्य भूभाग बनले ओगटेको तथा कृषि प्रयोजनमा भोग चलन भइ आएको छ । भौगोलिक विकटताका कारण ग्रामीण वस्तिहरू छरिएर रहेका छन् । उपलब्ध तथ्याङ्क अनुसार, यस गाउँपालिकामा भूकम्प प्रतिरोधी भवन ३३.१ प्रतिशत रहेको छ । गाउँपालिकामा व्यवस्थित सहरीकरण सहितको बस्ती रहेको छैन । गाउँपालिकामा १५ प्रतिशत भवनहरू पालिकाको मापदण्ड बमोजिम निर्माण भएका छन् । जोखिमयुक्त बस्तीको स्थानान्तरण नभएको देखिन्छ । गाउँपालिकाले बस्ती विकास योजना निर्माण गरेको देखिँदैन । वडा कार्यालयको भवनको सङ्ख्या १० रहेको छ । कर्मचारीहरूको लागि छुट्टै आवास भवन रहेको देखिँदैन । गाउँपालिका भरी १२ वटा सामुदायिक भवन रहेका छन् । २ वटा भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयार पारिएको छ ।

गाउँपालिकामा मापदण्ड बमोजिम निर्माण भएका भवनहरू ५ प्रतिशत रहेका छन् । भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवनको सङ्ख्या १० रहेको छ । गाउँपालिकाले विपन्नका लागि आवास निर्माण गरेको देखिँदैन । अन्य भौतिक संरचनाहरूमा गाउँ कार्यपालिकाको भवन १ वटा, वडा कार्यालय भवन ३ वटा, कर्मचारी आवास भवन ३ वटा, सामुदायिक भवन १३ वटा, रहेका छन् । हिमाली गाउँपालिका भएकोले, भौगोलिक जटिलतालाई र त्यसले निम्त्याउन सक्ने प्रकोप तथा जोखिमलाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीय परिवेशसँग मिल्दो बनाउन आवश्यक छ ।


### २.४.२ सडक पुल तथा यातायात

सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको प्रभावकारी विकासका लागि पनि सडक संजाल अत्यन्त जरुरी हुन्छ । सडकको विकासले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकाको ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवारहरू ९५ प्रतिशत रहेको देखिन्छ । यातायात सुचारु सडक लम्बाइ २६ कि.मि. रहेको छ । त्यसरी नै नियमित मर्मत संभार भएको सडकको लम्बाइ २६ कि.मि. रहेको छ । बाढी नियन्त्रणका लागि ०.५ कि.मि. ग्याभिन वाल निर्माण भएको छ । पालिकामा सञ्चालित ४ पाङ्ग्रे यातायातका साधन सङ्ख्या ५० रहेको छ । गाउँपालिकामा २७ कि.मि. कच्चि सडक रहेको छ । त्यसरी नै २६ कि.मि. ग्राभेल सडक मौजुदा रहेको छ । नयाँ ट्र्याक खोलिएको सडकको लम्बाइ २७ कि.मि. रहेको छ । गाउँपालिका भरीमा पक्की पुलको सङ्ख्या २ रहेको छ । यस गाउँपालिका भरीमा १.५ कि.मि. सडक नालीको निर्माण गरिएको देखिन्छ भने सडक पेटीको निर्माण भएको छैन।


गाउँपालिकाका सबै गाउँ तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरिनु पर्ने, निर्माण भएका सडकहरूको स्तरोन्नती गर्नुपर्ने, वातावरणीय प्रभाव विश्लेषण गरिनुपर्ने, सडक निर्माण गर्दा इन्जिनियरिङ डिजाइन अनुसार विस्तृत लागत अनुमान गर्ने तथा उपकरणहरूको न्यूनतम प्रयोग गर्नु जस्ता कुराहरूको आवश्यकता रहेको छ । त्यस्तै गाउँपालिकाका अधिकांश स्थानहरूमा सडक, पक्की, झोलुङ्गे तथा काठे पुलहरूका अभाव रहेको छ । जस्लेगर्दा यातायातका साधन सञ्चालनमा समस्या, स्कूल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न र गाउँलेहरूलाई बजार गर्न जान जस्ता समस्याहरू रहेका छन् । आवश्यकता अनुसार रणनीतिक तथा प्रमुख स्थलहरूमा सडकको सञ्जाल विस्तार, पक्की, झोलुङ्गे तथा काठे पुलहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस गाउँपालिकामा उज्यालोको लागि ९८.२३ घर परिवारले विद्युतको प्रयोग गर्न गरेको देखिन्छ । त्यस्तै १.२१ घर परिवारले सोलार/सौर्यऊर्जा र ०.३८ ले मट्टीतेल प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी ०.०२ प्रतिशतले बायोग्याँस र ०.१७ प्रतिशतले अन्य स्रोतको इन्धन प्रयोग गर्ने गरेको देखिन्छ । यसबाट के बुझिन्छ भने, यस गाउँपालिकामा बत्ति बाल्नको लागि प्रयोग गरिने इन्धनको प्रमुख स्रोत नै विद्युत हो ।





गाउँपालिकाको कुल घरधूरी मध्ये ९७.३४ प्रतिशत घरधुरीले बिजुली, १.९ प्रतिशतले सोलार, ०.०९ प्रतिशतले बायोग्यास र ०.५३ प्रतिशतले अन्य स्रोतबाट उज्यालोको लागि ऊर्जा प्रयोग गर्दछन्, १२.४२ प्रतिशतले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने ८७.२२ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.१८ प्रतिशतले विद्युतलाई खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । त्यस्तै ०.०५ प्रतिशत घरधुरीले अन्य इन्धन प्रयोग गरेको पाइन्छ । त्यसरी नै ०.०९ प्रतिशतले वायोग्यासको प्रयोग गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।




प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको विद्युतमा पहुँच प्राप्त परिवारहरू १०० प्रतिशत रहेका छन् । प्रतिव्यक्ति विद्युत् उपभोग ०.५ वाट प्रति घण्टा रहेको छ । गाउँपालिकामा थ्री फेज लाइनको बिस्तार १०० प्रतिशत रहेको छ भने राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार पनि १०० प्रतिशत रहेको छ । त्यसैगरी गाउँपालिकामा सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार ६० प्रतिशत रहेका छन् ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा परिवारमा उपलब्ध साधन तथा सुविधा ९७.२४ प्रतिशत रहेको छ भने २.७६ प्रतिशतमा ती सुविधाहरू उपलब्ध रहेको देखिँदैन । परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार सङ्ख्यालाई तलको चित्रमा देखाइएको छ ।



राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा रेडियो सुविधा भएको घर परिवार १७.५७% रहेको छ भने टेलिभिजन सुविधा भएको परिवार ६८.९४% रहेको छ। त्यसैगरी, २२.४५ परिवारमा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध छ भने ८१.९८% परिवारमा मोबाइल फोन सेवा उपलब्ध छ साथै ८३.५८% परिवारमा स्मार्ट मोवाइल फोन सेवा उपलब्ध छ । १७.३०% परिवारमा कम्प्युटर वा ल्यापटप रहेको छ भने ५९.३६% परिवारमा इन्टरनेट सेवा सुविधा उपलब्ध छ । ६.२१% परिवारमा कार, जीप वा भ्यान जस्ता यातायात साधन उपलब्ध छ । त्यसैगरी, २३.२५% परिवारमा मोटरसाइकल वा स्कुटर उपलब्ध छ भने ३.०२% परिवारमा साइकल रहेको छ । २५.५५% परिवारमा रेफ्रिजरेटर रहेको छ । त्यस्तै ८.७०% परिवारमा वासिङ मेशिन उपलब्ध छ भने ०.०९% परिवारमा एयर कण्डिसनर उपलब्ध छ (राष्ट्रिय जनगणना, २०७८) । अझै पनि करिब ०.७१ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था गरिबीको असर हुन सक्छ । सञ्चारको सेवाका लागि ताररहित प्रणाली प्रवर्धन गर्ने गरी सञ्चारको सेवा गाउँपालिका भित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँचयोग्य र जनमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

नेपालको सम्बृद्धिको प्रमुख आधार मध्येको एक हो वन, हाल सरकारी आँकडा अनुसार देशको कुल क्षेत्रफलको ४४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ । वन आधारभूत वर्गका मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोत पनि हो । नेपालले सामुदायिक वन संरक्षणमा गरेको प्रगति अन्तर्राष्ट्रिय जगतमै प्रशंसायोग्य छ । वन जङ्गल संरक्षणले हाल विश्वमा बढ्दै गईरहेको तापक्रमलाई सन्तुलनमा राख्न मात्र नभएर जलवायु परिवर्तनको मारबाट जोगाउन सघाउ पुऱ्याउँछ । उपलब्ध तथ्याङ्क अनुसार, गाउँपालिकाको कुल क्षेत्रफलको १४.८९ प्रतिशत क्षेत्र जङ्गलले ढाकेको छ भने चरन क्षेत्रले ४१.१० प्रतिशत र बाझो जमिन ३८.४९ प्रतिशत भूभाग ओगटेको छ (नापी विभाग) ।

| क्र.स. | जमिनको प्रकार | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | खेती योग्य | ५.०१ | १.५८ |
| २ | बसोबास क्षेत्र | १.६४ | ०.५२ |
| ३ | बाझो जमिन | १२१.९५ | ३८.४९ |
| ४ | वन क्षेत्र | ४७.१६ | १४.८९ |
| ५ | चरन क्षेत्र | १३०.२१ | ४१.१० |
| ६ | जलस्रोत क्षेत्र | ४ | १.२६ |
| ७ | बालुवा | ५.८१ | १.८३ |
| ८ | अन्य | १.०३ | ०.३३ |
| **जम्मा** | | **३१६.८१** | **१००** |

जङ्गलले ढाकेको क्षेत्र धेरै भएकाले यस गाउँपालिका जैविक विविधतामा पनि धेरै धनी देखिन्छ । यस गाउँपालिकामा धुपी सल्ला, वैंश, लोट सल्ला, भोजपत्र, काडेतार बुट्यान, घाँस, भोटे पिपल आदि रुखका प्रजातिहरू पाइन्छन् । त्यस्तै गाउँपालिकामा पाइने मुख्य गैर काष्ठ पैदावार तथा जडीबुटीहरूमा अनुरकाँडा, चिराइतो, लोठसल्ला, यार्सागुम्बा, पाँचऔले, निरमसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्की, कुठ, भोजा, जमानो, कुकुर्को विख, हारा, सोमलता, चुल्ठे, अमिलो, जटामसी, जिम्मु, कुरिलो, घोराङमार्चा आदी रहेका छन् । वन सम्पदा यस गाउँपालिकाको महत्त्वपूर्ण सम्पदा हो । यस गाउँपालिकाको वन, वनस्पति, वन्यजनन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत

व्यवस्थापनमा समुदायका सहभागिता एवं पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्त्वपूर्ण सूचक हुन । गाउँपालिकामा उपलब्ध वानस्पातिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिने प्रचुर सम्भावना रहेको छ ।

त्यसरी नै यस गाउँपालिका क्षेत्रमा पाइने जीवजन्तुहरूमा कस्तुरी, खरायो, घोरल, नाउर, हिउँ चितुवा, स्याल आदि रहेका छन् । पन्छीहरूमा डाँफे, मुनाल, च्याखुरा, कालिज, लाटोकोसेरो, मलेस, भँगेरा आदि रहेका छन् । वन संरक्षणका लागि गाउँपालिकाको संयोजकत्वमा विभिन्न पैह्रो तथा भूक्षय ग्रसित ठाउँहरू पत्ता लगाई संरक्षण गर्न आवश्यक देखिन्छ । यसको लागि सामुदायिक वृक्षारोपणलाई अभियान कै रूपमा सञ्चालन गर्न आवश्यक छ । वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि गाउँपालिकामा अवस्थित ताल तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्तिको र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास आयोजनाहरूकोलागि बायोईन्जिनियरिङ र वन अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साहन र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन


गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदीनाला, खोला र उत्तरका हिमालहरूले प्रशस्त जलभण्डार गर्नका साथै विभिन्न किसिमका जलचरहरू र पंक्षीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरूपमा सिँचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव बस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी, खोला तथा पोखरीमा भूक्षय भई पुरिने क्रम जारी छ । यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रूपमा ढुम्बा ताल र छेमा ताल रहेमा छन् । यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जाने प्रवेश विन्दु रहेको छ । चिमाङ खोला, मार्फा खोला, ठिनी खोला र स्याङ खोला यस गाउँपालिका भएर बग्ने गर्दछ । यहाँबाट काली गण्डकी नदीको तीरै तीर हुँदै गोरेटो बाटोले दक्षिणमा बेनी तथा बाग्लुङ बजार सम्म जोड्ने गर्दछ । हाल बेनी बाट जोमसोमलाई जोड्न एक सडक पनि निर्माण हुँदै छ । गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँक्षेत्र भित्रकै स्रोतबाट ल्याइएको छ ।

गाउँपालिकामा संरक्षित भूक्षय संवेदनशील क्षेत्रहरू ५ वटा रहेका छन् । बाढी तथा पहिरो नियन्त्रणकालागि २ कि.मि. तटबन्ध निर्माण बनेको छ । २ कि.मि. संवेदनशील क्षेत्रको बाढी नियन्त्रण गरिएको छ । स्थानीय विपद् तथा भुसंरक्षण योजना १ वटा, १ वटा बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान भएको छ भने त्यति नै सङ्ख्यामा बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन समेत गरिएको छ । जलाधार संरक्षणका लागि घरपझोङ गाउँपालिकाले मौजुदा नदी तथा खोलाहरूको संरक्षण गर्ने गरि जलाधार संरक्षण योजना बनाउन र तत् अनुसार कार्यान्वयन गर्न आवश्यक छ । त्यसरी नै स्थानीय स्तरमा निजी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन, गापा भित्रको नाप नक्सा र अभिलेखीकरण, भूमि व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि, भूमिहीन तथा सुकुम्बासीहरूलाई सार्वजनिक जग्गा व्यवस्थापन, गुठीको संरक्षण, अभिलेखीकरण र व्यवस्थापन, भूमिको वर्गीकरण अनुसारको भूउपयोग र भूक्षमता नक्शा र तथ्याङ्क सङ्कलन, ल्याण्ड पुलिङ, राष्ट्रिय,

प्रादेशिक भू-उपयोग नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्न आवश्यक छ । तीनै कुराहरूमा आधारित रहेर भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण संरक्षण सङ्घ,प्रदेश र स्थानी तहका सरकारहरूको कार्य जिम्मेवारी भित्र पर्दछ । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुने गर्दछ । यस गाउँपालिकामा फोहोरमैलाको व्यवस्थापन उचित रूपले हुन सकिरहेको अवस्था छैन । घर आँगन तथा भान्साबाट निस्केका फोहरमैलालाई पुर्ने, जलाउने तथा खोला खोल्सीमा लगेर पुर्ने गरेको पाइन्छ । फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोरमैला सङ्कलन र थुपार्ने स्थानको अभाव रहेको देखिन्छ । गाउँपालिकाको अधिकांश जनमानसमा फोहोरमैला सम्बन्धी चेतनाको अभाव देखिन्छ । तोकिएको मापदण्ड विना नै अवैज्ञानिक र जथाभाबी सडक निर्माण गर्ने प्रचलनले गर्दा वातावरणमा विनाश आइरहेको अवस्था छ । बढ्दो वनजङ्गलको फँडानी र भइरहेको वनजङ्गल तथा झाडी बुट्यानको संरक्षणको अभावमा समेत स्थानीय वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ ।




क) जोमसोमको विगत १० वर्षको वर्षाको विवरण

| वर्षा मात्रा मिलि मिटरमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिना | वर्ष | | | | | | | | | |
| | 2014 | 2015 | 2016 | 2017 | 2018 | 2019 | 2020 | 2021 | 2022 | 2023 |
| जनवरी | 27.8 | 83.8 | 3.3 | 34 | 9.5 | 15.5 | 26.81 | 0.01 | 1.7 | 0 |
| फ्रेवुअरी | 27.8 | 15.2 | 3.2 | 5.1 | 10.7 | 75.9 | 25.31 | 5.72 | 17.4 | 2.21 |
| मार्च | 9.6 | 98.1 | 23.8 | 15 | 57.8 | 15.8 | 98.15 | 23.16 | 8.4 | 31.42 |
| अप्रिल | 36.9 | 45.4 | 35.2 | 30.9 | 11.5 | 20.6 | 24.94 | 30.3 | 33.2 | 52.2 |
| मे | 34.6 | 6.8 | 23.3 | 35.1 | 23 | 10.4 | 32.05 | 88.8 | 34.1 | 25.52 |
| जुन | 10.6 | 74.9 | 15.2 | 16.7 | 24.8 | 25.5 | 54.54 | 199.9 | 32.1 | 30.9 |
| जुलाई | 71.3 | 32.2 | 104 | 76.8 | 41.1 | 52.9 | 59.66 | 88.2 | 56.9 | 72.53 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अगस्त | 20 | 28.9 | 16.4 | 27.1 | 76.5 | 51.6 | 27.51 | 91.4 | 28.01 | 217.3 |
| सेप्टेम्बर | 9.6 | 8.1 | 23.3 | 29.2 | 46.2 | 40.2 | 49.62 | 50.8 | 39.51 | 17.23 |
| अक्टोबर | 75.3 | 8.4 | 13.8 | 2 | 0 | 5 | 0 | 45.2 | 144.2 | 76.3 |
| नोभेम्बर | 0 | 6.2 | 0 | 0 | 0 | 3.5 | 2.22 | 0 | 1 | 0 |
| डिसेम्बर | 25.3 | 0 | 0.5 | 3.3 | 0 | 19.4 | 2.2 | 42.3 | 0 | 4.6 |

स्रोत: जल तथा मौसम विज्ञान विभाग, बवरमहल

ख) अधिकतम तापक्रम जोमसोमको विगत १० वर्षको अधिकतम तापक्रम विवरण


| अधिकतम तापक्रम सेन्टिग्रेट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिना | वर्ष | | | | | | | | | |
| | **2014** | **2015** | **2016** | **2017** | **2018** | **2019** | **2020** | **2021** | **2022** | **2023** |
| जनवरी | 10.35 | 8.703 | 10.29 | 11.86 | 12.33 | 8.419 | 8.738 | 12.55 | 9.003 | 12.25 |
| फ्रेवुअरी | 11.8 | 13.11 | 14.22 | 13.9 | 13.06 | 9.303 | 11.96 | 12.85 | 9.653 | 13.86 |
| मार्च | 15.1 | 14 | 16.42 | 14.48 | 15.71 | 14.79 | 14.16 | 15.42 | 18.29 | 13.99 |
| अप्रिल | 17.99 | 16.72 | 19.95 | 19.8 | 18.17 | 19.44 | 17.01 | 17.34 | 20.25 | 16.44 |
| मे | 20.68 | 21.55 | 20.4 | 20.12 | 20.52 | 21.11 | 19.54 | 18.85 | 20.2 | 19.29 |
| जुन | 23.82 | 22.21 | 23.11 | 23.42 | 23.01 | 23 | 21.44 | 20.57 | 23.17 | 23.47 |
| जुलाई | 22.99 | 22.84 | 22.3 | 22.7 | 23.31 | 23.23 | 22.37 | 21.72 | 23.15 | 22.89 |
| अगस्त | 23.17 | 22.87 | 23.24 | 22.85 | 22.58 | 23.52 | 23.5 | 22.5 | 23.41 | 22.81 |
| सेप्टेम्बर | 21.89 | 22.33 | 22.05 | 22.02 | 21.54 | 21.51 | 21.93 | 21.46 | 21.17 | 22.73 |
| अक्टोबर | 17.45 | 18.16 | 18.9 | 19.61 | 17.29 | 19.16 | 20.37 | 19.19 | 16.7 | 17.96 |
| नोभेम्बर | 15.41 | 16.07 | 16.68 | 14.86 | 14.92 | 16.31 | 15 | 14.21 | 15.63 | 15.69 |
| डिसेम्बर | 12.56 | 12.07 | 16.22 | 15.15 | 10.8 | 11.45 | 12.82 | 10.63 | 13.53 | 13.15 |

स्रोत: जल तथा मौसम विज्ञान विभाग, बवरमहल

क) जोमसोमको विगत १० वर्षको वर्षाको विवरण न्यूनतम तापक्रम

| महिना | न्यूनतम तापक्रम सेन्टिग्रेटमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 2014 | 2015 | 2016 | 2017 | 2018 | 2019 | 2020 | 2021 | 2022 | 2023 |
| जनवरी | -2.34 | -1.14 | -1.99 | -2.76 | -2.1 | -3.81 | -3.25 | -2.41 | -2.94 | -4.64 |
| फ्रेवुअरी | -0.42 | 0.328 | 0.834 | 0.717 | 0.132 | -2.15 | -1.55 | -0.88 | -3.95 | -3.36 |
| मार्च | 1.532 | 2.635 | 2.574 | 2.619 | 2.193 | 0.77 | 0.296 | 0.819 | 3.154 | -1.65 |
| अप्रिल | 3.816 | 4.093 | 5.183 | 5.596 | 4.84 | 4.606 | 2.4 | 1.713 | 5.05 | 0.083 |
| मे | 7.409 | 8.109 | 7.719 | 7.8 | 8.322 | 5.38 | 6.141 | 6.941 | 7.161 | 3.161 |
| जुन | 12.53 | 11.42 | 12.83 | 12.32 | 12.6 | 10.27 | 10.75 | 10.54 | 10.73 | 8.55 |
| जुलाई | 14.69 | 13.45 | 14.07 | 13.91 | 14.63 | 12.61 | 12.48 | 12.69 | 11.93 | 11.15 |
| अगस्त | 14.37 | 14.03 | 13.54 | 14.4 | 13.87 | 12.41 | 12.2 | 12.73 | 11.48 | 11.08 |
| सेप्टेम्बर | 11.87 | 11.71 | 11.44 | 11.42 | 11.94 | 10.89 | 11.16 | 10.91 | 9.76 | 9.3 |
| अक्टोबर | 4.545 | 5.632 | 6.241 | 7.261 | 3.467 | 4.777 | 4.719 | 5.922 | 2.174 | 2.064 |
| नोभेम्बर | 1.746 | 2.193 | 0.253 | 0.456 | 0.353 | 1.726 | 0.246 | -0.58 | -2.03 | -3.23 |
| डिसेम्बर | -0.63 | -1.34 | 0.412 | -0.49 | -3.09 | -2.86 | -1.49 | -2.6 | -4.48 | -4.38 |

स्रोत — जल तथा मौसम विज्ञान विभाग, बबरमहल




एकीकृत र योजनाबद्ध विकासको अभाव, सहरोन्मुख क्षेत्रमा बढ्दो चाप, पर्यटकहरूको नियमित आगमन, अव्यवस्थित बस्ती विकास, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नु, कृषि पेशाको व्यावसायिकताको नाममा अत्यधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भइरहेको अवस्था छ । साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार कुनै पनि वडाहरू पुर्ण सरसफाइयुक्त छन् । गाउँपालिकामा धुवाँमुक्त घरधूरीहरू करिब ८७.६ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाले वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गाउँपालिकाले १ फोहोरमैला विसर्जन नीति बनाएको छ । गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति बनेको देखिँदैन । डस्टबिन व्यवस्थापन भएका घरधुरी ५० प्रतिशत रहेका छन् । फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति उपलब्ध भएको देखिँदैन ।

ग्रामिण विकासको लागि फोहोर व्यवस्थापन पनि महत्त्वपूर्ण पक्ष रहेको हुँदा गाउँपालिकाले फोहरमैला व्यवस्थापनका लागि विभिन्न रणनीतिक योजनाहरू निर्माण गरि अघि बढ्न आवश्यक रहेको छ । सहरीकरण बढेसँगै ध्वनि प्रदूषणको समस्या सिर्जना हुन्छ । विशेषतः सडक तथा पर्यटन मार्ग वरिपरि, क्रसर उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिन्छ । यस क्षेत्रमा पुराना सवारीका साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेशर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ । पुराना सवारी साधन, कच्ची सडक, मोटर बाटाको धूलो, कल कारखाना जस्ता साधनको प्रयोगले धूलोहरू बढेको छ । साथै गाउँपालिकाले आंशिक रूपमा वायु प्रदूषणको समस्या झेल्दै आएको छ । तसर्थ वायु प्रदूषण नियन्त्रणका लागि गाउँपालिकामा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ । सो अनुसारका कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

वि.सं. २०७२ सालको भूकम्पबाट आंशिक रूपमा प्रभावित यस घरपझोङ गाउँपालिका भूकम्प, पहिरो, आगलागि, विद्युतीय खतरा, सडक दुर्घटना, चटयाङ, असिना पानी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता विपदहरूबाट जोखिममा रहेको छ । धनजनको क्षतिको हिसाबले ठूलो विपद्को सामना गर्न नपरेको भएपनि वर्षेनी विभिन्न

स्तरका पहिरो र भू-क्षयको प्रभाव भने गाउँपालिकामा देखिने गरेको छ । विभिन्न वडाहरूमा वर्षातको समयमा आउने बाढी, पैरो, असिना, तुषारो आदिका कारण जनजीवनमा पर्नजाने असरलाई न्यूनीकरण गर्दै स्थानीय जनसमुदायको जीवन सहज बनाउन आवश्यक छ । दैवी प्रकोप न्यूनीकरण तथा उद्धार समिति निर्माण गरी दैविप्रकोपका असरहरू लेखाजोखा गर्न, तथा उद्धारका लागि आवश्यक पर्ने औजार तथा सामाग्री व्यवस्थापन गर्न र विपद् व्यवस्थापन प्रभावकारी रूपमा गर्न परिणाममूखी कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य छ । गाउँपालिकामा प्रकोप नियन्त्रणको लागि योजना बनाई त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या देखिन्छ । स्थानीय जनता र सरोकारवालाहरूमा विपद व्यवस्थापन सम्बन्धी चेतनाको कमी रहेको छ । प्रकोप नियन्त्रण योजना निर्माण गर्न, प्रकोपबाट बच्ने उपायका बारेमा सचेतनामूलक कार्यक्रम गर्न, वडा स्तरमा सुरक्षित घरहरू निर्माण गरी सञ्चालनमा ल्याउन, सम्भावित विपदका बारेमा सचेतना अभिवृद्धि कार्यक्रम गर्न जरुरी देखिन्छ । जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ ।

गाउँपालिकाभित्र संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । यहाँ वर्षेनी मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरका ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवर्तन अनुकूल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद् का विविध पक्षहरूबारे वडा बासीहरूमा जानकारीको कमी रहेको छ । युवाहरूमा लागू पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । गाउँपालिकामा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै बजार क्षेत्रमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ । जङ्गल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले चितुवा लगायतका जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली आतङ्कले गाउँपालिकाका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जङ्गली आतङ्कले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जङ्गल एवं जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

घरपझोङ गाउँपालिकाले पहिलो र दोस्रो जननिर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ । हालसम्म गाउँपालिकाद्वारा तर्जुमा गरी कार्यान्वयन भएका कानुनहरू जस्तै ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, आधार संहिता आदि निर्माण गरिएका छन् जसमा ऐन, नीति, नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । गाउँपालिकाले सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा विभिन्न शाखाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । ती शाखाहरूमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प, सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन, सूचना प्रविधि, र लेखा शाखा रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा कर्मचारीको कुल दरबन्दी ४९ रहेकोमा कर्मचारीहरूको पदपूर्ति ४१ प्रतिशत रहेको छ । मानव संसाधनको विकासका लागि

गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ । सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई–हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । गाउँपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीतामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७४, गाउँपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ तथा सङ्घीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत गाउँपालिकाको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न गाउँपालिका प्रयासरत छ ।

समुदायलाई गाउँपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, गाउँपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडापत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । गाउँपालिकाका वार्ड कार्यालयहरूमा जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ । गाउँपालिकामा कार्यपालिकाको बैठक नियमित रूपमा बस्ने गरेको छ । हाल सम्म १२ पटक बैठक बसि सकिएको छ । गाउँपालिकाको औसत वार्षिक बेरुजू ३ प्रतिशत र औसत वार्षिक पुँजीगत खर्च ९५ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाको आन्तरिक आय करिब एक करोड रहेको देखिन्छ । गाउँपालिकाले एउटा सामाजिक परीक्षण र एउटा आवधिक योजना तर्जुमा गरि सकेको छ । उपलब्ध तथ्याङ्क तथा जानकारी अनुसार, गाउँपालिकाको सबै वडामा अनलाइन प्रतिवेदन प्रणाली स्थापना गरिएको छ ।

गाउँपालिकाले क्षमता विकास योजना तयार पारिसकेको छ । हालसम्म पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ एक पटक भएको छ । गाउँपालिकाले सञ्चालित कार्यक्रमहरूको अनुगमन र कार्य प्रगति समीक्षा क्रमशः ३ र ४ पटक गरेको देखिन्छ । गाउँपालिकाको सेवाग्राही सन्तुष्टिको स्तर १०० प्रतिशत देखिन्छ । अनलाइन सेवामा आबद्ध सुविधाको सङ्ख्या १ रहेको छ भने सफ्टवेयरमा आधारित सेवाको सङ्ख्या २ छ । एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवाको सङ्ख्या १४ रहेका छन् । पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरूका सङ्ख्या ५ रहेका छन् । आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या ५ रहेको छ । आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरूको सङ्ख्या ५ रहेको छ । गाउँपालिकामा निर्धारित समयावधिमै बजेट आउने गरेको छ । गाउँपालिकाको आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था छ । समयमा फछ्र्यौट भएका वार्षिक योजनाहरू ९५ प्रतिशत रहेका छन् ।

सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी गाउँपालिका र गाउँपालिकाबासी बीचको परस्पर विश्वास कायम हुने गरी गाउँपालिकाबासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता

गाउँपालिकाले महसुस गरेको छ । सुशासनका लागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँसभा गाउँपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जस प्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा सङ्घीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

गाउँ कार्यपालिकाको प्रमुखको रूपमा गाउँपालिका अध्यक्ष र उपप्रमुखको रूपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । गाउँपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँ कार्यपालिकाका लागि नयाँ दरबन्दी सिफारिस गरेको भएपनि पूर्ण कार्यान्वयनमा भने आउन सकेको देखिँदैन । कर्मचारीले गाउँपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

### २.६.३ स्रोत परिचालन

स्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । घरपझोङ गाउँपालिकाको आ.व. ०७९/८० कुल प्रस्तावित बजेट रु. ७३ करोड ३४ लाख ३० हजार रहेकोमा वास्तविक आय रु. ६१ करोड ८० लाख २२ हजार रहेको थियो । गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब ६५ प्रतिशत रहेको छ भने पुँजीगत खर्च ३५ प्रतिशत रहेको छ ।

**राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक स्रोतको आय | बाह्य स्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| | रकम | २१४५९ | ७२९९५ | ० | ९४४५४ |

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक स्रोतको आय | बाह्य स्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व.०७९/०८० को यथार्थ | प्रतिशत | २२.७२ | ७७.२८ | ० | १०० |
| आ.व.०८०/०८१ को अनुमानित | रकम | ३२००० | १११९५३ | ० | १४३१५३ |
| | प्रतिशत | २२.३५ | ७७.६५ | ० | १०० |

गाउँपालिकाले नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । गाउँपालिकाले आ.व. ०७९/८० मा आन्तरिक आयबाट रु. २ करोड १४ लाख ५९ हजार, सङ्घ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ७ करोड २९ लाख ९५ हजार स्रोत परिचालन गरेको छ । यस गाउँपालिका कुल राजस्वमा आन्तरिक स्रोतको योगदान २२.७२ प्रतिशतको हाराहारीमा रहेको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस गाउँपालिकाले पनि नेपालको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (तर्जुमा चरणमा रहेको) का आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो दोस्रो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ । राज्य पुनर्संरचना मार्फत घरपझोङ गाउँपालिका स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको हो ।

उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सहभागीतामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

## परिच्छेद तीन: सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी जारी भएको नेपालको संविधान २०७२ ले देशको शासन सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संबैधानिक व्यवस्था गरेको छ । तिनवटै सरकारका आ-आफ्ना अधिकार क्षेत्रहरू तोकिएका छन् । कतिपय साझा अधिकार छन् भने कतिपय एकल अधिकार छन् । संविधानको अनुसूचि - ८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्तभएकोले सोहीबमोजिम स्थानीय तहमा यो गाउँपालिकाले आवधिक योजना तयार पारेको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन, २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कातिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने सन्दर्भमा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । घरपझोङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्तगर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा घरपझोङ गाउँपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ । सोहि सोचका साथ लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृति आदिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

घरपझोङ गाउँपालिकाको समग्र विकास योजनाको आधार भनेको जनस्तरबाट महशुस गरिएका विकासको विभिन्न क्षेत्रहरूमा देखिएका सबल पक्षहरू जसले योजना कार्यन्वयनमा खेल्ने भुमिका र देखिएका कमजोरीहरूलाई न्युनिकरण गर्न, समस्याहरूलाई समग्र विश्लेषण गरेर गाउँपालिकाको निम्ति गर्न सकिने सम्भावनाहरूलाई नियोजित सम्बोधन गर्नु हो । यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, बुद्धिजीवीहरू

तथा सरोकारवालाहरूबाट प्रस्तुत भएका समग्र समस्या तथा चुनौतीहरूलाई देहायका बुदाँमा प्रस्तुत गरिएको छ ।

- कृषिमा न्यून उत्पादकत्व र उच्च लागत,
- दिगो तथा गुणस्तरीय पूर्वाधार निर्माणमा कमी,
- भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु,
- परम्परागत कृषि प्रणाली तथा वर्षेनी हुने बाढी, पहिरो जस्ता समस्याबाट कृषि योग्य भूमि क्षयीकरण हुनु तथा जमिनको अधिक खण्डीकरण हुनु,
- यस क्षेत्रमा जलवायु परिवर्तनका सूचकाङ्कहरू तापक्रम, वर्षाको प्रवृत्ति र मात्रामा विगत केही दशकदेखि तीव्र परिवर्तन आउनु,
- कालीगण्डकी सब-बेसिनमा धेरै हिमनदी लोप हुनु र त्यसको प्रत्यक्ष असर देखिनु,
- वन तथा जैविक विविधतामा ह्रास,
- कोभिड १९ का कारण आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव,
- गाउँपालिका पर्यटकीय पूर्वाधार संरचना निर्माण तथा पर्यटकीय क्षेत्रको यथोचित प्रवर्द्धन गर्न नसक्नु एवं पर्यटन व्यवसायबाट सीमित व्यक्तिहरू मात्रै लाभान्वित हुनु,
- गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमूलक उद्योगभन्दा, कल कारखाना नहुनु,
- योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु,
- स्वास्थ्य क्षेत्रमा सीमित जनशक्ति कमजोर सेवा प्रवाह,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति व्यवहार र अध्यासमा देखिने असमानता,
- स्थानीय सरकारमा योजना तर्जुमा सहित आवधिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति र दृढ इच्छा शक्तिको अभाव हुनु ।

### ३.३ प्रमुख सम्भावना तथा अवसर

घरपझोङ गाउँपालिका मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम तथा मार्फा बजार जस्ता पर्यटकीय भूभाग रहेको तथा प्राकृतिक स्रोत र साधन पर्याप्त हुनुको साथै कृषि क्षेत्रमा प्रशस्त सम्भावनाहरू बोकेको गाउँपालिकाको हो । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्तभएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न अनुसार रहेका छन् ।

- आफ्नो स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्तभएको,
- पर्यटन, उद्योग तथा कृषिमा व्यावसायीकरण गर्न सकिने संभावना रहको,
- प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू उपलब्ध रहेको,
- व्यवस्थित वन तथा जलाधारको क्षेत्र भएको,
- पर्यटनको प्रचुर सम्भावनाका क्षेत्रहरू ढुम्वाताल, छेमा ताल,संसारको सबै भन्दा अग्लो स्थानमा रहेको तिलिचो तालजाने प्रबेश बिन्दु, चिमाङ खोला, मार्फा खोला, पुराना गुम्वाहरू, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने म्यूजियमहरू, हिमालहरू धवलागिरी, निलगिरी स्याउ बगान, वर्षको ३

पटक फूल फुल्ने आरु, छैरों छहरा, छैरों गुम्बा ढाक्चन गुफासमेत रहेकोले पर्यटकीय क्षेत्रको समुचित विकास गरी पालिकाबासीको आयआर्जनको विकास गर्ने,

- अन्नपूर्ण पदमार्ग लगायत अन्य विशिष्ट स्थानहरू भएकोले पर्यटन क्षेत्र विकास गरी बार्षिक करिब १० लाख आन्तरिक र वाह्य पर्यटन भित्राउन सकिने,
- कालीगण्डकी करीडोरले अधिकांस वडाहरूलाई छोएर गएकोले सडक पूर्वाधारबाट लिन सकिने लाभको क्षेत्रहरूलाई उपयोग गर्ने,
- स्थानीय उपजमा आधारित उद्योगको प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने,
- वित्तिय संस्थाहरूको सङ्ख्या उल्लेख्य रहेको तथा आर्थिक गतिविधि चलायमान रहेको,
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएकोले सो को उपयोगबाट गाउँपालिकाको संवृद्धिमा दक्ष मानविय स्रोतको उपयोग गर्ने,
- यस गाउँपालिकामा विभिन्न जातजातिहरूको मिश्रित बस्ती रहेको पाइन्छ भने हरेक बस्तीमा उनीहरूको आफ्नै रहनसहन, रीतिरिवाज, धर्म, भाषा, संस्कृति रहेको पाइन्छ। लामा नाच, चौरी नाच, देव तृत्य थकाली भाषा, सम्बोरा लिपीको बाह्र गाउँले भाषा यी जातजाती, रहन सहन र संस्कृतिलाई पनि यहाँको विकासको लागि महत्त्वपूर्ण अवसरका रूपमा लिन सकिन्छ ।

## ३.४ निर्देशक सिद्धान्त

घरपझोङ गाउँपालिकाले निर्धारण गरेको दीर्घकालीन सोचलाई साकार पार्न बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार, सङ्घीय सरकारको १६औ पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोगको आधारपत्र र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक योजनामा उल्लिखित व्यवस्थाहरू समेतलाई आधार मानी निम्न विकासको निर्देशक सिद्धान्तहरू तय गरिएको छ । घरपझोङ गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, आवधिक पञ्चवर्षीय योजना तर्जुमा र यसको कार्यान्वयनका अतिरिक्त यसबाट प्राप्त लाभ/लाभांश वितरणका लागि समेत यी निर्देशक सिद्धान्तहरू मार्गदर्शकका रूपमा रहने छन् ।

| | |
|---|---|
| १. कृषि, पर्यटन, संस्कृति र सम्पदा, ऊर्जा, र पूर्वाधार विकासमा उच्च प्राथमिकता | पर्यटनको विकास, व्यावसायिक कृषिको विकास, जल विद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र सहित पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । आन्तरिक र बाह्य पर्यटक गरि वार्षिक १० लाख पर्यटनको मध्यमबाट आन्तरिक रोजगारी समेत सृजना हुनेछ । |
| २. स्थानीय अर्थतन्त्रको विकास र विस्तार | सङ्घ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । मूलतः कृषि तथा पर्यटनको माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास गरिने नीति पालिकाले लिनेछ । |
| ३. व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकास | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ । काली गण्डकी नदि किनारमा रहेको बजार र वस्तिलाई योजनाबद्ध विकासमा जोड्दै योजना बनाइनेछ । |
| ४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार | भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास गरी सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार लगायतका संरचना निर्माण गर्दा उत्पादन तथा आय मूलक क्षेत्रमा जोड |

| | |
|---|---|
| | दिने नीति अवलम्बन गरिनेछ । जलवायु परिवर्तनको मुद्दा आधुनिक विश्वको 'हट केक' हो । समग्र विश्व र मानव सभ्यता नै यसबाट प्रभावित छ । त्यसमध्धे प्राकृतिक स्रोतमा आधारित अर्थतन्त्र र जनजीवन भएका अल्पविकसित मुलुकहरू सबैभन्दा बढी चपेटामा परेका छन् । जोमसोम लगायत यस पालिकाका सबै स्थानहरू यसको प्रत्यक्ष मारमा परेका छन् तसर्थ पूर्वाधार निर्माण गर्दा, वृक्षरोपण, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार बायो इन्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| ५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन | गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजा मूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ । |
| ६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य | संघिय, प्रादेशिक तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरूलाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा, पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, सेवा प्रवाह उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इन्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गरी करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |
| ७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन | सुशासन, विकास र समृद्धि सहितको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता सहितको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी रहनेछ । |
| ८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, सञ्चार तथा ज्ञानमा आधारित नतिजा मूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| ९. वन र वन पैदावारको यथोचित उपयोग | यस गाउँपालिकामा प्रशस्त वनपैदावर र जडीबुटी रहेको हुनाले तिनीहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

घरपझोङ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण गर्ने क्रममा सङ्घीय सरकारको १६औ आवधिक योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना र दिगो विकासका लक्ष्यहरू समेतलाई आधार मानी तय गरिएको छ । सोच लक्ष्य र उद्देश्य निर्धारण गर्दा गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत र साधनका

अतिरिक्त स्थानीय राजस्व तथा जन अपेक्षालाई समेत आधार बनाइएको छ । दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम तथा बजेट निर्धारण गर्ने कार्य गाउँपालिकाले आयोजना गरेको गोष्ठीमा उपस्थित जनप्रतिनिधिहरू, कर्मचारी, राजनैतिक दल, गैसस, निजी क्षेत्र, समुदायमा आधारित सङ्घ संस्थाहरू लगायत बौद्धिक व्यक्तित्व सहितको सहभागितामा व्यापक छलफल पश्चात् तय गरिएको हो ।

### ३.५.१ दीर्घकालीन सोच

दिगो विकासका लक्ष्य चालू राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता हुने गरी घरपझोङ गाउँपालिकाको पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाका पदाधिकारीहरू, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा घरपझोङ गाउँपालिकाको समग्र विकासलाई मार्गदर्शन गर्ने उद्देश्यका साथ सोच तयार गरिएको छ ।

**"घरपझोङको समृद्धिः कृषि, पर्यटन र संस्कृति"**

### ३.५.२ लक्ष्य

कृषिको आधुनिकिकरण, यान्त्रिकरण, व्यावसायिकरण, वैज्ञानीकिकरण, विविधिकरण, मिश्रित कृषि प्रणाली अपनाउँदै स्थानीय भाषा संस्कृतिको जगेर्ना गर्दै पर्यटन उद्योगमार्फत वार्षिक दश लाख (आन्तरिक तथा बाह्य) पर्यटकहरू भित्राई विकास तथा वैकल्पिक ऊर्जा विकासमा लगानी प्रवर्द्धन गर्दै दिगो पूर्वाधार विकास मार्फत समावेशी, सभ्य एवं समृद्ध गाउँपालिका निर्माण गर्ने ।

### ३.५.३ उद्देश्य

घरपझोङ गाउँपालिकाको वस्तुस्थितिको यथार्थ विश्लेषण गरी दीर्घकालीन रूपमा विकास गर्ने तथा आगामी पाँच वर्षको गाउँपालिकाको विकास योजना तर्जुमा गर्ने मुख्य उद्देश्य रहेको यस आवधिक योजनाका अन्य विशिष्ट उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

- कृषि, पशुपालन र पर्यटन विकासको आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा आय आर्जन र रोजगारी वृद्धि गर्नु,
- गुणस्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु,
- दिगो र सुरक्षित भौतिक पूर्वाधार निर्माणका साथै ऊर्जा, सञ्चार र सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउनु,
- विपद् प्रतिकार्य संवेदनशील गाउँपालिका निर्माण गर्नु,
- गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

| सूचकहरू | एकाइ | आ.व. २०७९/ ८० सम्मको अवस्था | | | आ.व. २०८५/ ८६ को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाल | गण्डकी प्रदेश | घरपझोङ गाउँपालिका | नेपाल | गण्डकी प्रदेश | घरपझोङ गाउँपालिका |
| साक्षरता (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८१.७ | ७९ | ८५ | ८५ | ८४ |
| ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९९ | ६५ | ८६ | १०० | ८५ |
| गरिबीको दर | प्रतिशत | २०.३ | ११.८८ | ९.५ | १२ | ८ | ३ |
| विद्युतमा पहुँच परिवार | प्रतिशत | ९६.७ | ९९.५ | ९८.२ | १०० | १०० | १०० |
| माध्यामिक ( ९-१२) खुद भर्ना दर | प्रतिशत | ५७.४ | ५७.४ | ५६.६ | | ८५ | ७५ |
| ५ वर्ष मुनिको बाल मृत् दर ( प्रति हजार जीवित जन्ममा) | जना | २१ | ३३ | ० | १३ | १४ | ० |
| पूर्ण खोप लगाउने बालबालिका | प्रतिशत | ८० | | १०० | ९५ | | १०० |
| अपेक्षित आयु | वर्ष | ७०.५ | ७१.१ | ७१.५ | ७३ | ८० | ७४ |
| इन्टरनेटमा पहुँच जनसङ्ख्या | प्रतिशत | ७२ | ६४.११ | ५० | - | ८५ | १०० |
| आधारभूत सामाजिक सुरक्षणमा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ३५ | २८ | ६० | ९० | ७० |
| बेरुजू दर | रू करोडमा | | ४९.३६ | २.९ | | - | ० |
| वार्षिक आर्थिक वृद्धिदर ( आधार मूल्यमा) | प्रतिशत | २.३ | ३.३ | ५.२ | ७.१ | ८ | ८.५ |
| प्रति व्यक्ती आय | अमेरिकी डलर | १४०५ | १४९२ | १६५० | २३५१ | २५०० | २२०० |
| वार्षिक पर्यटक आगमन (वार्षिक) | सङ्ख्या लाखमा | ८.२ | ६.५ | ०.७५ | २५ | ८.५ | २ |
| बेरोजगारी दर | प्रतिशत | ११.४ | | १८ | ५ | | ६ |

## ३.७ रणनीति तथा प्राथमिकता

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| उद्देश्य १ः कृषि, पशुपालन र पर्यटन विकासको आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा आय आर्जन र रोजगारी वृद्धि गर्नु । | |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| १.१ गाउँपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित आधुनिक प्रविधिको माध्यमद्वारा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | • गाउँपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्याकेजहरू तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ ।<br>• आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ । माटो परीक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ<br>• कृषि जन्य उत्पादनलाई व्यवसायी करण गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२: कृषि पूर्वाधारको विकास, कृषि उद्योगहरूको स्थापना र प्रवर्द्धन गरी खाद्य सुरक्षा तथा पर्याप्त पोषण योग्य बस्तुको उपभोगमा जोड दिने । | • पानीका मूलहरू लगायत जलाधार क्षेत्रको उचित संरक्षण सहित व्यवस्थापन गरी सिँचाइको लागि उपयोग गरिनेछ ।<br>• पर्याप्त सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन, ग्रामीण सडकको स्तर उन्नति, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>• जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चितमापदण्ड सहित सहरी क्षेत्रलाई थप व्यवस्थित बनाइनेछ ।<br>• खाद्य असुरक्षाबाट प्रभावित घर धुरीको पहिचान गरी त्यस्ता घर धुरीहरूको खाद्यमा पहुँच वृद्धि गरिनेछ ।<br>• कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।<br>• गरिबी न्यूनीकरणका लागि गरिबी वस्तुगत विवरण तयार गरी सकारात्मक विभेद नीतिका आधारमा स्रोत परिचालन गरिनेछ । |
| १.३ पशु पन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने । | • पशु पन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>• पशु पन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्त करणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । |
| १.४ पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने । | • पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्व दायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ<br>• धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ ।<br>• गाउँपालिकालाई नमुना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्यटन विकासका साझेदारहरूसँग सहकार्य र समन्वय गरिनेछ ।<br>• पर्यटन विकासका नविनतम प्रविधि तथा आयामहरू लागू गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| १.५ स्थानीय स्रोत एवं सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने । | • गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ ।<br>• 'एक वडा एक विशेष उत्पादन' सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।<br>• प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र, औद्योगिक कोरी डोर एवं विशेष आर्थिक क्षेत्र क्रमशः स्थापना गर्दै लगिनेछ । |
| उद्देश्य नं. २ः गुणस्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु । | |
| २.१ गरिबी वस्तुगत विवरणका आधारमा सकारात्मक विभेद नीति तयार गरी विपन्न परिवारका सदस्यलाई विकास निर्माणका कार्यक्रमहरूमा एकीकृत गरी रोजगारीको दायरामा ल्याउने । | • गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरूको सर्वेक्षण गरी उनीहरूलाई स्थानीयस्तरमै प्रयोगमा आउने विभिन्न सीपमूलक तालिम प्रदान गरिनेछ ।<br>• संरक्षणको कोटाभित्र रहेका सदस्यहरूको उचित संरक्षण गर्नका साथै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रक्रिया बैंक मार्फत अझ बढी सहज र पारदर्शी बनाइनेछ ।<br>• अति विपन्न परिवारलाई कम्तीमा पनि वर्षमा १०० दिनको रोजगारीको सुनिश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• गाउँपालिकाको गरिबी वस्तुगत विवरण तयार गरी सोही आधारमा सकारात्मक विभेद नीति तर्जुमा गरी लागू गरिनेछ । |
| २.२ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीसम्म<br>पुऱ्याउनको अतिरिक्त गुणस्तरीय औषधी तथा पोषणयुक्त खाद्य उपभोगमा जोड दिने । | • स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।<br>• आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>• गुण स्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।<br>• स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवं जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>• 'सुनौला हजार दिन' लगायत सुरक्षित मातृत्व कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>• पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतन अभिवृद्धि गरिनेछ । |
| २.३ रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | • चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटता लाई लक्षित गरी पुनः वितरण र विस्तार गरिनेछ ।<br>• गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा पनि १ ठाउँमा आवास र यातायात सहितको भौतिक पूर्वाधार सम्पन्न नमुना विद्यालय सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | • शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अधि बढाई विद्यालयहरूमा शिक्षकहरूको समता मूलक वितरण सुनिश्चित गरिनेछ<br>• शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमन कारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>• सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङगको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइसलाई कम गर्दै लगिनेछ<br>• विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताको लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तरराष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।<br>• विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ ।<br>• माध्यामिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिनेछ।<br>• विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जबाफदेहीता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।<br>• शिक्षकहरूको प्राज्ञिक उन्नयन एवं पेसा गत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।<br>• विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिनेछ।<br>• आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• दलित, छात्रा, जनजाति, लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | • शैक्षिक गुणस्तर निर्धारणका लागि प्रदेश तथा सङ्घीय सरकार समेतको सहयोग लिइ गाउँपालिका स्तरीय योग्यता निर्धारण प्रणाली र व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>• नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्ग मैत्री हुने गरी बनाइनेछ ।<br>• जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साकन गरी पुनः रचना गरिनेछ ।<br>• शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।<br>• सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ ।<br>• बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ । |
| उद्देश्य ३: दिगो र सुरक्षित भौतिक पूर्वाधार निर्माणका साथै ऊर्जा, सञ्चार र सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउनु । | |
| ३.१ उच्च जोखिम तथा कमजोर आर्थिक अवस्थामा रहेका बस्तीहरूको पहिचान गरी सुरक्षित, किफायती र वातावरण मैत्री आवासको व्यवस्था गर्ने । | • जोखिम युक्त मानव बस्तीहरूको पहिचान गरी त्यसता बस्तीहरू स्थानान्तरणको लागि आवश्यक कानुनहरू तर्जुमा गर्नका साथै स्थानीय तहका जनप्रतिनिधिहरू कर्मचारीहरूको क्षमता विकासमा जोड दिइनेछ<br>• घनत्व र जनसङ्ख्याका आधारमा आधारभूत सेवा सुविधा सहितको एकीकृत बस्ती विकास गरिनेछ ।<br>• खर र फुसको छानालाई जस्तापाता वा ढुङ्गाले प्रतिस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।<br>• अव्यवस्थित पुराना घना बस्तीलाई पुनरुत्थान गरिनेछ ।<br>• बस्ती स्थानान्तरण गर्ने सन्दर्भमा सबैभन्दा बढी उच्च जोखिममा रहेको र विपन्न तथा महिला, अपाङ्गता भएका घर परिवारलाई प्राथमिकता दिइनेछ । |
| ३.२ गाउँपालिकाको केन्द्र, राजमार्ग तथा बजारसँग पहुँच भएका, आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो, सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, जल विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने । | • ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तर उन्नतिको कामलाई प्राथमिकता दिइनेछ ।<br>• सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>• सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ<br>• सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवं वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणका लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | • सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ ।<br>• ग्रामीण सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ ।<br>• सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>• दिगो, भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ । |
| ३.३ विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा समेतको प्रयोग गर्दै आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने । | • केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा बस्तीसम्म विस्तार गरिनेछ।<br>• पुराना काठका पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ<br>• विद्युत प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ ।<br>• नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ ।<br>• विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना, सञ्चार, व्यापार व्यवसायमा वृद्धि गरिनेछ । |
| ३.४ सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, भरपर्दो र सर्व सुलभ बनाई सुशासनमा टेवा पुऱ्याउने । | • सूचना प्रविधिमा सर्वसाधारणको पहुँचको लागि आवश्यक स्रोत साधनको व्यवस्था र संयन्त्रको निर्माण गरिनेछ ।<br>• गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको विकासको लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास गरिनेछ ।<br>• गाउँपालिकाको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य एवं कतिपय पूर्वाधार क्षेत्रको विकासमा सूचना प्रविधिलाई अधिकतम उपयोग गरिनेछ ।<br>• समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।<br>• सूचना प्रविधि प्रणालीको सुरक्षा, विश्वसनीयता र गुणस्तरमा अभिवृद्धि गरिनेछ । |
| उद्देश्य ४: विपद् प्रतिकार्य संवेदनशील हरित पालिका निर्माण गर्नु । | |
| ४.१ जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वन पैदावारमा आत्म निर्भरता हासिल गदै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | • विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ ।<br>• वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>• भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>• जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | • स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ ।<br>• वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।<br>• तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवं निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ । |
| ४.२ विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीति गत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने । | • गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>• बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।<br>• विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>• विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| ४.३ मानव जन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा बस्ती निर्माण गर्ने । | • बजार उन्मुख बस्तीहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिकाको ग्रामीण बस्तीमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डष्टविन वितरण गर्नका साथै स्थानीय स्तरमा जन चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर बस्ती तथा समुदायलाई फोहोर विहीन मानव बस्तीका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| उद्देश्य ५: सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आधुनिक प्रविधि अवलम्बन गर्नु । | |
| ५.१: संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त बनाउने । | • समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समता मूलक समाज निर्माण गरिनेछ ।<br>• गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | • गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ ।<br>• गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू, निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौ मासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।<br>• गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिक करण गरिनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### घरपझोङ गाउँपालिकाको पञ्चवर्षीय लगानी अनुमान

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु हजारमा) | प्रतिशत |
|---|---|---|---|
| 1 | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | 2140811 | **80.43** |
| 2 | सहकारी क्षेत्र | 130000 | **4.88** |
| 3 | निजी क्षेत्र | 220000 | **8.27** |
| 4 | गै.स.स. | 98051 | **3.68** |
| 5 | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | 250000 | **9.39** |
| 6 | अन्तर स्थानीय तह साझेदारी | 160000 | **6.01** |
| | कुल | **2661662** | **100.00** |

### घरपझोङ गाउँपालिकाको पञ्चवर्षीय आय अनुमान

रू. हजारमा

| क्र. सं. | बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 32122 | नगद मौज्दात | 129394 | | | | | | |
| 2 | | आन्तरिक राजस्व | 10323 | 9010 | 9911 | 11398 | 13107 | 15073 | 17334 |
| 3 | 13311 | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | 67267 | 70400 | 77440 | 85184 | 93702 | 103073 | 113380 |
| 4 | 13312 | ससर्त अनुदान चालू (संघीय सरकार) | 91851 | 96800 | 106480 | 117128 | 128841 | 141725 | 155897 |
| | 13313 | सशर्त अनुदान पुँजीगत (संघीय सरकार) | 18733 | 25800 | 28380 | 31218 | 34340 | 37774 | 41551 |

| रू. हजारमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
| 5 | 11411 | संघीय सरकारबाट राजस्व बाँडफाँट प्राप्त आय | 28854 | 42916 | 47208 | 51928 | 57121 | 62833 | 69117 |
| 6 | 13311 | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | 5833 | 6686 | 7355 | 8090 | 8899 | 9789 | 10768 |
| 7 | 13313 | ससर्त अनुदान (प्रदेश सरकार) | 5000 | 4000 | 4400 | 4840 | 5324 | 5856 | 6442 |
| 8 | 11456 | राजस्व बाँडफाँट (प्रदेश सरकार) | 1758 | 1947 | 2142 | 2356 | 2591 | 2851 | 3136 |
| 11 | 13317 | समपूरक अनुदान (संघ) | | | 5000 | 5500 | 6050 | 6655 | 7321 |
| 12 | 13317 | समपूरक अनुदान (प्रदेश) | 5000 | 7000 | 7700 | 8470 | 9317 | 10249 | 11274 |
| 13 | 13317 | विशेष अनुदान (संघ) | 11084 | 16000 | 17600 | 19360 | 21296 | 23426 | 25768 |
| 14 | 13317 | विशेष अनुदान (प्रदेश) | 397 | 0 | 5000 | 5500 | 6050 | 6655 | 7321 |
| १५ | | सामाजिक सुरक्षा | 0 | 17500 | 19250 | 21175 | 23293 | 25622 | 28184 |
| १६ | | अन्य | 0 | 1600 | 1760 | 1936 | 2130 | 2343 | 2577 |
| 1७ | | जनसहभागिता | 1250 | | 10000 | 11000 | 12100 | 13310 | 14641 |
| | | **जम्मा** | **376744** | **299659** | **349625** | **385083** | **424161** | **467233** | **514710** |

## ३.९ गाउँ गौरवका आयोजनाहरू

| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | ठिनी-तिमुथाङ-हारुझो भ्यू टावर देखी झोरे खोलासम्म सडक स्तरोन्नती (तिलिचो रुट) | कि.मि. | 0 | 14 | 20000 | 30000 | 40000 | 50000 | 60000 | **200000** |
| २ | मार्फा-धमाङ-आलुवारी हुँदै युम्बाक्याबा डाँडासम्म सडक स्तरोन्नती | कि.मि | 0 | 12 | 10000 | 20000 | 30000 | 40000 | 50000 | **150000** |
| ३ | घरपझोङ किल्लामा आवश्यक संरचना बनाई किल्लाको रूप दिई (सांस्कृतिक, धार्मिक र पुरात्वातिक) गोरेटो बाटो (मोटरसाइकल सम्म जाने) निर्माण गर्ने | किमि | 0 | 3 | | | 30000 | | | **30000** |
| ४ | मात्रिचक्र बोटानिकल पार्क (स्थानीय रैथाने फलफूल, स्याउ आदि) निर्माण - होम्जा | ५००० व. मि. | 0 | | 5000 | 10000 | 5000 | | | **20000** |
| ५ | धार्मिक पद् मार्ग (गुरु पद्म संभव मार्ग)-पान्ताखोला, लोपेनकुजे-भोतोघाङ- ठिनीगाँउ-स्नोलियोपार्ड गुफा-घरपझोङ किल्ला-ढुम्बा ताल-कुछप तेरङा (ढुम्वा डाँडा)-छैरों तिवितियन क्याम्प-छैरों छहरा-छैरों गुम्बा हुँदै चिमाङ गाउँबाट धौलागिरी भ्यू, वर्षको ३ पटक फूल्ने खलाको रुख अवलोकन गर्दै मार्फा कृषि फर्म-माम्दी गुफा -कावागुचीं घर-सम्तेछ्योलिङ गुम्बा-प्रा गुम्बा — रिसुम -एप्पलपार्क हुँदै टसील्हखाङ गुम्बा-झोनोघाङ पार्क-किचिथाङ झोलुङ्गे पुल-लामाथाङ- इको म्युजियम — शिव मन्दिर हुँदै एयरपोर्ट गणेश मन्दिर-बोटानिकल पार्क शाक्या गुम्बा जोमसोम | कि.मि. | 0 | 32 | | 20000 | 10000 | 10000 | 10000 | **50000** |
| ६ | एयरपोर्ट, लामाथाङ, किचीथाङ झोलुङ्गेपुल हुँदै स्याङ हुँदै एयरपोर्ट सम्म (फूट ट्रेल/ साईकिलिङ् मार्ग समेत) | कि.मि | 0 | | | 20000 | 20000 | 30000 | 30000 | **100000** |
| **गाउँ गौरवको योजनाको जम्मा** | | | | | **35000** | **100000** | **135000** | **130000** | **150000** | **550000** |

## परिच्छेद ४ : आर्थिक विकास

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्त्व दिएको छ । आर्थिक विकासको माध्यमबाटनै गाउँबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन् । स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरूलाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाउँपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरूको सञ्चालन हुन अपरिहार्य देखिन्छ । गाउँपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमानै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ । यसका लागि गाउँपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

घरपझोङ गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार आर्थिक क्षेत्रलाई मानिएको छ । यस क्षेत्र अन्तर्गत पर्यटन संस्कृति तथा सम्पादन, कृषि तथा पशु विकास, सिँचाइ, उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति र पर्यटन, सांस्कृतिक तथा सम्पदा संरक्षण र श्रम, रोजगार तथा सामाजिक सुरक्षा लगायतका उपक्षेत्रहरू पर्दछन् । यी विषयहरू दिगो विकासको लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य) लक्ष्य–८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । घरपझोङ गाउँपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी गाउँपालिकालाई समुन्नत गाउँपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ ।

आधुनिक तथा व्यावसायिक उद्योगहरूको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखीनै रहेका छन् । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रूपमा रहको पर्यटन, कृषि, जलस्रोत तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोर्याउन यस सम्बन्धी सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

यी विषयहरू दिगो विकासको लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य) लक्ष्य–८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । घरपझोङ गाउँपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी गाउँपालिकालाई समुन्नत गाउँपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ ।

नेपालको संविधानको धारा (३६) को उपधारा (१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हकको अतिरिक्त खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी व्यवस्था गरिएको छ । यसरी संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, सङ्घ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, सहकारी आदि रहेका छन् ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

यस गाउँपालिकाको अर्थ व्यवस्थाको मुख्य आधारको रूपमा कृषि, पशुपालन, पर्यटन र व्यापार, व्यवसायलाई लिन सकिन्छ । गाउँपालिकाले समग्र कृषि विकासमा संलग्न विभिन्न निकाय मार्फत कृषकहरूलाई समय सापेक्ष कृषि प्रसार सेवा सरल, सहज, सुलभ मितव्ययी तरबरले उपलब्ध गराउन कृषि प्रणालीमा सङ्गठित व्यवस्था तथा कार्यक्रम सञ्चालन गर्न यस पालिकाले **"घरपझोङ गाउँपालिका कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०७७"** समेत तयार गरि कार्यान्वयनमा आइसकेको अवस्था छ ।

राष्ट्रिय कृषि गणना २०७८ का अनुसार गाउँपालिकामा ५८३ घरधूरीहरू कुनै न कुनै कृषि तथा पशु पन्छी व्यवसायमा संलग्न रहेको देखिन्छ । यस पालिकामा रहेको खेती योग्य जमिन ३८०.७९ हेक्टर मध्ये ३५६.०३ हेक्टरमा खेती गरिएको अवस्था छ भने २३.७६ हेक्टर जमिन बाँझो रहेको छ । लगभग ९५ प्रतिशत जमिन सिँचित अवस्थामा रहेको देखिन्छ । क्षेत्रफलको हिसाबले वडा नं ५को कृषि योग्य जमिनको क्षेत्रफल सबै भन्दा ठूलो रहेको छ ।

| क्र.स. | विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा खेती योग्य जग्गा(हेक्टर) | ५५.६१ | ८८.७२ | ५३.८ | ४३.३४ | १३९.३२ | ३८०.७९ |
| २ | खेती गरिएको जग्गा(हेक्टर) | ५४.०८ | ८३.६८ | ५२.४६ | ३९.३१ | १२६.५ | ३५६.०३ |
| ३ | बाझो जग्गा (हेक्टर) | १.५३ | ४.०४ | १.३५ | ४.०३ | १२.८२ | २३.७६ |
| ४ | सिंचित क्षेत्रफल (हेक्टर) | ५२.७३ | ७६.६८ | ५३.२६ | ३८.५५ | १३९.३ | ३६०.५५ |
| ५ | असिंचित क्षेत्रफल (हेक्टर) | १.३५ | ० | ०.५४ | २.७९ | ० | ४.६८ |

पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सङ्ख्या भने ३३७ रहेको छ । मुस्ताङ जिल्लाको केन्द्र जोमसोम बजार नजिक भएका कारण यहाँ उत्पादित उपजले बजार पाइरहेको छ । यहाँ उत्पादित कृषिजन्य वस्तुका आधारमा "आजौउफा" (आलु, जौ, उवा, फापर) लाई प्राथमिकता देखिन्छ । मुस्ताङको स्याउ संसारभर प्रख्यात छ । मार्फामा स्याउ प्रवर्धन गर्न २०२३ सालमा सरकारले 'अर्चाड कम नर्सरी थाक मार्फा नामको फार्म खोलेको थियो । यस फार्मको नाम चार पटक फेरिएर हाल 'शीतोष्ण बागवानी विकास केन्द्र भएको छ । केन्द्रले मुस्ताङसहित विभिन्न हिमाली जिल्लामा स्याउका बिरुवा पठाइरहेको अवस्था छ । निलगिरि र धौलागिरी हिमालबीच रहेको कालीगण्डकी उपत्यकाको माटो, उत्तरी हावा र हिमालको चिस्यान स्याउका लागि उत्तम छ । जोमसोम वरिपरिका सबै डाँडाकाँडा स्याउ खेतीका लागि उपयुक्त छन् । कालीगण्डकीले बनाएका

सबै बगरमा स्याउ उत्पादन हुन सक्छ । मुस्ताङमा व्यक्तिका नाममा जग्गा थोरै छ, सार्वजनिक जग्गा धेरै छ । यस पालिकाको सबै वडाहरू स्याउ उत्पादनको लागि उपयुक्त रहेका छः

| क्र.सं. | बाली | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|---|
| १ | आलु | ८५.९९ | १५५१.९८ | १८.०५ |
| २ | गहुँ | १.३ | १.९२ | १.३९ |
| ३ | उवा | ७६.११ | २४३.०८ | ३.१९ |
| ४ | जौ | ३७.३५ | १३५.८२ | ३.६४ |
| ५ | मकै | २२.०८ | ८३.२७ | ३.७७ |
| ६ | फापर | ३५.३६ | ५७.३० | १.६२ |
| ७ | सिमी | ३६.२९ | ४३.३१ | १.१९ |

यस पालिकाका सबै वडाहरूमानै आलु, गहुँ, उवा, जौ, मकै, फापर प्राय सबै वडाहरूमा उत्पादन हुने गर्दछ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस गाउँपालिकाको खेतीयोग्य जमिनको उपलब्धता हिसाबले भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । आदि वालिलाई थप विस्तार गर्न सकिन्छः

| क्र.सं. | बाली/वस्तुको नाम | घरपझोङ गाउँपालिकाको जम्मा | | |
|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | उत्पादकत्व मे.टन /हे. |
| १ | स्याउ जम्मा क्षेत्रफल | २७६.८५ | | |
| | उत्पादनशील मात्र क्षेत्रफल | २५९.४७ | २१५९.९० | ८.३२ |
| २ | ओखर जम्मा क्षेत्रफल | २.५७ | ०.०० | ०.०० |
| | उत्पादनशील मात्र क्षेत्रफल | २.०६ | ५.७७ | २.८१ |
| ३ | खुर्पानी जम्मा क्षेत्रफल | २.७३ | ०.०० | ०.०० |
| | उत्पादनशील मात्र क्षेत्रफल | २.१८ | २९.८७ | १३.६९ |
| ४ | नास्पाती जम्मा क्षेत्रफल | १.०७ | ०.०० | ०.०० |
| | उत्पादनशील मात्र क्षेत्रफल | ०.८९ | १२.१७ | १३.७२ |
| ५ | अन्य जम्मा क्षेत्रफल | ४.२७ | ०.०० | ०.०० |
| | उत्पादनशील मात्र क्षेत्रफल | १५.८० | २२५.७४ | १४.२९ |
| फलफूल बालीको जम्मा क्षेत्रफल | | २८७.५० | | |
| फलफूल बालीको उत्पादनशील क्षेत्रफल | | २८०.३९ | २४३३.४५ | |

नेपालमा समुन्द्र सतह देखि २००० मीटर देखि ३००० मीटर उचाइ सम्म स्याउको खेती गर्न सकिन्छ । विभिन्न जातका स्याउको लागि विभिन्न चिसोको आवश्यकता भएपनि समग्र रूपमा न्यूनतम तापक्रम -७ डि.से. देखि १० डि.से. सम्म पग्ने ठाउँमा यसको खेती सफलता पूर्वक गर्न सकिन्छ । स्याउको उत्पादन तथा गुणस्तरमा वर्षा बढी भएको ठाउँ भन्दा वर्षा कम भएको ठाउँमा राम्रो भएको पाइन्छ । यस कारण मुस्ताङ्गको स्याउ अन्य ठाउँको स्याउ भन्दा राम्रो भएको पाइन्छ । नेपालमा उत्पादन हुने लगभग ५० हजार मे.टन स्याउ मध्ये २ हजार मे. ट स्याउ घरपझोङ गाउँपालिकामा मात्र उत्पादन हुन्छ । अध्ययनले मुस्ताङ जिल्लाको सबै कृषि उत्पादन जैविक (अर्गानिक) छ । कुनै किसिमको रासायनिक वस्तु प्रयोग भएको छैन

। उच्च हिमाली क्षेत्रमा उत्पादित कृषि बाली जैविक, स्वादिलो र पौष्टिक तत्वले भरिपूर्ण रहेको छ । स्याउको अलवा यस पालिकामा ओखर, नास्पती, खुर्पानी जस्ता फलफूल उत्पादन हुने गरेका छन् । तरकारी उत्पादनमा पनि यस गाउँपालिका अग्र स्थानमा नै छ । मुस्ताङको रायो साग नेपालभरी प्रख्यात रहेको र बीउ उत्पादनमा यसको ठूलो भूमिका रहेको देखिन्छ ।

| क्र.सं. | वाली | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|---|
| १ | रायो | ५.७९ | १४४.६३ | २५.०० |
| २ | गाजर | ४.३४ | ६६.७७ | १५.४० |
| ३ | बन्दा | २.८८ | ६५.५८ | २२.७८ |
| ४ | काउली | ०.९६ | १६.६५ | १७.२६ |
| ५ | गोलभेडा | ०.८९ | १८.६१ | २०.८६ |
| ६ | लसुन | ३.०८ | ३२.३६ | १०.५० |
| ७ | केराउ | ३.३३ | ६.१८ | १.८६ |
| ८ | अन्य | ३.३४ | ४१.७७ | १२.५० |

गाउँपालिकामा कृषिका धेरै सम्भावनाहरू हुँदा हुँदै पनि यहाँ किसानले केही चुनौतीहरू पनि सामना गर्न परेको छ । यहाँ एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै घरपझोङलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु, मह र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिका क्षेत्रमा पशुपन्छीका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा कृषिको विकास तथा व्यावसायिकरणका समस्याहरूमा मुख्यतः प्रतिस्पर्धी बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय बीउ विजन, मलखाद एवं औषधीहरूको अभाव रहेको छ । यहाँ उत्पादित बस्तुको विक्री वितरण गर्न सर्वयाम सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । सन् १९७० देखि प्रतिवर्ष अधिकतम तापक्रम वृद्धि ०.०४ डिग्री सेल्सियसले स्थिर देखिन्छ । यो तापक्रम वृद्धिको असर हिमाली र पहाडी क्षेत्रमा बढी महसुस हुँदा महाभारत र तराई क्षेत्रमा न्यून देखिएको छ । तापक्रमको यो वृद्धिले नेपालका हिमाली क्षेत्रको जनजीवन लगायत कृषि प्रणाली समेत प्रत्यक्ष प्रभावित भएको छ । कृषि ज्ञान केन्द्र, मुस्ताङका अनुसार यसपालि जिल्लामा स्याउ उत्पादन ३० देखि ४० घटेको छ । गत वर्षको तुलनामा एकैपटक यसरी उत्पादन घट्नुको कारण हावापानीमा आएको परिवर्तन हो । कृषि ज्ञान केन्द्रको रेकर्डअनुसार गत वर्ष मुस्ताङबाट ६ हजार पाँच सय टन स्याउ बिक्री भएको थियो । त्यसबाट किसानले करिब ६० करोड रुपैयाँ भित्र्याएका थिए । यसपालि चार हजारदेखि साढे चार हजार टनमात्र उत्पादन हुने अनुमान रहेको छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो

हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र लाइ व्यवस्थित गर्न नसक्नु, कृषि पर्यटन तथा पाकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु आदिलाई पनि लीन सकिन्छ । यहाँको कृषि क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन गर्दा कृषि उत्पादनको लागि जग्गाको अभाव देखिन्छ । माटो परीक्षण र कृषि उप सङ्कलन तथा बिक्री केन्द्रको अभाव, साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर मात्रामा भएता पनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली न हुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था देखिन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नुहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् ।

यसैगरी पशुपालनमा नश्ल सुधार सहितको बोका, याक, साँडेको अभाव देखिन्छ । लुलुगाई लोपोन्मुख अवस्थामा रहेको छ यसको संरक्षण गर्न समेत चुनौती भै रहेको छ । तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्यासलिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा सहजता नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु आदि समस्याहरू रहेका छन् । स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, बिक्री वितरण गर्न सुविधा युक्त यातायात तथा ढुवानीको समस्या, श्रम एवं लागत बढी पर्ने, नस्ल सुधार सहित उन्नत जातको गाई, भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

घरपझोङ गाउँपालिका तरकारी, फलफूल तथा नगदेवालीको लागि जिल्लामा उत्कृष्ट स्थान ओगट्न सफल रहेको छ । यस पालिकाका सबै वडाहरूमानै आलु, गहुँ, उवा, जौ, मकै, फापर प्राय सबै वडाहरूमा उत्पादन हुने गर्दछ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस गाउँपालिकाको खेतीयोग्य जमिनको उपलब्धता हिसाबले भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकासमा फडको मार्न सक्छ । कालिगण्डकी करिडोर अन्तर्गतको सर्वयाम सडकले यस पालिकाको उत्पादनहरू बेनी बजार, कुश्मा बजार, पोखरा हुँदै राजधानी र देशका अन्य स्थानका साथै अन्तरराष्ट्रिय बजारमा समेत यहाँका उत्पादनहरू खास गरेर मुस्ताङको स्याउले बाटो पाएको छ, मूल्य पाएको छ जसले मुलुकै अर्थतन्त्रमा टेवा पुऱ्याएको छ । जडीबुटीको तथा कृषि क्षेत्रसँग सम्बन्धित धेरै व्यवसाय, उद्यम तथा उद्योगको विकास गर्न सकिने बलियो सम्भावना रहेको छ । यस क्षेत्रबाट भेडा च्याङ्ग्राको निकासी सदियौ वर्ष पुरानो मानिएको छ । पोखरादेखि मुस्ताङसम्म अहिलेको जस्तो सडक सञ्जाल नहुँदा अघिल्लो पुस्ताका मुस्ताङीले यही भेडा-च्याङ्ग्राको व्यापार गर्ने चलन थियो । हिमाली क्षेत्रको भेडा-च्याङ्ग्राको मुख्य बजार गण्डकी प्रदेशको पोखरा नै हो । मुस्ताङबाट झर्ने अधिकांश भेडा-च्याङ्ग्रा पोखरामा नै बिक्री हुन्छ । यहाँबाट झर्ने भेडा-च्याङ्ग्रा विशुद्ध अर्गानिक उत्पादन भएको चिसो हावापानीमा हुर्काइएका भेडा-च्याङ्ग्राको स्वादै बेग्लै हुने गरेको उनले बताए । हिमाली क्षेत्रमा

पालन गरिने भेडा-च्याङ्ग्राले जडीबुटी यार्सा गुम्बा, पाँचऔंले, निरमसी, जटामसीलगायत उच्च लेकमा जडीबुटी खाने भएकोले यसको मासु स्वास्थ्यका लागि समेत हितकर भएको यसको बजारमा अत्याधिक माग रहँदै आएको छ यस क्षेत्रका भेडा-च्याङ्ग्रा मासुका लागि मात्र नभई पस्मिना उत्पादनका लागि पनि पाल्ने गरिन्छ । पशुपक्षी यसका अतिरिक्त वन क्षेत्रमा उत्पादन तथा विस्तार गर्न सकिने गैर काष्ठ वन पैदावार अन्तर्गतका प्रजातिहरूले पनि यहाँको अर्थतन्त्रमा सहयोग पुग्न जाने प्रशस्त सम्भावनाहरू रहेका छन्।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषिको आधुनिकिकरण, यान्त्रिकरण, व्यावसायिकरण, वैज्ञानीकिकरण, विविधिकरण, मिश्रित कृषि प्रणाली अपनाउने ।

**उद्देश्य**

1. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु,
2. वर्तमान अवस्थामा रहेको निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
3. जैविक खेतीको प्रवर्द्धन प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी समग्र अर्थतन्त्रमा टेवा पुऱ्याउनु,
4. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई दुध, मासु र लोकल अण्डामा आत्मानिर्भर पालिका बनाउने ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।** | |
| १.१: कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने । | 1. स्थानीय वीउ-विजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती उत्पादनमा जोड दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>2. दिगो कृषि विकासका लागि आवश्यक ऐन, नियम, नीतिहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>3. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ।<br>4. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>5. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ । गाउँपालिकाले सङ्घीय सरकार तथा प्रदेश सरकारको समन्वयमा सरकारी बाँझोजग्गामा सामूहिक खेती प्रणालीको लागि वातावरण मिलाउने छ । |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।** | |
| २.१: साना किसानलाई व्यावसायिक किसानमा परिणत गर्ने, व्यावसायिक किसानलाई उद्यमी र उद्यमलाई उद्योगमा परिणत गर्ने । | 1. तुलनात्मक र लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको पहिचान र व्यवसायी खेती प्रणालीको प्रवर्द्धन गरिने छ ।<br>2. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवं वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>3. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | 4. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>5. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>6. खाद्यान्न उत्पादन न्यून भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ । |
| **उद्देश्य ३ जैविक खेतीको प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमताद्वारा अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।** | |
| **३.१:** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | 1. रासायनिक मल लगायत विषादीको प्रयोग घटाउँदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>2. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ । यसको लागि घर घरमा प्राङ्गारिक मल उत्पादन तथा उपयोग सम्बन्धी कार्यक्रम प्रवर्द्धन गरिनेछ ।<br>3. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ।<br>4. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवं विस्तार गरिनेछ ।<br>5. कृषि उपजको अधिकतम उत्पादन एवं उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ। |
| **उद्देश्य ४ पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **४.१:** कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | 1. हाल परम्परागत रूपमा सञ्चालन हुँदै आएको पशुपालन व्यवसायलाई उद्यम तथा उद्योगमा परिणत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>2. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>3. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>4. व्यावसायिक पशुपन्छी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>5. विपन्न परिवारलाई पशुपन्छी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ४.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| | **कृषि** | | | | 7200 | 7250 | 9950 | 10600 | 9200 | 44200 | 4.96 |
| 2 | कृषि यान्त्रिकरण - हाते ट्याक्टर, स्प्रेयर, जौ,उवा, मकै गहुँ को थ्रेसर लगायत | सङ्ख्या | 50 | 150 | 800 | 500 | 800 | 800 | 700 | **3600** | 0.40 |
| 1 | माटो परीक्षण कार्यक्रम | पटक | 1 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 1 | एक वडा एक कृषि प्राविधिक | जना | 3 | 5 | 500 | 500 | 700 | 800 | 800 | **3300** | 0.37 |
| 3 | रैथाने बाली (मकै, आलु, फापर, उवा आदि) संरक्षण तथा खेती प्रवर्द्धन | सङ्ख्या | 1 | 5 | 400 | 500 | 600 | 700 | 800 | **3000** | 0.34 |
| 3 | स्थानीय मार्फा रायो साग बीउ उत्पादन तथा प्रवर्द्धन | सङ्ख्या | 0 | 5 | 200 | 200 | 200 | 200 | 200 | **1000** | 0.11 |
| 2 | कृषि पकेट क्षेत्र ( तरकारी, स्याउ, आलु, रायो, ओखर, बन्दा आदि) प्रवर्द्धन | सङ्ख्या | 2 | 10 | 900 | 1200 | 1200 | 1000 | 1500 | **5800** | 0.65 |
| 1 | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | सङ्ख्या | 0 | 250 | 500 | 600 | 700 | 800 | 900 | **3500** | 0.39 |
| 1 | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम | पटक | 0 | 5 | 300 | 100 | 100 | 100 | 100 | **700** | 0.08 |
| 2 | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन | सङ्ख्या | 0 | 1 | | | 2000 | 2000 | | **4000** | 0.45 |
| 2 | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | सङ्ख्या | 1 | | 500 | 500 | 500 | 1000 | 1000 | **3500** | 0.39 |
| 2 | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 1 | कृषि बाली बीमा कार्यक्रम | सङ्ख्या | 0 | 500 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 2 | बेमौसमी तरकारी खेती प्रवर्द्धन -प्लास्टिक टनेल सहायता | सङ्ख्या | 20 | 150 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 2 | बाली-बस्तु संरक्षण (भालु तथा वन्यजन्तुको अतिक्रमण नियन्त्रण) कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| | स्याउ खेती आधुनिकीकरणका लागि अध्ययन अनुसन्धान सहायता कार्यक्रम | पटक | | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | |
| | प्राविधिक कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | पटक | 1 | 5 | 100 | 150 | 150 | 200 | 200 | **800** | 0.09 |
| **पशुपालन** | | | | | **4750** | **6350** | **5850** | **7350** | **6150** | **30450** | 3.42 |
| 4 | पशुपालन पकेट क्षेत्र (दुग्ध, भेडा, चौंरी, कुखुरा, च्याङ्ग्रा, लगायत) प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | 0 | 5 | 1000 | 1000 | 1000 | 1000 | 1200 | **5200** | 0.58 |
| 4 | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | सङ्ख्या | 0 | 350 | 300 | 400 | 400 | 400 | 500 | **2000** | 0.22 |
| 4 | एक वडा एक पशु विकास प्राविधिक | जना | 2 | 3 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | पशु बीमा प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | 0 | 350 | 200 | 200 | 200 | 200 | 200 | **1000** | 0.11 |
| 4 | व्यावसायिक पशुपंछीपालन प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार - बोका याक साँढे | सङ्ख्या | 0 | 10 | | 1000 | 1000 | 1000 | 1000 | **4000** | 0.45 |
| 4 | उन्नत घाँसखेती विस्तार कार्यक्रम | पटक | 0 | 5 | 450 | 450 | 450 | 450 | 450 | **2250** | 0.25 |
| 4 | पशु वधशाला तथा मासु बजार विकास कार्यक्रम | सङ्ख्या | 0 | 1 | | | | 1000 | | **1000** | 0.11 |
| 4 | लुलु गाई संरक्षण कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | पशुपक्षी उपचार सम्बन्धी स्थलगत तालिम | पटक | 0 | 5 | 300 | 300 | 300 | 300 | 300 | **1500** | 0.17 |
| 4 | पशु व्यवसायीहरूको लागि तालिम तथा अवलोकन भ्रमण | पटक | 0 | 2 | | 500 | | 500 | | **1000** | 0.11 |
| 4 | स्थानीय जातका पशुपंछी (गाई, याक, कुखुरा, च्याङ्ग्रा आदि) संरक्षण कार्यक्रम | सङ्ख्या | 0 | 6 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| | **कृषि तथा पशुपालन विकासको जम्मा** | | **81** | **1699** | **11950** | **13600** | **15800** | **17950** | **15350** | **74650** | 8.37 |

## ४.१.६ कृषि तथा पशुपालन विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल संकेत | दिराल संकेत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कृषि | | | | |
| २ | कृषि यान्त्रिकरण — हाते ट्याक्टर, स्प्रेयर, जौ, उवा, मकै गहुँ को थ्रेसर लगायत | सङ्घ/ प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.२ | ३ | २ | ३ |
| १ | माटो परीक्षण कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | २ | ३ | १.२ | ३ | २ | २ |
| १ | एक वडा एक कृषि प्राविधिक | सङ्घ/पालिका | सबै वडा | ८ | ३ | १.२ | ३ | ३ | ३ |
| ३ | रैथाने बाली (मकै, आलु, फापर, उवा आदि) संरक्षण तथा खेती प्रवर्द्धन | प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.१ | ३ | २ | २ |
| ३ | स्थानीय रायो साग बीउ उत्पादन तथा प्रवर्द्धन | प्रदेश/पालिका | वडा नं. २ र ५ | १ | ३ | १.१ | ३ | २ | २ |
| २ | कृषि पकेट क्षेत्र ( तरकारी, स्याउ, आलु, कोदो, रायो, गाजर, बन्दा आदि) प्रवर्द्धन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.१ | ३ | २ | २ |
| १ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | १ | ३ | १.१ | ३ | २ | ३ |
| १ | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम | पालिका | कार्यपालिका | १ | ३ | १.१ | ३ | २ | ३ |
| २ | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १ | ३ | १.१ | ३ | २ | २ |
| २ | चक्लाबन्दी तथा सामूहिक खेती प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.१ | ३ | २ | २ |
| २ | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १ | ३ | १.२ | ३ | २ | २ |
| २ | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | १ | ३ | १.२ | ३ | २ | ३ |
| १ | कृषि बाली बीमा कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.२ | ३ | २ | ३ |
| १ | बेमौसमी तरकारी खेती प्रवर्द्धन -प्लास्टिक टनेल सहायता | प्रदेश/पालिका | कार्यपालिका | ८ | ३ | १.२ | ३ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल संकेत | दिराल संकेत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | बाली-बस्तु संरक्षण (भालु तथा वन्यजन्तुको अतिक्रमण नियन्त्रण) कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | २ | ३ | १.१ | ३ | २ | ३ |
| २ | प्राविधिक कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | २ | ३ | १.१ | ३ | २ | ३ |
| | **पशुपालन** | | | | | | | | |
| ४ | पशुपालन पकेट क्षेत्र (दुग्ध, भेडा, चौंरी, कुखुरा, च्याङ्ग्रा, लगायत) प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १ | ३ | १.३ | ३ | २ | २ |
| ४ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | २ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | एक वडा एक पशु विकास प्राविधिक | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ८ | ३ | १.३ | ३ | ३ | ३ |
| ४ | पशु बीमा प्रवर्द्धन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | २ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | व्यावसायिक पशुपंछीपालन/मत्स्यपालन प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | उन्नत घाँसखेती विस्तार कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | पशु वधशाला तथा मासु बजार विकास कार्यक्रम | | गाउँ सभाले तोके बमोजिम | ८ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | दक्ष जनशक्ति विकास कार्यक्रम, | पालिका | सबै वडा | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | पशुपक्षी उपचार सम्बन्धी स्थलगत तालिम | प्रदेश/पालिका | कार्यपालिका | ८ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | पशु व्यवसायीहरूको लागि तालिम तथा अवलोकन भ्रमण | प्रदेश/पालिका | कार्यपालिका | १ | ३ | १.३ | ३ | २ | ३ |
| ४ | स्थानीय जातका पशुपंछी (गाई, याक भैंसी, कुखुरा, च्याङ्ग्रा आदि) संरक्षण कार्यक्रम | पालिका | कार्यपालिका | ८ | ३ | १.३ | ३ | २ | ३ |

## ४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ । जोमसोमको स्याउले अन्तरराष्ट्रिय बजारमा समेत प्रवेश गरि थप आर्थिक वृद्धि हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (फापर) | मे. टन प्रति हेक्टर | १.६२ | १.७ | १.७५ | १.५ | १.८ | १.९ | १.९ | गाउँपालिका प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (उवा) | मे. टन प्रति हेक्टर | ३.१९ | ३.५ | ३.६ | ३.७ | ३.८ | ४. | ४ | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (जौ) | मे. टन प्रति हेक्टर | ३.६४ | ३.७ | ३.७३ | ३.८ | ३.८५ | ३.९ | ३.९ | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (गहुँ) | मे. टन प्रति हेक्टर | १.३९ | १.५ | १.७ | १.८ | १.८५ | १.९ | १.९ | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (मकै) | मे. टन प्रति हेक्टर | ३.७७ | ३.८ | ३.८२ | ३.८५ | ३.८८ | ३.८९ | ३.८९ | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (आलु) | मे. टन प्रति हेक्टर | १८.०५ | १९ | १९.५ | २० | २०.५ | २०.७५ | २०.७५ | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (फापर) | हेक्टर | ३५.३६ | ३५.४० | ३५.६० | ३५.८० | ३५.९५ | ३७.२० | ३७.२० | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (उवा) | हेक्टर | ७६.११ | ७६.५० | ७६.७५ | ७६.९० | ७७.१० | ७७.२० | ७७.२० | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (जौ) | हेक्टर | ३७.३५ | ३७.५० | ३७.८० | ३७.९० | ३८.१० | ३८.५० | ३८.५० | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (गहुँ) | हेक्टर | १.३९ | १.४० | १.५० | १.६० | १.७० | १.८० | १.८० | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (मकै) | हेक्टर | २२.०८ | २२.३० | २२.५० | २२.९० | २३.१० | २३.५० | २३.५० | | |
| | प्रमुख खाद्यान्न बालीको उत्पादन (आलु) | हेक्टर | ८५.९९ | २६५ | २६८ | २७० | २७२ | २७५ | २७५ | | |
| | प्रमुख फलफूल बालीको उत्पादकत्व (स्याउ) | मे. टन प्रति हेक्टर | ८.३२ | ८.४ | ८.४५ | ८.५ | ८.५५ | ८.६ | ८.६ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | प्रमुख फलफूल बालीको उत्पादन क्षेत्रफल (ओखर) | हेक्टर | २.०६ | २.१ | २.२ | २.४ | २.५ | २.५ | २.५ | | |
| | प्रमुख फलफूल बालीको उत्पादकत्व (ओखर) | मे. टन प्रति हेक्टर | २.८१ | २.८२ | २.८५ | २.८६ | २.८८ | २.९ | २.९ | | |
| | प्रमुख फलफूल बालीको उत्पादन (खुर्पानी) | हेक्टर | २.१८ | २.२० | २.२२ | २.२४ | २.३० | २.४० | २.४० | | |
| | प्रमुख फलफूल बालीको उत्पादकत्व (खुर्पानी) | मे. टन प्रति हेक्टर | १३.६९ | १३.७० | १३.७५ | १३.८० | १३.८५ | १३.९० | १३.९० | | |
| | प्रमुख फलफूल बालीको उत्पादकत्व (नासपती) | हेक्टर | 0.८९ | ०.९ | ०.९२ | ०.९५ | ०.९६ | ०.९८ | ०.९८ | | |
| | प्रमुख फलफूल बालीको उत्पादकत्व (नासपती) | मे. टन/ हेक्टर | १३.७ | १३.७५ | १३.८ | १३.८५ | १३.९ | १३.९५ | १३.९५ | | |
| | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | | |
| व्यावसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | तरकारी- रायो उत्पादन | हेक्टर | ५.७९ | ५.८० | ५.८५ | ५.८८ | ५.९० | ५.९५ | ५.९५ | | |
| | तरकारी-गाजर उत्पादन | हेक्टर | ४.३४ | ४.४० | ४.४५ | ४.५० | ४.५५ | ४.६० | ४.६० | | |
| | तरकारी-बन्दा उत्पादन | हेक्टर | २.८८ | २.९० | २.९२ | २.९५ | २.९७ | २.९८ | २.९८ | | |
| | तरकारी-काउली उत्पादन | हेक्टर | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | | |
| | तरकारी-गोलभेडा उत्पादन | हेक्टर | ०.८९ | ०.९२ | ०.९५ | ०.९८ | ०.९९ | १.० | १.० | | |
| | तरकारी-लसुन उत्पादन | हेक्टर | ३.०८ | ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.५ | | |
| | तरकारी-केराउ उत्पादन | हेक्टर | ३.३३ | ३.४ | ३.४५ | ३.५० | ३.६० | ३.७० | ३.७५ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | तरकारी- रायो उत्पादकत्व | मे. टन प्रति हेक्टर | २५.०० | २५.५० | २६.०० | २६.५ | २७.० | २७.५ | २७.५ | | |
| | तरकारी-गाजर उत्पादकत्व | मे. टन प्रति हेक्टर | १५.४० | १५.५० | १५.६० | १५.६५ | १५.७० | १५.७५ | १५.७५ | | |
| | तरकारी-बन्दा उत्पादकत्व | मे. टन प्रति हेक्टर | २२.७८ | २२.८० | २२.८५ | २२.८८ | २२.९० | २२.९५ | २२.९५ | | |
| | तरकारी-काउली उत्पादकत्व | मे. टन प्रति हेक्टर | १७.२६ | १७.४० | १७.५० | १७.६० | १७.७० | १७.९० | १७.९० | | |
| | तरकारी-गोलभेडा उत्पादकत्व | मे. टन प्रति हेक्टर | २०.८६ | २०.९० | २०.९२ | २०.९२ | २०.९४ | २०.९८ | २०.९८ | | |
| | तरकारी-लसुन उत्पादकत्व | मे. टन प्रति हेक्टर | १०.५० | १०.६० | १०.७० | १०.९० | ११.२० | ११.५० | ११.५० | | |
| | तरकारी-केराउ उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.८६ | १.९० | १.९५ | २.० | २.१० | २.२० | २.२० | | |
| | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १ | २ | २ | ३ | ४ | ५ | ५ | | |
| | कृषिमा आधारित रोजगारी | सङ्ख्या | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० | | |
| | कृषि तालिम प्राप्त जनशक्ति | जना | ३० | ३५ | ४० | ४२ | ५० | ५५ | ५५ | | |
| | कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| | टनेल | सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| | कृषि प्राविधिक | जना | ३ | ४ | ५ | ५ | ५ | ५ | ५ | | |
| | व्यावसायिक पशुपालन गाई फर्म | सङ्ख्या | १० | १२ | १३ | १४ | १५ | १५ | १५ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | व्यावसायिक पशुपालन भेडा बाखा फर्म | सङ्ख्या | | | | | | | | | |
| | पशु प्राविधिक | जना | २ | ३ | ४ | ५ | ५ | ६ | ६ | | |
| | कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ६० | ६० | ६५ | ६५ | ७० | ७० | ७० | | |

### ४.१.८ अनुमान तथा जोखिम पक्ष

कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रको व्यवसायीकरण भइ आय आर्जनमा वृद्धि हुनुका साथै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ ।

- जलवायु परिवर्तनले ल्याउन सक्ने प्रतिकूल प्रभावले उत्पादन घटन सक्दछ,
- कृषि जन्य उत्पादन भित्र्याउने समयमा भालु लगायत जङ्गली जनावरबाट नोकसानी हुन सक्छ,
- बाढी पहिरो, आगलागि, भूकम्प आदिबाट बाली नालीमा नोकसानी पुग्न सक्छ,
- सरुवा तथा महामारीका रोगहरूको सङ्क्रमण बढेमा पशु पक्षीमा नोक्सान हुन सक्छ ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

घरपझोङ गाउँपालिका भित्र छहरा, खोला, पमक्यु खोला, तेमक्यु खोला, स्याङ खोला प्रमुख सिँचाइका आधारहरू हुन् । खेती योग्य जमिन ३८० हेक्टर रहेकोमा लगभग ९४ प्रतिशत जमिनमा खेती गरिएको अवस्था छ ।

| क्र.स. | विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा खेती योग्य जग्गा (हेक्टर) | ५५.६१ | ८८.७२ | ५३.८० | ४३.३४ | १३९.३२ | ३८०.७९ |
| २ | खेती गरिएको जग्गा (हेक्टर) | ५४.०८ | ८३.६८ | ५२.४६ | ३९.३१ | १२६.५० | ३५६.०३ |
| ३ | बाझो जग्गा (हेक्टर) | १.५३ | ४.०४ | १.३५ | ४.०३ | १२.८२ | २३.७६ |
| ४ | सिंचित क्षेत्रफल (हेक्टर) | ५२.७३ | ७६.६८ | ५३.२६ | ३८.५५ | १३९.३२ | ३६०.५५ |
| ५ | असिंचित क्षेत्रफल (हेक्टर) | १.३५ | ०.०० | ०.५४ | २.७९ | ०.०० | ४.६८ |

स्रोत गाउँपालिकाका

यसको अतिरिक्त स-साना कुलो तथा खोल्सोहरूबाट पनि वर्षे यामम‌ा सिँचाइका लागि सम्भाव्य स्रोत मानिन्छन् । साना सिँचाइ आयोजना अन्तर्गत सतही कुलो तथा संरक्षित मुहान रहेका छन् । वडा नं ३ मा स्याङ सिँचाई आयोजनाबाट धैथी, ओङा, सोक्पला, ओमे, मुचुती, साङो र छ्यालेमा सिँचाई सुविधा उपलब्ध छ वडा नं ४ मा करिब ५ कि.मी.लामो ठिनी जोमसोम सिँचाइ आयोजनाको कुलोबाट ५०० रोपनी जग्गामा सिँचाई सुबिधा उपलब्ध गरिएको छ वडा नं ५ ठिनी जोमसोम सिँचाई आयोजना सञ्चालनमा छ । सबै ठाउँमा सिँचाई सुबिधा उपलब्ध छैन । हिउँदको समयमा पानीको अभाव छ, बर्षातमा मुहान बिग्रने, हिउँ जम्ने अवस्था रहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लिन नसक्नु र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समम्या मध्ये एक समस्याको रूपमा रहेको छ । परंपरागत सिँचाई कुलाबाट सिँचाई सेवा उपलब्ध छ । विद्यमान अवस्थामा रहेका कुलाहरू मर्मत तथा सिमेन्टेड गर्न सकेको खण्डमा बाह्रमासे सिँचाई पुगेर कृषि उत्पादन तथा तरकारी र फलफूलको समेत उत्पादन बढ्न पुग्ने अवस्था रहेको छ । मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् । साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु,

सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु, कृषि उत्पादनको लागि जनशक्तिको अभाव हुँदै जानू आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन ।

### ४.२.३ सम्भावना तथा अवसर

वडा नं १ छैरों र चिमाङमा सहज सिँचाई सुबिधा उपलब्ध गराउन सकिने खोलामा पक्की कुलो निर्माण गरेर सिँचाई थप सेवा पुऱ्याउन सकिने अवस्था रहेको छ । वडा नं २ मा मार्फा, फार्म खोला (दुङलानाङ खोला) सिँचाई कुलो मर्मत र सञ्चालन गर्ने तथा दमाङ गाउँ, सपि र सामाग्रीका जग्गा सिँचाई कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था रहेको छ । वडा नं ३ स्याङसिँचाई आयोजनाबाट धैथी, ओडा, सोक्पला, ओमे, मुचुती, साङो र छ्यालेमा सिँचाई सुबिधा उपलब्ध छ वडा नं ४ कैसाङ खोलाको निर्माणधिन ठिनी- जोमसोम सिँचाई आयोजनालाई पुर्णता दिइ सिँचाइ सुबिधा उपलब्ध गराउन सकिने को करिब ५ कि.मी.लामो ठिनी जोमसोम सिँचाइ आयोजनाको कुलोबाट ५०० रोपनी जग्गामा सिँचाई सुबिधा उपलब्ध गरिएको छ । वडा नं ५ ढुम्बा र सम्लेमा सञ्चालनमा रहेको कुलाको मर्मत साथै ठिनीका शाखा कुलाको सिमेण्टेड गरी निर्माण ठिनी जोमसोम कुलाको मुहान संरक्षण गर्ने अवसर विद्यमान रहेको छ । उर्वर माटो भएकोले जौ, उवा, मकै उत्पादन राम्रो हुन्छ, साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घ संस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु जलजलका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिँचाइ प्रणालीको विकास गरी कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु,
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।** | |
| **१.१:** परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण सङ्कलन गरिनेछ ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ । |
| २.२: आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भाव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| सिँचाइको पहुँच वृद्धि गर्ने । | ५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको लागि समन्वय गरिनेछ।<br>७. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ<br>८. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>९. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>१०.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।** | |
| २.१: खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार गरिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरू प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलाशय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>७. सिँचाइ योजनाको व्यवस्थापन तथा दिगोपनको लागि उपभोक्ताहरूको संरक्षण समिति गठन गरिनेछ । |
| २.२: दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. सञ्चालित कुलो तथा नहरको दिगो पनाको लागि मर्मत सम्भार कोष तथा संरक्षण समितिको व्यवस्थापनमा जोड दिइनेछ ।<br>२. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>३. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>४. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>५. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>६. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।<br>७. परम्परागत कुलोहरूको मर्मत संभारमा जोड दिइनेछ । |
| २.३: जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

## ४.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | थोपा सिँचाइ प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 2 | वडा नं १मा चिमाङ र छैरोंमा भएको पुराना कुला (करिब ९ कि. मी.) जति पक्की निर्माण | कि.मि. | 0 | 9 | | 2000 | | 2000 | 1000 | **5000** | 0.56 |
| 2 | वडा नं २ मा मार्फा,फार्म खोला (दुङलानाङखोला) सिँचाई कुलो मर्मत र सञ्चालन | एकमुस्ट | | | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 2 | वडा न् ३ मा स्याङसिँचाई आयोजना मर्मत | कि.मि. | | | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 1 | वडा नं ४ कैसाङ खोलाको निर्माणाधीन ठिनी—जोमसोम सिँचाई आयोजना | एकमुस्ट | 0 | 1 | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 1 | वडा नं ५मा ढुम्बा र सम्लेमा सञ्चालनमा रहेको कुलाको मर्मत साथै ठिनीका शाखा कुलाको | एकमुस्ट | 0 | 1 | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 1 | वडा नै ५ मा सहज सिँचाइको लागि रिजर्भ टंकीको व्यवस्था | एकमुस्ट | 0 | 1 | | 2000 | | 500 | | **2500** | 0.28 |
| | **सिँचाइको जम्मा** | | | | **4500** | **8500** | **4500** | **7000** | **5500** | **30000** | 3.37 |

## ४.२.६ सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | थोपा सिँचाइ प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १२ | ३ | १.२ | ३ | ३ | १ |
| २ | वडा नं १ मा चिमाङ र छैरोंमा भएको पुराना कुला (करिब ९ कि. मी.) जति पक्की निर्माण | सङ्घ/प्रदेश/ पालिका | वडा न १ | १२ | ३ | १.२ | ३ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | वडा नं २ मा मार्फा,फार्म खोला (दुङलानाङखोला) सिँचाई कुलो मर्मत र सञ्चालन | सङ्घ/प्रदेश/ पालिका | वडा न २ | १२ | ३ | १.२ | ३ | ३ | १ |
| २ | वडा नं ३ मा स्याङ सिँचाई आयोजना मर्मत | सङ्घ/प्रदेश/पालिका | वडा न ३ | १२ | ३ | १.२ | ३ | ३ | १ |
| १ | वडा नं ४ कैसाङ खोलाको निर्माणाधीन ठिनी— जोमसोम सिँचाई आयोजना | प्रदेश/पालिका | वडा न ४ | १२ | ३ | १.२ | ३ | ३ | १ |
| १ | वडा नं ५ मा ढुम्बा र सम्लेमा सञ्चालनमा रहेको कुलाको मर्मत साथै ठिनीका शाखा कुलाको | प्रदेश/पालिका | वडा न ५ | १२ | ३ | १.२ | ३ | ३ | १ |
| १ | वडा नं. ५ मा सहज सिँचाइको लागि रिजर्भ टंकीको व्यवस्था | प्रदेश/पालिका | वडा न ५ | १२ | ३ | १.२ | ३ | ३ | १ |

## ४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतीयोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | ८० | ८२ | ८४ | ८५ | ८६ | ८८ | ८८ | | |
| | बाह्रै महिना सिँचाइ हुने | प्रतिशत | २० | २५ | २८ | ३० | ३२ | ३५ | ३५ | | |
| बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | १० | १२ | १५ | १७ | १८ | २० | २० | | सिँचाई पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने |
| | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | २२ | २४ | २५ | २८ | ३० | ३५ | ३५ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | कुलो /पाईप स्तरीकरण (किमि) | कि.मि. | २ | २.५ | ३ | ३.५ | ४० | ५० | ५० | | |
| पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ ।जनावर तथा जनावरले समेत पिउने पानीको व्यवस्थापन हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १० | १२ | १४ | १५ | १८ | २० | २० | | |
| | प्लास्टिक पोखरी | सङ्ख्या | ० | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | रिचार्ज पोखरी | सङ्ख्या | ० | १ | २ | २ | ३ | ४ | ४० | | |

### ४.२.८ अनुमान तथा जोखिम पक्ष

- कृषि योग्य जमिनमा सर्वयाम सिँचाइको व्यवस्था भइ उत्पादनमा वृद्धि भएको हुने ।
- जलवायु परिवर्तनले पानीका मुहानहरू सुक्दै जानाले सिँचाई अभाव हुँदै जान सक्छ ।
- ठूलो वर्षाका कारण बाढी पहिरो आई कुलो नहरहरू भत्किन गई सिँचाई अभाव हुन सक्छ ।
- गुणस्तर हीन विकास योजना/आयोजनाका कारण दिगो सिँचाई हुन नसक्न सक्छ ।
- आर्थिक अभाव भई समयमा योजनाहरूको निर्माण कार्य समयमा सम्पन्न हुन नसकि सिँचाई नहुन सक्छ ।

## ४.३ पर्यटन,संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

विश्वको प्रख्यात अन्नपूर्ण पदमार्गमा पर्ने यस पालिका आन्तरिक तथा बाह्य पर्यटकको लागि केन्द्र विन्दु हो । पर्यटन क्षेत्र घरपझोङ गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । रमणीय प्राकृतिक एवं सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्बन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । कालीगण्डकी करिडोरले छोएर गाएकोले सडक पूर्वाधारबाट लिन सकिने लाभको क्षेत्रहरूलाई उपयोग गर्न सहज देखिन्छ  यसको साथै हवाई मार्गमा पोखरा-जोमसोमले समेत पर्यटकलाई यहाँ जोडिरहेको अवस्था छ । यो गाउँपालिका पर्यटन विकासको लागि प्रचुर सम्भावनाका क्षेत्रहरू भएको पालिका हो जस्तै जोमसोम, मार्फा, लगायत विश्वको अग्लो स्थानमा रहेको तिलिचो तालको प्रवेशद्वार, प्रख्यात मुक्तिनाथ मन्दिर पुग्ने मुलद्वारका साथै अनेकौं रमणीय दृश्य यस पालिकाका आकर्षकहरू हुन् ।

यी क्षेत्रहरूमा व्यवस्थित बस्ती विकास एवं बजारीकरण अभिवृद्धि गर्ने र ग्रामीण बस्तीहरूमा पूर्वाधार संरचनाहरू निर्माण गरी आकर्षित केन्द्रको रूपमा विकास गर्ने सम्भावनाहरू पनि त्यत्तिकै रहेका छन् । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू लगायत यहाँका खोला, नदिनालाको आफ्नै प्राकृतिक वहावको संरक्षण तथा सम्वर्द्धन गरी प्रचार प्रसार गर्न आवश्यक देखिएको छ । परम्परागत पुराना घरहरू र बस्तीको संरक्षण गरी नमुना बस्तीका रूपमा व्यवस्थापन गर्ने र नयाँ निर्माण गरिने बस्ती र घरहरू परम्परागत शैलीमा निर्माण गर्न आवश्यक कदम चाल्नु पर्ने देखिन्छ । यस गाउँपालिकालाई विश्वमञ्चमा परिचित गराउन सार्वजनिक पुस्तकालय, संग्रहालय, बस्तीहरूमा पार्क, पर्यटकीय उद्यान, वर्षको ३ पटक फूल फुल्ने आरु र धार्मिक एवं सांस्कृतिक संरक्षण गर्ने प्रविधिको विकास गर्न आवश्यक हुन्छ । सारांशमा भन्नु पर्दा विकासको सम्भावना लाई "५ प " (पानी, पार्क, पर्यटन, प्रविधि र पुस्तकालय) ले परिभाषित गरिएको छ । कृषिमा व्यावसायिक उत्पादनको दृष्टिकोणले पनि यस स्थानमा फल्ने स्याउ संसारभरी प्रख्यात छ । विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । माथि उल्लिखित महत्त्वपूर्ण स्थानका अतिरिक्त कृषि तथा गैर कृषि उपजहरूलाई पनि पर्यटन विकासको क्षेत्रमा जोड्न सकिन्छ । छेरवाङ, हकि, छहरा, सम्ते छ्योलिङ, ल्हारवाङ, धछिलिङ, आनी, उर्किन छोको लङस्याङने फोपे, थुटुङ, क्षेचेन कुङग टयोखोरलिङ ,कुछप तेरङ्गा आदि । तोरन्ला, फागु पूर्णिमा, ल्होसार, माघे संक्रान्ति, दशैं, तिहार, तिज, कृष्ण जन्माष्टमी ,धान्ने पूर्णिमा मुख्य पर्वहरू हुन ।

गाउँपालिका क्षेत्रमा यस किसिमका धेरै पर्यटकीय स्थलहरू रहेका छन् जसमध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन् । सांस्कृतिक विविधताले धनी यस क्षेत्रमा ऐतिहासिक तथा धार्मिक मन्दिरहरू रहेकाले पनि पहाडी संस्कृतिका लागि यो क्षेत्र धनी मानिन्छ । गाउँपालिकामा पर्यटकीय स्तरका होटेलहरू जस्तै जोमसोम, मार्फा लगायत स्थानहरूमा  धेरै होटेल तथा होमस्टेहरू पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन । यो गाउँपालिका सांस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्लाकै महत्त्वपूर्ण गाउँपालिकाका रूपमा परिचित छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योग गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा प्राथमिकतामा नपर्नु, यो क्षेत्रको विकासको लागि गाउँपालिकासँग प्रस्ट खाका नहुनु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी

नहुनु, सबै पर्यटकीय स्थानमा सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, भरपर्दो हवाईसेवा नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नु, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, संस्कृतिको प्रभाव र अतिक्रमण दिनानुदिन बढ्दै जानू, विभिन्न जातजाती तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा दिनानुदिन लोप हुँदै जानु, पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटेल नभएकोले बास र खर्च गराईमा तालमेल हुनु, पर्यटकीय उपजको विविधीकरण गर्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन ।

### ४.३.३ सम्भावना तथा अवसर

मनमोहक पर्यटकीय गन्तव्यहरूलाई पर्यटन क्षेत्रमा प्रचुर सम्भावनाहरू बोकेको र विश्वको प्रख्यात पदमार्गमा पर्ने यस घरपझोङ गाउँपालिका प्रकृति प्रेमी पदयात्रीदेखि परम्परागत सांस्कृतिक जीवन शैलीमा रमाउन चाहने हरेक पर्यटकहरूको रोजाइमा पर्दछ । शान्त अनि सुन्दर नीलगिरी र धवलागिरीको काखमा रहेको यस क्षेत्रले आफ्ना आगन्तुकहरूलाई पहाड र हिमशृङ्खलाहरूका दृश्यहरू, विविध वनस्पति तथा जनावरहरूसँगको सामिप्यता र जीवन्त स्थानीय परम्पराहरूले स्वागत गरिरहेका हुन्छन् । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका ग्रामीण पर्यटनसँग सम्बन्धित क्षेत्रहरू जस्तो धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको अतिरिक्त कृषि तथा गैर कृषि क्षेत्रको अध्ययन गरी एक पर्यटन गुरुयोजना निर्माणको लागि जुटेको अवस्था छ । स्थानीय पर्यटनको लागि सम्बन्धित ठाउँहरूको पहिचान गर्नका साथै सम्भाव्य ठाउँहरूको प्रचार प्रसार र विकासमा जोड दिने प्रयासमा गाउँपालिका लागि परेको छ । विश्वको प्रख्यात पदमार्ग, धार्मिक हिसाबले प्रख्यात, तिलिचो जाने मार्ग लगायत विभिन्न हिम शिखरहरू यही पालिकाभित्र पर्नु पनि पालिकाको पर्यटन क्षेत्रको विकासको बलियो आधार हो भन्न सकिन्छ । त्यसैगरी गण्डकी प्रदेशको महत्त्वपूर्ण ग्रामीण पर्यटनको रूपमा परिचित जोमसोम, मार्फा लगायत गाउँलाई पनि लिन सकिन्छ । गण्डकी प्रदेशको स्याउको राजधानी अनुसन्धान केन्द्र यही गाउँपालिकामा पर्दछ । यो केन्द्र पनि पर्यटन विकासको लागि एक महत्त्वपूर्ण आधार बनेको छ । पर्यटन उद्योग क्षेत्रको विकासको लागि स्थानीय सरकारमा चासो बढ्नु, ग्रामीण क्षेत्रमा पर्यटनसँग सम्बन्धित सूचना तथा प्रविधिको द्रुत विकास हुनु, आन्तरिक पर्यटकको सख्यमा क्रमशः वृद्धि हुँदै जानु, उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमानै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, ग्रामीण क्षेत्रमा पाहुना घरको स्थापना हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि घरपझोङका पर्यटन विकास अवसर हुन् ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवं धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वार्षिक दश लाख (आन्तरिक तथा बाह्य) पर्यटकहरू भित्राउने ।

**उद्देश्य**

१. आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या बढाउन पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु,
२. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु,
३. पर्यटकीय स्रोत साधनको व्यवस्थापन गर्नु,
४. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु,
५. ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु,
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु,
७. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| **१.१:** पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | 1. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन कालोपत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>2. भइरहेका सडक र पदमार्गको स्तर उन्नति गरिनेछ ।<br>3. पर्यटकीय ठाउँहरूको उचित संरक्षणको लागि वार पर्खाल, बाँध, लगायतका कार्यहरूमा जोड दिइनेछ । |
| **१.२:** पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | 1. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>2. पूर्वाधार निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य २: विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **२.१:** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | 1. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>2. भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>3. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| **२.२:** भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | 1. सबै जात जाति (थकाली , गुरुङ, लामा आदि) संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ<br>2. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | 3. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>4. पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ।<br>5. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैर व्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>6. विभिन्न धार्मिक सम्पदा एवं तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| २.३: भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवं सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | 1. विभिन्न जातजाती र भाषाभाषीको मौलिक एवं परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>2. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| २.४: बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | 1. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>2. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ ।<br>3. संग्रहालयहरूलाई स्तर उन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। |
| २.५: पुरातात्विक एवं मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने । | 1. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>2. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने सङ्घ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>3. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ । |
| **उद्देश्य ३: पर्यटकीय स्रोत साधनको व्यवस्थापन गर्नु ।** | |
| ३.१: बाह्य स्रोतसाधनको खोजी गर्ने । | 1. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>2. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ३.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | 1. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ ।<br>2. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>3. व्यवसायबाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | 4. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । |
| **उद्देश्य ४: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| ४.१: हाल सञ्चालनमा रहेका होटेल, लज, रेष्टुरेष्ट, चिया पसलहरूको सेवाको स्तर उन्नति गर्ने । | १. स्थानीय होटेल, लज र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तर उन्नतिका लागि सहुलियत दरको पुँजीको खोजी गरिनेछ । |
| ४.२: पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा गुरुयोजनामा उल्लिखित क्रियाकलापहरूको सञ्चालन तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरू बारे प्रचार प्रसार गरिनेछ।<br>३. ब्रोसर तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>४. पर्यटकिय अनुसन्धानका लागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ।<br>५. यी स्थान विशेषका बारेमा विभिन्न क्षेत्रका विज्ञहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ ।<br>६. वेबसाइट, युट्युव, फेस बुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ । |
| **उद्देश्य ५: ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।** | |
| **५.१:** गाउँपालिकाभित्र ग्रामीण पर्यटनका क्षेत्रहरूको सम्भाव्य ठाउँहरूको पहिचान गरी १५ वर्षे गुरुयोजना तर्जुमा गर्ने । | १. गाउँपालिकाभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा क्षेत्रको विज्ञहरू मार्फत पहिचान गरिनेछ ।<br>२. पर्यटन गुरुयोजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रलाई गाउँपालिकाको आम्दानीको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइनेछ । |
| **उद्देश्य ६: विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| ६.१: जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | 1. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ ।<br>2. यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>3. हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ । |
| ६.२: भौतिक एवं अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्ने । | 1. गाउँपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>2. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवं स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>3. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | 4. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा समूहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>5. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| **उद्देश्य ७: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| **७.१:** गाउँपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | 1. पर्यटन व्यवसाय प्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ।<br>2. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>3. स्थानीय पाठ्यक्रममा पर्यटन शिक्षालाई समावेश गरिनेछ । |

## ४.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | पर्यटकीय पदमार्ग (नीलगिरी आधार शिविर, छ्यमताल जाने पदमार्गको स्तर उन्नती, लुप्रा छिमीढोङ पुछार हुँदै जोमसोम सम्मको बैकल्पी क पदमार्ग, एयरपोर्टबाट लामाथाङ किचिथाङ झोलुङ्गे पुल हुँदै स्याङबाट मार्फा जाने पदमार्ग, मार्फा देखि धौलागिरी बेस क्याम्प सम्म पदमार्ग, ठिनी, ढुम्वा, छैरा, चिमाङ हुदै थासाङ जाने पदमार्ग निर्माण तथा स्तरोन्नती | कि.मि. | 15 | 30 | 1200 | 1200 | 1200 | 1200 | 1200 | 6000 | 0.67 |
| 2 | होमस्टे प्रवर्द्धन कार्यक्रम (माग तथा आवश्यकता पहिचानका आधारमा) | सङ्ख्या | 25 | 60 | 400 | 400 | 400 | 400 | 400 | 2000 | 0.22 |
| 4 | एकीकृत पर्यटन सूचना केन्द्रको व्यवस्थापन तथा सुधार | सङ्ख्या | 0 | 1 | | | 1500 | | | 1500 | 0.17 |
| 3 | साहसिक पर्यटन (रक क्लाइम्बिङ, क्यानोइङ, हनी हन्टिङ, बञ्जी जम्प, जिप फ्लायर लगायत) प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | 0 | 3 | 500 | 500 | 500 | 3000 | 3000 | 7500 | 0.84 |
| 6 | ऐतिहासिक तथा धार्मिक स्थलहरू (छैरों दह, सांस्कृतिक सम्पदाको रूपमा रहेका बिभिन्न गुम्वाहरुको मर्मत तथा संरक्षण, शान्ती पार्क, टसी, ल्हखाङ गुम्वा, उर्केन गुम्वा, धे छेलिन आनी गुम्वा, पुरानो गुम्वा, ढुम्वा ताल, भ्यु टावर, कुछपतेरङ्गा गुफा, छेम्वा ताल आदि) संरक्षण तथा पर्यटन प्रवर्द्धन | सङ्ख्या | - | 15 | 1500 | 2000 | 2000 | 2500 | 2800 | 10800 | 1.21 |
| 7 | पर्यटकको आपत्कालीन उद्धार केन्द्रको प्रवर्द्धन तथा व्यवस्थापन (नीलगिरी बेशक्याम्प) | सङ्ख्या | 1 | 2 | | | | | 1000 | 1000 | 0.11 |
| 4 | प्रमुख पर्यटकीय पदमार्गहरूमा होटल/रेस्टुरेन्ट निर्माण तथा सञ्चालन सहजीकरण कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 7 | आतिथ्य सत्कार सम्बन्धी सचेतना तथा तालिम सञ्चालन | जना | | 50 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | **4600** | **5100** | **6600** | **8100** | **9400** | **33800** | 3.79 |

## ४.३.६ पर्यटनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रम हरू | जिम्मेवारी | स्थानगत कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्यटकीय पदमार्ग (नीलगिरी आधार शिविर, छयमताल जाने पदमार्गको स्तर उन्नती, लुप्रा छिमीढोङ पुछार हुँदै जोमसोम सम्मको बैकल्पीक पदमार्ग, एयरपोर्टबाट लामाथाङ किचिथाङ झोलुङ्गे पुल हुँदै स्याङबाट मार्फा जाने पदमार्ग, मार्फा देखि धौलागिरी बेस क्याम्प सम्म पदमार्ग, ठिनी, ढुम्वा, छैरा, चिमाङ हुदै थासाङ जाने पदमार्ग निर्माण तथा स्तरोन्नती | सङ्घ/प्रदेश/ पालिका | निलगिरी आधार शिविर, छैरा, ढुम्वा आदि | ९ | १ | १.४ | १ | ३ | ३ |
| २ | होमस्टे प्रवर्द्धन कार्यक्रम (माग तथा आवश्यकता पहिचानका आधारमा) | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | १.४ | १ | ३ | ३ |
| ४ | एकीकृत पर्यटन सूचना केन्द्रको व्यवस्थापन तथा सुधार | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | १.४ | १ | ३ | ३ |
| ३ | साहसिक पर्यटन (रक क्लाइम्बिङ, क्यानोइङ, हनी हन्टिङ, बञ्जी जम्प, जिप फ्लायर लगायत) प्रवर्द्धन कार्यक्रम | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | १.४ | १ | ३ | ३ |
| ६ | ऐतिहासिक तथा धार्मिक स्थलहरूको (छैरों दह, सांस्कृतिक सम्पदाको रूपमा रहेका बिभिन्न गुम्वाहरूको मर्मत तथा संरक्षण, शान्ती पार्क, टसी, ल्हखाङ गुम्वा, उर्केन गुम्वा, धे छेलिन आनी गुम्वा, पुरानो गुम्वा, ढुम्वा ताल, भ्यु टावर, कुछपतेरङ्गा गुफा, छेम्वा ताल आदि) संरक्षण तथा पर्यटन प्रवर्द्धन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ९ | १ | १.४ | १ | ३ | २ |
| ७ | पर्यटकको आपत्कालीन उद्धार केन्द्रको प्रवर्द्धन तथा व्यवस्थापन (नीलगिरी बेशक्याम्प) | सङ्घ/प्रदेश/पालिका | निलगिरी बेस क्याम्प | ९ | १ | १.४ | १ | ३ | २ |
| ४ | प्रमुख पर्यटकीय पदमार्गहरूमा होटल/रेस्टुरेन्ट निर्माण तथा सञ्चालन सहजीकरण कार्यक्रम | पालिका | कार्यपालिका | ९ | १ | १.४ | १ | ३ | २ |
| ७ | आतिथ्य सत्कार सम्बन्धी सचेतना तथा तालिम सञ्चालन | प्रदेश/पालिका | कार्यपालिका | ९ | १ | १.४ | १ | ३ | २ |

## ४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| गाउँपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । पर्यटकीय पूर्वाधारका साथै नीजि स्तरमा थप होटेलहरूको सङ्ख्या बढ्ने छ। गुणस्तरीय पर्यटकको सङ्ख्या उल्लेखनीय रूपमा बढ्ने छ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | सङ्ख्या | ९०० | ९२५ | ९५० | १००० | १०५० | ११०० | ११०० | | पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने निजी क्षेत्रको लगानी वृद्धि भएको हुने, पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने |
| | पर्यटक सङ्ख्यामा वृद्धि दर (आन्तरिक | प्रतिशत | १५ | १८ | २० | २५ | २५ | ३० | ३५ | | |
| | पर्यटक सङ्ख्यामा वृद्धि दर (बाह्य) | प्रतिशत | १० | १२ | १५ | १८ | १८ | २० | २५ | | |
| | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | २००० | २५५० | २६०० | २६५० | २७०० | २७५० | २७५० | | |
| पर्यटन व्यवसायको गुणस्तर वृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । पर्यटनको सङ्ख्यामा उल्लेखनीय वृद्धि भए सँगै रोजगारीमा बढोत्तरी हुनेछ । | पर्यटन सूचना केन्द्र स्थापना | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | | |
| | नेपाली तथा विदेशी चलचित्र निर्माणको लागि आउने युनिटहरू वार्षिक | सङ्ख्या | २ | ५ | १० | १५ | १७ | २० | २० | | |
| | साहसिक खेलहरूको आयोजना (माउन्टेन साईकिल्ङ/रक क्लाईमिङ् आदि | सङ्ख्या | - | २ | ३ | ४ | ५ | ६ | ६ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | आवधिक योजनाको अन्त सम्ममा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | पालिकामा भ्रमण गर्न आएका आन्तरिक तथा बाह्य पर्यटकहरूको वार्षिक सङ्ख्या (लाखमा) | सङ्ख्या | ५.५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| आधारभूत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । घरपझोङको प्रचार-प्रसार बढी आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा उल्लेखनीय वृद्धि भै आवधिक योजनाको अन्त्य सम्ममा दश लाख पर्यटकले यात्रा गरेका हुनेछन् । होम स्टेलगायत अन्य क्षेत्रमा गुणात्मक वृद्धि हुनेछ । | पर्यटकीय स्तरका होटल तथा बेड | होटल सङ्ख्या | ९० | ९५ | १०० | ११० | १२० | १४० | १४० | | |
| | | कोठा सङ्ख्या | ८८० | ९५० | ११०० | १२१० | १२५० | १४०० | १४०० | | |
| | | बेडको सङ्ख्या | २०५० | २०९० | २२०१ | २४२० | २६४० | ३०८० | ३०८० | | |
| | साधारण होटल तथा बेड | सङ्ख्या | ५ | १० | १२ | १५ | २० | २५ | १५० | | |
| | | सङ्ख्या | २५ | ५० | ६० | ७५ | १०० | १२५ | १२५ | | |
| | होम स्टे तथा बेड | सङ्ख्या | २० | २२ | २५ | २८ | २९ | ३० | ३० | | |
| | | सङ्ख्या | ८० | ९० | १०० | ११० | १२० | १३० | १३० | | |
| | पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | १५ | ३० | ४० | ४५ | ५० | ५५ | ५५ | | |
| | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ३० | ४० | ५० | ६० | ७० | ८० | ८० | | |
| | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | | |

### ४.३.८ अनुमान तथा जोखिम पक्ष

- महामारीका रोगहरूका कारण आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा कमी आउन सक्छ,
- वातावरणमा आउन सक्ने प्रतिकूलताका कारण पर्यटनमा कमी हुन सक्छ,
- पर्यटन तथा संस्कृति मैत्री पूर्वाधार सहित पर्यटनको सङ्ख्यामा तीव्र वृद्धि भएको हुने,
- विश्वव्यापी करणको बढ्दो प्रभाव तथा उच्च प्रविधिका कारण परम्परागत संस्कृतिमा असर पुग्न सक्छ,
- राजनैतिक गतिविधिहरू जस्तै आम हडताल, सडक जाम, आन्दोलन आदिका कारण संस्कृति तथा पर्यटनमा ह्रास आउन सक्छ,
- दैवी प्रकोप (बाढी पहिरो भूकम्प) बाट सम्पदामा दखल पुग्न सक्छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्छन् ।

घरपझोङ गाउँपालिका जोमसोम, मार्फाबाट बेनी-कुश्मा हुँदै गण्डकी प्रदेश राजधानी पोखरासँग जोडिएको गाउँपालिका हो । गाउँपालिकाका अधिकांश वडाहरू पोखरा-मुस्ताङ जोड्ने कालीगण्डकी कोरीडोर (सहायक राजमार्ग) सञ्चालन भएकोले गाउँपालिकाका केही बस्तीहरू बजार उन्मुख हुँदै गएका छन् । वडा नं १ मा रक्सी उद्योग सञ्चालनमा छ त्यहाँ वाइन जुस उत्पादन गरीन्छ कुटानी पिसानीको लागि पानी घट्ट ३ वटा छन् । उत्पादित बस्तुको निकासी र आयात गर्ने मुख्य बजार बेनी र पोखरा हो । वडा नं २ मा ५ वटा डिस्टीलरी र ३ वटा जुस उद्योग सञ्चालनमा छन् । स्याउ उतपादन तथा निकासी प्रमुख ब्यापार हुन । वडा नं ३ मा बल्क उद्योग ३, फर्निचर मिल ४ मेटल वर्कसप सञ्चालनमा छन् र कुटानी पिसानीका साना उद्योग पनि छन् । वडा नं ४ मा फर्निचर, कुटानी पिसानी, पानी घट्ट पाउरोटी पयाक्ट्री रक्सी उद्योग सञ्चालनमा छ । साथै वडा नं ५ मा २ वटा कुटानी पिसानी लोकल घट्ट, फर्निचर उद्योग, होटल ब्याबसाय, कृषि र पशु ब्यबसाय सञ्चालनमा छन् ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः जोमसोम, मार्फा आदि रहेका छन् । स्थानीय उत्पादनहरू मासु, अण्डा, कफी, आलु, दुग्ध जन्य वस्तुहरू, तथा खाद्यान्न, जौ, उवा, मकै, गहुँ, ताजा तरकारी र स्याउ, सिमी लगायतका समान एवं विभिन्न जडीबुटीहरू यहाँबाट निर्यात हुने गरेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षहरू पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेका छन् ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने तथा नस्ल जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको उत्खनन गाउँ संरक्षित क्षेत्रमा पर्ने र कानुन बमोजिम नुहुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

पोखरा-मुस्ताङ राजमार्ग यही गाउँपालिका हुँदै जानु, व्यपारजन्य प्राकृतिक सम्पदाहरू जस्तै वन, बाह्रै महिना पानी बग्ने खोलाहरू धेरै हुनु, यहाँका व्यापार व्यवसायको लागि भरपर्दो सम्भावनाहरू हुनु आदि । यहाँ उत्पादन हुँदै आएका मौसमी तथा बेमौसमी तरकारी, फलफूलहरू, आदिबाट उद्योग तथा व्यापार बढाउन सकिने प्रशस्त सम्भावना रहेको छ । वर्तमान अवस्थामा स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योगहरूको विस्तार र विकासको सम्भावना पनि बलियो रहेको छ । साना तथा मझौला उद्योगका लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्याततले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधीकरण गर्न सकिने सम्भावना रहेको देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणको लागि गाउँपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई सो स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन तथा आयत व्यवस्थापन गरी बजारलाई सन्तुलित अवस्थामा राख्ने ।

**उद्देश्य**

१. वाणिज्य क्षेत्रलाई गाउँपालिकाको अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु,
२. पालिकाको स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु,
३. अर्थतन्त्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवं दिगो बनाउनु,
४. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वाणिज्य क्षेत्रलाई गाउँपालिकाको अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| १.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | 1. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>2. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आबद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य २: पालिकाको स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा | 1. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योग सञ्चालन गर्न सहजीकरण एवं प्रोत्साहन गर्ने । | 2. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।<br>3. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशिल गरिनेछ ।<br>4. उद्योगी, व्यवसायी एवं लगानीकर्तालाई उद्योग दर्ता देखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>5. पुरानो पुर्ख्यौली सीप कलालाई आधुनिकीकरण गरिनेछ । |
| **उद्देश्य ३ः अर्थतन्त्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवं दिगो बनाउनु ।** | |
| **३.१ः** अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सु निश्चितता गर्ने। | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ,<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ,<br>३. गाउँपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ । |
| **उद्देश्य ४ः उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |
| ४.१ः स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने । | 1. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ,<br>2. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ,<br>3. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ । |

## ४.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 2 | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | सङ्ख्या | 0 | 3 | 500 | 1000 | 1000 | 1000 | | **3500** | 0.39 |
| 3 | घरपझोङ पानी उद्योग स्थापना | सङ्ख्या | 0 | 1 | | | | | 3000 | **3000** | 0.34 |
| 2 | जडीबुटी प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती | सङ्ख्या | 0 | 1 | | | 500 | 1000 | 1000 | **2500** | 0.28 |
| 4 | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | जना | | 20 | 200 | 200 | 200 | 200 | 200 | **1000** | 0.11 |
| 1 | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | सङ्ख्या | 0 | 1 | | 3000 | 3000 | 5000 | 7000 | **18000** | 2.02 |
| 2 | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | सङ्ख्या | 0 | 100 | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 2 | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| | **उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा** | | | | **2200** | **5700** | **6200** | **8700** | **12700** | **35500** | 3.98 |

## ४.४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दुग्ध परिकार उत्पादन, विविधीकरण तथा बजारीकरण उद्योग स्थापना तथा स्तरोन्नती | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ८ | २ | १.५ | ४ | ३ | ३ |
| २ | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ८ | २ | १.५ | ४ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | घरपझोङ पानी उद्योग स्थापना | पालिका | गाउँ सभाले तोके बमोजिम | ८ | २ | १.५ | ४ | ३ | ३ |
| २ | जडीबुटी प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ८ | २ | १.५ | ४ | २ | ३ |
| ४ | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| १ | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | सङ्घ/पालिका | गाउँ सभाले तोके बमोजिम | ८ | २ | १.५ | ४ | ३ | ३ |
| २ | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | ३ | ३ |
| २ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | ३ | ३ |

## ४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| औद्योगिक क्षेत्रको विकास र विस्तार द्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | २ | २.५ | २.५ | ३ | ३ | ३ | ३ | गाउँपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | गाउँपालिका भित्र व्यापार व्यवसायमूलक वातावरण निर्माण भएको हुने |
| | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | ११७ | १५० | १७५ | २०० | २२० | २५० | २५० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ८ | ८ | ९ | ९ | १० | १० | १० | | |
| | पालिकामा दर्ता भएका कूल उद्योग/व्यसाय | सङ्ख्या | १२० | १३० | १४० | १५० | १५५ | १६० | १६० | | |
| | पालिकामा दर्ता भएका डिष्ट्रिलरी उद्योगहरू | सङ्ख्या | ६ | ७ | ७ | ८ | ८ | ९ | ९ | | |
| | कुटानी पिसानी मिल | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ५ | ५ | | |
| | निर्माण सेवा उद्योग | | ४२ | ४५ | ४६ | ४८ | ५० | ५० | ५० | | |
| | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | २२ | २३ | २४ | २५ | २६ | २७ | २७ | | |
| स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | फर्निचर उद्योग | सङ्ख्या | ९ | १० | १२ | १४ | १५५ | १५ | १५ | | |
| | कृषि जन्य उद्योग | सङ्ख्या | १८ | २० | २२ | २५ | २८० | ३० | ३० | | |
| | वर्क सप उद्योग | सङ्ख्या | ५ | ७ | ९ | १० | १२ | १५ | १५ | | |
| वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | मिनरल वटर उद्योग | सङ्ख्या | ३ | ४ | ५ | ५ | ६ | ८ | ८ | | |
| | व्लक उद्योग | सङ्ख्या | २ | ३ | ४ | ४ | ५ | ५ | ५ | | |
| | भाँडा उद्योग | सङ्ख्या | २ | ३ | ४ | ४ | ५ | ५ | ५ | | |
| | अन्य व्यवसाय | सङ्ख्या | ८० | ८५ | ९० | ९५ | १०० | ११० | ११० | | |
| | वाणिज्य बैंक | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | विकास बैंक | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | फाइनान्स | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | लघुवीत्त | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| | सहकारी | सङ्ख्या | २ | २ | ४ | ५ | ६ | ७ | ७ | | |

### ४.४.८ अनुमान तथा जोखिम पक्ष

- राजनैतिक अस्थिरताका कारण आम हडताल, बन्द, आन्दोलन, सडक जाम भई व्यापार व्यवसाय फस्टाउन कठिन हुन सक्छ,
- अचानक मजदुर आन्दोलन भइ उद्योग सञ्चालनमा समस्या आउन सक्छ,
- आर्थिक मन्दी, महँगी आदिका कारण बजारी करणमा कठिनाइ आउन सक्छ,
- दैवी प्रकोप (वर्षा, बाढी पहिरो हुरी बतास) का कारण सडक यातायात बन्द भइ आपूर्तिमा समस्या आउन सक्छ,
- गाउँपालिका भित्र उद्योग, व्यापार, व्यवसायहरू मौलाएका हुनेछन्,
- कृषि जन्य उत्पादनमा कमी आएमा बजारमा खाद्य सामाग्रीको अभाव हुन सक्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ । संविधानमा उल्लिखित उक्त हकको कार्यान्वयन गर्न सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको छ । सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू सरकारका विभिन्न तह अन्तर्गतका विषयगत मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने गरेका छन् । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ । रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरूमा पर्याप्त सङ्ख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरूको कार्यान्वयन गर्ने प्रबन्ध गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको हो । कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहमा २०७७ फाल्गुण देखि रोजगार सेवा केन्द्रको स्थापना गरिएको हो । स्थानीय स्तरमा रोजगारी सृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्रमार्फत भई सबै स्थानीय तहमा श्रमिकको माग र आपूर्तिको औपचारिक संयन्त्रको रूपमा रोजगार सेवा केन्द्र रहेको छ ।

गाउँपालिकाले श्रम, रोजगार र सामाजिक सुरक्षाको क्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । **रोजगार सेवा केन्द्र मार्फत** वडा नं ४ जनशक्ति बैदेशिक रोजगारीमा संलग्नता बड्दो छ, यहाँका युवा काठमाण्डौं पोखरामा रोजगारीका लागि जाने गर्दछन् । घर बनाउने र सरकारी भवन निर्माणमा अलि अलि रोजगारी छ । बिशेष गरी कृषि र होटल ब्यबसायमा नै रोजगार छन् यस पटक प्रधानमन्त्री रोजगारमा १४ जनाले रोजगार पाएका छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार घरपझोङ गाउँपालिका भित्र कुल जनसङ्ख्या मध्ये करिब २५६० जना मानिसहरू बिभन्न पेशामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । सङ्घीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । घरपझोङ गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डी कृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन ।

### ४.५.३ सम्भावना तथा अवसर

कृषि र पर्यटनको मुलथलो यस पालिकामा आर्थिक रूपले जानसाङ्ख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत घरपझोङ गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो जन्म तथा कर्म थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार बलियो सम्भावना रहेको छ । सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै गाउँपालिकाबासीलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु,
२. स्वदेशी तथा स्थानीय उत्पादनमा आधारित रोजगारीका अवसरहरूमा वृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| १.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने। | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ,<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ, |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ,<br>४. लक्षित वर्ग प्रति संवेदनशील बनाई जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.२ः** सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछूत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ,<br>२. मर्यादित जीवनबारे सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ,<br>३. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको डेटाबेस तयार पारिनेछ,<br>४. गाउँपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ,<br>५. स्थानीय रोजगार दातालाई प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य २ः स्वदेशी तथा स्थानीय उत्पादनमा आधारित रोजगारीका अवसरहरूमा वृद्धि गर्नु ।** | |
| २.१ः वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण गर्ने । | १. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धि मूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>२. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आय मूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यून करणका लागि मन सामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>३. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकासमा लगानी गरिनेछ ।<br>४. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढवा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |

## ४.५.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रम हरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | वित्तीय तालिम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) तथा युवा उद्यमशीलता विकास कार्यक्रम | जना | 0 | 100 | 500 | 500 | | | | **1000** | 0.11 |
| 1 | रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमूलक) | जना | 0 | 20 | 200 | 200 | 200 | 200 | 200 | **1000** | 0.11 |
| 1 | सहकारी क्षमता विकास कार्यक्रम | पटक | 0 | 2 | | 300 | 200 | | | **500** | 0.06 |
| 2 | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम | पटक | 0 | 5 | 300 | 300 | 200 | 300 | 250 | **1350** | 0.15 |
| 2 | वैदेशिक रोजगारबाट फर्केकाहरूको सीप उपयोग गर्दै उद्यमशीलता विकासका लागि सहायता प्याकेज कार्यक्रम | जना | 0 | 20 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 1 | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | पटक | 0 | 5 | 150 | 150 | 150 | 150 | 150 | **750** | 0.08 |
| 1 | असङ्गठित क्षेत्रको श्रमिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता अभियान | जना | 0 | 15 | 200 | 200 | 200 | 200 | 200 | **1000** | 0.11 |
| 1 | अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम | पटक | 0 | 5 | 300 | 300 | 300 | 300 | 300 | **1500** | 0.17 |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा** | | | | **2150** | **2450** | **1750** | **1650** | **1600** | **9600** | 1.08 |

## ४.५.६ श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वित्तीय तालिम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) तथा युवा उद्यमशीलता विकास कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| १ | रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमूलक) | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहकारी क्षमता विकास कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| २ | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| २ | वैदेशिक रोजगारबाट फर्केकाहरूको सीप उपयोग गर्दै उद्यमशीलता विकासका लागि सहायता प्याकेज कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| १ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| १ | असङ्गठित क्षेत्रको श्रमिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता अभियान | पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |
| १ | अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम | पालिका | कार्यपालिका | ८ | २ | १.५ | ४ | २ | ३ |

### ४.५.७ अनुमान तथा जोखिम पक्ष

- अचानक देशको विद्यमान कानुनमा परिवर्तन भइ सामाजिक सुरक्षामा असर पुग्न सक्छ,
- सुरक्षित भरपर्दो र प्रतिस्पर्धात्मक रोजगारीका अवसरहरूमा वृद्धि भएको हुनेछ ।
- महामारीका रोगहरूको प्रकोप भइ श्रम तथा रोजगारीमा दखल पुग्न सक्छ,
- आर्थिक मन्दीका कारण रोजगारीमा कमी आउन सक्छ,
- वातावरणीय प्रतिकूलताका कारण श्रमले बजार नपाउन सक्छ,
- राजनैतिक अस्थिरता तथा आर्थिक अभावका कारण बेरोजगारीमा वृद्धि हुन सक्छ ।

# परिच्छेद ५ः सामाजिक विकास

विकासका विभिन्न आधारहरू मध्ये सामाजिक विकास एक महत्त्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रमा गरिने लगानीले आर्थिक वृद्धि र सामाजिक कल्याणलाई बढवा दिन्छ । नेपालको संविधानले मौलिक हक तथा राज्यका नीतिहरू मार्फत स्वास्थ्य, शिक्षा तथा मानव जीवनका समग्र पक्षलाई समेटी मानव पुँजी निर्माणका लागि मार्गदर्शन गरेको छ । जनसङ्ख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ । यस सन्दर्भमा सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवासहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ ।

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य –३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य –४ (गुणस्तरीय शिक्षा), लक्ष्य – ५ (लैङ्गिक समानता) र लक्ष्य – ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । गाउँपालिकाबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य सेवा प्राप्त गर्नु हरेक नागरिकको नैसर्गिक अधिकार हो । संवैधानिक अधिकार पुरा गर्नु सरकारको कर्तव्य भित्र आउँछ । यस गाउँपालिकामा स्वास्थ्य चौकी देखि अस्पताल सुविधा उपलब्ध छन् । पोषण अपुग हुन सक्ने अवस्थालाई ध्यानमा राखी गर्भवतीहरूको लागि भिटामिन, आईरन क्याप्सुल र बाल बालिकाको लागि भिटामिन ए तथा पोलियो औषधी सरकारद्धारा वितरित भई रहेको छ । साथै महिला स्वास्थ्य स्वयमसेविकाहरूले राम्रो सेवा पुऱ्याइरहेको देखिन्छ । आधारभूत स्वास्थ्य तथा पोषणलाई घरपझोङ गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई गाउँपालिकाबासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यासमा जोड दिएको छ । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरमा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तर उन्नति

तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधानको, धारा ३५ (१) मा कुनै पनि नागरिक आकस्मिक सेवाबाट वञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकोले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार देशको कुल जनसङ्ख्याको ६७ प्रतिशत जनसङ्ख्या उत्पादनशील उमेर समूहमा परेकोले सोको जनसाङ्ख्यिक लाभ लिने गरी आवश्यक मानव पुँजी निर्माण गर्न थप लगानी गर्नुपर्ने अवस्था छ । मानव पुँजी निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न समन्वय र साझेदारीलाई महत्त्व प्रदान गरिएको छ ।

गाउँपालिकामा १५ सैयाको अस्पताल १ वटा रहेको छ । त्यसैगरी स्वास्थ्यचौकीको सङ्ख्या २ रहेको भने आधारभूत स्वास्थ्य एकाइ २ रहेको छ । यो गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या २० रहेको छ । राष्ट्रिय भिटामिन ए कार्यक्रम वडा स्तरमा सञ्चालन गरी यस गाउँपालिकाका ६ महिना देखि ५ वर्ष मुनिका सबै बालबालिका हरूलाई भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यलाई निरन्तरता दिइएको छ । प्रत्येक महिना स्वास्थ्य चौकी प्रमुखहरूको मासिक बैठक बसी कार्यक्रमको अवस्था, प्रगति र मासिक रूपमा गर्नु जस्ता पर्ने क्रियाकलापहरूको समीक्षा कार्यहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकाले स्वास्थ्य क्षेत्रको विकास र प्रवर्द्धनको लागि उच्च प्राथमिकता दिएर कार्य गरिरहेको भएता पनि स्वास्थ्य क्षेत्रमा केही सवाल तथा चुनौतीहरू रहेको छन् । गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य चौकी तथा केन्द्रमा भौतिक पूर्वाधार, प्रविधि तथा सामग्रीको व्यवस्थापनको कार्य, स्वास्थ्य, शिक्षा तथा सीप विकास, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, आदि व्यवस्थापनलाई पनि चुनौतीको रूपमा लिन सकिन्छ । स्वास्थ्य चौकीका पूर्वाधार अपर्याप्त अवस्थामा रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध नभएको, भवन सबैलाई पायक पर्ने ठाउँमा नभएको, जनशक्तिको अभावमा पर्याप्त बर्थिङ् सेन्टर सञ्चालन गर्न नसकिएको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको पाइन्छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार जस्ता कार्यहरूलाई सवाल तथा चुनौतीका रूपमा लिन सकिन्छ । विद्यमान जनशक्तिको स्तरोन्नति गरी क्षमता अभिवृद्धि गर्नु, व्यावसायिक शिक्षा र तालीमको पहुँच सबै वर्ग र समूहमा पुऱ्याउनु, युवा जनशक्तिलाई स्वरोजगार व्यवसायमा संलग्न बनाउनु आदि कार्यलाई गाउँपालिकाले सवाल तथा चुनौतीको रूपमा लिएको छ ।

समतामूलक र समावेशी व्यवस्थापन तथा पहुँच सुनिश्चितताका सम्बन्धमा पनि गाउँपालिकाले केही समस्याहरू सामना गर्न परेको छ जस्तो गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सीप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुँजी निर्माण गर्नु, गाउँपालिकाभित्र रहेका सबै सङ्घ संस्थाहरू सुशासन कायम गरी सेवा प्रवाहलाई समयबद्ध, मितव्ययी, पारदर्शी र जबाफदेही बनाउनु, मानव पुँजी निर्माणका क्षेत्रमा निजी क्षेत्रको भूमिका स्पष्ट गर्दै नियमन तथा व्यवस्थापन गर्नु, जनशक्ति विकाससँग

सम्बन्धित निकायहरू बीच एक-अर्कामा अन्तरसम्बन्ध कायम गर्नु आदि सवालहरूलाई पनि गाउँपालिकाको सवाल वा चुनौतीका रूपमा उल्लेख गर्न सकिन्छ । त्यसैगरी विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु, रोगको निदान गर्नकोलागि न्यूनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु, बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्य सेवा दिन नसक्नु, आवश्यकता अनुसार जनशक्ति र औषधीहरूको आपूर्ति बढाउन नसक्नु, भौगोलिक बिकटताले अपाङ्ग, बृद्ध, बृद्धालाई सहज पहुँच पुऱ्याउन नसक्नु, बदलिँदो अस्वस्थकर जीवनशैली तथा आहार-व्यवहारको अभ्यास रहनु जस्ता चुनौतीहरू यस गाउँपालिकामा विद्यमान छन् । स्वास्थ्य बिमाको प्रभावकारिता अभिवृद्धि गर्ने कार्य जस्तो स्वास्थ्य सेवालाई स्वास्थ्य बिमासँग आबद्ध गराउनु तथा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू एकीकृत गर्दै मूलप्रवाहीकरण तथा प्रभावकारीरूपमा सञ्चालन गर्नु; स्वास्थ्य बीमाको दायरा विस्तार गर्नु आदि सवालहरू पनि चुनौतीका रूपमा देखिएका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जालमा जोडिँदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता स्वास्थ्य तथा पोषण विकासका सबल पक्षहरू हुन । सङ्घीय सरकारको पञ्चवर्षीय योजनामा स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने, आधारभूत र सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम, स्वास्थ्य विकास तथा सामाजिक स्वास्थ्य सुरक्षाको एकीकृत कार्यक्रम, स्वास्थ्य सेवा एवं प्रदायक संस्थाहरूको गुणस्तर अभिवृद्धि कार्यक्रम, सघन स्वास्थ्य क्षेत्र मानव संसाधन प्रणाली विकास तथा सञ्चालन कार्यक्रमहरूमा जोड दिएको छ । त्यसैगरी स्वास्थ्य क्षेत्र डिजिटलाइजेसन कार्यक्रम, बहुक्षेत्रीय तथा बहुपक्षीय संयन्त्र मार्फत स्वास्थ्य सेवा प्रवाह कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य कार्यक्रम, मानसिक तथा वैकल्पिक स्वास्थ्य सम्बन्धी कार्यक्रम, समतामूलक तथा समावेशी स्वास्थ्य कार्यक्रम आदि कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छ । यी कार्यक्रमहरू स्थानीय सरकारको लागि महत्त्वपूर्ण अवसरको रूपमा लीन सकिन्छ । संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी तीनै तहका सरकारबाट तर्जुमा भएका कानुनहरू (ऐन, नियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि) निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा पोषण विकासका लागि सबल पक्षहरू हुन ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**लक्ष्य**

सबै नागरिकलाई भौतिक पूर्वाधार मैत्री, स्रोत साधनले सम्पन्न स्वास्थ्य संस्थाको माध्यमद्वारा गुणस्तरीय सेवा गराउने ।

**उद्देश्य**

- सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु,
- रोग प्रतिरोधात्मक क्षमता बढाई गुणस्तरीय र पोषणयुक्त खाद्यमा पहुँच बढाउनु,
- स्वास्थ्यमा लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु,
- गाउँपालिकालाई पोषणयुक्त गाउँपालिका बनाउनु ।

<u>**रणनीति र कार्यनीति**</u>

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१ः गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने । | • औषधी, उपकरण, प्रविधि, एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>• गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ।<br>• सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>• ल्याब सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पहल र सेवा विस्तार गरिनेछ । |
| १.२ः स्वास्थ्य संस्थाहरूमा तोकिएको सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | • पालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>• दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा गाउँपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः रोग प्रतिरोधात्मक क्षमता बढाई गुणस्तरीय र पोषण युक्त खाद्यमा पहुँच बढाउनु।** | |
| २.१ः पोषण युक्त खाने कुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने । | • गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ।<br>• मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>• नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |
| २.२ः मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने। | • नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>• प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ३.१: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी गैससको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | • निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>• स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवं सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| ३.२: गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | • आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>• आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवं विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४: गाउँबासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।** | |
| ४.१: गाउँबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने संवैधानिक हक सुनिश्चितता गर्ने । | • न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>• स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ ।<br>• पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ ।<br>• पोषण मैत्री गाउँपालिका निर्माणका आधार तयार पारिनेछ । |

## ५.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | स्वास्थ्य बीमा कार्यक्रम | एकमुस्ट | | | 150 | 150 | 150 | 150 | 150 | **750** | 0.08 |
| 3 | स्वास्थ्य संस्थाका भवनमा आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन | एकमुस्ट | | | 1000 | 1000 | 1500 | 1500 | 2000 | **7000** | 0.79 |
| 3 | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | एकमुस्ट | | | 1000 | 1000 | 1000 | 1000 | 1000 | **5000** | 0.56 |
| 1 | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 1 | गाउँघर क्लिनिक व्यवस्थापन | सङ्ख्या | 0 | 5 | 200 | 200 | 200 | 200 | 250 | **1050** | 0.12 |
| 2 | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | जना | 0 | 10 | | 150 | 150 | 150 | 150 | **600** | 0.07 |
| 2 | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | एकमुस्ट | | | 200 | 200 | 300 | 250 | 400 | **1350** | 0.15 |
| 2 | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | सुत्केरी पोषण कार्यक्रमको निरन्तरता | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 4 | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 300 | 350 | 400 | 450 | 500 | **2000** | 0.22 |
| 2 | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | **4850** | **5050** | **5700** | **5700** | **6450** | **27750** | 3.11 |

## ५.१.६ स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य बीमा निरन्तरता | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्वास्थ्य संस्थाका भवनमा आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन | सङ्घ/प्रदेश /पालिका | गाउँ सभाले तोके बमोजिम | ३ | २ | २.२ | ८ | २ | ३ |
| ३ | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |
| १ | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |
| १ | गाउँघर क्लिनिक व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ३ | २ | २.२ | ८ | २ | ३ |
| २ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | १ | ३ |
| २ | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |
| २ | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश /पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |
| ४ | सुत्केरी पोषण कार्यक्रमको निरन्तरता | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | १ | ३ |
| ४ | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ३ | २ | २.२ | ८ | २ | ३ |
| २ | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २.२ | ८ | २ | ३ |

### ५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| गाउँपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ६५ | ६८ | ७० | ७५ | ८० | ८५ | ८५ | गाउँपालिका प्रोफाइल, स्वास्थ्य शाखा, वार्षिक प्रतिवेदन | सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप अर्थात् भरपर्दो सहजहुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा गाउँपालिकाको लगानी वृद्धि भएको हुने |
| गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | जिल्ला अस्पताल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | जिल्ला अस्पताल बेड | सङ्ख्या | १५ | २५ | २५ | २५ | २५ | २५ | २५ | | |
| | स्वास्थ्य चौकी | सङ्ख्या | २ | २ | २ | ३ | ३ | ३ | ३ | | |
| | आधारभूत स्वास्थ्य केन्द्र | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | स्वास्थ्य एकाइ | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ । | विशेषज्ञ चिकित्सक | सङ्ख्या | ३ | १ | १ | १ | २ | २ | ७ | | |
| | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | १४ | २० | २५ | ३० | ३० | ३० | ३० | | |
| | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | बर्थिङ सेन्टर | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | २० | २५ | ३० | ३० | ३० | ३० | ३० | | |
| | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | १ | ० | ० | ० | ० | ० | ० | | |
| | पूर्ण खोप | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा वृद्धि हुनेछ । | भिटामिन ए खाने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | झाडा पखालाको संक्रमण दर | प्रतिशत | १.३७ | १.२ | १.१ | १ | ०.५ | ०.२ | ४ | | |
| | महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | २० | २० | २० | २० | २० | २० | २० | | |
| | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | परिवार नियोजनका साधन प्रयोग गर्ने दम्पति | प्रतिशत | ९ | १० | ११ | १२ | १२ | १२ | ५७ | | |
| | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ० | ३५ | ४५ | ५५ | ६५ | ७५ | ७५ | | |
| स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा वृद्धि हुनेछ । | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | ९ | | |
| | पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ९२ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | | |
| | घुमन्ते स्वास्थ्य सेवा | पटक | ० | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | १ | २ | ३ | ३ | ३ | ४ | ४ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| पालिकाबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |

### ५.१.८ अनुमान तथा जोखिम पक्ष

- सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात भरपर्दो सहज हुने,
- बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने,
- स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने,
- स्वास्थ्य पूर्वाधारमा गाउँपालिका को लगानी वृद्धि भएको हुने,
- गाउँपालिकामा स्वास्थ्य बिमाको कार्यक्रम पूर्ण रूपमा लागू भएको हुनेछ,
- स्वास्थ्य संस्थाहरूमा गाउँबासीको सहज पहुँच स्थापित भएको हुनेछ,
- महामारीका रोगको समक्रमणका कारण स्वास्थ्यमा जोखिम आउन सक्छ,
- दैवी प्रकोप (आगलागि, बाढी पहिरो, हुरी बतास, असिना, भूकम्प, चट्याङ लगायत अन्य महामारी) आदिका कारण स्वास्थ्यमा थप चुनौती आउन सक्छन्,
- पोषणमा विनियोजित बजेट कुनै कारणले रकमान्तर भएमा पोषणको क्षेत्रमा कार्यक्रम सञ्चालन नुहुन सक्छन,
- देशमा आर्थिक मन्दी भइ विशेष अवस्था सिर्जना भएमा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन नुहुन सक्छन,
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति ह्रात्तै विदेशिने अवस्था सिर्जना भइ स्वास्थ्य जनशक्तिको अभाव हुन सक्छ ।

## ५.२ शिक्षा,विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई कानुनमै अधिकारका रूपमा स्थापित गरिएको छ । संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ । राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउने रहेकोछ । त्यसैले शिक्षा सम्बन्धी नागरिक हक सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । दिगो विकास लक्ष्य ४ मा सन् २०३० सम्ममा सबैकालागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितगर्ने उल्लेख छ । त्यसैगरी पन्धौ शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धिमा जोड दिएको छ । कुनैपनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठुलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ ।

गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा सामुदायिक विद्यालय १ वटा मा.वि. र ७ वटा आ.वि. गरी जम्मा ८ वटा र संस्थागत २ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् । त्यस्तै प्राविधिक धारतर्फ एउटा प्राविधिक शिक्षालय स्थापना गरी सञ्चालन गरिएको छ । शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समता मूलक बनाउँदै समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता र जवाफदेहितामा अभिवृद्धि गर्ने राष्ट्रिय उद्देश्यलाई सहयोग पुऱ्याउनको लागि गाउँपालिका स्तरमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । गाउँ शिक्षा समितिले पूर्णता प्राप्त गरी सक्रियरूपमा शैक्षिक कृयाकलाप सञ्चालन गर्दै आएको छ । गाउँ शिक्षा अनुगमन समिति गठन भई गाउँपालिकाका सम्पूर्ण विद्यालयको अनुगमन गरी विद्यालयको भौतिक, शैक्षिक, जनशक्ति, विद्यार्थीको अवस्था र विद्यालयको आवश्यकता सहितको विषयलाई समेटेर प्रतिवेदन तयारी गरिएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

विद्यालयमा दरवन्दी र विषयगत शिक्षकको अभाव, विद्यालयमा सबैको समान पहुँच र निरन्तरताको अभाव, शैक्षिक सामाग्रीको अभाव, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु, बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनितीकरणको प्रभाव, आधुनिक सूचना प्रविधिको प्रयोग नहुनु यस पालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरू हुन । साथै स्थानीय सम्भावना तथा प्रविधिसँग विद्यार्थीको रुचि/आवश्यकता तथा अभिभावकको अपेक्षालाई जोड्न नसकिनु, जस्ता समस्या पनि रहेका छन् । गाउँपालिका शिक्षा क्षेत्रमा व्यापक सुधार गरी दक्ष तथा प्राविधिक जनशक्ति तयार गर्ने प्रयासमा जुटेको छ । शिक्षामा सुधार ल्याउनको लागि राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत, नीतिगत तथा व्यवहारिक प्रयासहरू लगातार भइरहेका छन् । तर पनि शिक्षा क्षेत्रमा देखिएका केही सवालहरूलाई स्थानीय सरकारहरूले समस्या तथा चुनौतीका रूपमा लिएका छन् जस्तै भौतिक पूर्वाधार, प्रविधि तथा सामाग्रीको व्यवस्थापन, समावेशी र समतामूलक व्यवस्थापन तथा पहुँच सुनिश्चितता, विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रदायक

संस्थाहरूको प्रभावकारीता अभिवृद्धि, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने आदि कार्यहरू रहेका छन् । सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यवहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने, गुणस्तरीय र समावेशी शिक्षाको लागि लगानी विस्तार गर्ने र शैक्षिक सुशासन सुनिश्चित गर्ने शिक्षा र सीपलाई बजारसँग जोड्ने, जस्ता सवालहरू रहेका छन् । गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधार हुन सकेको छैन । शिक्षा प्रणाली फितलो हुनुका अतिरिक्त भौगोलिक बिकटता, गरिवी, स्रोत तथा साधनको अपर्याप्तता आदि रहेका छन् । गाउँपालिकाबाट बाहिर तीव्रगतिमा बसाइ सराई हुँदै गइरहेकोले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पूर्णरूपमा निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधि पुरै प्रयोगमा आइसकेको अवस्था पनि छैन ।

स्थानीय आवश्यकता अनुसारको विद्यालयको अनुगमन तथा मूल्याङ्कनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयनमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई पूर्वरूपमा कार्यान्वयनमा ल्याइ सकेको अवस्था छैन । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालय उपस्थिति दर पूर्ण हुन सकेको छैन । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन । पूर्वाधारतर्फ वालमैत्री तथा अपाङ्गमैत्री भवन, खेल मैदान, घेरवार र पक्की शौचालयको प्रयोगमा अझै सुधार गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसर

स्थानीय सरकारलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने प्रदेश तथा सङ्घीय सरकारले तर्जुमा गरेका कानुन तथा योजना/कार्यक्रमहरूको ठूलो महत्त्व हुने गर्दछ । किन की यी कार्यक्रमहरू कार्यान्वयन गर्ने स्थान नै स्थानीय सरकारको कार्यक्षेत्र हो । त्यसकारण पनि सङ्घीय सरकारले १६औ योजनामा जोड दिइ प्राथमिकतामा राखेका कार्यक्रमहरूलाई स्थानीय सरकारको लागि अवसर हुन जान्छन । जस्तै बजारको माग अनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्ने गरी शिक्षाको गुणस्तर वृद्धि कार्यक्रम, प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम, विद्यालय शिक्षा सुधार कार्यक्रम, कक्षा १० पछिको २ महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम, उच्च शिक्षा सुधार कार्यक्रम, प्राविधिक तथा व्यावसायिक सुधार कार्यक्रम; सामाजिक पूर्वाधार अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम, विश्वविद्यालय सुधार कार्यक्रम महिला, दलित, जनजाति र अपाङ्गता भएका एवं सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । महिला, दलित, जनजाति र अपाङ्गता भएका एवं सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई

विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था रहनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ ।

स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुनु, प्राविधिक तथा व्यावसायिक सीप प्रति युवाको आकर्षण बढ्दै जानु, विद्यालय र विद्यार्थी प्रति अभिभावक बढी जागरूक हुनु, आधारभूत शिक्षामा सबैको पहुँच विस्तार हुँदै जानु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, आदि क्षेत्रमा विकास हुँदै जानू आदिलाई शिक्षा क्षेत्रको विकासको लागि बलियो अवसरका रूपमा लीन सकिन्छ ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी सहज पहुँचमा वृद्धि गर्ने ।

**उद्देश्य**

- घरपझोङ गाउँपालिका अन्तर्गतका शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु,
- सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिई शिक्षालाई सीपयुक्त र प्रविधिमैत्री बनाउनु,
- शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु,
- संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः घरपझोङ गाउँपालिका अन्तर्गतका शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| १.१ः विद्यालय शिक्षामा गुणस्तरीयता सुनिश्चितता गरी संस्थागत विकास गर्ने । | • गाउँपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>• उत्कृष्ट शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।<br>• विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>• विद्यालयको उपलब्धि स्तर एवं प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | • महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयंसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ ।<br>• गाउँपालिकाको शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ ।<br>• विद्यार्थी अनुपातका आधारमा सबैलाई सहज हुने गरी विद्यालयहरू समायोजन गर्ने र सवारीका साधन तथा आवास सहित एक वडा एक भौतिक पूर्वाधार विकास सहितको नमुना विद्यालय निर्माण गर्ने नीतिमा जोड दिइनेछ । |
| १.२: गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | • स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>• बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>• विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।<br>• प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| **उद्देश्य २: सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१: सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने । | • अभिभावक विहीन बालबालिकाको उच्च शिक्षा सम्मको जिम्मेवारी गाउँपालिकाले लिने प्रबन्ध मिलाइनेछ ।<br>• दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण लागि आवश्यक पहल गरिनेछ ।<br>• आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>• पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>• नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>• गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>• पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ । |
| २.२: दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका | • दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नका लागि सिफारिस गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | • दृष्टिविहिनलाई ब्रेल लिपी तथा कान सुन्न नसक्नेलाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>• विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>• विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ ।<br>• अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | • औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>• औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>• एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ ।<br>• शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण सामाजिक संजाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु ।** | |
| ३.१ः आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | • आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>• विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| ३.२ः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | • पालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>• सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।<br>• विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>• माध्यामिक तह (कक्षा ११—१२) अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नति एवं विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४ः शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४.१ः उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | • गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि बहुसंकाय क्याम्पस स्थापनाको पहलका लागि समन्वय सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँ पालिका भित्र प्राविधिक धार सञ्चालित विद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तरवृद्धि गरिनेछ । |
| ४.२ः विद्यालयको पूर्वाधार निर्माण गर्ने । | • वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ ।<br>• विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>• विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५ः संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।** | |
| ५.१ः संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ ।<br>२. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| ५.२ः सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने। | • विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>• अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>• अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>• कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>• आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>• विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## ५.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 5 | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | | | 2500 | 2500 | 2500 | 2500 | 2500 | 12500 | 1.40 |
| 2 | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | 0 | 5 | 150 | 150 | 150 | 150 | 150 | 750 | 0.08 |
| 1 | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | एकमुस्ट | | | 2000 | 2500 | 3000 | 3500 | 4000 | 15000 | 1.68 |
| 1 | बालमैत्री कक्षा कोठा व्यवस्थापन | एकमुस्ट | | | 1500 | 1500 | 1500 | 1500 | 1500 | 7500 | 0.84 |
| | स्थानीय भाषा शिक्षण सिकाइ प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | 2500 | |
| 5 | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | पटक | 5 | 5 | 250 | 250 | 250 | 250 | 250 | 1250 | 0.14 |
| 4 | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | जना | | 5 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| 3 | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 250 | 250 | 300 | 300 | 300 | 1400 | 0.16 |
| 2 | ई-लाइब्रेरीको रूपमा विकास तथा सञ्चालन | सङ्ख्या | 0 | 1 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 3 | प्राविधिक शिक्षालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | विद्यालय स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | सङ्ख्या | 0 | 1 | 1500 | 2500 | 2500 | 2500 | 2500 | 11500 | 1.29 |
| 5 | अन्तर विद्यालय अनुभव आदान प्रदान तथा शैक्षिक सुधार भ्रमण कार्यक्रम | पटक | 0 | 5 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| | **शिक्षा, विज्ञान तथा नवप्रवर्तनको जम्मा** | | | | **10050** | **11550** | **12100** | **12600** | **13100** | 59400 | 6.66 |

## ५.२.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | सङ्घ/प्रदेश /पालिका | सबै विद्यालय | ४ | २ | २.२ | ८ | २ | ३ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पालिका | कार्यपालिका | ४ | २ | २.३ | ८ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ४ | २ | २.३ | ८ | ३ | ३ |
| १ | बालमैत्री कक्षा कोठा व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ४ | २ | २.३ | ८ | ३ | ३ |
| ५ | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | प्रदेश/पालिका | कार्यपालिका | ४ | २ | २.३ | ८ | ३ | ३ |
| ४ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | ४ | २ | २.३ | ८ | ३ | ३ |
| ३ | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ४ | २ | २.३ | ८ | ३ | ३ |
| २ | ई-लाइब्रेरीको रूपमा विकास तथा सञ्चालन | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ४ | २ | २.३ | ८ | ३ | ३ |
| १ | विद्यालय स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | २ | २.३ | ८ | ३ | ३ |
| ५ | अन्तर विद्यालय अनुभव आदान प्रदान तथा शैक्षिक सुधार भ्रमण कार्यक्रम | पालिका | कार्यपालिका | ४ | २ | २.३ | ८ | ३ | ३ |

## ५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७९ | ८० | ८१ | ८२ | ८३ | ८४ | ८४ | गाउँपालिका प्रोफाइल, शिक्षा शाखा, वार्षिक प्रतिवेदन, HMIS Flash Report | शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि हुने, प्राविधिक धारको अध्ययन अध्यापनमा वृद्धि हुने, शिक्षा क्षेत्रमा तीनै तहको सरकारको प्राथमिकतामा परेको हुनुको साथै थप लगानीमा वृद्धि तथा अनुगमनमा प्रभावकारी भएको हुने |
| | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ८६ | ८७ | ८८ | ८९ | ९० | ९१ | ९१ | | |
| | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | | |
| गाउँपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | आधारभूत तह (१,८) मा लैगिंक समानता | लैङ्गिक अनुपात | ९२.५६ | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९७ | | |
| | आधारभूत तह (९,१२) मा लैगिंक समानता | लैङ्गिक अनुपात | १०८.७५ | १०६ | १०५ | १०४ | १०३ | १०२ | १०२ | | |
| | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५६.६ | ६० | ६५ | ७० | ७२ | ७५ | ७५ | | |
| | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ७६ | ८० | ८५ | ९० | ९५ | ९८ | ९८ | | |
| | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | ११९ | १२० | १२० | १२० | १२० | १२० | १२० | | |
| विद्यालय छाड्ने विद्यार्थीको दर | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९१.१ | ९४ | ९६ | ९८ | ९९ | १०० | १०० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| (Dropout Rate) न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरूप व्यवस्थापन भएको छ । | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) आधारभूत तह | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | विद्यालय शिक्षा (१-८) शिक्षक-विद्यार्थी अनुपात | अनुपात | १:१४ | १:१४ | १:१४ | १:१४ | १:१४ | १:१४ | १:१४ | | |
| प्राविधिक र व्यावसायिक विद्यालय को स्तरोन्नति भएको हुनेछ । | विद्यालय शिक्षा (१-१२) शिक्षक-विद्यार्थी अनुपात | अनुपात | १:३१ | १:३० | १:३० | १:३० | १:३० | १:३० | १:३० | | |
| | प्राविधिक धारका विद्यालय सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ५१ | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ४ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको | इन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| शैक्षिक स्तर माथि उठेको हुनेछ । | छात्रामैत्री विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| | अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ४ | ५ | | |
| सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | आवासीय विद्यालय | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | २ | | |
| | माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | सामुदायिक विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| | संस्थागत विद्यालय | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |

### ५.२.८ अनुमान तथा जोखिम पक्ष

- शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि भइ दक्ष तथा क्षमता वान नागरिक तयार भएका हुनेछन्,
- राजनैतिक वा अन्य कारण सिर्जना हुन सक्ने आम हडताल, आन्दोलन, नेपाल बन्द,सडक जाम आदि विशेष अवस्था सिर्जना भएमा शिक्षाका कार्यक्रम नियमित नुहुन सक्छन,
- शिक्षाको गुणस्तरमा युग सुहाउँदो वृद्धि हुन नसके विज्ञान तथा सिर्जनात्मक ज्ञानको विस्तारमा कठिनाइ हुन सक्छ,
- सीपमूलक व्यावसायिक तथा प्रविधि मैत्री शिक्षा विस्तार हुन नसके युवा विदेशिने दरमा वृद्धि हुन सक्छ,
- भूकम्प, बाढी पहिरो, ठूलो वर्षा, हुरी बतास आदि कारणले शैक्षिक पठन पाठनमा नियमितता नुहुन सक्छ,
- शैक्षिक हडताल, वातावरणमा आउन सक्ने प्रतिकूल परिवर्तन आदि कारणले पनि शिक्षामा चुनौती आउन सक्छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३ को धारा ३५.४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनकोलागि अपरिहार्य आधारको रूपमा लिएको देखिन्छ । नेपालको संविधान को धारा ३०.१ मा हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक र ३०.२ मा वातावरणीय प्रदूषणको कारक भएकोमा पीडकले क्षतिपूर्ति गर्नुपर्ने र ३०.३ मा वातावरण र विकास बीच समुच्च सन्तुलनकालागि आवश्यक कानुनी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । खानेपानी तथा सरसफाइमा नागरिकको पहुँच र उपलब्धता विस्तारको लागि तीनवटै तहका सरकार प्रयासरत छन् । आर्थिक वर्ष २०७९/८० सम्म ९५ प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ भने ९५ प्रतिशतमा आधारभूत सरसफाइ सुविधा पुगेको छ तथापि स्वच्छ खानेपानीमा पहुँच पुग्ने जनसङ्ख्या ९५ प्रतिशत नै छ । राष्ट्रिय जनगणना २०७८ मा उल्लिखित तथ्याङ्क अनुसार गाउँपालिका मा जम्मा घर धुरी ११२७ मध्ये मूलको पानी पाइप धाराबाट उपयोग गर्ने घरधुरी ९५ प्रतिशत रहेका छन् । गाउँपालिकाको सरसफाइको अवस्थालाई हेर्दा जम्मा घरधुरीमा ९५ प्रतिशतमा शौचालय सेप्टी ट्याङ्की भएका घरधुरी रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

संघिय सरकारले १६औं योजनामा खानेपानी तथा सरसफाइको क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । सबै नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्नु सबै खानेपानीका स्रोतलाई मानव निर्मित फोहोरबाट अलग राखी स्रोतको संरक्षण गर्नु फोहोरलाई मोहरमा रूपान्तरण गर्ने कार्यलाई जोड दिइएको छ । स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा स्थानीय सरकारमा खानेपानीको लागि दिगो र व्यवस्थित योजना भन्दा पनि वितरणमूखी योजनाले प्राथमिकता पाउने गरेको छ । सरसफाइ सम्बन्धी आनीबानी कमजोर हुनुका साथै यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास भइसकेको छैन । मुख्य बजारहरूमा प्लास्टिक तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध छैन । सार्वजनिक शौचालयमा साबुन, पानी आदिको नियमित व्यवस्थापन हुन सकिरहेको छैन । पहिरोको कारण वर्षै पिच्छे खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुँदै गइरहेको छ । खानेपानीका मुहानहरू बस्तीबाट टाढा हुनु, पाइपलाई मापदण्ड अनुसार जमिनमुनि नपुर्नु, कमजोर पाइप प्रयोग गर्नु मर्मत सम्भारमा उपभोक्ताको चासो कम हुनु, खानेपानीका पाइपहरू ठूला भिर पाखा तथा खोला खोल्सी हुँदै धारासम्म ल्याउनु, मर्मत सम्भार कोष र समितिको व्यवस्थापनमा कम ध्यान दिनु, आदि यस क्षेत्रका समस्याहरू हुन ।

### ५.३.३ सम्भावना तथा अवसर

सङ्घीय तथा प्रदेश सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई प्राथमिकतामा राख्नु गाउँपालिकामा जलस्रोत समिति गठन भई सक्रिय हुनु, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (स्थानीय खोला र मूल) को उपलब्धता रहनु, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस गाउँपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वच्छ खानेपानी र सरसफाइको माध्यमबाट घरपझोङ वासीको जीवनस्तरमा सुधार ल्याउनु ।

**उद्देश्य**

१. सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु,
२. गाउँपालिकाभित्र गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु,
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१. उद्देश्य १: सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने । | • विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>• खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ ।<br>• "एकघर एक धारा" कार्यक्रम निरन्तर लागु गरिनेछ ।<br>• नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: गाउँपालिकाभित्र गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | • आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>• सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>• निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>• व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१: प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | • निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | • घरबाट उत्पादन हुने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रसिक्षणको व्यवस्था गरिनेछ ।<br>• हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>• घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>• समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>• सरसफाइ सम्बन्धी जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ<br>• पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ । |

## ५.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 3 | गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | सङ्ख्या | | 1 | 500 | | | | | 500 | 0.06 |
| 1 | एक घर एक धाराको पूर्णता | एकमुस्ट | | | 1500 | 1500 | 1500 | 1500 | 1500 | 7500 | 0.84 |
| 1 | खानेपानी टंकी सुरक्षा कार्यक्रम र सचेतना कार्यक्रम सञ्चालन | एकमुस्ट | | | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |
| 2 | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | पटक | | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 3 | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | सङ्ख्या | 1 | 3 | | | | 2500 | 2500 | 5000 | 0.56 |
| 3 | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | सङ्ख्या | 0 | 50 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 3 | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | पटक | 0 | 5 | 250 | 250 | 250 | 250 | 250 | 1250 | 0.14 |
| 2 | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | एकमुस्ट | | | 200 | 200 | 200 | | | 600 | 0.07 |
| 2 | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | पटक | 0 | 10 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | **3950** | **3450** | **3450** | **5750** | **5750** | 22350 | 2.51 |

## ५.३.६ खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एक घर एक धाराको पूर्णता | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ६ | ५ | २.२ | ५ | २ | १ |
| १ | खानेपानी टंकी सूरक्षा कार्यक्रम र सचेतना कार्यक्रम सञ्चालन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ६ | ५ | २.२ | ५ | २ | १ |
| २ | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |
| ३ | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ६ | ५ | २.२ | ५ | २ | १ |
| ३ | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |
| ३ | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |
| २ | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |
| २ | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ६ | ५ | २.२ | ५ | २ | १ |

## ५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९५ | ९५ | ९६ | ९८ | ९९ | १०० | १०० | गाउँ प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाइ जनचेतनामा |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९५ | २५ | ३० | ४० | ५० | ६० | ६० | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९५ | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ९५ | ९५ | ९६ | ९८ | ९९ | १०० | १०० | | वृद्धि भएको हुने, फोहोर मैला र वातावरण प्रति जनचेतना वृद्धि भएको हुने, फोहोर मैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने |
| | | खानेपानीको स्रोत संरक्षण | सङ्ख्या | १ | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| प्रतिफल | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ९५ | ८८ | ९० | ९५ | ९८ | ९९ | ९९ | | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | ७ | १० | १० | १० | १० | १० | १० | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ९५ | ९१ | ९३ | ९५ | ९६ | ९८ | ९८ | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९८ | ९८ | ९८ | | |

### ५.३.८ अनुमान तथा जोखिम पक्ष

- आधारभूत पानीको अतिरिक्त स्वच्छ, सफा खानेपानीको सहज आपूर्ति हुनुका साथै सरसफाइमा पूर्ण आनीबानी परिवर्तन भएको हुनेः
- समयमा बजेट निकासा हुन नसकेमा खानेपानीसँग सम्बन्धित योजना/आयोजनाहरू सम्पन्न हुन नसकि खानेपानी व्यवस्थापनमा कठिनाइ आउन सक्छ ।
- महामारीका रोगहरूको सङ्क्रमणले सरसफाइमा चुनौती थपिन सक्छ ।
- भविष्यमा आउन सक्ने प्राकृतिक प्रकोपका कारण सरसफाइका कार्यक्रमहरू सञ्चालनमा सहज नुहुन सक्छ ।
- पानीका मूलहरूको उचित संरक्षणको अभावमा स्वच्छ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।
- ठूलो वर्षा, बाढी पहिरो, भूकम्प आदि प्राकृतिक प्रकोपको कारण खानेपानीका संरचनाहरू भत्किन गइ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानतायुक्त, सामाजिक न्यायसहितको समतामूलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ । आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्रशासनिक तथा राजनैतिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय एवं लिङ्ग (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य) तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानुनी संरक्षण समेत प्रदान गरेको छ ।

नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ ।

बहुआयामिक, बहुक्षेत्रगत एवं बहुराष्ट्रिय सङ्गठित अपराधको रूपमा विस्तार भएको मानव बेचबिखन, गैरकानुनी ओसारपसार, दुर्व्यवहार, शारीरिक, मानसिक वा यौनजन्य शोषणको जोखिम बढिरहेको अवस्था छ । यस सन्दर्भमा निरोध, उद्धार, पीडितको संरक्षण तथा पुनः स्थापना र कानुनी उपचार सम्बन्धी कार्यका लागि मानव बेच-बिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन् । साथै, नेपालले अन्तर्राष्ट्रिय स्तरमा बहु राष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महा सन्धिको मानव बेच-बिखन, विशेष गरी महिला र बालबालिकाको बेच-बिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायको सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) को अनुमोदन गरेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका

तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन। जस्तै धेरै वर्ष पुरानो कुरीति एवं कुप्रथाको अन्त्य, सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य, सीमान्तकृत वर्ग समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण, लक्षित वर्ग तथा समूहको अर्थपूर्ण सहभागिताको सुनिश्चितता आदि सवालहरू रहेका छन् । त्यसैगरी महिलाको योगदानको सम्मान गर्ने संस्कृतिको विकास, खास क्षेत्र, वर्ग र समुदायको लागि विशेष कार्यक्रम जस्ता सवालहरू स्थानीय सरकारको लागि चुनौतीका पहाड बनेर उभिएका छन् । स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन । गाउँपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा गाउँसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरणमुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधार आउन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जालहरू गठन भएको भएता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

स्थानीय सरकारको रूपमा स्थापित गाउँपालिकाले सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्ने प्रयास गर्दै आएको छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ गाउँपालिकाले कार्य गर्दै आएको छ । साथै लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके मात्र गाउँपालिकाले समतामूलक, समृद्ध गाउँपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशिल भई सङ्गठित हुनु आदि अवस्थाहरू अवसरका रूपमा रहेका छन् ।

## ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

घरपझोङ गाउँपालिकाका विद्यमान असमानता, अन्याय र विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने ।

**उद्देश्य**

1. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु,
2. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु,
3. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु,
4. अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने,
5. दलित तथा विपन्न समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: गाउँपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | • गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>• लैङ्गिक समानता प्राप्तिको लागि महिला-पुरुष दुबैको सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | • महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>• स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनः स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै गाउँपालिकामा राहत कोषको सञ्चालन गरिने छ । |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | • अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ ।<br>• सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा बालमैत्री स्थानीय शासन सहितको वातावरण तयार गरिनेछ ।<br>• बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेच विखन जस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>• अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ ।<br>• बाल-विवाह न्यूनीकरणका लागि उचित कदम चालिनेछ । |
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | • बालक्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | • बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३: बाल मैत्री वातावरणको विकास गर्ने । | • बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>• बालमैत्री स्थानीय शासनका माध्यमबाट बालअधिकार सूचकहरू पूरा गरी बाल मैत्री गाउँपालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | • आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>• आवश्यकता अनुसार जेष्ठनागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ। |
| ३.२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने | • ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तर पुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | • ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>• समाज र राष्ट्रको लागि पुर्‍याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।** | |
| ४.१: अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | • भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>• शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | • अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>• अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सीमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाहीकरण गर्नु ।** | |
| ५.१: दलित तथा सीमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चित ता गर्ने । | • गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सीमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>• दलित तथा सीमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ । |

## ५.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 2 | बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रम | सङ्ख्या | | 2 | 2500 | 2500 | 2500 | 2500 | 2500 | 12500 | 1.40 |
| 1 | एकल महिलाको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम | पटक | | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 4 | अपाङ्ग/असहाय/अशक्तको लागि आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | पटक | | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | महिलाको नेतृत्व विकास तथा आयआर्जन कार्यक्रम | पटक | | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | बालमैत्री/अपाङ्गमैत्री संरचना निर्माण | सङ्ख्या | 1 | 5 | 500 | 1000 | 1500 | 2000 | 2500 | 7500 | 0.84 |
| 3 | जेष्ठनागरिक सम्मान कार्यक्रम | पटक | 1 | 5 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| 2 | बाल उद्यान निर्माण | सङ्ख्या | 0 | 5 | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | 0.56 |
| 1 | महिला उद्यमशीलताका लागि सीप विकास तालिम कार्यक्रम | पटक | | 5 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 3 | जेष्ठनागरिक संरक्षक प्रोत्साहन कार्यक्रम | पटक | 0 | 5 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |
| 1 | किरिया घर निर्माण | सङ्ख्या | 0 | 5 | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | 0.56 |
| 5 | लक्षित वर्ग कानुनी साक्षरता कार्यक्रम | पटक | 0 | 5 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 5 | लक्षित वर्ग उद्यम विकास अनुदान कार्यक्रम | सङ्ख्या | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | **7900** | **8400** | **8900** | **9400** | **9900** | 44500 | 4.99 |

## ५.४.६ महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रम | सङ्घ/प्रदेश/ पालिका | गाउँ सभाले तोके बमोजिम | ५ | ६ | २.१ | ७ | १ | ३ |
| १ | एकल महिलाको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| ४ | अपाङ्ग/असहाय/अशक्तको लागि आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| १ | महिलाको नेतृत्व विकास तथा आयआर्जन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| २ | बालमैत्री/अपाङ्गमैत्री संरचना निर्माण | प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ५ | ६ | २.१ | ७ | १ | ३ |
| ३ | जेष्ठनागरिक सम्मान कार्यक्रम | पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| २ | बाल उद्यान निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ५ | ६ | २.१ | ७ | १ | ३ |
| १ | महिला उद्यमशीलताका लागि सीप विकास तालिम कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| ३ | जेष्ठनागरिक संरक्षक प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| १ | किरिया घर निर्माण | पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| ५ | लक्षित वर्ग कानुनी साक्षरता कार्यक्रम | पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |
| ५ | लक्षित वर्ग उद्यम विकास अनुदान कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ७ | १ | ३ |

## ५.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | निर्माण हुने संरचनाहरू लैङ्गिक सम्वेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरू लैङ्गिकमैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको |
| | | बालश्रम | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामूलक सेवा प्रभाव भएको हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | १० | | |
| | | पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | जेसी परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | ३ | | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल उद्यान | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ४ | १५ | | |
| | | बाल सञ्जाल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | ज्येष्ठनागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | महिला सञ्चाल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | ज्येष्ठनागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ११ | | |
| | | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा,विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता भएका बालबालिकालाई पोषण सहायता तथा आवश्यक सामाग्री सहायता | व्यक्ति | ० | १० | १० | १० | १० | १० | ५० | | |
| | | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | ६ | | |
| प्रतिफल | सामाजिक न्याय र समावेशीताको प्रत्याभूति हुनेछ । | अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | ४ | | |
| | | अपाङ्गता भएका व्यक्तिकालागि आर्थिक उपार्जन सहायताका लाभग्राही | जना | २५ | ३० | ३५ | ४० | ४५ | ५० | २०० | | |
| | | समाजमा रहेका विभिन्न कुरीतीहरू विरुद्ध तालिम | पटक | १ | २ | ३ | ४ | ५ | ६ | १८ | | |
| | | महिलाका लागि नेतृत्व विकास तथा उद्धोषण तालिम | व्यक्ति | ५० | १०० | १०० | १५० | २०० | २५० | ८०० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | परंपरागत संस्कृति संरक्षण -मादल बजाउने सीप विकास | व्यक्ति | ० | ३० | ३५ | ४० | ४५ | ५० | २०० | | |
| | | लैङ्गिक हिंसा विरुद्धको १६ दिने सचेतना अभियान | पटक | १ | १ | १ | १ | १ | १ | ५ | | |

### ५.४.८ अनुमान तथा जोखिम पक्ष

आवश्यक बजेट र प्रभावकारी कार्यक्रमको माध्यमद्वारा घरपझोङ गाउँपालिका लक्षित वर्ग मैत्री गाउँपालिका भएको प्रत्येक नागरिकले महसुस गर्नेछन्:

- देशमा ठूलो आर्थिक मन्दी भइ सङ्घ वा प्रदेशबाट विनियोजित रकम उपलब्ध हुन नसक्ने अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिन हुन सक्छ,
- वैदेशिक अनुदानको बजेट समयमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ,
- योजना कार्यान्वयनमा कारणवश प्रतिकूल परिस्थिति सिर्जना भइ कार्यान्वयन प्रक्रिया सहज नभएमा पनि कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ,
- प्राकृतिक विपत्तिका कारण महिला बालबालिकाको क्षेत्रमा विनियोजित बजेट कटौती वा रकमान्तर गरेर अन्य शीर्षकमा विनियोजन भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ,
- मानव जन्य विपदका कारण लक्षित वर्गको कार्यक्रम सञ्चालनमा चुनौती आउन सक्छ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

खेलले मानिसहरूलाई नियमहरूको बारेमा सिकाइ तनाव र चिन्ताबाट मुक्त हुन सहयोग पुऱ्याउँछ । त्यसैले खेलमैदान क्षमता अभिवृद्धि गर्ने ठाउँ मात्र नभई चौतर्फी विकास गर्ने ठाउँ हो । अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्त्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिका को विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । गाउँपालिका क्षेत्रमा ६ वटा युवा क्लबहरू रहेका छन् । समुदायस्तरका यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहँदै आएका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नु, विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, गाउँपालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदि यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगितामा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु आदि सवालहरूलाई चुनौतीका रूपमा हेरिएको छ । युवाहरूमा स्वयंसेवी

भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसाथ गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवं खेल संस्कृतिको विकास गर्ने जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

- राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने,
- युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयंसेवी भावना र असल संस्कारको विकास गर्ने,
- निजी क्षेत्रले समेत संस्थागत सामाजिक उत्तरदायित्व मार्फत योगदान गर्न अनिवार्य गर्ने,
- युवालाई अवसर प्रदान गर्दै परिचालन गर्ने,
- सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउने तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नका साथै युवाको स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण आदि जस्ता कार्यक्रमहरूलाई जोड दिएर सङ्घीय सरकारले आफ्नो १६औं योजनामा प्राथमिकता निर्धारण गर्ने,
- वित्तीय पहुँच विस्तार गरी यूवाहरूलाई स्वरोजगार बनाउने;
- गाउँपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगानी गर्ने,

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह बस्ती/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका रूपमा लिन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवाहरूको क्षमता विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने।

**उद्देश्य**

1. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
2. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.१ः विकासमा युवा सहभागिता बढाउने । | • विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• गाउँपालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२ः युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | • रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ ।<br>• युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३ः युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | • युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ ।<br>• वैदेशिक अध्ययन तथा रोजगारी बाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>• परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिक करण, र व्यवसायी करण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४ः युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | • सिर्जनात्मक अन्वेषण र नव प्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>• युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>• वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकतामा राखि युवाहरूलाई परिवार र समाज प्रति जिम्मेवारी गराइनेछ ।<br>• विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ । |
| **उद्देश्य २ः खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१ः खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | • खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ ।<br>• सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तर उन्नति र सुदृढ गरिनेछ<br>• प्रत्येक वडामा कवर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ |
| २.२ः खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | • खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>• खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ । |
| २.३ः योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा | • योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| संस्कृति जन्य खेलकुद विकास गर्ने । | • प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>• मनोरञ्जनात्मक तथा संस्कृति जन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>• लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | • राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवं पुरस्कार को व्यवस्था गरिनेछ ।<br>• स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>• विद्यालय तथा गाउँपालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>• खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## ५.५.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 2 | एक वडा एक खेल मैदान निर्माण | सङ्ख्या | 5 | 5 | 2500 | 2500 | 2500 | 2500 | 2500 | 12500 | 1.40 |
| 2 | खुला व्यायामशाला निर्माण | सङ्ख्या | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | पटक | 3 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | पटक | 0 | 5 | 150 | 150 | 150 | 150 | 150 | 750 | 0.08 |
| 1 | युवा रोजगार तालिम कार्यक्रम | पटक | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **युवा तथा खेलकुदको जम्मा** | | | | **4150** | **4150** | **4150** | **4150** | **4150** | 20750 | 2.33 |

## ५.५.६ युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | एक वडा एक खेल मैदान निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ६ | २.१ | ६ | ३ | ३ | ६ |
| २ | खुला व्यायामशाला निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ६ | २.१ | ६ | ३ | २ | ६ |
| २ | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २.१ | ६ | ३ | ३ |
| १ | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ६ | २.१ | ६ | ३ | ३ | ६ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | युवासँग रोजगार तालिम कार्यक्रम | पालिका | कार्यपालिका | ६ | २.१ | ६ | ३ | ३ | ६ |

## ५.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| युवा तथा खेलकुद | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाको नेतृत्वमा रहेको सङ्घसंस्था | प्रतिशत | ६ | ८ | १० | १२ | १४ | १५ | १५ | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | युवाहरूका लागि भएको लगानीमा वृद्धि भएको हुन, खेल पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | ० | २ | ५ | ८ | १० | १२ | १२ | | |
| असर | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आवद्धता | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | २० | ४० | ६० | ८० | १०० | १२० | १२० | | |
| | | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | ६ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | ५ | ६ | ८ | १० | १५ | २५ | २५ | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | खेल मैदान भएका विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | पालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | | |

| युवा तथा खेलकुद | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | सफल एवं क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | योगा प्रशिक्षण | पटक | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | कवर्डहल | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |

### ५.५.८ अनुमान तथा जोखिम पक्ष

सीप विकास र स्थानीय रोजगारीका अवसरहरूमा वृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको सङ्ख्या बढेर गएको हुनेछ ।

- तीव्र बसाइ सराइलाई समयमा व्यवस्थापन गर्न नसके ग्रामीण क्षेत्रमा युवा तथा खेलकुद कार्यक्रममा चुनौती थपिन सक्छ ।
- दैवी प्रकोप वा अन्य कुनै महामारी परिस्थिति सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- युवा विदेशिने दरमा कटौती हुन नसके युवा तथा खेलकुद कार्यक्रममा चुनौती आउन सक्छ ।
- आर्थिक मन्दीले बजेट प्राप्त हुन नसकेमा कार्यक्रम कार्यान्वयन नुहुन सक्छ ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

पूर्वाधार विकास आधुनिक मानव विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, भवन, विद्युत, टेलिफोन, सिँचाई आदि भौतिक पूर्वाधारका विषयहरू हुन । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित वस्ति तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले (Sustainable Development Goals) निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगो पना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

घरपझोङ गाउँपालिकाको हालको बसोबास र अन्य भू-उपयोगको अवस्था विश्लेषण गर्दा जनसङ्ख्या, व्यावसायिक तथा प्रसासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र, मूल बस्ती क्षेत्र आदिको आधारमा वडा नं. १, २, ३, ४ र ५ सबै वडाहरूलाई बेनी- जोमसोम राजमार्गको प्रभावसँगै अर्ध सहरी बस्तीको रूपमा विकास हुँदै गरेको देखिन्छ । ग्रामिण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत, जस्ता गतिबिधिले गर्दा गाउँपालिका कतिपय वडाहरू कृषि तथा प्राकृतिक स्रोत केन्द्रको रूपमा रहेका छन् ।

गाउँपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ । यो अवधारणालाई सङ्घीय सरकारले पनि १६औ पञ्चवर्षीय योजनाको अवधारणामा उल्लेख गरिसकेको छ । गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय आधार पत्र (२०८१/८२-२०८५/८६) ले दिगो तथा उत्थानशील पूर्वाधार अन्तर्गत पूर्वाधारलाई व्यवस्थित, गुणस्तरमा जोड दिएको छ ।

## ६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गीकार गरेको छ भने राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तर्देशीय अन्तर आबद्धता वृद्धि गर्ने र दिगो सहरी तथा वस्ति विकास गर्नलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गीकार गरेको छ । १६ औ योजनामा योजनाबद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकासलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ भने बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील, एवं सांस्कृतिक तथा पुरातात्विक महत्त्व कायम हुने गरी सुरम्य सहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशीलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन सहर, नयाँ सहर र सहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने, व्यवस्थित वस्ति विकास कार्यक्रम सञ्चालन गर्ने, सङ्घ र प्रदेशको मापदण्डको अधीनमा रही एकीकृत वस्ति विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

घरपझोङ गाउँपालिकाको कुल क्षेत्रफलको करिब ०.५२ प्रतिशत जमिन आवासीय क्षेत्रले ओगटेको छ भने सार्वजनिक क्षेत्रमा करिब ०.५३ प्रतिशत भूमि रहेको देखिन्छ । गाउँपालिकाका करिब ३३.१ प्रतिशत घरहरू पक्की संरचनाका छन् भने गाउँपालिका भरी मापदण्ड बमोजिम निर्माण भएको भवन करिब १३ प्रतिशत रहेको छ । गाउँपालिका भित्र ४ वटा वडा कार्यालय सहित ५४ वटा सामुदायिक भवनहरू रहेका छन् । यस गाउँपालिकाको विशाल प्रशासकीय भवनको साथै स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र समेत रहेको छ, जुन विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्रको (Disaster Risk Management and climate change adaptation Learning Centre) रूपमा पालिकाकै परिसरमा रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशिल न हुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ । अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित गाउँपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ ।

### ६.१.३ सम्भावना तथा अवसर

पालिकाको ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त वस्ति बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदिलाई सम्भावनाका रूपमा लीन सकिन्छ । ग्रामीण क्षेत्रमा यातायात तथा सञ्चारका कारण धेरै वस्तिहरू बजार उन्मुख हुँदै जानु आदि पनि यो क्षेत्रको लागि अवसर हो भन्न सकिन्छ । भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित वस्ति विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि विद्यमान छन् । गाउँपालिका बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भैरहेका छन् । यसका अतिरिक्त गाउँपालिकाले विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यावसायिक संस्थाहरू, सञ्चारकर्मीहरू तथा योजना तर्जुमा टोली लाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ ।साथै नयाँ क्षेत्रमा वस्ति एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर पनि त्यत्तिकै बलियो रहेको छ ।

## ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सुरक्षित, व्यवस्थित आवास तथा वस्ति विकास विस्तारसँगै सांस्कृतिक एवं पर्यटकीय आकर्षणको केन्द्र निर्माण हुने ।

**उद्देश्य**

१. सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु ।
२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु ।** | |
| १.१: सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा वस्ति विकास गर्ने | १. भू उपयोगका आधारमा निजी क्षेत्रसँगको सहकार्य गर्दै एकीकृत आवास तथा वस्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरू निर्माण गरिनेछ ।<br>२. आवास तथा वस्ति विकासको प्रवर्द्धनका लागि आवश्यक सबै प्रकारका सहरी पूर्वाधार सहित सुरक्षाको प्रबन्ध मिलाइनेछ ।<br>३. प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा बसोबास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित वस्ति विकास गरिनेछ ।<br>४. ग्रामीण वस्तिहरूमा सबै प्रकारका आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउँदै संभाव्यताका आधारमा एकीकृत वस्ति विकास गरिनेछ ।<br>५. सम्पूर्ण वडाहरूमा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालन गरिनेछ (डिजिटल समेत) ।<br>६. आरोग्य केन्द्र, योग शिविर, जेष्ठनागरिक हेरचाह केन्द्र, , वाल मनोरञ्जन केन्द्र जस्ता पूर्वाधारको निर्माण गरिनेछ । |
| १.२: जोखिम क्षेत्रमा बसोबास गर्ने तथा अति विपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने | १. शारीरिक रूपमा पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल, वेसहारा, असहाय ज्येष्ठ नागरिक आश्रय भवन तथा केन्द्रको व्यवस्था मिलाइनेछ ।<br>२. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइने छ । विपत र जोखिममा परेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिने छ ।<br>३. न्यून आय भएका, दैनिक ज्याला तथा मजदुरीबाट जीवन गुजारा गर्ने श्रमशक्तिहरूका लागि सामुदायिक भवनहरू निर्माण गर्दै सुरक्षित बसोबासको व्यवस्था मिलाइनेछ ।<br>४. सहर, बजार क्षेत्रमा अनधिकृत रूपमा बसोबास गर्ने घरपरिवारको पहिचान तथा यथास्थिति सङ्कलन गर्दै आवास कार्यक्रममा आबद्ध गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य २ः वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।** | |
| २.१ः प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरू निर्माण गर्दै विपद् उत्थानशील बनाउने । | १. सार्वजनिक एवं निजी भवनहरूलाई अनिवार्य रूपमा प्रकोप प्रतिरोधात्मक बनाइनेछ ।<br>२. राष्ट्रिय भवन संहितालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>३. नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचबुझ एवं निर्माण अनुमति जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>४. ईटा, माटोबाट बनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरूको प्रवलीकरण गर्न स्थानीयहरूलाई प्रोत्साहित गरिनेछ।<br>५. सार्वजनिक भौतिक संरचनाहरू बालमैत्री, अपाङ्गमैत्री, महिला तथा ज्येष्ठ नागरिक मैत्री बनाइनेछ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ । |
| २.२ सहरीकरणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने । | १. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै सहरी पूर्वाधारहरू निर्माण एवं सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइनेछ । सभाहल निर्माण गर्दा बहुउद्देश्यीय लाभको सिद्धान्तलाई अङ्गीकार गरिनेछ ।<br>३. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा मुख्य-मुख्य बजार क्षेत्रहरूमा बहुउद्देश्यीय व्यापारिक भवनहरू निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।<br>४. सम्भाव्यता अध्ययनका आधारमा गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा व्यवस्थित बसपार्कको निर्माण गरी सार्वजनिक–निजी साझेदारीको अवधारणामा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक जग्गालाई संरक्षित एवं अतिक्रमण हुनबाट जोगाउँदै लिज अवधारणामा खुल्ला क्षेत्रहरूमा खेलकुद मैदान, मनोरञ्जन पार्क, उद्यानहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ |

## ६.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 2 | वडा कार्यालय स्तरोन्नती | सङ्ख्या | 0 | 5 | 2500 | 2500 | 2500 | 2500 | 2500 | 12500 | 1.40 |
| 2 | आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण | सङ्ख्या | 7 | 10 | 10000 | 10000 | 10000 | | | 30000 | 3.37 |
| 1 | एक वडा एक बहुउद्देश्यीय सामुदायिक भवन | सङ्ख्या | 0 | 5 | 1500 | 1500 | 1500 | 1500 | 1500 | 7500 | 0.84 |
| 1 | एक वडा एक पार्क व्यवस्थापन | सङ्ख्या | 0 | 5 | | | | 5000 | 7500 | 12500 | 1.40 |
| | **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | **14000** | **14000** | **14000** | **9000** | **11500** | 62500 | 7.01 |

## ६.१.६ आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | वडा कार्यालय स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ९ | १ | ३.१ | ५ | ३ | ३ |
| २ | आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | ३.१ | ५ | ३ | ३ |
| १ | एक वडा एक बहुउद्देश्यीय सामुदायिक भवन | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | ३.१ | ५ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एक वडा एक पार्क व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | ३.१ | ५ | ३ | ३ |

## ६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास भएको हुने । | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ३१.१ | ३२ | ३५ | ३८ | ४० | ४५ | ४५ | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र गाउँपालिकाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुने |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| असर | भौगोलिकरूपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुने | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| | | निर्माण भएका बस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुने । | कार्यपालिका भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | वडाकार्यालय भवन | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | | कर्मचारी आवास | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| | | सामुदायिक भवन | सङ्ख्या | १२ | १३ | १४ | १५ | १६ | १७ | १७ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुने ।<br>विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सचालन भएको हुने । | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | १ | २ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | १ | २ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | २ | ५ | १२ | १४ | १६ | १८ | १८ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | २ | ५ | १२ | १२ | १२ | १२ | १२ | | |
| | | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | ० | ५ | १० | १५ | २० | २० | | |

### ६.१.८ अनुमान तथा जोखिम पक्ष

सबै वस्तिहरू सुरक्षित हुनुका साथै व्यवस्थित र दिगो सार्वजनिक निर्माणका संरचनाबाट सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।

- प्राकृतिक प्रकोप, वा अन्य कुनै कारणले विशेष अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।
- आन्तरिक राजस्वको रकमबाट विनियोजित रकमसँग सम्बन्धित कार्यक्रमहरू आन्तरिक राजस्व सङ्कलन हुन नसकेमा कार्यान्वयनमा समस्या आउन सक्छ ।
- बाढी पहिरोबाट स्थानीय वस्तिहरूमा नोक्सान हुन गएमा वा वस्ति हस्तान्तरण गर्न पर्ने भएमा बजेट नपुग हुन सक्छ ।
- बाह्य स्रोतबाट सञ्चालन गरिने योजना/आयोजनाहरू बाह्य स्रोत समयमा उपलब्ध हुन न सकेमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

## ६.२ सडक, पुल तथा यातायात व्यवस्था

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ । देशको समग्र विकासमा गुणस्तरीय भौतिक पूर्वाधार र त्यसका विविध पक्षहरू बीचको अन्तर आवद्धताको महत्त्वपूर्ण भूमिका रहन्छ । पूर्वाधारको संरचना दिगो, गुणस्तरीय र वातावरण एवं जलवायु संवेदनशील, हरित, उत्थानशील र समावेशी हुन सक्दा उत्पादन र उत्पादकत्व बढ्न गई राष्ट्रिय आयमा समेत बढोत्तरी हुन्छ (१६औं योजना)। यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रूपान्तरणका लागि बलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाई र रज्जुमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय हुनुपर्ने आजको आवश्यकता हो ।

प्रदेशको सडक पूर्वाधारलाई व्यवस्थित, गुणस्तरीय, उत्थानशील तथा दिगो बनाउन प्रदेश सवारी तथा यातायात ऐन र तत्सम्बन्धी नियमावली लगायत सडक सुधार विकास, स्तरोन्नती र सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना लागु भएका छन् (गण्डकी प्रदेश-दोस्रो पञ्चवर्षीय योजना) । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरूको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

नेपाल ग्रामीण सडक मापदण्ड **(NURS)** २०७६ अनुसार नेपालका सडकहरूलाई आवागमनको प्रकार, उपयोगको प्रकृति, सडकको रूपरेखा बाटोको चौडाइ र भौगोलिक विशेषताका आधारमा चार प्रकारमा विभाजन गरिएको छ ।

**क) मूल सडक (Arterial Roads):** मूल सडक भनेको यातायातको मुख्य मार्ग हुन्, जसले सहरहरू, प्रमुख स्थानहरू, र उच्च घनत्व भएका क्षेत्रहरूलाई जोड्ने महत्त्वपूर्ण सडकहरू हुन । यी सडकहरूको मुख्य उद्देश्य यातायातको सहज प्रवाह सुनिश्चित गर्नु हो, जसले गर्दा लामो दूरीको यात्रा, व्यावसायिक यातायात र ठूलो परिमाणको यातायात व्यवस्थापन गर्न सकिन्छ। आर्टेरियल सडकहरू कुनै पनि सहर वा देशको यातायात नेटवर्कको मेरुदण्ड मानिन्छन्, जसले यातायात व्यवस्थापन, आर्थिक विकास, र सामाजिक गतिशीलतामा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

**ख) सहायक सडक (Sub-arterial Roads):** सहायक सडक (Sub-Arterial Roads) भनेका मुख्य (आर्टेरियल) सडकहरूसँग जोडिएका र मध्यम यातायातको प्रवाहलाई व्यवस्थापन गर्ने सडकहरू हुन । यी सडकहरूले शहरी र ग्रामीण क्षेत्रहरूलाई प्रमुख सडकहरूसँग जोड्छन र यातायातलाई थप सजीव बनाउँछन् । सहायक सडकहरूले कुनै पनि शहरी वा ग्रामीण क्षेत्रको यातायात प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउँछन्, जसले समग्र यातायात व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

**ग) शा**

**खा सडक (Distributor/Collector Roads):** डिस्ट्रिब्युटर वा कलेक्टर सडकहरू (Distributor or Collector Roads) भनेका मुख्य आर्टेरियल सडकहरू र सब-आर्टेरियल सडकहरू बीचको जडानलाई व्यवस्थापन गर्ने

सडकहरू हुन । यी सडकहरूले आवासीय, व्यापारिक, र अन्य स्थानिय क्षेत्रहरूलाई मुख्य सडकहरूसँग जोड्छन् र यातायातलाई वितरण र सङ्कलन गर्ने भूमिका खेल्छन । डिस्ट्रिब्युटर वा कलेक्टर सडकहरूले शहरी र ग्रामीण क्षेत्रका यातायात व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्, जसले समग्र यातायात प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउँछ ।

**घ) स्थानीय सडक** (Local Roads): स्थानीय सडक भनेको आवासीय, व्यावसायिक, र अन्य स्थानिय क्षेत्रहरूमा यातायातको पहुँच र सुविधा प्रदान गर्ने सडकहरू हुन । यी सडकहरूले स्थानिय क्षेत्रहरूलाई मुख्य र सब-आर्टेरियल सडकहरूसँग जोड्छन र दैनिक आवागमनलाई सहज बनाउँछन् । स्थानीय सडकहरूले कुनै पनि क्षेत्रको सामुदायिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्, जसले दैनिक आवागमन, सुरक्षा, र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्छ ।

***सडक चौडाइको व्यवस्था***

| क.स. | सडकको किसिम | न्यूनतम RoW (m) | Set Back (m) | सम्भावित फुटपाथ चौडाइ (m) |
|---|---|---|---|---|
| १ | मुल सडक (क वर्गका मुल सडकहरू SRN र PRN) | १५ | ३ | - |
| २ | सहायक सडक (ख वर्गका सडकहरू ) | १० | २.० | ८ |
| ३ | शाखा सडक (ग वर्गका सडकहरू ) | ८ | १.५ | ५.५ |
| ४ | स्थानीय सडक ( घ वर्गका सडकहरू ) | ६ | १.५ | ३.७५ |
| ५ | अन्य सडकहरू | ४ | १.५ | - |
| ६ | पदमार्ग | २ | - | - |

**गाउँपालिका स्तरीय सहायक सडक (ख वर्गका सडकहरू)**

सहायक सडक (Sub-Arterial Roads) भनेका मुख्य (आर्टेरियल) सडकहरूसँग जोडिएका र मध्यम यातायातको प्रवाहलाई व्यवस्थापन गर्ने सडकहरू हुन । गाउँपालिका स्तरका सहायक सडकहरू मुल सडकहरूको विकल्पको रूपमा काम गर्छन । यी सडकहरूले शहरी र ग्रामीण क्षेत्रहरूलाई प्रमुख सडकहरूसँग जोड्छन् र यातायातलाई थप सजीव बनाउँछन् । सहायक सडकहरूले कुनै पनि शहरी वा ग्रामीण क्षेत्रको यातायात प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउँछन्, जसले समग्र यातायात व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसप्रकारका सडकहरूको RoW १० मिटर हुन्छ ।

वर्तमान अवस्थामा यस गाउँपालिकाको "**गाउँपालिका सडक गुरुयोजना**" तयार भै सकेको अवस्था छ घरपझोङ गाउँपालिका मुख्य सडक सञ्जालमा कोरला - त्रिवेणी सडक जुन राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको बेनी-जोमसोम खण्ड समेत करिब १५.८१ किलोमिटर - राष्ट्रिय राजमार्ग (SRN) घरपझोङ गाउँपालिका हुँदै गएको छ । गाउँपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भइरहेको छ । गाउँपालिका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालू रहेको छ । ग्रामीण वडाको हकमा भने जिप, भ्यान, ट्याक्टर लगायतका यातायातका साधन सञ्चालन हुने गरेको छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन् । बजार क्षेत्रमा सडकको अवस्था राम्रो

रहेको छ भने ग्रामीण क्षेत्रमा कच्चि सडक रहेको छ । गाउँपालिका सबै वडाहरू सडक संजालसँग जोडिएका छन् ।

### ६.२.२ समस्या तथा चुनौती

घरपझोङ गाउँपालिकाको प्रमुख समस्या भनेको विगतमा विना इन्जिनियरिङ ट्र्याक नमिलाइकन प्रत्येक घर-घर पुग्ने गरी खनिएका ग्रामीण सडकहरू जुन छोटा र सहज पहुँच पुग्ने प्रकृतिका छैनन् । यी सडकहरूमा यात्रा गर्दा समय बढी लाग्ने, घुमाउरो अनि इन्धन बढी खाने तथा सडकको ग्रेड पनि नमिलाइकन खनिएका सडकहरू हुन । अहिले यीनै सडकहरूको स्तर उन्नति गर्दा झनै बढी लागत लाग्नका साथै ट्राफिक मापदण्ड कायम गर्न पनि कठिनाइ हुने देखिएका छन् । मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, आदि लाई यहाँका समस्याका रूपमा चित्रण गर्न सकिन्छ । सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, पनि समस्याहरू हुन । साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

### ६.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाको सडक गुरु **(Municipality Transportation Master Plan-MTMP )** योजना तयार भै सकेको अवस्था छ । घरपझोङ गाउँपालिकाका प्राय सबै वस्तिहरूमा ग्रामीण सडकको पहुँच पुगिसकेको छ । यातायातको क्षेत्रमा गाउँपालिकाको अबको कार्य भनेको कम्तीमा पनि गाउँ कार्यपालिकाको कार्यालय (केन्द्र) देखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरू कालोपत्रे गर्ने रहेको छ । गाउँपालिकाभित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, गाउँपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यस क्षेत्रका सम्भावनाहरू हुन । त्यसैगरी यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगमा वृद्धि हुनु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुनु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, फराकिला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन ।

### ६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास हुने।

**उद्देश्य**

१. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।
२. यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।

## रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।** | |
| १.१: सडक, पुलहरूको गुणस्तर सुधार, मर्मत सम्भार एवं स्तरोन्नति गर्ने । | १. प्रमुख पर्यटकीय क्षेत्रमा जाने सडकलाई विशेष प्राथमिकताका साथ सांस्कृतिक सडकका रूपमा विकास गरिनेछ ।<br>२. स्थानीय यातायात कानुन तर्जुमा गरिनेछ ।<br>३. सडक मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>४. यातायात गुरुयोजनाको पूर्ण कार्यान्वयन गरिनेछ ।<br>५. सवारी पार्किङ कार्यविधि तथा आचार संहिता तयारी गरिनेछ ।<br>६. सडक अभिलेख अद्यावधिक गरिनेछ ।<br>७. उपयुक्त सडकमा मात्र अटोरिक्सा सञ्चालनको अनुमति प्रदान गरिनेछ ।<br>८. आवश्यक स्थानहरूमा यात्रु प्रतीक्षालयको व्यवस्था गरिनेछ ।<br>९. पक्की सडकमा सडक लेन निर्धारण, सवारी सङ्केत तथा चिन्ह, जेब्रा क्रसिंग को व्यवस्था गरिनेछ ।<br>१०.सडक निर्माणमा बायो इन्जिनियरिङ प्रणालीलाई प्राथमिकता दिइनेछ ।<br>११.पूर्वाधार विकास समिति र सम्बन्धित शाखालाई पूर्ण जनशक्ति सहित प्रविधिमैत्री बनाइनेछ ।<br>१२.सडक खण्डहरू नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तर कायम राखिनेछ ।<br>१३.आवश्यकता एवं भू—बनौटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कलभर्ट निर्माण गर्दै वर्षे भल पानी पनि व्यवस्थित हुने गरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय बनाइनेछ ।<br>१४.सडक किनारा दायाँबायाँ आवश्यकताका आधारमा बायो इन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवं वातावरणमैत्री बनाइनेछ ।<br>१५.मुख्य-मुख्य एवं बजार क्षेत्रका सडकहरूमा यात्रु प्रतीक्षालय, सडक फर्निचर, ट्राफिक चिन्ह, युटिलिटी कोरिडरहरू निर्माण गरी सडकलाई व्यवस्थित गरिनेछ<br>१६.सडक मापदण्ड कार्यविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सडकको क्षेत्राधिकार निर्धारण गरी सडकलाई वर्गीकरण, नामाङ्कन, रेखाङ्कन, नक्साङ्कन एवं चौडा विस्तार गरिनेछ । |
| १.२: सडक सञ्जाल विकास विस्तार गर्दै अन्तरपालिका आबद्धता बढाउने । | १. यातायात व्यवस्थापनमा पालिका भित्रका सबै वडाहरूमा पहुँचको लागि फाष्ट ट्याक निर्माण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. सबै वस्ति, पर्यटकीय क्षेत्र एवं वडा केन्द्रहरू सम्म सडक सञ्जाल विस्तार गरिनेछ ।<br>३. अन्तरपालिका जोड्ने सडकहरू विस्तार, स्तरोन्नति एवं नयाँ निर्माण गरी सडक सञ्जाल विकास गरिनेछ ।<br>४. जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसँग जोडिने गरी सडक विस्तार गर्दै बाह्य क्षेत्रसँगको अन्तर आबद्धता बढाइनेछ<br>५. सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी बनाउन यातायात गुरुयोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>६. स्थानीय सडकहरूको संरक्षण एवं सो माथि अपनत्व सिर्जना गर्न टोल विकास संस्थालाई जिम्मेवार बनाइनेछ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइनेछ । |
| **उद्देश्य २: यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।** | |
| २.१: सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै सहज र सर्वसुलभ बनाउने । | १. गाउँपालिकाभित्रका प्रमुख वस्ति तथा बजार क्षेत्रहरूलाई समेटिने गरी सिटीवस सञ्चालनमा ल्याइनेछ । यसका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>२. सबै वस्ति क्षेत्रसम्म सार्वजनिक यातायात सेवालाई विस्तार गरी यातायात सेवामा पहुँच अभिवृद्धि एवं सर्वसुलभ बनाइनेछ । स्थानीय यातायात रुटको व्यवस्था मिलाउँदै बसपार्कबाट विभिन्न गन्तव्यमा सञ्चालन हुने गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिनेछ । सम्भाव्यता अध्ययनका आधारमा व्यवस्थित बसपार्क निर्माण गरिनेछ र जथाभाबी सवारी साधनहरू पार्किङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।<br>३. ट्राफिक प्रहरीसँग सहकार्य गर्दै सवारी दुर्घटनामा न्यूनीकरण ल्याइने छ र सवारी साधनबाट हुँदै आएको प्रदूषणलाई नियन्त्रण गरिनेछ ।<br>४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सहजता एवं सुरक्षालाई समेत ध्यान दिँदै सार्वजनिक यातायातलाई सहज एवं बालमैत्री, अपाङ्गमैत्री बनाइनेछ । |
| २.२: यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने । | १. बढी वातावरण प्रदूषण गर्ने, पुराना, थोत्रा तथा २० वर्ष आयु नाघेका सवारी साधनहरूलाई विस्थापित गर्दै निश्चित क्षेत्रहरूमा प्रवेश निषेध गरिनेछ ।<br>२. विद्युतीय, वातावरणमैत्री सवारी साधनको उपयोगका लागि निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>३. विद्युतीय गाडी सञ्चालनकालागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

## ६.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | सबै वडा केन्द्रसम्म सर्वयाम सडक निर्माण | कि.मि. | - | 5 | | 5000 | | 10000 | | 15000 | 1.68 |
| 1 | मर्फा—धौलागिरी आधार सिबिर जाने अन्दाजी १५ कि.मी. सडक निर्माण | कि.मि. | - | 15 | 3000 | 3000 | 3000 | 3000 | 3000 | 15000 | 1.68 |
| 1 | सपि कृषि सडक अन्दाजी ३ कि. मी.सडक निर्माण | कि.मि. | - | 3 | | 5000 | 1000 | 1500 | | 7500 | 0.84 |
| 1 | थाङधुङ देखि चिनीछाङ हुँदै छ्योतिम भाकल सम्म नयाँ सडक ट्र्याक निर्माण | कि.मि. | - | 5 | | 2500 | | 3000 | | 5500 | 0.62 |
| 1 | ढुम्बाको स्कुल मुनि देखि नले हुँदै पुल्चोक सम्मको बाटो मर्मत गरी स्तर उन्नती । | कि.मि. | - | 4 | 2000 | 3000 | 4000 | 5000 | 4000 | 18000 | 2.02 |
| 1 | घट्ट खोला — चिखेल मैदान जाने १ कि. मी. सडक निर्माण । | कि.मि. | - | 1 | | | 5000 | 10000 | | 15000 | 1.68 |
| 1 | कोशेली चोकबाट तल्लो काङनी गेट सम्म करिब १ कि. मी. सडक निर्माण | कि.मि. | - | 1 | | | | | 10000 | 10000 | 1.12 |
| 1 | भोङबाट— मेलच्याङ जाने झोलुङ्गे पुल निर्माण । | कि.मि. | - | 8 | | 2500 | 3000 | | | 5500 | 0.62 |
| 1 | ढुम्बा खोलामा मोटरेवल पुल निर्माण | कि.मि. | - | 1 | | | | 20000 | 20000 | 40000 | 4.49 |
| 1 | ढुम्बा र वडा नं ३ जोड्ने पुल निर्माण | कि.मि. | - | 1 | 3000 | 10000 | 10000 | | | 23000 | 2.58 |
| 1 | बसपार्क पिच /ढलान | कि.मि. | - | 1 | | 5000 | 10000 | | | 15000 | 1.68 |
| 1 | जोखिमयुक्त सडक क्षेत्रमा सडक बार निर्माण | सङ्ख्या | - | 5 | | | 0 | 2000 | 40000 | 42000 | 4.71 |
| 1 | ट्राफिक सङ्केत तथा सडक सूचना पाटी व्यवस्थापन | सङ्ख्या | - | 5 | | | 1000 | | | 1000 | 0.11 |
| | **सडक तथा यातायातको जम्मा** | | | | **8000** | **36000** | **37000** | **54500** | **77000** | 212500 | 23.84 |

## ६.२.६ सडक तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सबै वडा केन्द्रसम्म सर्वयाम सडक निर्माण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | मर्फा—धौलागिरी आधार सिबिर जाने अन्दाजी १५ कि.मी. सडक निर्माण | सङ्घ/प्रदेश/पालिका | फेवा मार्ग | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | सपि कृषि सडक अन्दाजी ३ कि. मी.सडक निर्माण | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | थाङधुङ देखि चिनीछाङ हुँदै छ्योतिम भाकल सम्म नयाँ सडक ट्र्याक निर्माण | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | ढुम्बाको स्कुल मुनि देखि नले हुँदै पुल्चोक सम्मको बाटो मर्मत गरी स्तर उन्नती । | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | घट्ट खोला - चिखेल मैदान जाने १ कि. मी. सडक निर्माण | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | कोशेली चोकबाट तल्लो काङनी गेट सम्म करिब १ कि. मी. सडक निर्माण | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | भोङबाट- मेलच्याङ जाने झोलुङ्गे पुल निर्माण । | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | ढुम्बा खोलामा मोटरेवल पुल निर्माण । | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | ढुम्बा र वडा नं ३ जोड्ने मोटरेवल पुल निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | बसपार्क पिच / ढलान | सङ्घ/प्रदेश/पालिका | | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | जोखिमयुक्त सडक क्षेत्रमा सडक बार निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ११ | १ | ३.२ | ५ | ३ | ३ |
| १ | ट्राफिक सङ्केत तथा सडक सूचना पाटी व्यवस्थापन | पालिका | सबै वडा | ११ | १ | ३.२ | ५ | ३ | ३ |

## ६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सङ्घ, प्रदेश तथा गाउँपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९५ | ९५ | ९५ | गाउँपालिका प्रोफाइल, पालिका प्रगति विवरण, प्राविधिक शाखा | जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | सर्वयाम सडक | कि.मि. | ७८ | ९८ | १०८ | १२० | १४० | १६० | १६० | | |
| असर | योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेको पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० | | |
| प्रतिफल | पालिकाको सडक संजाल सुदृढ भएको हुनेछ । छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन भएको हुने । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | ४० | | |
| | | बायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | १.५ | २ | २.५ | ३ | ३.५ | ४ | ४ | | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार भएको हुनेछ । | मुल सडक (क वर्गका मुल सडकहरू SRN र PRN) | | ३२.२१ | ३५ | ३८ | ४० | ४५ | ५० | ५० | | |
| | | सहायक सडक (ख वर्गका सडकहरू ) | कि.मी. | ४४.४३ | ५० | ५५ | ५८ | ६० | ७० | ७० | | |
| | | शाखा सडक ( ग वर्गका सडकहरू ) | कि.मि. | ४१.४९ | ५० | ६० | ७० | ८० | ८५ | ८५ | | |
| | | स्थानीय सडक (घ वर्गका सडकहरू) | | ४.०२ | ७ | १० | १५ | १८ | २० | २० | | |
| | | कालोपत्रे | कि.मि. | १५.८१ | १८ | २५ | ३० | ३५ | ४० | ४० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | पदमार्ग (Foot Trails) | कि.मि. | ९.९० | १५ | २० | २५ | ३० | ४० | ४० | | |
| | | सडक पेटी | कि.मि. | ० | ३ | १० | १५ | २० | २५ | २५ | | |

### ६.२.८ अनुमान तथा जोखिम पक्ष

सुविधा सम्पन्न सडक सञ्चालबाट आर्थिक वृद्धि हुनुका साथै मानवीय गतिविधिहरू सहज भएका हुनेछन् ।

- अति वृष्टि, अति वर्षा, बाढी पहिरो भूकम्प आदि कारणले सडक पुल तथा यातायातसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा अवरोध आउन सक्छ
- महामारीका रोगहरूको प्रकोपका कारण सङ्क्रमण फैलिए निर्माण कार्य सहज नभएमा जोखिम हुन सक्छ ।
- समयमा ठेक्का नभएर वा ठेकेदारले तोकिएको समयमा काम सम्पन्न नगरेका कारण समस्या आउन सक्छ ।
- बाह्य स्रोतको बजेट प्राप्त नभएर काम समयमा सम्पन्न नहुँदा समस्या आउन सक्छ ।
- स्थानीय राजस्व वृद्धिमा समस्या आइ योजना सम्पन्न गर्न बजेट अभाव भएमा पनि समस्या आउन सक्छ
- देशबाट निर्मित कानुन आदेश वा अन्य संवैधानिक प्रावधानका कारण पनि समयमा नै योजना सम्पन्न गर्ने कार्यमा जोखिम आउन सक्छ ।

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधानमा राखिएको छ । नेपालको १६औं योजनाले लगानी पर्याप्तता सुनिश्चित गरी दिगो र गुणस्तरीय ऊर्जा उत्पादन गर्नु, ऊर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्नु, उत्पादनशील विद्युतको लागि आवश्यक प्रसारण तथा वितरण लाइन निर्माण तथा विस्तार गर्नु र उत्पादित ऊर्जाको आन्तरिक उपभोग बढाउनका साथै निर्यात वृद्धि गर्नु, नवीकरण ऊर्जाको नया स्रोत तथा अवसरको उपयोग गर्ने नीति लिएको छ । त्यसरी नै गण्डकी प्रदेश सरकारले दोस्रो पञ्च वर्षीय योजनमा जलस्रोत तथा ऊर्जाको क्षेत्रमा सङ्घीय सरकारकै अनुकरण गरेको पाइन्छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

घरपझोङ गाउँपालिको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९७.३ प्रतिशत) विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार १.९ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । पालिकाले विद्युतीय ऊर्जालाई पूँजी निर्माणको प्रमुख स्रोतका रूपमा विकास गर्न आवश्यक छ । राष्ट्रिय स्तरको लाइनबाट बिद्युत सेवा सञ्चालनमा छ । गाउँपालिकाले अनुदानमा एकल महिलाको लागि सोलार बितरण गरिएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

न्यून सङ्ख्यामा विद्युत ट्रान्समिटर र कमजोरका कारण विद्युत सेवा समय समयमा अवरुद्ध, विद्युतका काठका पोललाई विस्थापित नहुँदा असुरक्षा बढ्दो, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा बत्तीहरू नहुँदा रातमा असुरक्षा बढ्दो, वैकल्पिक खासगरी सौर्य ऊर्जा सदुपयोगमा कमी, खाना पकाउने एलपि ग्याँसमा न्यूनीकरण गर्नु, विद्युतीय चुल्होहरूलाई प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु, सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊर्जाको रूपमा स्थापित गर्नु आदि घरपझोङ गाउँपालिकामा विद्यमान ऊर्जा विकासका समस्या तथा चुनौतीहरू हुन ।

### ६.३.३ सम्भावना तथा अवसरहरू

केन्द्रीय विद्युत लाइन प्रसारण सेवाबाट सबै घरघर वस्तिहरूमा विद्युतीय सेवा उपलब्ध, विद्युतमा आधारित सबै प्रकारका उद्योग व्यवसायहरू सञ्चालनमा ल्याउन सकिने, धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरूमा सौर्य ऊर्जालाई उपयोगमा ल्याउन सकिने, विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित यातायात सेवाहरू सञ्चालन गर्न सकिने, विद्युतीय ऊर्जालाई रोजगारी प्रवर्द्धन प्रयोग गर्न सकिने, कृषि तथा पशुपालन क्षेत्रमा ऊर्जा खपत को मात्रा बढाउन सकिने जस्ता अवसरहरू रहेका छन् ।

### ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

विद्युतीय साधन स्रोतहरूको अधिकतम सदुपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने

**उद्देश्य**

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु
२. वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु** | |
| १.१: विद्युत आपूर्तिलाई नियमित र भरपर्दो बनाउने | १. नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दै घरघरमा केन्द्रीय विद्युत प्रसारण लाइनबाट विद्युत वितरणको व्यवस्था मिलाउँदै विद्युत आपूर्तिलाई भरपर्दो बनाइनेछ ।<br>२. विद्युत ट्रान्फरमर, पोल तथा पावर पोलहरूको मर्मत सम्भार, पुराना काठका पोलहरूको विस्थापित गर्दै विद्युत लाइनलाई सुरक्षित र भरपर्दो बनाइनेछ ।<br>३. विद्युत लाइनलाई भूमिगत तथा युटिलिटि कोरिडरहरू निर्माण गरी सुरक्षित वितरणको व्यवस्था मिलाइनेछ । |
| १.२: उत्पादनशील क्षेत्रमा विद्युत उपयोग गर्दै विद्युत खपतमा अभिवृद्धि ल्याउने | १. खाना पकाउन एलपि ग्याँस तथा दाउराको सट्टामा विद्युतीय उपकरणहरूको प्रयोगलाई प्रोत्साहित गरिने छ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइस कुकरको बिक्री वितरणलाई सहज बनाइनेछ ।<br>२. रोजगारीका आधारमा बढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरूलाई विशेष प्रकारको प्रोत्साहन तथा सुविधाहरू प्रदान गरिनेछ ।<br>३. बढी विद्युत खपत हुने सबै प्रकारका विद्युतीय सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ । |
| **उद्देश्य २: वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु** | |
| २.१: नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्दै उपयोगमा अभिवृद्धि ल्याउने | १. सडक किनार, सार्वजनिक स्थल, धार्मिक एवं पर्यटकीय क्षेत्रहरूमा सौर्य ऊर्जा प्रयोगलाई विस्तार गरिनेछ ।<br>२. घरघरमा खाना पकाउने इन्धनका रूपमा वैकल्पिक ऊर्जालाई प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ ।<br>३. सार्वजनिक कार्यालयहरूमा सौर्य ऊर्जाका प्यानलहरू जडान गरी राखी सौर्य ऊर्जा प्रयोगमा व्यापकता ल्याउँदै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>४. अति विपन्न, गरिब, सीमान्तकृत, दलितका घर वस्तिहरूमा आवश्यक सहयोग उपलब्ध गराउँदै विद्युत सेवालाई प्रभावकारी बनाइनेछ । |
| २.२: विद्युत व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको लगानीमा थप वृद्धि ल्याउने | १. बढी विद्युत खपत हुने प्रकृतिका उद्योग व्यवसायहरू चिस्यान केन्द्र, कोल्ड स्टोरेज, शीतभण्डारण, प्रशोधन केन्द्र जस्ता उद्योगहरू सञ्चालनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>२. विद्युतीय सवारी साधनहरूको प्रयोगमा जोडि दिँदै चार्जिङ सेन्टरहरू स्थापना गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>३. साना इलेक्ट्रिक सवारी साधनहरू सञ्चालनमा सहकारी क्षेत्रलाई विशेष सहुलियतको व्यवस्था मिलाइनेछ । |

## ६.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | सबै बस्तीमा विद्युतीकरण तथा राष्ट्रिय प्रसारण लाइनमा जोड्ने | एकमुस्ट | | | 500 | 500 | 500 | | | **1500** | 0.17 |
| 1 | नाङ्गो तार विस्थापन | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| | बिद्युतीय चुलो वितरण | | | | 500 | 500 | 500 | 500 | 500 | **2500** | 0.28 |
| 2 | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | सङ्ख्या | | 250 | 2000 | 2500 | 3000 | 3500 | 4000 | **15000** | 1.68 |
| 1 | थ्रीफेज लाइन विस्तार | एकमुस्ट | | | 500 | | | | | **500** | 0.06 |
| 1 | ट्रान्सफरमर स्थानान्तरण | सङ्ख्या | 0 | 25 | | 500 | | | | **500** | 0.06 |
| 1 | विद्युतीय पोल स्थानान्तरण | सङ्ख्या | 0 | 50 | | | 500 | 500 | | **1000** | 0.11 |
| | **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | **4000** | **4500** | **5000** | **5000** | **5000** | **23500** | 2.64 |

## ६.३.६ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बस्तीमा विद्युतीकरण गर्ने | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३.३ | २ | २ | २ |
| १ | नाङ्गो तार विस्थापन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३.३ | २ | २ | २ |
| २ | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ७ | १ | ३.३ | २ | २ | २ |
| १ | थ्रीफेज लाइन विस्तार | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३.३ | २ | २ | २ |
| १ | ट्रान्स्फर्मर स्थानान्तरण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | | २ | २ | २ |
| १ | विद्युतीय पोल स्थानान्तरण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | | २ | २ | २ |

### ६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा बृद्धि भएको हुने । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.२ | ९९ | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | सम्बन्धित कार्यालयहरूले आफूलाई समसामयिक अद्यावधिक गरेको हुने, |
| असर | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि भएको हुने । | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | २४० | २६० | ३०० | ३५० | ४०० | ४५० | ४५० | | |
| | | खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१ | ५ | १० | २५ | ५० | ७५ | ७५ | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइने छ । | सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | | |
| | | बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |

### ६.३.८ अनुमान तथा जोखिम पक्ष

सहज, सस्तो र पर्याप्त विद्युतीकरणको माध्यमबाट उज्यालो घरपझोङ भएको हुनेछ ।

- खोला नाला तथा पानीका मुहानहरूको उचित संरक्षणको अभावमा पानीको मूल सुक्न गइ समस्या आउन सक्छ ।
- कुनै प्राकृतिक प्रकोपका कारण योजना/आयोजना कार्यान्वयनमा समस्या आउन सक्छ ।
- महामारीका रोग व्याधिका कारण काममा सहज नहुन सक्छ ।
- मानव जन्य कारणहरू जस्तै हडताल, सडक जाम, आन्दोलन चक्का जाम आदि कारणबाट निर्माणको काममा अवरोध आउन सक्छ ।
- कानुन संशोधन वा परिवर्तनले पनि निर्माण कार्यमा अवरोध आउन सक्छ ।

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । १६औं योजनाले सूचना प्रविधि उपयोग अन्तर्गत- श्रम , पुँजी ,भूमि लगायतका उत्पादनका साधनहरूको क्षमता अभिवृद्धिका लागि सूचना प्रविधि पूर्वाधारको विकास तथा विस्तार, क्षेत्रगत उत्पादन चक्र र उत्पादनसँग आबद्ध अग्र तथा पृष्ठ सम्बन्ध भएका विषय क्षेत्रहरूको उत्पादकत्व बढाउन सूचना प्रविधिको प्रयोगको गर्ने नीति लिएको छ ।

त्यसैगरी एफ.एम रेडियो (१०० वाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आबद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र सङ्घ प्रदेशको कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेण्टर, केवल तथा तार विहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

घरपझोङ गाउँपालिकामा १०० प्रतिशत परिवारले कुनै न कुनै किसिमको सञ्चार उपकरणहरू प्रयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, मोवाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ८० प्रतिशत घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् । गाउँपालिका करिब ८० प्रतिशत क्षेत्रमा मोबाइल नेटवर्क कभरेज रहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई ग्रामीण वडासम्म द्रुतता दिन सजिलो छैन । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साइवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकोले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइबर पुग्न सकेको छैन ।

### ६.४.३ सम्भावना तथा अवसरहरू

विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवं प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप सर्व सुलभ बनाउन सकिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

स्थानीयहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्दै इ—गभरनेन्स कायम भएको हुने

**उद्देश्य**

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य १ः सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु ।** | |
| १.१ः सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवं निर्माण गर्ने । | १. सम्पूर्ण विद्यालय र स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. टेलिफोन र इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिको लागि सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. महत्त्वपूर्ण सम्पदा स्थलहरूमा वाइफाई सेवाको व्यवस्थापन गरिनेछ ।<br>४. रेडियो, अनलाइन, छापा र विद्युतीय माध्यम तथा सामाजिक संजालहरू मार्फत मानवीय विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. सूचना प्रविधि शाखालाई प्रभावकारी बनाइनेछ ।<br>६. गाउँपालिकास्तरीय र वडा स्तरबाट प्रवाह हुने सेवाको लागि विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरिनेछ ।<br>७. मोवाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोवाइल टावरहरू थप एवं विस्तार गर्न नेपाल टेलिकम एवं सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरिनेछ।<br>८. फाइबर केवल विस्तारलाई जोड दिँदै इन्टरनेट सेवा प्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।<br>९. आइसिटि नेटवर्कसँग सम्बन्धित राउटर, स्विच, फाइरवाल, लोडव्यालेन्स लगायतका उपकरण पूर्वाधारहरूको विस्तार गरिनेछ ।<br>१०. बढी क्षमता भएका तीव्रगतिका इन्टरनेटहरू सञ्चालनमा ल्याइनेछ ।<br>११. सूचना तथा सञ्चार प्रविधिहरू नियमित सञ्चालनका लागि आवश्यक विद्युत सुविधा उपलब्ध गराउन विद्युत प्राधिकरण तथा नवीकरणीय वैकल्पिक ऊर्जाको प्रबन्ध मिलाइनेछ । |
| १.२ः आइसिटि सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने | १. मुख्य-मुख्य सार्वजनिक क्षेत्रहरूमा निःशुल्क वाईफाईको व्यवस्था मिलाई इन्टरनेट पहुँचमा सहजता ल्याइनेछ ।<br>२. घर, कार्यालय लगायतका क्षेत्रहरूमा आइसिटबाट लाभान्वित हुने व्यवस्था मिलाइने छ ।<br>३. स्वास्थ्य चौकी, सुरक्षा चौकी, दमकल, एम्बुलेन्स जस्ता सार्वजनिक एवं संवेदनशील क्षेत्रहरूमा बढी क्षमताका इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. विद्यालयहरूमा आइसिटिलाई प्रभावकारी बनाउँदै ई—पुस्तकालय, ई—हाजिरी, सिसिटिभी, डिजिटल बोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइनेछ । |
| **उदेश्य २ः सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु** | |
| २.१ःसार्वजनिक सेवाहरूलाई अनलाइन गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने | १. सम्भव भए सम्मका सबै सार्वजनिक सेवाहरूलाई अनलाइन गरी पालिकाका सेवाहरू कुनैपनि क्षेत्र स्थानमा रही सहजै लिन सक्ने बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा प्रबन्ध मिलाइनेछ ।<br>२. पालिकाको खरिद प्रक्रिया, राजस्व सङ्कलन, नक्सापास लगायतका सेवाका लागि बेग्लाबेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवं पारदर्शी बनाइनेछ ।<br>३. मोवाइल एप्स निर्माण एवं अद्यावधिक गर्दै गाउँपालिकाका सबै गतिविधिहरू प्रवाह गरिनेछ ।<br>४. पालिकाको वेबसाइटलाई अद्यावधिक गर्दै सूचनाहरू नियमित रूपमा सूचना तथा प्रकाशनहरू अपलोड गर्ने, स्वतः प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिनेछ ।<br>५. पालिकाको सूचना केन्द्रलाई डिजिटाइजेशन गर्दै एकीकृत तथ्याङ्क प्रणालीको रूपमा विकास गरिनेछ । |
| २.२ः सूचना तथा सञ्चार प्रविधिमा निजी, सहकारी क्षेत्रको लगानीमा अभिवृद्धि ल्याउने | १. आइसिटिमा आधारित सेवा तथा उद्योग व्यवसायहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गदै सहकार्य गरिनेछ ।<br>२. दक्ष, सीपयुक्त जनशक्ति विकासका लागि आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय तथा उच्च शिक्षा कलेज सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>३. सूचना तथा प्रविधिमा आधारित हार्डवेयर डिभाइस एवं सफ्टवेयर एप्लिकेशनहरू विकास गरी बाह्य राष्ट्रहरूमा निकासी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै आवश्यक सेवा सुविधाहरू उपलब्ध गराइनेछ ।<br>४. डिजिटल प्रविधि मार्फत आर्थिक कारोबार हुने क्षेत्रहरूका लागि आवश्यक पर्ने पूर्वाधार एवं उपकरण निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

## ६.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | मोवाइल टावर विस्तार | सङ्ख्या | | 5 | 500 | | | | | 500 | 0.06 |
| 1 | फाइबर नेट विस्तार (सबै बस्ती) | एकमुस्ट | | | | 500 | | | | 500 | 0.06 |
| 2 | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | सङ्ख्या | 1 | 25 | 1000 | 1200 | 1500 | 1800 | 2000 | 7500 | 0.84 |
| 2 | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | सङ्ख्या | 1 | 50 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | सङ्ख्या | 0 | 1 | | | 1000 | | | 1000 | 0.11 |
| | **सूचना, सञ्चार तथा प्रविधिको जम्मा** | | | | **2000** | **2200** | **3000** | **2300** | **2500** | 12000 | 1.35 |

## ६.४.६ सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोवाइल टावर विस्तार | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | ३.४ | ५ | ३ | ३ |
| १ | फाइबर नेट विस्तार | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ९ | १ | ३.४ | ५ | ३ | ३ |
| १ | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | ९ | १ | ३.४ | ५ | ३ | ३ |
| २ | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | प्रदेश/पालिका | कार्यपालिका | ९ | १ | ३.४ | ५ | ३ | ३ |
| २ | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | प्रदेश/पालिका | कार्यपालिका | ९ | १ | ३.४ | ५ | ३ | ३ |

## ६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सूचना तथा सञ्चार प्रविधिको विका स मार्फत पालिका बासीको जीवनस्तरमा | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ८५ | ८८ | ९० | ९५ | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, सूचना प्रविधि शाखा, CBS Reports 2078 | सूचना प्रविधिमा थप लगानी वृद्धि भएको हुने |
| | | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| असर | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुने । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| | | टेलिफोन /मोवमइल भएको परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार भएको हुने । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | | ईन्टरनेट उपलब्ध भएका सरकारी कार्या लयहरू | प्रतिशत | २६ | ३० | ४० | ५० | ७५ | १०० | १०० | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्या लयहरू | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | १ | ५ | १२ | २० | २६ | २६ | ८९ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित भएको हुने । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | ० | १ | १ | १ | २ | २ | ७ | | |

### ६.४.८ अनुमान तथा जोखिम पक्ष

सबै गाउँबासीहरू सूचना प्रविधिको पहुँचमा भएका हुनेछन् ।

- विनियोजित बजेट समयमा प्राप्त नहुँदा काममा ढिलाइ हुन गइ विभिन्न जोखिमहरू देखिन सक्छन् ।
- प्राविधिक जनशक्तिको अभावका कारण पनि काममा कठिनाइ आउन सक्छ ।
- थप उच्च तहको प्रविधिको विकास तथा हस्तान्तरणले वर्तमान प्रविधि विस्तारको काममा चुनौती ल्याउन सक्छ ।
- अन्तर मन्त्रालय समन्वयको अभावमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- राज्यले समय समयमा कानुन संशोधनमा गर्ने अभ्यासले पनि निर्माण कार्यमा बाधा वा कठिनाइ ल्याउन सक्छ ।

## परिच्छेद - सातः वन, वातावरण तथा विपद व्यवस्थापन विकास

संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ । यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सङ्घीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण-वायु, पानी र जमिन-माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन । ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन-वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन-जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ ।

हाम्रो देशको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र सम्वर्द्धनको अनिवार्यता पनि । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्छन । हरियाली प्रवर्द्धन सहित दिगो, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्ने भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहि आएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जन सहभागीतामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । वन

पैदावारहरूलाई प्रयोग नै नगरी सुरक्षित मात्र राख्न खोज्नु पनि व्यावहारिक र दिगो विकासको अवधारणा र अभ्यास होइन । व्यवस्थित, वैज्ञानिक, मितव्ययी, न्यून क्षति हुने र सदाका लागि संरक्षित र सदाबहार रूपमा रहि रहने गरी वन सम्पदाको प्रयोग र प्रवर्द्धन गर्नु दिगो विकास अनुरूपको यथोचित अभ्यास र मानवीय अभिभारा हो । हरेक सुसंस्कृत समाजमा रुख-बिरुवा रोप्नु- हुर्काउनु लाई पुण्य कार्यको रूपमा पनि मान्ने गरिन्छ । सन्तुलित वातावरणको लागि प्रमुख कारक तत्त्वमा सुशासनको सुनिश्चितताका साथै पर्यावरणको उत्कृष्ट समृद्धि, संरक्षण र उचित उपयोग र व्यवस्थापन नै हुन । सर्वतोमुखी र दिगो विकासका लागि आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको सन्तुलित र समुन्नत समायोजन अनिवार्य हुन्छ । विकास, वातावरण, वन सम्पदा एक-अर्काका अन्तर विरोधी नभई सधैं परिपूरक हुन्छन । यस तथ्यलाई ध्यानमा राखेर महत्त्व दिई व्यवहारमै देखाएर बनाएको र कार्यान्वयन गरिएको विकासको ढाँचाले मात्र देशलाई शान्ति, समुन्नति, समृद्धि र सुखतिर उन्मुख गर्न सक्छ ।

घरपझोङ गाउँपालिका नीलगिरी र धवलागिरी हिमालको  काखमा अवस्थित छ । उष्ण र शीतोष्ण प्रकृतिको हावापानी पाइन्छ । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि शीतोष्ण वन क्षेत्र, खोला खोल्सि तथा प्रशस्त मात्रामा छरिएर रहेका धार्मिक तथा ऐतिहासिक स्थानहरूका कारण घरपझोङ गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ ।

घरपझोङ गाउँपालिकाको कूल क्षेत्रफल ३१६.८७ वर्ग कि. मि. मध्ये ४७.१६ वर्ग कि. मि. अर्थात १८.८८ प्रतिशत जग्गा वन/जङ्गलले ओगटेको छ भने १२१.९५ वर्ग कि.मि. क्षेफल चरन क्षेत्र रहेको छ । घरपझोङ गाउँपालिकामा सबै वडामा ४ वटा सामुदायिक वनहरू (वन/जङ्गल) दर्ता भएका छन् , जुन वडा नै २ र वडा नै ४  मा रहेका छन् । घरपझोङ गाउँपालिकाको वन/जङ्गलमा विभिन्न प्रकारका जनावर र चराचुरुंगीहरू पाइन्छन । धुपि सल्ला, भुस पात गोब्रे सल्ला, जस्ता बनस्पति तथा पाँच औले, यार्चा गुम्वा,जटामसी, निरमसी, लसुन साग, बहुमुल्य च्याउ जस्ता जडिबुटि र हिउँ चितुवा, घोरल, स्याल, नाउर कस्तुरी भालु मृग,वन खरायो आदी बन्यजन्तु पाइन्छ । मुनाल, डाँफे कालिज जस्ता पंक्षि पाइन्छ । यहाँ विभिन्न प्रकारका गैर-काष्ठ वन पैदावार पाइने बारेमा स्थानीयहरू जानकार छन् तर गाउँपालिकाबाट विज्ञ मार्फत अध्ययन गर्ने कार्य भने भएको छैन । विज्ञको सहयोग लिएर यहाँ पाइने प्रजाति तथा गैर-काष्ठ वन पैदावारका बारेमा अध्ययन गरी सोही बमोजिम कार्यक्रम तर्जुमा गर्न आवश्यक रहेको छ । जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिकाले वर्षै पिच्छे विभिन्न कार्यक्रम/योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

बैज्ञानिक भूउपयोग सम्बन्धी नीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन नगर्दा सम्म वन क्षेत्रमा धेरै समस्याहरूको अतिरिक्त चुनौतीहरू समेत बहन गर्नुपर्ने अवस्था रहन्छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, वन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदर र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ किनारमा वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । अधिकांश क्षेत्र घरपझोङ संरक्षण क्षेत्र भित्र पर्ने भएका कारण पनि यस पालिकाको वन तथा जैविक विविधता

संरक्षणमा दोहोरो अधिकार क्षेत्रलाई व्यवस्थापन गर्न चुनौती रहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र भित्र पर्ने भएकाले बन तथा जडीबुटी उपभोग गर्न पाइएको छैन । जलवायु परिवर्तको कारण बन्यजन्तुको पलायन, डढेलो, वन तथा जैविक विविधताको संरक्षणका लागि स्थानीय तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरी चरन, वन फँडानी, अव्यवस्थित बस्ती र आगलागि जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन ।जलवायु परिवर्तनको कारण यस स्थानमा पाइने चील तथा गिद्ध लोप हुने अवस्थामा पुगिसकेको छ ।

### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भू उपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जङ्गलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठ जन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आय आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रको समन्वय गरी वन पैदावार उपभोग गर्न सकिने सम्भावना छ । वन क्षेत्रलाई संरक्षण तथा आम्दानी मुखी बनाउन सामुदायिक वन, कबुलियत वनसँग सहकार्य गरी वनमा कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वन र जैविक विविधताको उचित संरक्षण र सम्वर्द्धन गरी आय आर्जनमा वृद्धि गर्ने ।

**उद्देश्य**

1. स्थानीय वनको विस्तार तथा विकास गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
2. वन क्षेत्रमा वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको विस्तार तथा विकास गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।** | |
| १.१: वनलाई उत्पादन मुखी बनाई वन जन्य उत्पादनको व्यवसायीकरण गर्ने । | 1. अन्नपूर्ण संरक्षण क्षेत्रको समन्वयमा वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>2. काठ जन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | 3. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ ।<br>4. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>5. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | 1. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ<br>2. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>3. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>4. वन नर्सरी स्थापना गरिनेछ ।<br>5. सामुदायिक वनहरूका कार्य योजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>6. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>7. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: वन क्षेत्रमा वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | 1. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>2. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>3. छाडा चरी चरन, वन फँडानी गरी बस्ती विकास, आगलागि जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको लागि सिफारिस गरिनेछ ।<br>4. मानव- वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जन चेतना, राहत, तथा क्षतिपूर्तिको प्रक्रियालाई आवश्यक समन्वय र सहजी करण गरिनेछ । वन्य जन्तुका लागि वनमा रहेका पानीका स्रोतहरू संरक्षण गरी वर, पीपल, समी लगायत वन जन्य फलफूलका बिरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | 1. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>2. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>3. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>4. वन जन्य उद्योगको विकास र व्यवसायी करणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

## ७.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | वैज्ञानिक वन व्यवस्थापन (अग्नि रेखा निर्माण, वन्यजन्तुका लागि पानी पोखरी निर्माण, अतिक्रमित प्रजातिको नियन्त्रण लगायत) | एकमुस्ट | | | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 2 | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | पटक | | 2 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| 1 | सामुदायिक वनको संरक्षण कार्यक्रम | एकमुस्ट | | | 200 | 200 | 200 | 300 | 300 | 1200 | 0.13 |
| 1 | वन जंगलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **वन र जैविक विविधता जम्मा** | | | | **1600** | **1600** | **1600** | **1700** | **1700** | 8200 | 0.92 |

## ७.१.६ वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वैज्ञानिक वन व्यवस्थापन (अग्नि रेखा निर्माण, वन्यजन्तुका लागि पानी पोखरी निर्माण, अतिक्रमित प्रजातिको नियन्त्रण लगायत) | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १२ | ३ | ४.१ | ८ | ३ | १ |
| २ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | प्रदेश/पालिका | कार्यपालिका | १२ | ३ | ४.१ | ८ | ३ | १ |
| २ | सामुदायिक वनको संरक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १२ | ३ | ४.१ | ८ | ३ | १ |
| २ | वन जङ्गलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १२ | ३ | ४.१ | ८ | ३ | १ |
| २ | सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १२ | ३ | ४.१ | ८ | ३ | १ |

## ७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्था पन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | १८.८८ | २० | २२ | २५ | २८ | ३० | ३० | वन कार्यालय, गाउँपालिका प्रोफाइल, सम्बन्धित शाखा | वैज्ञानिक वन व्यवस्थापनको अवधारण अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने |
| | | सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि | प्रतिशत | ० | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | आयमूलक कार्य सञ्चालित वन क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| **प्रतिफल** | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम | पटक | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | वार्षिक वृक्षारोपण (वार्षिक) | सङ्ख्या | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणका लागि नियमन एकाइ गठन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | पालिकास्तरीय वन एकाइ स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | | |
| | | वन क्षेत्रको तारबार | कि.मि. | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | लोप हुन लागेका बालीनालीको पुनर्स्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | २ | ५ | ७ | १० | १० | १० | १० | | |

### ७.१.८ अनुमान तथा जोखिम पक्ष

वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने ।

- वन क्षेत्रमा आगलागि भएमा वन संरक्षणमा चुनौती आउन सक्छ ।
- वन क्षेत्रमा खोला, बाढी पहिरो, भूक्षय वा मानव जन्य क्रियाकलापबाट वन संरक्षण तथा विस्तारका काममा समस्या आउन सक्छ ।
- जैविक विविधताको क्षेत्रमा दक्ष जनशक्ति अभावका कारण गैर काष्ठ वन पैदावार तथा जैविक विविधताको पहिचानमा कठिनाइ आउँदा काममा अवरोध हुन सक्छ ।
- अन्य क्षेत्रको वातावरण प्रदूषणका कारण सम्बन्धित क्षेत्रमा स्वच्छ वातावरण सिर्जना गर्ने कार्यमा अवरोध आउन सक्छ ।
- प्रचलित वन ऐनले स्थानीय सरकारलाई नचिनेका कारण पनि यसको संरक्षणमा कठिनाइ आएको छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने राष्ट्रिय लक्ष्यलाई तीनै तहका सरकारले अपनत्व लिई कार्यक्रम सञ्चालन गर्दै आएका छन् । चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास कार्यक्रमको विस्तार गरिएको हो । जिल्ला भूसंरक्षण कार्यालयको कार्यक्रम र सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजनालाई आवश्यकताका आधारमा उप-जलाधारहरूको प्राथमिकीकरण गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ । उप-जलाधार योजना तर्जुमा, बहु प्रकोप अवस्थाको विश्लेषण सहित प्राथमिकीकरण र भू- जलाधार संरक्षण सेवा प्रवाह पहिरो पूर्व-सूचना प्रणाली विकास गर्नका साथै राष्ट्रिय पहिरो व्यवस्थापन केन्द्रको स्थापना गरी सोही अनुसारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । ताल तलैया तथा भू-संरक्षणको लागि सिमसार र तिनमा भएका जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बढी हुने गर्दछ । भूकम्पबाट प्रभावित क्षेत्रका बस्ती नजिकको पहिरो, क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो भू तथा जलाधार संरक्षण, जैविक प्रविधि, बाँस रोपण जस्ता क्रियाकलापहरू र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण नीतिगत सुधारको लागि कृषि वन नीति तर्जुमा तथा कार्यान्वयन आदिमा स्थानीय सरकारले जोड दिन आवश्यक छ ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर उचाइदेखि ५००० मिटर सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाइ तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छन । हिमालपारिको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउँ प्रख्यात तीर्थस्थल मुक्तिनाथ तथा लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि लिन सकिन्छ ।

यी पहाडी पाखाका होचा र समथर भागमा मानव बस्ती र खेतीपाती रहेको छ भने अग्ला भागमा जङ्गल र चरन क्षेत्र विद्यमान छन् । यस क्षेत्रमा मानव बस्तीका पुराना ठाउँ तथा गाउँहरू रहेका छन् भने हाल मानवीय क्रियाकलापका कारण अधिक दोहन र वातावरणमा प्रतिकूल असर परी यी भिराला पाखाहरू निकै जोखिम र संवेदनशील बन्न पुगेका छन् ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, जमिन कटान हुनु, भू-क्षय, विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन । अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभाबी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन् भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ । मानव बस्तीको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने

क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ । काली गण्डकी नदी कटानको समस्याको साथै राजखोला, फाम खोला कटान पनि यथावत छ । स्याङखोला र कालीगण्डकीको बस्ति जोखिममा छ । कालीगण्डकी नदीको धार र प्रवाहको असर पालिकाले भोग्नु परिरहेको अवस्था छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र क्षेत्रको बस्ती विकास गर्ने गाउँपालिकाको कार्यक्रमलाई अवसरको रूपमा लीन सकिन्छ । गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिन्छ । गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका भित्र रहेका जलाधारको उचित संरक्षण गर्दै खोला तथा खोल्सीमा सङ्लो पानी बगाउने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।
२. भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।** | |
| १.१ गाउँपालिका भित्र रहेका जलधाराहरूको पहिचान गरी उचित संरक्षण तथा व्यवस्थापन गर्ने । | 1. सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिई गाउँपालिका क्षेत्राधिकार भित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान गरिने छ ।<br>2. जलाधार क्षेत्रको उचित संरक्षण तथा उपयोगको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>3. स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।** | |
| २.१: भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. सडक निर्माण कार्य गर्दा एवं प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ,<br>२. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ,<br>३. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ, |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. भू-क्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी निर्माण जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ,<br>५. गाउँपालिकाले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिइनेछ,<br>६. अनावृष्टि, अतिवृष्टि, अल्प वृष्टि रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ,<br>७. नदी तथा खोलामा तटबन्ध निर्माण गरी नदी किनाराका बस्ती, संरचना, सम्पदा जमिन संरक्षण गर्ने तथा जग्गा उकास गर्ने र आकस्मिक रूपमा आइ परेका जल उत्पन्न प्रकोपको क्षतिको प्रभाव न्यूनीकरण गर्ने प्रदेश सरकारको नीति अनुरूप कार्य गर्नका लागि प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ,<br>८. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ । |
| २.२ः जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने | 1. खोला कटानबाट हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायो इन्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपना सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>2. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| २.३ः पहिरो जाने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | 1. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>2. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

## ७.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | मुहान संरक्षण (सबै मुहान) | सङ्ख्या | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | परम्परागत धारा तथा पोखरीको संरक्षण | सङ्ख्या | 0 | 30 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | पहिरोको जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा पहिरो प्रतिरोधात्मक वृक्षारोपण कार्यक्रम | सङ्ख्या | 0 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | बाढी जोखिम क्षेत्रमा ग्याबिन वाल निर्माण | कि.मि. | | 5 | 2500 | 2500 | 2500 | 2500 | 2500 | 12500 | 1.40 |
| 2 | कालिगण्डकी नदी जलाधार संरक्षण र तटबन्ध | एकमुस्ट | | | | | | 20000 | 30000 | 50000 | 5.61 |
| 2 | बस्ती संरक्षण | सङ्ख्या | 0 | 30 | 10000 | 10000 | 10000 | 10000 | 10000 | 50000 | 5.61 |
| 1 | ठाडा खोला (पान्ता खोला स्याङ खोला राज खोला लगायत) जलाधार क्षेत्र संरक्षण कार्यक्रम | एकमुस्ट | | | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | 0.56 |
| | **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **15000** | **15000** | **15000** | **35000** | **45000** | 125000 | 14.02 |

## ७.२.६ भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुहान संरक्षण (सबै मुहान) | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १३ | ३ | ४.२ | ८ | ३ | १ |
| १ | परम्परागत कूवा तथा पोखरीको संरक्षण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १३ | ३ | ४.२ | ८ | ३ | १ |
| २ | पहिरोको जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा भेटिवर लगायतका वृक्षारोपण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १३ | ३ | ४.२ | ८ | ३ | १ |
| २ | बाढी जोखिम क्षेत्रमा ग्याबिन वाल निर्माण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १३ | ३ | ४.२ | ८ | ३ | १ |
| २ | पान्ता खोला जलाधार संरक्षण र तटबन्ध | सङ्घ/प्रदेश/पालिका | वडा नं. ४ | १३ | ३ | ४.२ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | बस्ती संरक्षण | सङ्घ/प्रदेश/पालिका | स्याङखोला र कालीगण्डकीको बस्ति जोखिममा वडा नं ३ | १३ | ३ | ४.२ | ८ | ३ | १ |
| १ | सम्ले र कालीगण्डकीको किनार,ढुम्वाखोला किनार र कुनियु खोला वरपरका भूभाग र स्याङखोला र कालीगण्डकीको बस्ति जोखिममा | सङ्घ/प्रदेश/पालिका | वडा नं. ५ | १३ | ३ | ४.२ | ८ | ३ | १ |

## ७.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | गाउँपालिका प्रोफाइल, सम्बन्धित शाखा प्रतिवेदन | भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने |
| **असर** | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवं सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | भूसंरक्षण कार्य योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रतिफल | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | बाढी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण | कि.मि. | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | ०.५ | १ | १.५ | २ | २.५ | ३ | ३ | | |
| | प्राकृतिक स्रोत साधन लगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भूसंरक्षण योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | | |

### ७.२.८ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापन भइ ठाडा खोलाहरूमा सङ्लो पानी बगाउनका लागि थप कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।

- वर्षा बाढी पहिरो, अनावृष्टि अति वृष्टि, सुख्खा मौसम आदिले कार्यक्रम कार्यान्वयनमा असर गर्न सक्छ ।
- खोला नाला तथा पानीका मूलहरूको उचित संरक्षण हुन नसक्दा जलाधार व्यवस्थापन कार्यमा समस्या आउन सक्छ ।
- ठूलो र लामो समयको वर्षाले भू संरक्षणको कार्यक्रमलाई प्रभाव पार्न सक्छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने राष्ट्रिय सोचलाई कार्यान्वयन गर्न तीनै तहका सरकारहरूले जोड दिँदै आएका छन् । नेपालको संविधान तथा अन्य प्रचलित कानुनहरूमा वातावरण संरक्षणको लागि उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपधारा (२) मा वातावरणीय प्रदूषण वा त्यसबाट हुने क्षति बापत पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ भनिएको छ । दिगो विकासका लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुन स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने भनिएको छ ।

घरपझोङ गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भइरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझै पनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावत छ । गाउँपालिकामा अहिले धेरै घर धुरीहरू दाउरामा आश्रित छन् । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दा पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेका छन् । गाउँपालिकामा दिगो ल्याण्डफिल साइडको व्यवस्थापन हुन नसक्दा फोहोरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोगहरूमा वृद्धि हुनुका साथै कुपोषण, तनाव, जस्ता समस्याहरू देखा पर्न थालेका छन् । खेती फसलमा कमी आएको छ । दिनानुदिन बढ्दै गएको वातावरणीय प्रदूषणका प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागिका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो ग्याँस, सौर्य ऊर्जा, विद्युतको

उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेका छन् । फोहोर व्यवस्थापनका नाममा फोहोरमैला खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहोर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।
बजार क्षेत्र विस्तार हुनुका साथै प्लास्टिक जन्य फोहोरमैला दिनानुदिन बढ्दै गाएकोले यसको व्यवस्थापनको लागि गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा ल्याण्डफिल्ड साइडको कार्य अघि बढेको हो । स्रोतमा फोहोरको उचित वर्गीकरण (कुहिने फोहोर, नकुहिने फोहोर, धातु सिसा जन्य फोहोर र अस्पताल जन्य) गर्न नसक्नु र यसको कडाइका साथ कार्यान्वयनका लागि गाउँपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन । धेरै सार्वजनिक ठाउँहरूमा सार्वजनिक शौचालयहरूको अभाव रहेको छ भने कतिपय घरधूरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरीहरू रहेका छन् । विद्यालयहरूमा सेन्टरी प्याडको विसर्जन एवं किशोरी मैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतन वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि रहेका छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्रभावकारी वातावरण संरक्षणसँगै प्रत्येक नागरिकको पूर्ण आनीबानी परिवर्तन भएको हुने ।

**उद्देश्य**

1. ल्याण्डफिल्ड साइड (फोहोर विसर्जन स्थल) निर्माण गरी कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै वर्गीकरण गरी कुहिने फोहोरबाट मोहोर बनाउने कार्यक्रम सञ्चालन गर्नु ।
2. व्यापक सचेतन अभिवृद्धि गरी पूर्ण आनीबानी परिवर्तनको कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु।

**रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: ल्याण्डफिल्ड साइड (फोहोर विसर्जन स्थल) निर्माण गरी कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै वर्गीकरण गरी कुहिने फोहोरबाट मोहोर बनाउने कार्यक्रम सञ्चालन गर्नु ।** | |
| १.१: समुदायका बाक्लो बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका | 1. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| स्थानहरूमा फोहोरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | 2. प्रत्येक बाक्लो बस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटमा फोहोरमैला व्यवस्थापनको लागि ट्याक्टर लगायतका साधनहरूको व्यवस्था गरिनेछ ।<br>3. फोहोरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ ।<br>4. वडाका बस्ती र फोहोरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्तो ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>5. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहोरमैलाबाट बायो ग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।<br>6. गाउँपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोरमैला व्यवस्थापनको लागि निर्माण भएको फोहोर व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।<br>7. गाउँपालिकाका सबै वडाहरूमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२: गाउँपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सु निश्चितता गर्ने . | 1. सामुदायिक तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>2. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सीमा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ ।<br>3. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>4. अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २: व्यापक सचेतन अभिवृद्धि गरी पूर्ण आनीबानी परिवर्तनको कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु ।** | |
| २.१: प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने । | 1. सार्वजनिक स्थानहरूमा फोहोर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>2. उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>3. फोहोरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.२: सरसफाइ सम्बन्धी सचेतन कार्यक्रम सञ्चालन गर्ने | १. लक्षित समुदायमा फोहोरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ । |

## ७.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | फोहरमैलाको दिगो व्यवस्थापनका लागि उपयुक्त विसर्जन केन्द्रको स्थान पहिचान, सम्भाव्यता अध्ययन तथा निर्माण | सङ्ख्या | 0 | 1 | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | 0.56 |
| 1 | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | सङ्ख्या | 0 | **100** | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | पटक | 0 | **5** | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 1 | निजी- सार्वजनिक साझेदारीमा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यविधि तर्जुमा | सङ्ख्या | 0 | **1** | 300 | | | | | 300 | 0.03 |
| 2 | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | पटक | | **10** | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | सार्वजनिक कार्यालयमा हरियाली प्रवर्द्धन प्रोत्साहन कार्यक्रम | पटक | | **5** | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| | **वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा** | | | | **2900** | **2600** | **2600** | **2600** | **2600** | 13300 | 1.49 |

## ७.३.६ वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | फोहरमैलाको दिगो व्यवस्थापनका लागि उपयुक्त विसर्जन केन्द्रको स्थान पहिचान, सम्भाव्यता अध्ययन तथा निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १३ | ७ | ४.३ | ८ | ३ | १ |
| १ | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | पालिका | कार्यपालिका | १३ | ७ | ४.३ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | पालिका | कार्यपालिका | १३ | ७ | ४.३ | ८ | ३ | १ |
| १ | निजी- सार्वजनिक साझेदारीमा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यविधि तर्जुमा | पालिका | कार्यपालिका | १३ | ७ | ४.३ | ८ | ३ | १ |
| २ | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | पालिका | कार्यपालिका | १३ | ७ | ४.३ | ८ | ३ | १ |
| २ | सार्वजनिक कार्यालयमा हरियाली प्रवर्द्धन प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | १३ | ७ | ४.३ | ८ | ३ | १ |

## ७.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | पुर्ण सरसफाइ युक्त वडा | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | गाउँपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | फोहोर मैला र वातावरण प्रति जनचेतना वृद्धि भएको हुने, फोहोर मैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने |
| **असर** | गाउँपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँ मुक्त घरधूरी | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| | | फोहोरमैला विसर्जन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला विसर्जन नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| **प्रतिफल** | संक्रामक रोगको फैलावटमा कमी आउनेछ प्राविधिकहरूको आधारभुत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको | गाउँ टोल सरसफाइको लागि उपभोक्ता समिति | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधूरी | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | | वातावरण प्रति जनचेतना वृद्धि भएको हुने |
| | | फोहोरमैला व्यवस्थापनका लागि दक्ष जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था हुनेछ । वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ८२ | ८२ | | |
| | | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | १३ | | |
| | | प्रदूषण मापन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | | |

### ७.३.८ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षणको क्षेत्रमा व्यापक सुधार हुनका साथै पूर्ण आनीबानी परिवर्तन भएको हुनेछ ।

- वातावरण संरक्षणका कार्यक्रमहरू सँगै वातावरणमा प्रतिकूल प्रभाव पार्ने मानव जन्य क्रियाकलापहरूलाई नियन्त्रण गर्न नसकेमा वातावरण संरक्षणमा सुधार आउन कठिन हुन सक्छ ।
- वातावरण संरक्षणको क्षेत्रमा विनियोजित बजेट पर्याप्त नभएका कारण वातावरण संरक्षणको कार्यले लक्ष्य प्राप्त नगर्न पनि सक्छ ।
- वातावरण संरक्षणको कार्य विश्व व्यापी, देश व्यापी हुँदै क्षेत्र व्यापी हुने हुँदा यसलाई समन्वय तथा साझेदारी तामा व्यापक रूपमा विस्तार गर्न सकिएन भने सम्भव नहुन पनि सक्छ ।
- प्राकृतिक तथा दैवी प्रकोपलाई तुरुन्तै नियन्त्रणमा लिन सकिएन भने फोहोरमैलामा वृद्धि तथा विस्तार हुन गइ मानव जगतको लागि चुनौतीका रूपमा खडा हुन सक्छ ।
- महामारीका रोगहरू व्यापक संक्रमण भएमा फोहोरमैला व्यवस्थापनमा कठिनाइ हुन सक्छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

पृथ्वीको तापमान गत १५० वर्षमा मानव गतिविधिका कारण १ डिग्रीले बढेको छ । पृथ्वीको वायुमण्डलका केही ग्याँसहरू जस्तै  हरितगृह ग्याँसहरू कार्बनडाइ अक्साइड, मीथेन ग्यासले ताप पृथ्वीबाट बाहिर निस्कन रोक्दछन् । यी ग्याँसहरू प्राकृतिक रूपमा नै वायुमण्डलमा हुन्छन र पृथ्वीलाई स्थिर तापक्रममा राख्दछन् यद्यपि मानविय क्रियाकलापहरू (जस्तै जीवाश्म ईन्धनहरू पेट्रोल, डिजल जलाउनु, सवारी साधनहरू चलाउनु, खाद्यान्न उत्पादन, वन विनाश तथा अत्यधिक खपतले वातावरणमा अधिक मात्रामा हरितगृह ग्यास उत्सर्जित गर्दछ जसले प्राकृतिक चक्रलाई नै परिवर्तन गरी पृथ्वीलाई तातो बनाइ राखेको छ ।

यो क्षेत्र अन्नपूर्ण हिमश्रृङ्खलाको उत्तर पट्टी रहेको हुनाले यहाँ अत्यन्त कम मात्रामा पानी पर्दछ । उच्च हिमाली भेग भएको हुनाले दिउसको समयमा उच्च बेगले हावा बहने गर्दछ । औषत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि र माथिल्लो भागमा हिमपात हुन्छ । समुन्द्री सतहबाट निकै उचाइमा रहेको यो गाउँपालिकामा चिसो हावापानि पाइन्छ । गृष्म महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्रि सेल्सियस सम्म पुग्छ भने चिसो महिनामा तापक्रम -९ डिग्रि सेल्सियस भन्दा तल झर्दछ । जोमसोम देखि दक्षिण तल्लो भेगमा प्रायःजसो समशितोष्ण चिसो हावापानी पाइन्छ भने उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ ।

यस गाउँपालिका भू-धरातलीय बनोट कमजोर भएको, मौसमी विषमता, जलवायु परिवर्तन, निरन्तर दोहोरी रहने बहु प्रकोपका घटना, अव्यवस्थित पूर्वाधार निर्माण एवं जोखिम असंवेदनशीलता आदि कारणबाट उत्पन्न प्राकृतिक प्रकोपको प्रभाव पर्ने क्षेत्र हो । ठाडो, अस्थिर र भिरालो जमिनको संरचनागत बनोटका कारण जोखिमयुक्त यस पालिकामा वर्षेनी क्षति हुँदै आएको छ । नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवं पुन स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा व्यवस्था गरिएको छ ।

घरपझोङ गाउँपालिकाको संरचनागत अवस्थालाई हेर्दा पहिरो तथा जमिन भासिने समस्या विकराल छ । विपद् जोखिम नियन्त्रण तथा राहत विवरणको लागि प्रत्येक आर्थिक वर्ष गाउँपालिकाको ठूलो धनराशि खर्च हुँदै आएको छ । यस क्षेत्रका सन्दर्भमा गाउँपालिकामा अध्ययन गर्दा विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू-उपयोग परिर्वतन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू-उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग गर्ने अभ्यासहरू पनि भएका छैनन ।

वस्तिहरू लगायत यहाँका धेरै वस्तिहरू भिराला र ठाडा खोलाहरूको चेपुवामा पर्दै आएका छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन ।

घरपझोङ गाउँपालिकामा अधिकांस बर्षातको समयमा स्थानीय खोलामा ठूलो बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्छन । यहाँ आगो, महामारी,

खडेरी जस्ता जोखिमहरू (चैत्र, वैशाख) पनि हुने गर्दछन् । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः घरपझोङ गाउँपालिकामा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा बढी क्षति हुने गरेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ ।

जलवायु परिवर्तनको एक मुख्य सूचकांक तापक्रम हो । नेपालमा उच्चतम तापक्रम मे र जुन महिनामा रेर्कड हुन्छ । अक्टोबरबाट तापक्रम घट्ने क्रमसँगै डिसेम्बर र जनवरीमा न्यूनतम तापक्रम मापन हुन्छ । भैगोलिक उचाइसँगै तापक्रम घटबढ हुने हुँदा नेपालको सन्दर्भमा उत्तर र दक्षिणतर्फ तापक्रममा ठूलो फरक पाइन्छ । तराई, मधेस क्षेत्रमा अत्यधिक गर्मी हुँदा हिमालय क्षेत्रमा अत्यधिक चिसो महसुस हुन्छ । नेपालका विविध प्राकृतिक स्रोतहरूमध्ये जलस्रोत प्रमुख हो । नेपालमा ६ हजारभन्दा बढी नदीनालाहरूको सञ्जाल छ । नेपालको नदी प्रणालीलाई मुख्यतः कोसी, गण्डकी, कर्णाली र महाकाली गरी चार वटा बेसिनमा विभाजन गरिएको छ । बाह्रमासी प्रकृतिका यी नदीहरूको वहावको मूल स्रोत हिमाल नै हुन । नेपालमा तापक्रम र वर्षा मापनमा सीमित तथ्याङ्क उपलब्ध छ । विभिन्न नदी बेसिनहरूमा स्थापित ४९ वटा मापन केन्द्रहरूको तथ्याङ्क विश्लेषण गर्दा सन १९७० देखि प्रतिवर्ष अधिकतम तापक्रम वृद्धि ०.०४ डिग्री सेल्सियसले स्थिर देखिन्छ । यो तापक्रम वृद्धिको असर हिमाली र पहाडी क्षेत्रमा बढी महसुस हुँदा महाभारत र तराई क्षेत्रमा न्यून देखिएको छ । तापक्रमको यो वृद्धिले नेपालका हिमाली क्षेत्रका साथै तिब्बत र समग्र हिन्दकुश हिमालय क्षेत्र प्रभावित भएको छ। हिमनदीहरू जलवायु परिवर्तनको असर मापन गर्ने उत्कृष्ट सूचक हुन । हिमनदीको क्षेत्रफल, आयतन र मास सन्तुलनमा परिवर्तन आएको छ । एक अध्ययन अनुसार सन् १९७० मा नेपालका हिमालहरूमा तीन हजार २५२ वटा हिमनदी अस्तित्वमा थिए । यी हिमनदीको कुल क्षेत्रफल पाँच हजार ३२३ वर्गकिलोमिटर मापन गरिएको थियो । सन १९८० मा हिमनदीको सङ्ख्या बढेर तीन हजार ४३० वटा पुग्यो । सन् १९८० देखि २०१० सम्म हिमनदीको सङ्ख्या ११ प्रतिशत वृद्धि भई तीन हजार ८०८ वटा पुगेको तथ्याङ्क छ । बेसिनका हिसाबले कोसी बेसिनमा हिमनदीको सङ्ख्या १५ प्रतिशतले, गण्डकीमा १२ प्रतिशतले र कर्णालीमा ६ प्रतिशतले बढेको अध्ययनले देखाएको छ । सङ्ख्या बढे पनि हिमनदीको कुल क्षेत्रफलमा संकुचन आएको देखिन्छ। उक्त अवधिमा गण्डकी बेसिनमा सबैभन्दा बढी १५.५७ वर्गकिलोमिटर क्षेत्रफल बराबर ६४ वटा हिमनदी लोप भए । नेपालको हिमालय क्षेत्रमा अहिले पनि ३९ वटा हिमतालहरू विस्फोटको उच्च जोखिममा छन् । यी हिमतालहरू विस्फोट भएमा नदीतट क्षेत्रमा बनेका जलविद्युत, सिँचाइ, सडक, पुल लगायत भौतिक संरचनाहरूमा ठूलो क्षति पुग्नेछ । यस्तो परिस्थितिमा हिमतालहरूको निरन्तर अनुगमन र जोखिम विश्लेषण आवश्यक छ । जलवायु परिवर्तनका कारण हिमालहरू असुरक्षित रहँदा अल्पविकसित मुलुक नेपालले ठूलो मूल्य चुकाउनु पर्नेछ । अन्तर्राष्ट्रिय मञ्चमा यो विषय गम्भीरतापूर्वक उठान गरी आसन्न प्राकृतिक विपत्तिबाट हिमालय सुरक्षित गर्नुपर्ने भएको छ, अर्को विकल्प छैन।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान

पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । बस्ती क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहोरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहोरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयासहरू सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू रहेका छन् ।

जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली लाई असर गर्न सक्छ । यसले जटिल तथा खतरनाक मौसमका घटनाहरू, जैविक विविधतामा ह्रास, स्वास्थ्य जोखिम बढाउने, र मानिस विस्थापित हुनुपर्ने सम्मको स्थिती निम्त्याउन सक्दछ । विपद् पूर्व तयारी कार्यका लागि मोबाइल एस.एम.एस. मार्फत सूचना दिने तथा विपद् सङ्कट उन्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा सहयोग गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै वस्ति तथा सार्वजनिक संरचनाहरू सुरक्षित हनुका साथै विपदबाट हुने क्षति शून्यमा झार्ने ।

**उद्देश्य**

1. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।
2. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
3. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| १.१ः विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | 1. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>2. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एकद्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>3. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिक करण गरिनेछ ।<br>4. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२ः सरोकारवालाहरूको समन्वय र संलग्नतामा | 1. विपद् पूर्व तयारीका लागि तालिम तथा सचेतनका कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | 2. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवं तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ<br>3. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>4. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>5. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३: विपद् व्यवस्थापन सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | 1. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>2. गाउँपालिकामा कार्यरत निकायहरूले आ-आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>3. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>4. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>5. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँपालिका लाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | 1. बाढी, चटयाङ, डूवान खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बाढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्तो क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवं सुविधा सम्पन्न बनाइनेछ ।<br>2. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>3. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ ।<br>4. साथै निर्माण भइ सकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ |
| **उद्देश्य ३: जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | 1. बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ ।<br>2. घरपझोङ गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ ।<br>3. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थान शील योजना कार्यान्वयन गरिनेछ । |

## ७.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 1 | विपद् प्रतिकार्य योजना तर्जुमा | सङ्ख्या | 1 | 1 | 500 | | | | | 500 | 0.06 |
| 1 | विपद् प्रतिकार्य जनचेतना | पटक | 0 | 2 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| 2 | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार व्यवस्थापन | सङ्ख्या | 0 | 12 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 2 | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | एक मुस्ट | | | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | 0.56 |
| 3 | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू समन्वय तथा सहकार्य कार्यक्रम | एकमुस्ट | | | 500 | | | | | 500 | 0.06 |
| 3 | पालिका अन्तर्गत का प्रहरी चौकी र वडा कार्यालय हरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | एकमुस्ट | | | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | आपत्कालिन उद्धार केन्द्र स्थापना | सङ्ख्या | 1 | 3 | | | | 5000 | 5000 | 10000 | 1.12 |
| 2 | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | पटक | 10 | 50 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | सङ्ख्या | 0 | 1 | 500 | | | | | 500 | 0.06 |
| 3 | रिचार्ज पोखरी निर्माण | सङ्ख्या | 2 | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा** | | | | **4400** | **2900** | **2900** | **7900** | **7900** | **26000** | **2.92** |

## ७.४.६ विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् प्रतिकार्य योजना तर्जुमा | पालिका | का.पा. | १३ | ७ | ४.२ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् प्रतिकार्य जनचेतना | पालिका | का.पा. | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| २ | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार (First Aid) व्यवस्थापन | पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| २ | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| ३ | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू समन्वय तथा सहकार्य कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| ३ | पालिका अन्तर्गतका प्रहरी चौकी र वडा कार्यालयहरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| २ | आपत्कालिन उद्धार केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| २ | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| १ | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | पालिका | कार्यपालिका | १३ | ७ | ४.२ | ८ | ३ | १ |
| ३ | रिचार्ज पोखरी निर्माण | सङ्घ/प्रदेश/पालिका | गाउँ सभाले तोके बमोजिम | १३ | ७ | ४.२ | ८ | ३ | १ |

## ७.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपदबाट क्षति भएको रकम | रू. करोड | ५ | ७ | ८ | ९ | १० | १२ | १२ | गाउँपालिकाको प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | विपद् सम्बन्धमा गाउँपालिका तथा समुदाय सम्बेदनशील भएको हुने |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | १ | ० | ० | ० | ० | ० | ० | | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | आपत्कालिन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | २ | ३ | ४ | ४ | ५ | ५ | ५ | | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशिल सङ्घ-संस्थाहरू | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | १० | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | सामान्य खोज उद्धारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | २० | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |

### ७.४.८ अनुमान तथा जोखिम पक्ष

विपद् जोखिमबाट जन धनको क्षति शून्य भएको हुनेछ ।

- प्राकृतिक तथा मानव जन्य क्रियाकलापका कारण ठूला प्रकृतिका विपदहरू आइ लागेमा यससँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।
- आवश्यकता अनुसारको बजेट प्राप्त नभएमा विपद् लाई नियन्त्रणमा लिन सजिलो नहुन सक्छ ।
- विपद् अचानक र अपर्झट हुने हुँदा पूर्व तयारी सम्बन्धी कार्यहरू व्यवस्थित हुन सकेनन् भने विपद् न्यूनीरकण गर्न सहज नहुन सक्छ।

## परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

### ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

स्थानीय तहका सरकारहरू जनताका नजिकका सरकार हुन । यी सरकारका व्यवहार र प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गर्दै अवलोकन गरेका हुन्छन् । इतिहासमा धेरै अधिकार र जिम्मेवारी पाएका स्थानीय सरकारहरूले सक्रिय इमानदार, पारदर्शी, सक्षम र जबाफदेही भई कार्यसम्पादन गर्नु गराउनु आवश्यक छ । स्थानीय सरकारले सहभागीतामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा स्थानीय लोकतन्त्र सुदृढ गर्ने तर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सङ्घीयता कार्यान्वयनमा टेवा पुऱ्याउनु हुनेछ । वित्तीय पारदर्शिता र जबाफदेही सुशासनका सर्वाधिक महत्त्वपूर्ण पाटा हुन । प्राप्त स्रोतलाई विधि सम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । पालिकाका सभामा सार्वजनिक लेख र सुशासन समिति सक्षम, क्रियाशिल र जिम्मेवार हुनु अपरिहार्य छ । स्थानीय तहमा नियन्त्रण र जबाफदेही कमजोर भई सरकार सञ्चालन भएमा सुशासनको जग नै खलबलिन्छ । जनमानसमा सार्वजनिक व्यवस्थापन प्रति वितृष्णा पैदा हुन जान्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समय सापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । सङ्घीय र प्रादेशिक सरकारले सुशासनका लागि स्थानीय सरकारलाई सहजीकरण, समन्वय र प्रोत्साहित गर्न सकेमा मात्र सङ्घीयता कार्यान्वयन तथा सुशासन अवलम्बन हुन जानेछ ।

घरपझोङ गाउँपालिका क्षेत्रभित्रका स्थानीय निकायहरू र सार्वजनिक निकायका योजना तथा नीतिगत निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति र निकायको सहभागिताको आधार तय भएको छ । यी प्रक्रियामा पछि परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठनागरिक, एकल महिला, आदिवासी जनजाति र युवाहरू सहभागी हुनसक्ने भएका छन् । स्थानीय विकासमा उपभोक्ता समितिको अधिकतम सहभागिता, जनसहभागिता परिचालन अपरिहार्य हुन्छ जसको परिचालनको अभ्यास भएको छ । त्यसै गरी सचेत नागरिक जनमत र सञ्चार क्षेत्रको पनि विकास भएको छ । जबाफदेही शासन प्रक्रिया, पारदर्शिता, उत्तरदायित्वका विषयमा सचेत जनमत विकास भइरहेको छ । सामाजिक सञ्जालमा समेत सुशासन प्रत्याभूतिका कार्यक्रमहरू तर्जुमा तथा सार्वजनिकीकरण प्रक्रियाले ठाउँ पाउन थालेको छ । नागरिक समाजका सङ्घ—संस्थाहरू यस प्रक्रियामा संलग्न हुने वातावरण बनेको छ ।

नागरिक बडापत्रको व्यवस्था, वडा स्तरीय सार्वजनिक सुनुवाइ, प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग, सूचना अधिकारीको व्यवस्था जस्ता प्रयास पनि भइरहेको पाइन्छ । नेपालमा सुशासनकालागि उपलब्ध विभिन्न अवसर, सम्भावना र सबल पक्षहरू भए तापनि सार्वजनिक निकायका काम वा सरकारी सेवाप्रति जनताको विश्वास गिरेको अवस्थामा यस घरपझोङ गाउँपालिकामा पनि जनताको सन्तुष्टि स्तरमा अझै बढ्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

गाउँपालिकाका ५ वडा मध्ये ४ वटा वडा कार्यालय आफ्नै भवनबाट सञ्चालन भइरहेकोमा बाँकी १ वटा वडा कार्यालय भवन निर्माणको प्रक्रियामा गइसकेको अवस्था छ भने कार्यपालिकाको प्रशासकीय भवन निर्माणको पहल सुरु भएको छ । संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस गाउँपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक आर्थिक वर्ष २०७९/८० मा कूल ७३ प्रतिशत अङ्क प्राप्त

गरेको छ । गाउँपालिकाको दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि गाउँपालिकामा ४९ **जनाको दरबन्दी** रहेको छ तर सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणले ६१ जनाको दरबन्दी प्रस्तावित गरेको छ । गाउँपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा जम्मा **७ वटा** विभिन्न विषयगत समितिहरू रहेका छन् । सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरूपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोबारको लेखाङ्कन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी **सुत्र प्रणाली** मार्फत कार्य थालनी गरिएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

- गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ हुनु,
- गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना भएता पनि सो अनुसार विकासको अग्रणी क्षेत्रहरू भू उपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरू कार्यान्वयन नहुँदा ठोस तथा नतिजामुखी विकास नहुनु,
- गाउँपालिकाका योजनाहरूको प्राथमिकता, आयोजना बैंक र मध्यकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुनु,
- स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहनु,
- राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन नसक्नु,
- सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी नहुनु,
- उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न नसक्नु ।

### ८.१.३ संभावना तथा अवसर

- साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार भएको,
- कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड बनेको,
- सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आएको,
- सुशासन गाउँपालिकाको प्राथमिकतामा परेको,
- गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था रहेको,
- भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन अवसर रहेको,

- गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको,
- जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुने गरेको,
- सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउने,
- सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार भएको ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**लक्ष्य**

गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने

**उद्देश्य**

1. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
2. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
3. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
4. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| १.१.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | 1. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>2. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>3. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ ।<br>4. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>5. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>6. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.१.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | 1. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवं सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>2. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.२.१: गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | 1. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>2. सेवाग्राहीको माग सापेक्ष, सहभागीतामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | 3. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>4. जनताको गुनासो सिधैं अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जबाफदेहीता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>5. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२.२ः गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | 1. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>2. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>3. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक सङ्घसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>4. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>5. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>6. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>7. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>8. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गरिनेछ<br>9. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>10. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आबद्ध गरिनेछ । यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>11. सेवा प्रदायक प्रति नागरिकहरूको सन्तुष्टिको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.२.३ः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | 1. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको बडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>2. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ ।<br>3. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ३ः सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.३.१: जनशक्ति विकास गर्ने । | 1. आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>2. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>3. जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| २.३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | 1. सङ्घीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>2. विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>3. कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>4. विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| २.४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउनु । | 1. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>2. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>3. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>4. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउनु । | 1. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>2. बेरुजूलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

## ८.१.५ प्रमुख आयोजना तथा कार्यक्रम

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| **१. सुशासन, ऐन नियम तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | |
| 1 | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन ( पहिला आउनेलाई पहिले सेवा) | सङ्ख्या | | 6 | 500 | 500 | | | | 1000 | 0.11 |
| 1 | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | | 1 | 300 | | | | | 300 | 0.03 |
| 1 | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | पटक | | 5 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 1 | सबै वडामा मेलमिलाप कक्ष व्यवस्थापन | सङ्ख्या | | 5 | 50 | 50 | 50 | 50 | 50 | 250 | 0.03 |
| 1 | न्यायिक समितिको इजलास व्यवस्थापन | सङ्ख्या | | 1 | | | | 500 | | 500 | 0.06 |
| 1 | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | | 1 | | | 500 | | | 500 | 0.06 |
| 1 | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | 5 | | | | | 500 | 500 | 0.06 |
| 1 | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | सङ्ख्या | | 1 | 500 | | | | | 500 | 0.06 |
| 1 | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | एकमुस्ट | | | 300 | 400 | 400 | 500 | 500 | 2100 | 0.24 |
| 1 | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | सङ्ख्या | | 20 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 1 | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | सङ्ख्या | | 12 | | 100 | 100 | 200 | | 400 | 0.04 |
| | **सुशासन, ऐन नियम तथा जबाफदेहीताको जम्मा** | | | | **2450** | **1850** | **1850** | **2050** | **1850** | 10050 | 1.13 |
| **२. संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | | | | |
| 3 | पालिकाको प्रोफाइल अद्यावधिक -Municipal Digital Profile updates | सङ्ख्या | | 5 | | 500 | 500 | 500 | 500 | 2000 | 0.22 |
| 3 | **Electronic Document Management System स्थापना र सञ्चालन** | सङ्ख्या | | 1 | | 500 | | | | 500 | 0.06 |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 3 | घरपझोङ गाउँपालिकाको श्रोत नक्साङ्कन र अद्यावधिक | सङ्ख्या | | 1 | | | 2000 | | | 2000 | 0.22 |
| 3 | गुनासो सुनुवाइ कक्षको स्थापना र सञ्चालन (हटलाइन र एप्सको प्रयोग मार्फत) | सङ्ख्या | | 1 | | | | 500 | | 500 | 0.06 |
| 3 | गाउँ प्रहरीको गठन तथा व्यवस्थापन | एकमुस्ट | 1 | | | | | | 500 | 500 | 0.06 |
| 3 | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | सङ्ख्या | | 5 | | 200 | 200 | 200 | 250 | 850 | 0.10 |
| 3 | विषयगत शाखा र उपशाखाको भौतिक श्रोत साधन व्यवस्थापन | सङ्ख्या | | 8 | 300 | 500 | | | | 800 | 0.09 |
| 3 | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम (विकास निर्माण, सेवा प्रवाह र राजस्व संकलन) | पटक | | 2 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| 3 | न्यायिक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पटक | | 5 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |
| 3 | मानव संसाधन विकास एवं संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | 1 | 500 | | | | | 500 | 0.06 |
| 3 | सेवा प्रवाह सरलीकृत एवं संस्थागत विकासका लागि अध्ययन-अवलोकन भ्रमण | पटक | | 1 | | 500 | | | | 500 | 0.06 |
| 3 | संस्थागत स्व मूल्याङ्कन तथा क्षमता विकास | पटक | | 5 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |
| 3 | कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धि | सङ्ख्या | | 1 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 3 | गाउँ सभा अन्तर्गतका सबै समितिका लागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | सङ्ख्या | | 8 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 3 | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यान्वयन | सङ्ख्या | | 1 | | 500 | | | | 500 | 0.06 |
| 3 | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | पटक | | 2 | | | 500 | 500 | | 1000 | 0.11 |
| 3 | अपाङ्गमैत्री सार्वजनिक कार्यालय व्यवस्थापन | सङ्ख्या | | 5 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 3 | गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयमा नागरिक सहायता कक्ष र स्तनपान कक्ष निर्माण | सङ्ख्या | | 5 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 3 | सबै सार्वजनिक कार्यालयमा डिजिटल नागरिक बडापत्र स्थापना | सङ्ख्या | | 5 | 100 | 100 | 100 | 100 | 100 | 500 | 0.06 |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | | **3000** | **4900** | **5400** | **3900** | **3450** | 20650 | 2.32 |
| | **३. वित्तीय श्रोत परिचालन** | | | | | | | | | | |
| 4 | वित्तीय संस्थाहरूसँगको समन्वयमा राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउने — (e-banking, QR Code बाट भुक्तानी) | एकमुस्ट | | | 200 | | | | | 200 | 0.02 |
| 4 | अनलाइन भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन र कर्मचारीलाई तालिम | पटक | | 1 | 300 | | | | | 300 | 0.03 |
| 4 | **Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसँग आबद्धता र कर्मचारीलाई तालिम** | पटक | | 1 | | 500 | | | | 500 | 0.06 |
| 4 | करदाता साक्षरता अभियान सञ्चालन | पटक | | 5 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |
| 4 | राजस्व परामर्श समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण र क्षमता विकास | पटक | | 1 | | | 500 | | | 500 | 0.06 |
| 4 | **Public Assets Management (PAM) सफ्टवेयर मार्फत जिन्सी व्यवस्थापन** | सङ्ख्या | | 1 | | | | 500 | | 500 | 0.06 |
| 4 | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्बन्धी तालिम | पटक | | 1 | | | | | 500 | 500 | 0.06 |
| 4 | गाउँपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | सङ्ख्या | | 1 | 500 | | | | | 500 | 0.06 |
| 4 | कर अभिलेख व्यवस्थापक सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | | 1 | | 500 | | | | 500 | 0.06 |
| 4 | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | | 5 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 0.11 |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| 4 | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पटक | | 1 | | 500 | | | | 500 | 0.06 |
| | **वित्तिय श्रोत परिचालनको जम्मा** | | | | **1400** | **1900** | **900** | **900** | **900** | 6000 | 0.67 |
| | **४. योजना व्यवस्थापन** | | | | | | | | | | |
| 2 | नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन | पटक | | 5 | 200 | 200 | 200 | 200 | 300 | 1100 | 0.12 |
| 2 | आयोजना बैंक निर्माणका लागि पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | | 1 | | 1000 | | | | 1000 | 0.11 |
| 2 | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | सङ्ख्या | | 10 | 500 | 1000 | 500 | 1000 | 500 | 3500 | 0.39 |
| 2 | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम - कार्य प्रारम्भ पूर्व अनिवार्य तालिमको व्यवस्था | पटक | | 10 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| 2 | मध्यमकालीन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | सङ्ख्या | | 2 | 500 | 100 | 100 | 500 | 100 | 1300 | 0.15 |
| 2 | नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | एकमुस्ट | | | 300 | 300 | 300 | 300 | 300 | 1500 | 0.17 |
| 2 | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पटक | | 30 | 500 | 500 | 500 | 500 | 500 | 2500 | 0.28 |
| | **योजना व्यवस्थापनको जम्मा** | | | | **2500** | **3600** | **2100** | **3000** | **2200** | 13400 | 1.50 |

## ८.१.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण तथा साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सुशासन तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम** | | | | | | | | |
| १ | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | सबै वडामा मेलमिलाप कक्ष व्यवस्थापन | पालिका | सबै वडा | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | न्यायिक समितिको इजलास व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | पालिका | सबै वडा | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| १ | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| | **२. संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | |
| ३ | पालिकाको प्रोफाइल अद्यावधिक -**Municipal Digital Profile updates** | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | **Electronic Document Management System** स्थापना र सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | घरपझोङ गाउँपालिकाको स्रोत नक्साङ्कन र अद्यावधिक | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | गुनासो सुनुवाइ कक्षको स्थापना र सञ्चालन (हटलाइन र एप्सको प्रयोग मार्फत) | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | गाउँ प्रहरीको गठन तथा व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | पालिका | सबै वडा | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | विषयगत शाखा र उपशाखाको भौतिक स्रोत साधन व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम (विकास निर्माण, सेवा प्रवाह र राजस्व सङ्कलन) | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | न्यायिक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | मानव संसाधन विकास एवं संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | सेवा प्रवाह सरलीकृत एवं संस्थागत विकासका लागि अध्ययन-अवलोकन भ्रमण | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | संस्थागत स्व मूल्याङ्कन तथा क्षमता विकास | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धि | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | गाउँ सभा अन्तर्गतका सबै समितिका लागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यान्वयन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | अपाङ्गमैत्री सार्वजनिक कार्यालय व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयमा नागरिक सहायता कक्ष र स्तनपान कक्ष निर्माण | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ३ | सबै सार्वजनिक कार्यालयमा डिजिटल नागरिक बडापत्र स्थापना | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | | | | | | |
| | **३. वित्तीय स्रोत परिचालन** | | | | | | | | |
| ४ | वित्तीय संस्थाहरूसँगको समन्वयमा राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउने — (e-banking, QR Code बाट भुक्तानी) | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अनलाइन भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन र कर्मचारीलाई तालिम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसँग आबद्धता र कर्मचारीलाई तालिम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | करदाता साक्षरता अभियान सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | राजस्व परामर्श समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण र क्षमता विकास | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | Public Assets Management (PAM) सफ्टवेयर मार्फत जिन्सी व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्बन्धी तालिम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | गाउँपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | कर अभिलेख व्यवस्थापक सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| ४ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| | **वित्तीय स्रोत परिचालनको जम्मा** | | | | | | | | |
| | **४. योजना व्यवस्थापन** | | | | | | | | |
| २ | नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| २ | आयोजना बैंक निर्माणका लागि पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| २ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| २ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम - कार्य प्रारम्भ पूर्व अनिवार्य तालिमको व्यवस्था | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | रणनीतिक स्तम्भ | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | मध्यमकालीन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| २ | नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| २ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पालिका | कार्यपालिका | १६ | ८ | ५.१ | ७ | ३ | ३ |
| | **योजना व्यवस्थापनको जम्मा** | | | | | | | | |

## ८.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममूखी, पारदर्शी र उत्तरदायी हुनेछ | कर्मचारीको पदपूर्ति | प्रतिशत | ७३.६८ | ७५ | ८० | ८५ | ९५ | १०० | १०० | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगति प्रतिवेदन | गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ सुशासन कायम भएको हुने |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | १२ | २४ | ३६ | ४८ | ६० | ७२ | ७२ | | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | | औसत वार्षिक बेरुजू | प्रतिशत | ३ | २.५ | २ | १.५ | १ | १ | १ | | |
| | | औसत वार्षिक पुँजीगत खर्च | प्रतिशत | ४२ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | | |
| | | आन्तरिक आय | रु. हजारमा | | | | | | | | | |
| | | सामाजिक परीक्षण | सङ्ख्या | १ | १ | २ | २ | ४ | ५ | ५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँ को स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| ५ असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | आवधिक योजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | ,गाउँ प्रोफाइल | |
| | | मध्यमकालीन खर्च संरचना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | | |
| प्रतिफल | सरकारी तथा गैर सरकारी संस्थाहरू बाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्य प्रगतिको समीक्षा | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | अनुगमन | सङ्ख्या | ३ | ५ | ६ | ७ | ७ | ८ | ८ | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | ४ | ८ | १२ | १६ | २० | २४ | २४ | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ४९ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | | |

<table>
<tr><th rowspan="2">नतिजा तह</th><th rowspan="2">नतिजा</th><th rowspan="2">सूचक</th><th rowspan="2">एकाइ</th><th rowspan="2">आधार वर्षको अवस्था</th><th colspan="5">योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पुस्ट्याइँ को स्रोत</th><th rowspan="2">जोखिम पक्ष तथा अनुमान</th></tr>
<tr><th>पहिलो</th><th>दोस्रो</th><th>तेस्रो</th><th>चौथो</th><th>पाँचौं</th></tr>
<tr><td></td><td>आर्थिक सामाजिक विकास हुनेछ ।</td><td>स्वीकृत ओएनएम प्रतिवेदन</td><td>सङ्ख्या</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td rowspan="9"></td><td rowspan="9"></td></tr>
<tr><td rowspan="2">प्रतिफल</td><td rowspan="8">गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ ।</td><td>सेवाग्राहीको सन्तुष्टि स्तर</td><td>प्रतिशत</td><td>८५</td><td>८६</td><td>८७</td><td>८८</td><td>८९</td><td>९०</td><td>९०</td></tr>
<tr><td>जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास</td><td>सङ्ख्या</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>७</td></tr>
<tr><td>असर ३</td><td>अनलाइन सेवामा आबद्ध सुविधा</td><td>सङ्ख्या</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>६</td></tr>
<tr><td rowspan="5">प्रतिफल</td><td>ई-हाजीरीको व्यवस्था भएका कार्यालय</td><td>सङ्ख्या</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>६</td></tr>
<tr><td>पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू</td><td>सङ्ख्या</td><td>३</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td></tr>
<tr><td>आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या</td><td>सङ्ख्या</td><td>४</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td></tr>
<tr><td>आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू</td><td>सङ्ख्या</td><td>४</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td></tr>
</table>

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँ को स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | २ | ४ | ५ | ८ | ९ | १० | १० | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | निर्धारित समयावधि मै बजेट | आएको/नआए को | आएको | आउने | आउने | आउने | आउने | आउने | आउने | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |
| | | आय-व्ययको अद्यावधिक विवरण वेबसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | समयमा फछ्यौंट भएका वार्षिक योजना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

### ८.१.८ अनुमान तथा जोखिम पक्ष

गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ सुशासन कायम भएको हुने ।

- सुशासनका औजारहरू र निर्माण भएका सम्बन्धित कानुनहरूको प्रयोग प्रभावकारी रूपमा हुन सकेन भने सुशासन सम्बन्धी कार्यक्रमहरू पनि प्रभावकारी नहुन सक्छन, कार्यान्वयनमा चुनौती आउन सक्छ,
- आवश्यकता अनुसारको बजेट अभावमा सुशासनका औजारहरू उपयोग नहुन सक्छन,
- प्राकृतिक प्रकोप वा मानव जन्य प्रकोपका कारण सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कामहरूले निरन्तरता नपाउन सक्छन,
- स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवा हुने, जनप्रतिनिधि र कर्मचारीहरू बीच बलियो सम्बन्ध नहुने, अध्यक्ष र उपाध्यक्ष बीच सम्बन्ध कमजोर हुने जस्ता परिस्थितिहरू तथा कारणहरू सिर्जित भएमा संस्थाभित्र सुशासन तथा संस्थागत विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न सहज नहुन सक्छ ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

घरपझोङ गाउँपालिकाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि पहिलो आवधिक योजना, पार्श्वचित्र, तथ्यहरूको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट यस दोस्रो आवधिक योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो योजनाको अवधारण पत्रलाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागीतामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकामा हाल ७ वटा शाखाहरू, ११ इकाइ तथा ५ वटा वडा समितिको कार्यालय रहेको छ । गाउँपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार प्रस्तावित दरबन्दी अनुसार २८ जना प्राविधिक र ३३ जना प्रशासनिक सहित ६१ जना कर्मचारी प्रस्ताव गरिएको छ । गाउँपालिकाको दोस्रो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ ।

**तालिका १: घरपझोङ गाउँपालिका प्रस्तावित दरबन्दी विवरण**

| क्र.स. | शाखा | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ० | १ | १ |
| २ | प्रशासन शाखा | | ८ | ८ |
| ३ | आन्तरिक लेखा परीक्षण इकाई | | १ | १ |
| ४ | आर्थिक प्रशासन तथा राजस्व शाखा | | ३ | |
| ५ | शिक्षा युवा तथा खेलकुद शाखा | १ | १ | |
| ६ | योजना तथा पूर्वाधार विकास शाखा | ३ | १ | |
| ७ | स्वास्थ्य तथा मातहत स्वास्थ्य संस्था | १६ | ४ | |

| क्र.स. | शाखा | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|---|
| ८ | वातावरण तथा विपद व्यवस्थापन शाखा | | १ | |
| ९ | कानुन तथा न्याय प्रशासन शाखा | | १ | |
| १० | कृषि विकास तथा पशु सेवा शाखा | ६ | ० | |
| ११ | सूचना प्रविधि तथा अभिलेख शाखा | २ | ० | |
| १२ | महिला बालबालिका तथा समाज कल्याण शाखा | | २ | |
| १३ | वडा कार्यालय ( ५) सबै | | १० | |
| | **जम्मा** | २८ | ३३ | ६१ |

श्रोतः सङ्गठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, प्रशासन शाखा

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

विषय क्षेत्र अनुसार यस योजनामा विभिन्न पाँच वटा क्षेत्रहरू तथा गाउँपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका २: विषय क्षेत्र अनुसार अनुमानित बजेट**

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| | **गाउँ गौरवका आयोजना** | 35000 | 100000 | 135000 | 130000 | 150000 | 550000 |
| **1** | **आर्थिक क्षेत्र** | **25400** | **35350** | **34850** | **43400** | **44550** | **183550** |
| 1.1 | कृषि तथा पशुपन्छी | 11950 | 13600 | 15800 | 17950 | 15350 | 74650 |
| 1.2 | सिँचाई | **4500** | **8500** | **4500** | **7000** | **5500** | **30000** |
| 1.3 | पर्यटन, संस्कृति तथा सम्पदा | 4600 | 5100 | 6600 | 8100 | 9400 | 33800 |
| 1.4 | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | **2200** | **5700** | **6200** | **8700** | **12700** | **35500** |
| 1.5 | श्रम, रोजगारी र सामाजिक सुरक्षा | **2150** | **2450** | **1750** | **1650** | **1600** | **9600** |
| **2** | **सामाजिक क्षेत्र** | **30900** | **32600** | **34300** | **37600** | **39350** | **174750** |
| 2.1 | स्वास्थ्य तथा पोषण | **4850** | **5050** | **5700** | **5700** | **6450** | **27750** |
| 2.2 | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | **10050** | **11550** | **12100** | **12600** | **13100** | **59400** |
| 2.3 | खानेपानी तथा सरसफाइ | **3950** | **3450** | **3450** | **5750** | **5750** | **22350** |
| 2.4 | महिला, बालबालिका तथा लक्षित वर्ग | **7900** | **8400** | **8900** | **9400** | **9900** | **44500** |
| 2.5 | युवा तथा खेलकुद | **4150** | **4150** | **4150** | **4150** | **4150** | **20750** |
| **3** | **पूर्वाधार क्षेत्र** | **28000** | **56700** | **59000** | **70800** | **96000** | **310500** |
| 3.1 | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | **14000** | **14000** | **14000** | **9000** | **11500** | **62500** |
| 3.2 | सडक, पुल तथा यातायात | **8000** | **36000** | **37000** | **54500** | **77000** | **212500** |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| 3.3 | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | 4000 | 4500 | 5000 | 5000 | 5000 | 23500 |
| 3.4 | सूचना, सञ्चार तथा प्रविधि | 2000 | 2200 | 3000 | 2300 | 2500 | 12000 |
| **4** | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | 23900 | 22100 | 22100 | 47200 | 57200 | 172500 |
| 4.1 | वन तथा जैविक विविधता | 1600 | 1600 | 1600 | 1700 | 1700 | 8200 |
| 4.2 | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | 15000 | 15000 | 15000 | 35000 | 45000 | 125000 |
| 4.3 | वातावरण तथा फोहोरमैला व्यवस्थापन | 2900 | 2600 | 2600 | 2600 | 2600 | 13300 |
| 4.4 | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | 4400 | 2900 | 2900 | 7900 | 7900 | 26000 |
| **5** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | 9350 | 12250 | 10250 | 9850 | 8400 | 50100 |
| 5.1 | सुशासन, ऐन नियम तथा जबाफदेहीता | 2450 | 1850 | 1850 | 2050 | 1850 | 10050 |
| 5.2 | संस्थागत संरचना तथा मानव संसाधन विकास | 3000 | 4900 | 5400 | 3900 | 3450 | 20650 |
| 5.3 | वित्तीय श्रोत परिचालन | 1400 | 1900 | 900 | 900 | 900 | 6000 |
| 5.4 | योजना व्यवस्थापन | 2500 | 3600 | 2100 | 3000 | 2200 | 13400 |
| | **जम्मा योजना बजेट** | 117550 | 159000 | 160500 | 208850 | 245500 | 891400 |

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रु. ८९ करोड १४ लाख** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च **५७ प्रतिशत**मा सीमित गर्ने र पुँजीगत खर्च ४३ **प्रतिशत** हुने अनुमान गरिएको छ । गाउँ गौरवका आयोजनाहरूको लागि स्रोतः सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू सँग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । गाउँपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रु. ५५ करोड** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि **३४.८३ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, आर्थिक विकासका लागि **२०.५९ प्रतिशत**, सामाजिक विकास क्षेत्र विकासका लागि करिब **१९.६ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **१९.३५ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **५.६ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

घरपझोङ गाउँपालिकाको आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको यस दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना गाउँपालिका विकासका सबै साझेदार सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य स्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सम्भावित सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७९/०८० को यथार्थ आय **रु. २९ करोड ९६ लाख ५९ हजार** रहेको थियो । गत तीन आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि आन्तरिक स्रोत वार्षिक १५ प्रतिशतका दरले र बाह्य स्रोतको आयमा १० प्रतिशतले वृद्धि हुनसक्ने प्रक्षेपणका आधारमा ५ वर्षको कूल अनुमानित आय प्रक्षेपण गर्दा घरपझोङ गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. २ अर्ब १४ करोड ८ लाख ११ हजार** हुने देखिन्छ । गत वर्षको कूल राजस्वको २५.२२ प्रतिशत आन्तरिक आय रहेकोमा चालू आ. व. को अनुमान १६.७२ प्रतिशत रहेता पनि आय विवरणको परिमाणात्मक वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ ।

**तालिका ३: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७९/०८० को यथार्थ | रकम | 10323 | 30612 | 0 | 40935 |
| | प्रतिशत | 25.22 | 74.78 | 0 | 100 |
| आ.व. ०८०/०८१ को अनुमानित | रकम | 9010 | 44863 | 0 | 53873 |
| | प्रतिशत | 16.72 | 83.28 | 0 | 100 |

*स्रोतः गाउँपालिका, लेखा शाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

घरपझोङ गाउँपालिकाको आ.व. ०७९/०८० कुल बजेट रु. **३७ करोड** ४७ **लाख** ४० **हजार** रहेको थियो । गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब **६५ प्रतिशत** रहेको छ भने पुँजीगत खर्च **३५ प्रतिशत** रहेको छ । गाउँपालिकाको विगत वर्षको व्यय विवरण अनुसार पुँजीगत खर्च तुलनात्मक रूपमा न्यून देखिन्छ (*लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*) ।

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रु. हजारमा | | | | | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कूल सरकारी स्रोत परिचालन | 349625 | 385083 | 424161 | 467233 | 514710 | 2140811 |
| २ | चालू खर्च अनुमान | 199286 | 219497 | 241772 | 266323 | 293384 | 1220262 |

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रु. हजारमा | | | | | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ३ | पुँजीगत खर्च अनुमान | 150339 | 165586 | 182389 | 200910 | 221325 | **920549** |
| ४ | विषय क्षेत्रगत लगानी अनुमान | 117550 | 159000 | 160500 | 208850 | 245500 | 891400 |
| ५ | गाउँ गौरवका योजना | 35000 | 100000 | 135000 | 130000 | 150000 | 550000 |
| ६ | **स्रोतको न्यूनता** | -2211 | -93414 | -113111 | -137940 | -174175 | **-520851** |
| **कूल लगानी अनुमान** | | **351836** | **478497** | **537272** | **605173** | **688884** | **2661662** |

## ९.५ स्रोत परिचालन रणनीति

घरपझोङ गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिनेछ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिनेछ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, स्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छः

**(क) सरकारी क्षेत्रको लगानी**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैंले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्रको लगानी**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशु विकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ ।

**(ग) सहकारी क्षेत्रको लगानी**

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय स्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् ।

**(घ) गैह सरकारी क्षेत्र (गैसस) को लगानी**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् ।

**(ङ) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था लगायतको लगानी**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ ।

**(च) अन्तर स्थानीय तह साझेदारी**

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ

## ९.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

**(क) सूची तयारी**

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तरक्रिया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यकालीन खर्च संरचना तयारी**

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागीतामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न।

**गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः**

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

**गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः**

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवं निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवाला हरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

**अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः**

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

**अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्:**

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

**गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन्:**

| | |
|---|---|
| – उप प्रमुख | संयोजक |
| – प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट | २ सदस्य |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजना शाखा | सदस्य सचिव |

आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

**देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः**

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

**वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः**

| | |
|---|---|
| • सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| • वडा सदस्यहरू | सदस्य |
| • वडा सचिव | सदस्य सचिव |

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।


- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,

- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

**आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः**

- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## अनुसुचि १: माईनुट



आज मिति २०८१।३।४ र ५ गतेका दिन यस घरपझोङ गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना निर्माणको लागि दुई दिने योजना तर्जुमा कार्यशाला गोष्ठी गाउँपालिका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा सञ्चालन भई निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति :-

| क.सं. | दस्तखत | | पदाधिकारीको नाम | पद |
|---|---|---|---|---|
| | २०८१।३।४ | २०८१।३।५ | | |
| १ | [signature] | [signature] | श्री मोहन सिंह लालचन | अध्यक्ष |
| २ | [signature] | [signature] | श्री जमुना थापा मगर | उपाध्यक्ष |
| ३ | [signature] | [signature] | श्री आस बहादुर थकाली | का.पा. सदस्य/१ नं. वडा अध्यक्ष |
| ४ | [signature] | [signature] | श्री मन बहादुर हिराचन | का.पा. सदस्य/२ नं. वडा अध्यक्ष |
| ५ | [signature] | [signature] | श्री फलेन्द्र प्रसाद थकाली | का.पा. सदस्य/३ नं. वडा अध्यक्ष |
| ६ | [signature] | [signature] | श्री याम प्रसाद थकाली | का.पा. सदस्य/४ नं. वडा अध्यक्ष |
| ७ | [signature] | [signature] | श्री प्रदिप थकाली | का.पा. सदस्य/५ नं. वडा अध्यक्ष |
| ८ | [signature] | [signature] | श्री राजु प्रसाद लालचन | कार्यपालिका सदस्य |
| ९ | [signature] | [signature] | श्री भिषण थकाली | कार्यपालिका सदस्य |
| १० | अनिता | अनिता | श्री अनिता घताने | कार्यपालिका सदस्य |
| ११ | [signature] | | श्री बुद्ध हिराचन | कार्यपालिका सदस्य |
| १२ | रोजी | रोजी | श्री रोजी थकाली | कार्यपालिका सदस्य |
| १३ | mani | mani | श्री मणि सिरपाली | कार्यपालिका सदस्य |
| १४ | [signature] | [signature] | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |
| १५ | [signature] | [signature] | श्री हिमलाल शर्मा | शाखा अधिकृत (शिक्षा) |
| १६ | [signature] | [signature] | श्री आइत बहादुर थकाली | पशु चिकित्सक, पशु शाखा |
| १७ | [signature] | [signature] | श्री केदार सिंह थापा | अधिकृत, प्रशासन शाखा |
| १८ | [signature] | [signature] | श्री कर्ण बहादुर थकाली | सि.अ..हे.ब. अधिकृत |
| १९ | [signature] | [signature] | श्री सरिता थकाली | अधिकृत (छैटौं), |
| २० | [signature] | [signature] | श्री सुजिता थकाली | सू.प्र.अ. |
| २१ | [signature] | [signature] | श्री अभिषेक भण्डारी | लै.पा. |
| २२ | [signature] | [signature] | श्री राजन पौडेल | सब-इन्जिनियर |
| २३ | [signature] | [signature] | श्री विनोद प्र. बराल | प्राविधिक सहायक |
| २४ | [signature] | [signature] | श्री प्रकाश चन्द्र पौडेल | परामर्शदाता |
| २५ | [signature] | [signature] | श्री रामप्रसाद खनाल | ,, |
| २६ | Roshan | Roshan | श्री रोशन मिश्र | ,, |
| २७ | [signature] | [signature] | श्री विमल वडवाल | ,, |
| २८ | | | श्री | |

आज मिति २०८१।४।२२ गतेका दिन यस घरपझोङ गाउँपालिकाको निर्माणको अन्तिम चरणमा रहेको दोश्रो पञ्चबर्षिय आवधिक योजना सम्बन्धी छलफलको बैठक गाउँपालिका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो ।

<u>उपस्थिति :-</u>

| क्र.सं. | दस्तखत | पदाधिकारीको नाम | पद |
|---|---|---|---|
| १ | | श्री मोहन सिंह लालचन | अध्यक्ष |
| २ | | श्री जमुना थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री आस बहादुर थकाली | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री मन बहादुर हिराचन | २ नं. वडा अध्यक्ष |
| ५ | | श्री फलेन्द्र प्रसाद थकाली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री याम प्रसाद थकाली | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री प्रदिप थकाली | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री राजु प्रसाद लालचन | कार्यपालिका सदस्य |
| ९ | | श्री भिषण थकाली | कार्यपालिका सदस्य |
| १० | अनिता | श्री अनिता घताने | कार्यपालिका सदस्य |
| ११ | | श्री बुद्ध हिराचन | कार्यपालिका सदस्य |
| १२ | रोजी | श्री रोजी थकाली | कार्यपालिका सदस्य |
| १३ | mani | श्री मणि सिरपाली | कार्यपालिका सदस्य |
| १४ | | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |
| १५ | | पुरुषोत्तम खतिवडा | टोली नेता |
| १६ | | प्रमोद भट्टराई | टोली सदस्य |
| १७ | | श्री हिमलाल शर्मा | शा.अ. (शिक्षा) |
| १८ | | श्री केदार सिंह थापा | अधिकृत |
| १९ | | श्री आशिष भण्डारी | लेखापाल |
| २० | | श्री राजन कंडेल | सब-इन्जिनियर |

## अनुसुचि २: कार्यक्रमको तस्विरहरू

















## अनुसुचि ३: गाउँपालिकाका केहि GIS तस्विरहरू





LOCATION MAP OF GHARAJPONG






Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
SHREE
BAL MANDIR
SAMAJIK
BIKASH
KARYALAYA
SAMAJ GHAR
SAMAJ
GHARIKOT
GHAR
MARPHA
PUBLIC HALL
MILIJULI
YUWA CLUB
EKAI KEWA
GUCHILS HOME
AANA ASMUHA
BHAWAN
CHAIRO
DALIT
BHAWAN
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
KM



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-1
W-5
Jomsom
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Syang
Thinigaun
DHECHHEN HING
MONASTERY
THAKALI
CULTURAL
MUSEUM
Samle
Jhong
Dhumba
BUDDHIST
MONASTARY
Marpha
Kaisang
THULO STUPA
CHAIRO
CHAHARA GUMBA
Chhairo
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Pairothapla-Jomsong
Kali Gandaki Nadi
Kagbeni-Muktinath
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
0 1 2 4
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Museum
Stupa/Gumbha
RELIGIOUS AREAS
Periodic Development Plan
Gharapjhong Rural Municipality
Mustang



Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Social /Community Service
SOCIAL & COMMUNITY SERVICES
Name of the Project
Periodic Development Plan
Project Client
Gharapjhong Rural Municipality
Barhagaun Muktikhsetra Gaunpalika
Thasang Gaunpalika
Neshyang Gaunpalika
Annapurna Gaunpalika
W-1
W-2
W-3
W-4
W-5
SHREE BAL MANDIR
SAMAJIK BIKASH KARYALAYA
SAMAJ GHAR
SAMAJ GHAR/KOT GHAR
MARPHA PUBLIC HALL
MILIJULI YUWA CLUB
EKAI KEWA GUCHILS HOME
AAMA ASMUHA BHAWAN
CHAIRO DALIT BHAWAN
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Pairothapla-Jomsong
Jomsom
Syang
Thini
Jhong
Samle
Dhumba
Marpha
Dhonga
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Kaisang
Chaunrikharka
Mesokanto Bhanjyang
0 1 2 4 KM



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Pairothapla-Jomsong
Jomsom
Hadigaun
Syang
Thineegaun
Samle
Jhong
Dhumba
Marpha
Dhonga
Kaisang
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
0 1 2 4
KM
N
W
E
S
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Gaunpalika Office
Ward Office
Map title:
GOVT. OFFICES
(GAUNPALIKA & WARD OFFICES)
Name of the Project
Periodic Development Plan
Gharapjhong Rural Municipality
Mustang
Project Client
Government of Nepal,
Gharapjhong Rural
Municipality
Mustang
Source: Toposheets, Survey Dept, 1996



Chharka Tangsong Gaunpalika
Barhagaun Muktikhsetra Gaunpalika
Dalome Gaunpalika
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
W-3
W-4
W-2
W-5
W-1
GHARAPJHONG GAUNPALIKA
Thasang Gaunpalika
Narphu Gaunpalika
Pairothapla-Jomsong
Marsyandi Nadi
Neshyang Gaunpalika
Dhaulagiri Gaunpalika
Raghuganga Gaunpalika
Annapurna Gaunpalika
Sattale-Chame
Chame Gaunpalika
Seti Nadi
Beni-Pairothapla
Annapurna Gaunpalika
Machhapuchchhre Gaunpalika
Madi Nadi
Madi Gaunpalika
Taman Khola Gaunpalika
Malika Gaunpalika
Mangala Gaunpalika
0 2.5 5 10
KM
Legend
Municipal Boundary
Ward Bounday
REGIONAL LINAKGE
Periodic Development Plan
Gharapjhong Rural Municipality
Project Client
Gharapjhong Rural Municipality
© OpenStreetMap (and) contributors, CC-BY-SA



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Jomsom
Hadigaun
Syang
Thinegaun
SNOW LEOPARD
CAVE
Samle
Dhumba
DHUMBA
LAKE
Jhong
Marpha
Kaisang
REFUGEE CAMP
Dhonga
CHAIRO
CHHI DAHA
KHAMPA CAMP
Chhairo
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Pairothapla-Jomsong
0
1
2
4
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Camp
Cave
Lakes
CAVES, CAMPS
LAKES
Periodic Development Plan
Gharapjhong Rural
Municipality



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Jomsom
Hadigaun
Syang
Thineegaun
Samle
SNOW LEOPARD CAVE
Dhumba
DHUMBA LAKE
Jhong
Marpha
Kaisang
REFUGEE CAMP
Dhonga
KHAMPA CAMP
CHAIRO CHHI DAHA
Chhairo
Laki
Chimanggaun
Dhuncha
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto Bhanjyang
Thasang
Gaunpalika
Pairothapla-Jomsong
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Camp
Cave
Lakes
CAVES, CAMPS LAKES
Name of the Project
Periodic Development Plan
Project Client
Government of Nepal
Gharapjhong Rural Municipality
Mustang



Barhagaun Muktikhsetra Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Pairothapla-Jomsong
Jomsom
PASHU SEWA KENDRA
Hadigaun
Thineegaun
Syang
Samle
Jhong
Dhumba
BHONGMAR SMALL FAMILY AGRICULTURE CO-OPERATIVE LTD.
Marpha
RUSTIKA HOME STAY
TALLO MARPHA GATE
SITASMA FARM BLOCK
Dhonga
Chhairo
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Kaisang
Chaunrikharka
Mesokanto Bhanjyang
Thasang Gaunpalika
Neshyang Gaunpalika
Annapurna Gaunpalika
0 1 2 4 KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Farm
Gate
HomeStay
PostOffice
Map title:
FARMS, HOME STAYS
Name of the Project
Periodic Development Plan
Project Client
Gharapjhong Rural Municipality


Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-2
W-4
W-5
W-1
Jomsom
Kali Gandaki Nadi
Jomsong-Ghoklang
Kagbeni-Muktinath
Syang
Hadigaun
Thineegaun
Jhong
Samle
Dhumba
Marpha
Dhonga
Chhairo
Kaisang
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Pairothapla-Jomsong
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Landcover
Barren Land
Built-up Area
Cultivation
Forest
Vegetation
Glacier
Pond or lake
Sand
Others
LANDCOVER
Periodic Development Plan
Gharapjhong Rural Municipality
Mustang
Government of Nepal,
Gharapjhong Rural Municipality
Mustang
Source: Toposheets, Survey Dept, 1996



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Pairothapla-Jomsong
Jomsom
Hadigaun
Syang
Thineegaun
Jhong
Samle
Dhumba
JANATA
MA. VI.
Marpha
Dhonga
CHAIRO
ADHARVUT
VIDYALAYA
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Kaisang
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
0 1 2 4
KM
N
W
E
S
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Educational Bldg.
Map title:
EDUCATIONAL INSTITUTIONS
Name of the Project
Periodic Development Plan
Project Client
Government of Nepal,
Gharapjhong Rural Municipality


WARD - 3
P:876
PD:12/sq.km
WARD - 4
P:837
PD:12/sq.km
WARD - 2
P:567
PD:33/sq.km
WARD - 5
P:533
PD:4/sq.km
WARD - 1
P:216
PD:4/sq.km
Barhagaun Muktikhsetra Gaunpalika
Thasang Gaunpalika
Neshyang Gaunpalika
Annapurna Gaunpalika
Legend
Rural Municipal Boundary
Ward Bounday
Ward Population Density (PD)
(Inh./sq.km)
<=10
11 - 20
> 20
Ward Population (P)
701 - 876
601 - 700
501 - 600
216 - 500
DEMOGRAPHY
Periodic Development Plan
Gharapjhong Rural Municipality
KM


Barhagaun
Muktikhsetra
Gaunpalika
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
W-1
W-2
W-3
W-4
W-5
Kali Gandaki Nadi
Kagbeni-Muktinath
Pokhara - Baglung - Beni - Jomsom - Ghoktang
0 1 2 4
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Contout Lines
Index (Interval 200m)
Intermediate (Interval 40m)
Map title:
CONTOUR LINES
Name of the Project
Periodic Development Plan
Gharapjhong Rural Municipality
Mustang
Project Client
Government of Nepal,
Gharapjhong Rural Municipality
Mustang



Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Jomsom
Syang
Hadigaun
Thineegaun
Samle
Dhumba
Jhong
Marpha
Kaisang
Marpha
Dhonga
Chhairo
Laki
Chimanggaun
Dhunche
Dhorenjhan
Chokhopani
Chaunrikharka
Mesokanto
Bhanjyang
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
Legend
Rural Municipal Boundary
Ward Bounday
Settlements
Ward No.
1
2
3
4
5
KM
ADMINSTRATIVE BOUNDARIES AND SETTLEMENTS
Periodic Development Plan
Gharapjhong Rural Municipality


Barhagaun
Muktikhsetra
Gaunpalika
W-3
W-4
W-2
W-5
W-1
Kali Gandaki Nadi
Jomsong-Ghoktang
Kagbeni-Muktinath
Palrothapla-Jomsong
Jomsom
Hadigaun
Syang
SUSPENSION BRIDGE
WOODEN BRIDGE
Thineegaun
Samle
Dhumba
Jhong
Marpha
Dhonga
Chhairo
Laki
Chimanggaun
Dhunche
Chorenjhan
Chokhopani
Kaisang
Chaunrikharka
Mesokanto Bhanjyang
Thasang
Gaunpalika
Neshyang
Gaunpalika
Annapurna
Gaunpalika
KM
Legend
Rural Municipal Boundary
Ward Bounday
River/Streams
SRN
Gaunpalika Roads
Bridges
ROAD NETWORK
Periodic Development Plan
Gharapjhong Rural Municipality
Mustang

## अनुसूची -४ : वडागत योजना बैंक

## वडा नं. १

### विषयगत क्षेत्र- कृषि तथा पशुपक्षी

१. दक्ष कृषि तथा भेटेरिनरी प्राविधिक र विषादी सम्बन्धी तालिमको व्यवस्था ।
२. माटो परीक्षण गरी सुहाउँदो बालीको उत्पादन ।
३. जैविक मल उत्पादनका साथै कृषि औजारको व्यवस्था गरी कृषिलाई यान्त्रिकरण ।
४. उत्पादित उपजको सङ्कलन केन्द्र तथा बजार व्यवस्था ।
५. जर्सी गाई र भेडा/बाख्रा फर्म सञ्चालनमा अनुदानको व्यवस्था ।
६. जंगली जनावरबाट भएको बाली नोक्सानीको क्षतिपूर्ति र बिमाको व्यवस्था ।
७. छैरों र चिमाङमा बाली संरक्षणको लागि तारबार तथा नयाँ प्रविधि जडान ।
८. रैथाने बाली संरक्षणको व्यवस्था ।

### विषयगत क्षेत्र : सिँचाइ

९. चिमाङ र छैरोंमा भएको पुराना कुला (करिब ९ कि. मी.) जति पक्की निर्माण ।

### विषयगत क्षेत्र : पर्यटन, संस्कृति तथा सम्पदा

१०.ठिनी, ढुम्वा, छैरा, चिमाङ हुँदै थासाङ जाने पदमार्ग निर्माण ।
११.पुराना जीर्ण भएका गुम्बा तथा छोर्तेन (म्हाने) मर्मत एवम् निर्माण ।
१२.छैरों दहको (छो) संरक्षण कार्यक्रम ।
१३.छैरों छहरा अवलोकनको लागि पूर्वाधार निर्माण ।
१४.छैरों चिमाङ गाउँमा होम स्टे निर्माण ।
१५.डिजिटल बोर्डको व्यवस्था पर्यटकीय स्थानको प्रचारको लागि ।

### विषयगत क्षेत्र : उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

१६.स्थानीय स्तरमा नै उद्योग दर्ता प्रकृया सञ्चालन ।
१७.बहुकर प्रणालीलाई निरुत्साहित गरी एकल कर प्रणालीको व्यवस्था ।
१८.उत्पादित बस्तुको निर्यातमा सहजीकरण ।
१९.पानी घट्टको मर्मत संभार ।
२०.लघु तथा घरेलु उद्योग सञ्चालन गर्न बीउ रकम अनुदानमा दिने व्यवस्था ।

### विषयगत क्षेत्र : श्रम, रोजगारी र सामाजिक सुरक्षा

२१.रोजगारी बढाउन र युवा पलायन रोक्न सीपमूलक तालिमको व्यवस्था ।
२२.सार्वजनिक सेवामा शारीरिक अपाङ्गको सहभागीता सुनिश्चितता ।
२३.आयमूलक तालिम प्रदान गरी अपाङ्गलाई पूर्ण अनुदानमा स्वरोजगार ।

### विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण

२४.स्वास्थ्य चौकीमा तातो कक्षको व्यवस्था सहित कोठा थप्ने, सोलार जडान र बर्थिङ सेन्टरको भवन निर्माण ।

२५.स्वास्थ्य कर्मीलाई आवश्यक तालिम, कम्प्युटर र स्वास्थ्य सामाग्रीको व्यवस्था ।

२६.महिलाको लागि प्रदान गरिने पोषण भत्ता रकम वृद्धि ।

**विषयगत क्षेत्र : शिक्षा, विज्ञान तथा नवप्रवर्तन**

२७.शिक्षक दरबन्दीको पूर्णता ।

२८.विद्यालयको नयाँ भवन निर्माण र कम्प्युटर, पुस्तकालयको व्यवस्था ।

२९.बालमैत्री तातो कक्षा कोठाको व्यवस्था ।

३०.शिक्षकलाई क्षमता विकास तालिमको व्यवस्था ।

३१.छात्रवृत्ति रकम वृद्धि र दिवा खाजा रकममा वृद्धि ।

३२.विद्युतीय प्रणालीबाट शिक्षण सिकाई कार्यक्रम सञ्चालन ।

३३.छैरा आधारभूत विद्यालयलाई आवासीय विद्यालयमा परिणत ।

**विषयगत क्षेत्र : खानेपानी तथा सरसफाइ**

३४.छैरोंको लकी छहरा, छहरा खानेपानी मर्मत, संरक्षण र बिस्तार कार्यक्रम सञ्चालन ।

३५.प्रत्येक वर्ष पानी शुद्धिकरणको लागि पानी परीक्षण कार्यक्रम सञ्चालन ।

३६.व्यक्तिगत सरसफाइका लागि सचेतना कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : महिला, बालबालिका तथा लक्षित वर्ग**

३७.सीप विकास र पाएका तालीमलाई व्यवसायमा रूपान्तरण ।

३८.लक्षित वर्गको लागि उनीहरूको परंपरागत सीपको लागि अनुदान दिएर व्यवसायिकतामा जोड ।

३९.वातावरणीय सरसफाइ सम्बन्धी तालिम सञ्चालन ।

४०.बालबालिकाको लागि बाल उद्यान निर्माण ।

४१.वडामा भएका संपूर्ण बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : युवा तथा खेलकुद**

४२.वडामा धेरै खेल खेल्न सकिने खेल मैदान निर्माण ।

४३.खेल विकासको लागि प्रशिक्षक, खेल सामाग्रीको व्यवस्था ।

४४.युवालाई तालिम दिएर सामाजिक कार्यमा संलग्न गर्न सकिने ।

**विषयगत क्षेत्र : बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ।**

४५.आवश्यक ठाउँमा सार्वजनिक भवन निर्माण ।

४६.विद्यालय भवन निर्माण होस्टेल सहित ।

४७.स्वास्थ्य, आमा समूह,दलित भवन निर्माण ।

४८.सार्वजनिक शौचालय,खानेपानी र तातो पानी सहितको स्नान घर निर्माण ।

४९.अपाङ्ग मैत्री भवन तथा बृद्धहरूका लागि तातो घर निर्माण ।

**विषयगत क्षेत्र : सडक,पुल तथा यातायात**

५०.मार्फासामाग्री —छैरों जोड्ने बेलिब्रिज समयमा सम्पन्न ।

५१.मार्फा २ छैरोंचे देखि छैरों गाउँ घट्टडाँडा जोड्ने पक्की पुल निर्माण ।

५२.चिमाङ खोलामा पक्की पुल निर्माण ।

५३.छैरों — चिमाङ रिङरोड छिटो सम्पन्न गर्ने ।

५४.छैरों र चिमाङलाई कृषि सडक मार्फत राष्ट्रिय राजमार्गसँग जोड्ने ।

५५.वडाभरीका भित्री सडकको पुन निर्माण र पदमार्ग निर्माण ।

**विषयगत क्षेत्र : जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

५६.हाई भोल्टेजको समाधानको लागि विद्युत प्राधिकरण सँग समन्वय ।

५७.विद्युतीय चुलो वितरण ।

५८.भूमिगत विद्युत प्रसारण सञ्चालन ।

**विषयगत क्षेत्र : सूचना तथा सञ्चार प्रविधि**

५९.आवश्यक ठाउँमा प्राविधिक परीक्षण गरी टावर निर्माण ।

**विषयगत क्षेत्र : बन तथा जैविक विविधता**

६०.अन्नपूर्ण संरक्षणसँग समन्वय गरी वन पैदावारको संरक्षण र उपभोगको व्यवस्था ।

**विषयगत क्षेत्र : भू संरक्षण तथा जलाधार व्यवस्थापन**

६१.कालीगण्डकी नदीमा ग्याभिन सहितको तटबन्ध निर्माण ।

६२.आवश्यक ठाउँमा रिटेनिङ वाल निर्माण ।

**विषयगत क्षेत्र : वातावरण तथा फोहरमैला व्यवस्थापन**

६३.फोहरको वर्गीकरण ।

६४.रिसाइकल गरी फोहरको व्यवस्थापन ।

६५.सिसा जन्य फोहरको पालिकासँग समन्वय गरी व्यवस्थापन ।

**विषयगत क्षेत्र : विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

६६.सचेतनामूलक कार्यक्रम सञ्चालन र आपतकालिन सामाग्रीको व्यवस्था ।

६७.सूचनामूलक सामाग्री निर्माण, आवश्यक सामाग्रीको व्यवस्था र तालीमको व्यवस्था ।

६८.विद्यालय र सार्वजनिक स्थलमा फस्ट एड बक्सको व्यवस्था ।

**विषयगत क्षेत्र : संस्थागत विकास तथा सुशासन**

६९.सार्वजनिक सुनुवाइको व्यवस्था गरी सबैलाई योजनाको बारेमा जानकारी ।

७०.गुनासो पेटिका व्यवस्था गरी गुनासो सम्बोधन ।

७१.उपभोक्ता समितीहरूलाई योजना शुरु हुनु भन्दा पहिले अभिमुखीकरण कार्यक्रम सञ्चालन र उपभोक्ता समिति मार्फत हुने काम वडामा नै सम्झौता गर्ने व्यवस्था ।

७२.प्राविधिक सहित दक्ष कर्मचारी र कर्मचारीको लागि आवश्यक तालीम सञ्चालन ।

**समाप्त**

# वडा नं. २

## विषयगत क्षेत्र : कृषि तथा पशुपक्षी

१. माटो परीक्षणको व्यवस्था,विज्ञद्वारा सिफारिस गरिएको बीउ मल वार्डमार्फत वितरण ।
२. आयतलाई निरुत्साहित गरी बजारको व्यवस्था र उत्पादित बस्तु निर्यातको प्रबन्ध ।
३. कृषि बिमा,कृषि उपकरणको व्यवस्था गरी दूधबाट बनेका चीज निर्यातको प्रबन्ध ।
४. दक्ष कृषि तथा पशु प्राविधिकको व्यवस्थाको साथै आधुनिक पशु स्वास्थ्य भवन तथा पशु रोग प्रयोगशाला निर्माण ।
५. जंगली जनावरबाट हुने क्षतिको उचित क्षतिपूर्तिको व्यवस्था ।
६. पशु चरनको लागि घाँसको व्यवस्था ।
७. प्रांगरीक मल उत्पादन र कृषि सहकारी भवन निर्माण ।
८. कृषि सहकारीका सदस्यलाई सचेतनामूलक तालिमको व्यवस्था ।

## विषयगत क्षेत्र : सिँचाइ

९. मार्फा,फार्म खोला (दुङलानाङ खोला) सिँचाइ कुलो मर्मत र सञ्चालन ।
१०.धमाङ गाउँ, सपि र सामाग्रीका जग्गा सिँचाइ कार्यक्रम सञ्चालन ।

## विषयगत क्षेत्र : पर्यटन,संस्कृति तथा सम्पदा

११.क्षेत्र सुम भ्यु प्वान्ट निर्माण तथा त्यहाँ जानको लागि पदमार्ग निर्माण ।
१२.मार्फा देखि धौलागिरी बेस क्याम्प सम्म पदमार्ग निर्माण सम्पन्न ।
१३.सांस्कृतिक सम्पदाको रुपमा रहेका विभिन्न गुम्बाहरूको मर्मत तथा संरक्षण ।
१४.मार्फामा बुद्ध भगवान, पद्म सम्भव र अवलोकितेश्वरको मूर्ति स्थापना ।
१५.विद्यालयमा थकाली भाषा कक्षा सञ्चालन ।
१६.जंगली जनावर कस्तुरी संरक्षण कार्यक्रम सञ्चालन गरी पर्यटन प्रवर्धन ।

## विषयगत क्षेत्र : उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति

१७.उद्योगलाई आवश्यक पर्ने मेसिन र बोत्तललाई अनुदानको व्यवस्था ।
१८.उत्पादित बस्तुको लागत कम गरी ढुवानीमा पनि अनुदानको व्यवस्था ।
१९.बहुकर प्रणालीलाई निरुत्साहित गरी एकल कर प्रणाली लागू ।
२०.छिटो छरितो यातायातको लागि सडक पूर्वाधार सम्पन्न ।

## विषयगत क्षेत्र :श्रम, रोजगारी र सामाजिक सुरक्षा

२१.रोजगारी बढाउन मलखाद उद्योगको स्थापना ।
२२.फलफूल प्रशोधन उद्योग सञ्चालन गरेर रोजगारी बढाउने ।
२३.श्रमिकको उचित ज्याला निर्धारण ।
२४.जेष्ठ नागरिक दिवा विश्राम स्थल, पार्क तथा शौचालय निर्माण ।

## विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण

२५.स्वास्थ्य भवन निर्माण ।

२६.स्वास्थ्य सामाग्री लगायत टिटानस र रेविज खोपको व्यवस्था तथा सोलार निर्माण ।
२७.पानी परीक्षणको व्यवस्था ।
२८.भिडियो एक्स– रे गर्ने व्यवस्था ।
२९.स्वास्थ्य बिमा सुलभ र जहाँ पनि उपलब्ध गर्ने व्यवस्था ।
३०.पोषण सचेतना कार्यक्रम सञ्चालन ।
३१.कम्प्युटरको व्यवस्थाको साथै स्वयंसेविकालाई पुर्नताजगी तालिमको प्रबन्ध ।

**विषयगत क्षेत्र : शिक्षा, विज्ञान तथा नवप्रवर्तन**

३२.विषयगत शिक्षकको व्यवस्था ।
३३.आवासीय विद्यालयको व्यवस्था ।
३४.विद्यालयको भौतिक पूर्वाधार सम्पन्न साथै खेल मैदान र घेराबारको प्रबन्ध ।
३५.विद्यालयमा खानेपानी, शौचालय बालमैत्री बनाउने ।
३६.विद्युतीय प्रणालीबाट शिक्षण सिकाइको व्यवस्था ।
३७.स्कूल हेल्थको व्यवस्था गर्ने ।

**विषयगत क्षेत्र : खानेपानी तथा सरसफाइ**

३८.खानेपानीको पाइप मर्मत र मुहान संरक्षण कार्यक्रम ।
३९.वडाभरी आवश्यक ठाउँमा सार्वजनिक धारा निर्माण गर्ने ।
४०.सामाग्री र नयाँ वस्ती गाउँमा खानेपानीको सहज आपूर्ति ।

**विषयगत क्षेत्र : महिला, बालबालिका तथा लक्षित वर्ग**

४१.महिलालाई सीप सिकाएर आत्मनिर्भर बनाउने ।
४२.जनचेतना मुलक कार्यक्रम र नेतृत्व विकासमा महिलालाई अग्रसर गराउने ।
४३.बाबालिकाको लागि बाल उद्यान निर्माण ।
४४.पेशा अनुसारको व्यवसायलाई आधुनिकीकरण गरेर लक्षित वर्गलाई समावेश ।

**विषयगत क्षेत्र : युवा तथा खेलकुद**

४५.बहुउद्धेशीय खेल खेल्न सकिने खेल मैदानको निर्माण ।

**विषयगत क्षेत्र : बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**

४६.विद्यालय, गुम्बा भवन आवश्यक ठाउँमा निर्माण ।
४७.भूकम्प प्रतिरोधी भवन निर्माण ।
४८.योग तथा ध्यान केन्द्रको लागि भवन निर्माण ।
४९.सभाहल र गाउँको पुछार दुईधारा भएको ठाउँमा शौचालय निर्माण ।

**विषयगत क्षेत्र : सडक, पुल तथा यातायात**

५०.मार्फा–धौलागिरी आधार शिविर जाने अन्दाजी १५ कि.मी. सडक निर्माण ।
५१.भोङबाट– मेलच्याङ जाने झोलुङ्गे पुल निर्माण ।
५२.मार्फा – सपि कृषि सडक अन्दाजी ३ कि. मी. सडक निर्माण ।
५३.घट्ट खोला – चिखेल मैदान जाने १ कि. मी. सडक निर्माण ।
५४.मार्फा होम्सबाट सभागृह सम्म जाने करिब १ कि. मी. सडक निर्माण ।

५५.मितेरी चोकबाट सेल्तुनाङ्ग करिब १ कि. मी सडक निर्माण ।

५६.नारघ्युम चोकबाट तल्लो काङनी गेट सम्म करिब १ कि. मी. सडक निर्माण ।

५७.सेल्तुनाङ्गबाट मलेस हुँदै मूल सडक (धन प्रकाशको घर) सम्म करिब ५०० मिटर सडक निर्माण ।

५८.कुतिखदेखि मूल सडक (पुसमायाको घरसम्म) सम्म पदमार्ग निर्माण ।

५९.नारघ्युम — टिवेटन क्याम, भोङबाट—मेलच्याङ जोड्ने झोलुङ्गे पुल निर्माण ।

**विषयगत क्षेत्र : जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

६०.सहज आपूर्तिको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

६१.सबै घरमा सोलार वितरण ।

**विषयगत क्षेत्र : सूचना,सञ्चार तथा प्रविधि**

६२.आवश्यक ठाउँमा प्राविधिक परीक्षण गरी टावर निर्माण ।

**विषयगत क्षेत्र : बन तथा जैविक विविधता**

६३.उच्च हिमाली भाग भएकाले जलवायु अनुकूलको बिरुवा लगाइ वातावरण संरक्षण गर्ने ।

६४.वन्यजन्तुको संरक्षणको लागि अन्नपूर्ण संरक्षण कोष सँग समन्वय गर्ने ।

**विषयगत क्षेत्र : भू संरक्षण तथा जलाधार व्यवस्थापन**

६५.कालीगण्डकी नदी, राजखोला फाम खोलामा आवश्यक ठाउँमा तटबन्ध कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : वातावरण, तथा फोहरमैला व्यवस्थापन**

६६.डम्पिङ साइडको उचित व्यवस्था ।

६७.डम्पिङ साइड जाने सडक निर्माण ।

६८.खेर जाने प्लास्टिक पगाली टेवल कुर्सी निर्माण र अनुदानमा मेसिन उपलब्ध गराउने ।

**विषयगत क्षेत्र : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन**

६९.आवश्यक विपद् सामाग्रीको व्यवस्था ।

७०.जनचेतना मूलक विपद् जोखिम न्यूनीकरण पूर्व तयारी कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : संस्थागत विकास तथा सुशासन**

७१.सार्वजनिक सुनुवाइ वडागत सञ्चालन ।

७२.स्तनपानको लागि कक्ष निर्माण ।

७३.कानुनी साक्षरता कार्यक्रम सञ्चालन ।

# वडा नं. ३

**विषयगत क्षेत्र : कृषि र पशुपन्छी**

१. कृषि उपजको भण्डारणको व्यवस्था ।
२. कृषि र पशु प्राविधिकको व्यवस्था ।
३. नेपाल सरकार सँग समन्वय गरी खाली रहेका जग्गा भाडामा लिने व्यवस्था ।
४. पशुपंक्षि विकासको लागि फर्म सञ्चालनमा सहुलियत, नश्ल सुधारको लागि बोका, याक र साँडे वितरण र कुखुरा पालनको लागि अनुदान ।
५. वन्यजन्तुबाट भएका क्षति न्यूनीकरण गर्न आरक्षण क्षेत्र सँग समन्वय र पशु बीमाको व्यवस्था गरी पूर्ण क्षतिपुर्तिको व्यवस्था ।
६. साना तथा मझौला किसानका लागि अनुदानको व्यवस्था ।
७. छेकोङमा स्थानीय कृषि उपज सङ्कलन तथा बिक्री केन्द्र (कोसेली घर )निर्माण ।

**विषयगत क्षेत्र : सिँचाई**

८. मर्मत संभार र मुहानमा गेगर बस्ने भएकाले फिल्टरेसनको व्यवस्था ।

**विषयगत क्षेत्र : पर्यटन,संस्कृति तथा सम्पदा**

९. मुस्ताङ जिल्लामा भित्रिएको पर्यटकको बसाई लम्ब्याउन आवश्यक पूर्वाधारको व्यवस्था ।
१०.होमस्टेलाई व्यवस्थित बनाई तालिमको व्यवस्था ।
११.राजमार्गको बाटोले होटल व्यवसायलाई मर्का परेकोले सम्बन्धित निकायमा समन्वय गरी भूगोलको अवस्था अनुसार मापदण्ड कायमको व्यवस्था ।
१२.एयरपोर्टबाट लामाथाङ किचिथाङ झोलुङ्गे पुल हुँदै स्याङबाट मार्फा जाने पदमार्ग निर्माण ।
१३.हाईकिङ्ग र साईक्लीङ्ग गर्ने पदमार्ग निर्माण ।
१४.शीवमन्दिर देखि पैदल हिड्ने पदमार्गमा छपनी बिछ्याउने ।
१५.पर्यटकको लागि हवाई सेवा नियमित गराउने ।
१६.ठाउँ ठाउँमा सार्वजनिक शौचालय निर्माण ।

**विषयगत क्षेत्र : उद्योग, व्यापार, व्यवसाय र आपूर्ति**

१७.कालीगण्डकीको प्राकृतिक श्रोतबाट क्रसर उद्योग सञ्चालन ।
१८.व्यवसाय करमा एकद्धार प्रणाली लागू ।
१९.उद्योग दर्ता पालिका मार्फत नै गर्ने व्यवस्था ।

**विषयगत क्षेत्र : श्रम रोजगारी र सामाजिक सुरक्षा**

२०.कृषि कार्यको लागि अनुदान दिएर रोजगार उन्मुख रोजगारी ग्यारन्टी ।
२१.स्थानीय युवालाई लोकल गाईडको तालिम र रोजगारी ।

**विषयगत क्षेत्र : स्वास्थ्य र पोषण**

२२.दक्ष स्वास्थ्य कर्मीको व्यवस्था ।
२३.सुत्केरी गराउनका लागि दक्ष स्वास्थ्य कर्मी र ब्लड बैंकको व्यवस्था ।
२४.पोषण सचेतना कार्यक्रम सञ्चालन ।

२५.जडीबुटी र आयुर्वेदिक उपचार गर्ने पद्धतिको शुरुवात ।

२६.आयुर्वेदिक औषधीको बढ्दो मागको व्यवस्थापन ।

२७.जडीबुटी सङ्कलनको कार्य सहजीकरण ।

२८.बाथरोगी निराकरणको लागि आवश्यक पूर्वाधार र औषधीको व्यवस्था ।

**विषयगत क्षेत्र : शिक्षा विज्ञान तथा नवप्रवर्तन**

२९.आवासीय विद्यालयको व्यवस्था ।

३०.आवश्यक दरबन्दीको व्यवस्था ।

३१.विद्यालय भवनको टिनको छाना मर्मत ।

**विषयगत क्षेत्र : खानेपानी तथा सरसफाइ**

३२.खानेपानी टंकी सुरक्षा कार्यक्रम र सचेतना कार्यक्रम सञ्चालन ।

३३.टंकी वरीपरी तारवारको व्यवस्था ।

**विषयगत क्षेत्र : महिला बालबालिका तथा लक्षित वर्ग**

३४.नयाँ सीपयुक्त तालिमको व्यवस्था (गृहणी महिलाको लागि) ।

३५.लक्षित वर्गको परम्परागत रूपमा चली आएको पेशालाई तालिम मार्फत आधुनिकरण गरी व्यावसायिक बनाउने ।

३६.छेकोङमा बाल उद्यान निर्माण ।

**विषयगत क्षेत्र : युवा तथा खेलकुद**

३७.इण्डोर खेल खेल्न फुडसलको व्यवस्था ।

३८.स्थानीय युवालाई ट्रेकिङ्ग गाईडको तालिम दिई रोजगारको व्यवस्था ।

३९.रोजगारीका काममा स्थानीय युवालाई प्राथमिकता दिई परिचालन गर्ने र विकास निर्माणमा अग्रसर गराउने ।

४०.प्लम्बिङ, ईलेक्ट्रोनिक र ड्राईभिङ तालिमको व्यवस्था ।

**विषयगत क्षेत्र : बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**

४१.एयरपोर्ट वरपरका ढल निर्माण ।

४२.हाईवेमा आवश्यकताको आधारमा शौचालय निर्माण (स्याङखोलाको छेउ र छेकोङमा) ।

**विषयगत क्षेत्र : सडक, पूल तथा यातायात**

४३.सर्वसाधारणलाई हवाई सेवामा सहुलियत र हवाई सेवा नियमित सञ्चालन ।

४४.स्याङ टोल, पुलचोक बस्ती, एयरपोर्ट पछाडीको बस्तीमा छपनी बिछ्याई व्यवस्थित ।

४५.छोपनी बिछ्याउने, ढल र खानेपानीको व्यवस्था ।

४६.स्याङ खोलाको सँगै जोडिएको हाईवेबाट लाङथुयाङ हुँदै रचुङ लेक सँग कृषि सडक निर्माण ।

**विषयगत क्षेत्र : जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

४७.स्याङ गाउँमा नाङ्गो तारको कारण जोखिम बढेकोले नाङ्गो तार प्रतिस्थापन ।

४८.थ्रीफेजको लाईनको व्यवस्थापन गर्न प्राधिकरण सँग समन्वय र कार्यान्वयन ।

**विषयगत क्षेत्र : सूचना तथा सञ्चार प्रविधि**

४९.नेटवर्क सहज बनाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य ।

**विषयगत क्षेत्र : वन तथा जैविक विविधता**

५०.कस्तुरी संरक्षणको लागि ब्रिडिङ्ग गर्ने व्यवस्था ।

५१.जडीबुटी विकासका लागि अध्ययन अनुसन्धान सहित वृक्षारोपण कार्यक्रम सञ्चालन ।

५२.जडीबुटी प्रशोधन उद्योगको व्यवस्था ।

५३.आम्ची सँग समन्वय गरी उचित जडीबुटीको उत्खनन र व्यवस्थापन ।

**विषयगत क्षेत्र : भू—संरक्षण र जलाधार व्यवस्थापन**

५४.सकरभिरमा रिटेनिङवाल निर्माण ।

५५.कालीगण्डकी र स्याङ खोला वरपर वृक्षारोपण र तटबन्धन ।

५६.एयरपोर्ट ठिनी जाने झोलुङ्गे पुल देखि धैती सम्म कालीगण्डकीमा फिलिङ र अगाडी बोल्डर राखी तटबन्ध र नाकीघाङ देखि छेकोङ सम्म भलपानी निकासा ।

५७.लेफो, स्याफूली, सताङफू र निम्युङ मूहान संरक्षण कार्यक्रम ।

५८.स्याङ खोलामा इन्वैकमेंट फिलिङ र अगाडी बोल्ड राखी तटबन्ध ।

**विषयगत क्षेत्र : वातावरण तथा फोहोरमैला व्यवस्थापन**

५९.प्लास्टिकजन्य फोहोरलाई रिसाईक्लीङ गरी बस्तु उत्पादनको व्यवस्था ।

६०.सीसाजन्य फोहोरमैला सङ्कलन र निकासीको व्यवस्था ।

**विषयगत क्षेत्र : विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता**

६१.युवालाई तालिम दिएर विपद्कोबेलामा परिचालन ।

६२.मोटर पम्पको व्यवस्था ।

**विषयगत क्षेत्र : संस्थागत विकास र सुशासन**

६३.वडा सचिवको व्यवस्था ।

६४.तालिमको व्यवस्था ।

६५.वडामा दक्ष प्राविधिकको व्यवस्था ।

# वडा नं ४ घरपझोङ, मुस्ताङ

**विषयगत क्षेत्र : कृषि तथा पशुपक्षी**

१. सार्वजनिक जग्गा भाडामा लिएर कृषि कार्यको थालनी ।
२. दक्ष कृषि तथा भेटेरिनरी प्राविधिक र विषादी सम्बन्धी तालिमको व्यवस्था ।
३. माटो परीक्षण गरी सुहाउँदो बालीको उत्पादन ।
४. जैविक मल उत्पादनका साथै कृषि औजारको व्यवस्था गरी कृषिलाई यान्त्रिकरण ।
५. उत्पादित उपजको सङ्कलन केन्द्र तथा बजार व्यवस्था ।
६. जर्सी गाई र भेडा फर्म सञ्चालनमा अनुदानको व्यवस्था विशेष गरी साना तथा मझौला किसानको लागि ।
७. रैथाने बाली संरक्षणको व्यवस्था ।

**विषयगत क्षेत्र : सिँचाइ**

८. कैसाङ खोलाबाट ठिनी —जोमसोममा नयाँ कुलो खनी सिँचाइको व्यवस्था ।
९. भइराखेको कुलाको मुहान मर्मत कार्यक्रम ।

**विषयगत क्षेत्र : पर्यटन, संस्कृति तथा सम्पदा**

१०.मुक्तिनाथ बाट लुप्रा छिमीढोङ पुछार हुँदै जोमसोम सम्मको वैकल्पिक पदमार्ग निर्माण ।
११.भ्यु टावर जाने पदमार्ग निर्माण ।
१२.मिनी मुस्ताङको संरचना निर्माण गरी पर्यटकको लागि खुल्ला ।
१३.कालीगण्डकीको काठे पुल नजिकै स्नान घाट निर्माण ।
१४.गणेश मन्दिर, शालिग्राम पार्क र कत्थ्यानी मन्दिरको पुननिर्माण र संरक्षण ।
१५.जोमसोम बाट ह्यारुझो भ्यूपोइन्ट सम्म केवलकार निर्माण ।
१६.जोमसोम रक क्लाइमविङ गार्डेन निर्माण ।
१७.पक्की पुलदेखि काठे पुल सम्मको नदी किनारामा हरियाली पार्क निर्माण ।
१८.पर्यटकको लागि खान बस्नको लागि पार्क र बगैंचा निर्माण ।

**विषयगत क्षेत्र : उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति**

१९.सिमेन्ट उद्योग स्थापनामा जोड ।
२०.कालीगण्डकीको ढुङ्गा, बालुवाबाट क्रसर उद्योग सञ्चालन ।
२१.अन्नपूर्ण संरक्षणबाट प्राकृतिक स्रोत उत्खननमा भएका अवरोध हटाउन पहल ।

**विषयगत क्षेत्र : श्रम, रोजगारी र सामाजिक सुरक्षा**

२२.रोजगारी बढाउन र युवा पलायन रोक्न सीपमूलक तालिमको व्यवस्था र रोजगार बैंकको स्थापना ।
२३.सामाजिक सुरक्षा कोषको स्थापना ।

**विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण**

२४.स्वास्थ्य कर्मीको पदपूर्ति पूर्णता ।
२५.सरुवा भइ जाने कर्मचारीको तुरुन्तै पदपूर्ति।
२६.सबै प्रकारको औषधी ल्याउन प्रदेश सरकारसँग समन्वय ।

२७.विशेषज्ञ डा.को व्यवस्था ।

**विषयगत क्षेत्र : शिक्षा, विज्ञान तथा नवप्रवर्तन**

२८.बालविकासको लागि भवन निर्माण ।

२९.२०८३ सम्म घरपझोङ गा.पा.लाई बालबालिका मैत्री गाउँपालिकामा रूपान्तरण ।

३०.साधन स्रोत सहित विद्यालयमा नर्स कार्यक्रम सञ्चालन ।

३१.विद्यालय खाजा कार्यक्रमको रकम वृद्धि ।

३२.विज्ञान संकायको पढाइ सञ्चालन ।

३३.पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनका साथै खेल मैदानको व्यवस्था ।

३४.विद्यालय आउन जानको लागि बस सञ्चालन ।

३५.बालविकास केन्द्रको लागि आवश्यक मन्टेशवरी र खेलकुदका सामाग्रीको व्यवस्था ।

३६.शिक्षकलाई पुर्नरताजगी तालीमको व्यवस्था ।

३७.क्याम्पसका शिक्षकलाई स्थायी र आवश्यक छात्रवृत्तिको व्यवस्था ।

३८.तेजनिरला जनहित बहुमुखी क्याम्पसलाई त्रिभुवन विश्व विद्यालयको आंगिक क्याम्पसमा रूपान्तरण ।

**विषयगत क्षेत्र : खानेपानी तथा सरसफाइ**

३९.खानेपानी चुहावटलाई व्यवस्थित बनाउने ।

४०.व्यक्तिगत सरसफाइका लागि सचेतना कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : महिला, बालबालिका तथा लक्षित वर्ग**

४१.महिला सचेतना र उद्यमशीलता कार्यक्रम सञ्चालन ।

४२.लक्षित वर्गको लागि आरक्षण सहित सीपमूलक तालिमको व्यवस्था ।

४३.महिलालाई स्वास्थ्य र शिक्षामा विशेष प्राथमिकता ।

४४.बालबालिकाको लागि बालउद्यान र पार्क निर्माण ।

४५.चारधारेमा बाल उद्यान निर्माण ।

**विषयगत क्षेत्र : युवा तथा खेलकुद**

४६.तेजनिरला बहुमुखी क्याम्पसमा खेल मैदान र फुटसल निर्माण ।

४७.खेल विकासको लागि प्रशिक्षक, खेल सामाग्रीको व्यवस्था ।

४८.युवालाई तालिम दिएर सामाजिक कार्यमा संलग्न गर्न सकिने जिल्लाहरूमा अवलोकन भ्रमणको व्यवस्था

**विषयगत क्षेत्र : बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**

४९.काठेपुल वरपरका बस्ती जोगाउन ग्याभिन सहितको तटबन्ध निर्माण ।

५०.अन्नपूर्ण संरक्षणको चेक पोष्ट नजिकै सार्वजनिक शौचालय निर्माण ।

५१.अपाङ्गमैत्री शौचालय निर्माण ।

५२.धोर्थाङघाटमा स्नान घर निर्माण ।

५३.नेपाल रेडक्रस सोसाइटीको भवन निर्माण ।

५४.खेत र बसपार्कको माथिल्लो पट्टिको गल्छी नियन्त्रण ।

**विषयगत क्षेत्र : सडक,पुल तथा यातायात**

५५.जनहित मा.वि.देखि गुम्वा हुँदै दलित सामुदायिक भवन सम्म अन्दाजी ५००मी. ढलान कार्य सम्पन्न ।

५६.काठेपूल देखि गणेश मन्दिरसम्म करिब ५० मी. पक्की ।

५७.बजारभित्रका पैदलयात्रा गर्ने बाटोलाई छपनी ओछ्याई मर्मत ।

५८.काठेपुल वरपर बेलिब्रिज निर्माण ।

५९.बसपार्क पिच र ढलान ।

**विषयगत क्षेत्र : जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

६०.हाई भोल्टेजको समाधानको लागि विद्युत प्राधिकरणसँग समन्वय ।

६१.भूमिगत विद्युतीकरण सञ्चालन ।

६२.सोलार वितरण कार्यलाई निरन्तरता ।

**विषयगत क्षेत्र : सूचना तथा सञ्चार प्रविधि**

६३.आवश्यक ठाउँमा प्राविधिक परीक्षण गरी टावर निर्माण ।

**विषयगत क्षेत्र : बन तथा जैविक विविधता**

६४.अन्नपूर्ण संरक्षण सँग समन्वय गरी वन पैदावारको संरक्षण र उपभोगको व्यवस्था ।

**विषयगत क्षेत्र : भू संरक्षण तथा जलाधार व्यवस्थापन**

६५.कालीगण्डकी नदीमा ग्याभिन सहितको तटबन्ध निर्माण ।

६६.आवश्यक ठाउँमा रिटेनिङ वाल निर्माण ।

६७.लोपन कुचेत देखि स्याङपुलचोक सम्मको प्राकृतिक स्रोतको उत्खनन तथा व्यवस्थापन ।

६८.कालीगण्डकी वरपर तटबन्ध ।

६९.पान्ता खोला जलाधार संरक्षण र तटबन्ध ।

**विषयगत क्षेत्र : वातावरण तथा फोहरमैला व्यवस्थापन**

७०.फोहरको वर्गीकरण ।

७१.प्लास्टिक जन्य फोहर रिसाइकल गरी व्यवस्थापन ।

७२.सिसा जन्य फोहरको पालिकासँग समन्वय गरी बाहिर निकासीको व्यवस्था ।

७३.पुराना कपडालाई कपासमा परिणत र उपयोग ।

७४.फोहरमैला सङ्कलन गर्ने ट्र्याक्टरको व्यवस्था ।

**विषयगत क्षेत्र : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

७५.सचेतना मूलक कार्यक्रम सञ्चालन र आपत्कालिन सामाग्रीको व्यवस्था ।

७६.सूचना मूलक सामाग्री निर्माण, आवश्यक सामाग्रीको व्यवस्था र तालिमको व्यवस्था ।

७७.विद्यालय र सार्वजनिक स्थलमा फस्ट एड बक्सको व्यवस्था ।

७८.विपद सूचना पाटी स्थापना डिजिटल सहित (एयरपोर्ट, वडा कार्यालय र जोमसोम बजारमा) ।

**विषयगत क्षेत्र : संस्थागत विकास तथा सुशासन**

७९.सार्वजनिक स्थानमा सूचना पाटी स्थापना ।

८०.प्राविधिक सहित दक्ष कर्मचारी र कर्मचारीको लागि आवश्यक तालिम सञ्चालन ।

# वडा नं ५ घरपझोङ

**विषयगत क्षेत्र : कृषि र पशुपक्षी**

१. स्याउ ग्राम निर्माण तथा व्यवस्थित गर्ने ।
२. दक्ष कृषि तथा पशु प्राविधिकको व्यवस्था ।
३. माटो गुणस्तर बमोजिम मलखादको व्यवस्था र जैविक मल उत्पादन गर्ने व्यवस्था ।
४. कृषि उत्पादनमा जोड दिन उचित बजेटको व्यवस्था ।
५. माटो परीक्षण कार्यलाई निरन्तरता र निराकरणको उपायको खोजी ।
६. कृषि कार्यको लागि साना तथा मझौला किसानलाई बीउ रकमको व्यवस्था ।
७. पशु उपचारको लागि भेटेनरी सुविधा सहित आवश्यक औषधीको व्यवस्था ।
८. पशुपालनमा अनुदानको व्यवस्था ।
९. घाँस विकासको लागि घाँसका बिउ वितरण ।
१०.कृषिलाई यान्त्रिकरण गर्न औजारको व्यवस्था

**विषयगत क्षेत्र : सिँचाइ**

१. कैसाङ सिँचाइ आयोजना पुरा गर्ने ।
२. ठिनी जोमसोम कुलाको मुहान संरक्षण गर्ने ।
३. सहज सिँचाइको लागि रिजर्भ टंकीको व्यवस्था ।
४. ढुम्बा र सम्लेमा सञ्चालनमा रहेको कुलाको मर्मत साथै ठिनीका शाखा कुलाको सिमेण्टेड गरी निर्माण ।

**विषयगत क्षेत्र : पर्यटन संस्कृति तथा सम्पदा**

१. नमखु (तिलीचो बेस क्याम्प), काइफु बेस क्यामपमा पर्यटन पूर्वाधार ( होटल र क्याम्पिङ साईट) निर्माण ।
२. घरपझोङ किल्लामा खानेपानी, पार्क र पर्यटक बस्ने होम स्टे निर्माण ।
३. भुतिथाङमा बृक्षारोपण गरी पर्यटन पार्क निर्माण र सिंडीमा छपनी बिछ्याई त्यहाँ व्यायाम स्थल निर्माण ।
४. छेमाताल निलगिरी बेस क्याम्पमा पर्यटन पूर्वाधार निर्माण र पर्यटकीय स्थानको प्रचार प्रसार ।
५. ह्यारुङ्झु भ्यु टावरमा खानेपानी, पार्क निर्माण ।
६. छ्यमताल जाने पद मार्गको स्तरोन्नती ।
७. ठिनी बस्तीगाउँको भित्री सडकमा छपनी बिछ्याउने ।
८. कुछपतेरङ्गा गुम्वा जाने पक्की सडक निर्माण ।

**विषयगत क्षेत्र : उद्योग,व्यापार, व्यवसाय तथा आपूर्ति**

९. स्थानीय उत्पादनमा जोड दिई विभिन्न परिकारको ब्राण्डिङ गरी निकासीको व्यवस्था ।

**विषयगत क्षेत्र : श्रम, रोजगार र सामाजिक सुरक्षा**

१०.सामाजिक सुरक्षाको व्यवस्थालाई व्यवस्थित बनाउने ।
११.बिमा कार्यक्रमलाई चुस्त र व्यवस्थित ।

१२.सवारी साधन चालक तालिम युवाहरूलाई ।

**विषयगत क्षेत्र : स्वास्थ्य र पोषण**

१३.स्वास्थ्य चौकीको लागि आवश्यक सामाग्रीको व्यवस्था ।

१४.स्वास्थ्य संस्थाको मर्मत र ढल निकासको व्यवस्था ।

१५.दलित, विपन्न र अपाङ्गता भएका व्यक्तिको बिमा पूर्ण रूपमा निःशुल्क र लागू ।

१६.संपूर्ण वडाबासीको स्वास्थ्य बिमा अनिवार्य गर्ने ।

१७.दीर्घ रोगी र वृद्धका लागि अत्यावश्यक औषधी वडामा नै व्यवस्था गर्ने ।

१८.कम्प्युटर र प्रोजेक्टरको व्यवस्था र एम्बुलेन्स सञ्चालन ।

**विषयगत क्षेत्र : शिक्षा, विज्ञान तथा नवप्रवर्तन**

१९.विद्यालयको छाना जस्ताले छाउने, रंग रोगन तथा खेल मैदान तथा हल निर्माण ।

२०.खेलकुद सामाग्रीको व्यवस्था ।

२१.विद्युतीय प्रणालीबाट शिक्षण सिकाइको व्यवस्थाका साथै इ—लाईब्रेरीको व्यवस्था ।

२२.ढुम्बा आधारभूत विद्यालयमा घेराबारको व्यवस्था ।

**विषयगत क्षेत्र : खानेपानी तथा सरसफाइ**

२३.सरसफाइको लागि सचेतना कार्यक्रम सञ्चालन

२४.सबै खानेपानीको शुद्धीकरण र परीक्षण अभियान सञ्चालन ।

२५.ठिनी ढल व्यवस्थापन ।

**विषयगत क्षेत्र : महिला बालबालिका तथा लक्षित वर्ग**

२६.भूमिहीन लक्षित वर्गको जीवनयापन गर्न जग्गा उपलब्ध गराउन पहल ।

२७.आरन सुधार कार्यक्रमलाई आधुनिकीकरण ।

२८.परंपरागत रूपमा गर्दै आएको पेशालाई सहुलियत कार्यक्रम र रोजगारको व्यवस्था ।

२९.महिलाको स्थानीय उत्पादनमा सहभागी बढाई उत्पादित बस्तुको बजारको व्यवस्था ।

३०.बाल उद्यान निर्माण ।

३१.बालबालिकालाई हुन सक्ने जोखिमबाट रोक्न ठिनी गाउँ भित्रको सिँचाइ कुलोमा स्ल्याप वा ग्रील राखी सुरक्षित बनाउने ।

३२.जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण सञ्चालन तथा व्यवस्थापन ।

३३.दलितहरूको लागि खोलामा किरिया स्थल निर्माण ।

**विषयगत क्षेत्र : युवा तथा खेलकुद**

३४.एक गाउँ एक खेल मैदान निर्माण ।

३५.युवालाई क्षमता अनुसारको तालिम दिएर रोजगारको व्यवस्था ।

३६.रोजगार बैंकको स्थापना ।

३७.युवा क्लबको भवन निर्माण ।

**विषयगत क्षेत्र : बस्ती, आवास तथा भवन निर्माण ।**

३८.सम्लेको बस्तीमा भएको जोखिम न्यूनीकरण गर्न पहल गर्ने ।

३९.ढुम्बा बहुउद्देश्यीय भवन निर्माण सम्पन्न गर्ने ।

४०.ठिनी सामुदायिक भवन, आमा समूह भवन मर्मत तथा निर्माण ।

**विषयगत क्षेत्र : सडक पुल तथा यातायात**

४१.ढुम्बा खोलामा झोलुङ्गे तथा मोटरेवल पुल निर्माण ।

४२.ढुम्बा र वडा नं ३ जोड्ने मोटरेवल पुल निर्माण ।

४३.थाङधुङ देखि चिनीछाङ हुँदै छ्योती भाकल सम्म नयाँ सडक ट्र्याक निर्माण ।

४४.ठिनी हुँदै नमु जाने बाटो स्तरोन्नती ।

४५.ढुम्बाको स्कूल मुनि देखि नहले हुँदै पुल्चोक सम्मको बाटो मर्मत गरी स्तरोन्नती

४६.ढुम्बा तालबाट वडा नं ३ जोड्ने नयाँ ट्र्याक खोल्ने ।

**विषयगत क्षेत्र : जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

४७.विद्युत प्राधिकरणसँग समन्वय गरी बिजुलीको सहज आपूर्ति ।

४८.कैसाङ सिँचाइ सञ्चालन गर्दा विद्युत उत्पादनलाई पनि प्राथमिकता ।

४९.विद्युतीय चुलो सबैलाई वितरण ।

**विषयगत क्षेत्र : सूचना तथा सञ्चार**

५०.भैराखेको टावरको क्षमता बढाई ४ जी सञ्चालन ।

**विषयगत क्षेत्र : बन तथा जैविक विविधता**

५१.उपयोग सँगसँगै संरक्षण गर्ने व्यवस्था ।

**विषयगत क्षेत्र : भूसंरक्षण तथा जलाधार**

५२.सबै खोलामा तटबन्धको व्यवस्था ।

५३.ढुम्बा ताल सम्लेमा वृक्षारोपण ।

५४.खाली रहेका सबै सार्वजनिक स्थलमा वृक्षारोपण ।

५५.ढुम्बा पोखरी ढुम्वा ताल संरक्षण ।

५६.गल्छी नियन्त्रण कार्यक्रम सञ्चालन ।

**विषयगत क्षेत्र : वातावरण तथा फोहरमैला व्यवस्थापन**

५७.फोहर सङ्कलन गर्ने गाडीको व्यवस्था ।

५८.सिसाजन्य फोहर सङ्कलन र निकासीको व्यवस्था ।

५९.फोहर सङ्कलन गरी पुन प्रयोग गर्ने व्यवस्था ।

**विषयगत क्षेत्र : बिपद जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता**

६०.सचेतना कार्यक्रम सञ्चालन ।

६१.विपद् सम्बन्धी सूचना पाटी स्थापना ।

६२.युवालाई विपद् सम्बन्धी तालिम दिएर परिचालन ।

**विषयगत क्षेत्र : संस्थागत विकास र सुशासन**

६३.वडामा कर्मचारी परिपूर्ति ।

६४.वडाका सम्पूर्ण तथ्याङ्क चुस्त राख्ने ।

**समाप्त**